# उन्नाइसौं वार्षिक प्रतिवेदन

(२०८२ श्रावणदेखि २०८३ आषाढ मसान्तसम्म)



## राष्ट्रिय महिला आयोग

नारायणहिटी, काठमाडौं, नेपाल

राष्ट्रिय महिला आयोग

# उन्नाइसौं वार्षिक प्रतिवेदन


## राष्ट्रिय महिला आयोग

नारायणहिटी, काठमाडौं, नेपाल

# राष्ट्रिय महिला आयोग

## नारायणहिटी, काठमाडौं, नेपाल

## उन्नाइसौं वार्षिक प्रतिवेदन

(२०८२ श्रावणदेखि २०८३ आषाढ मसान्तसम्मको कार्यसम्पादन संकलन गरिएको)


| | | |
|---|---|---|
| प्रकाशक | : | राष्ट्रिय महिला आयोग |
| प्रकाशन मिति | : | २०८३ असोज |
| प्रकाशन प्रति | : | ५०० प्रति |



| | | |
|---|---|---|
| सर्वाधिकार | : | राष्ट्रिय महिला आयोग<br>नारायणहिटी, काठमाडौं, नेपाल |



सङ्कलन तथा संयोजन

श्री सीता अधिकारी (उप-सचिव)

दयाराम पौडेल (शाखा अधिकृत)

| | | |
|---|---|---|
| फोन नं. | : | ००-९७७-१-४२५६७०१ |
| फ्याक्स नं. | : | ००-९७७-१-४२५९४११ |
| ईमेल | : | info@nwc.gov.np |
| वेवसाइट | : | www.nwc.gov.np |



| | | |
|---|---|---|
| मुद्रण | : | मनकामना प्रिन्टिङ्ग प्रेस<br>अनामनगर, काठमाडौं। |

नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति
समक्ष प्रस्तुत गरिएको राष्ट्रिय महिला आयोगको

# उन्नाइसौं वार्षिक प्रतिवेदन

**यस प्रतिवेदनमा राष्ट्रिय महिला आयोगबाट**
**२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्म सम्पादन गरिएका**
**कामकारवाहीहरू समेटिएका छन्**

# राष्ट्रिय महिला आयोग
## NATIONAL WOMEN COMMISSION
### नारायणहिटी, काठमाडौं


प.सं.: २०८३/०८४ मिति: २०८३/०६/०७

**विषय:** उन्नाईसौं वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ एवं राष्ट्रिय महिला आयोग ऐन २०७४ को दफा २६ बमोजिम राष्ट्रिय महिला आयोगबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका कामकारवाहीहरूको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको व्यहोरा अनुरोध गर्दछु।

कमला कुमारी पराजुली
अध्यक्ष

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू



**कमलाकुमारी पराजुली**
अध्यक्ष



**कृष्णकुमारी पौडेल खतिवडा**
सदस्य



**विद्याकुमारी सिन्हा**
सदस्य



**सावित्राकुमारी शर्मा**
सदस्य



**काली प्रसाद पराजुली**
**सचिव**

# मन्तव्य

नेपालमा महिलाको हक, हित, संरक्षण तथा प्रवर्द्धन गरी महिला सशक्तीकरणको माध्यमबाट लैङ्गिक न्याय र लैङ्गिक समानता सुनिश्चित गर्ने ध्येयले मिति २०५८ फागुण २३ गते नेपाल सरकारको निर्णयबाट राष्ट्रिय महिला आयोगको स्थापना भएको हो। नेपालको संविधानद्वारा यस आयोगलाई संवैधानिक निकायको हैसियत प्रदान गरिएको छ। संविधानको धारा २५२, २५३ र २५४ मा आयोगको गठन, काम, कर्तव्य, अधिकार तथा प्रदेश कार्यालय सम्बन्धी व्यवस्था गरिएको छ। राष्ट्रिय महिला आयोग ऐन, २०७४ र राष्ट्रिय महिला आयोग नियमावली, २०७८ द्वारा आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरेको छ।

आयोगले संवैधानिक मान्यता प्राप्त गरेको दश वर्ष पूरा भएको छ। राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र यस आयोगले वर्ष भरी गरेका कार्यक्रम, क्रियाकलाप तथा सेवा प्रवाहसम्बन्धी विवरण सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुपर्ने व्यवस्था भएबमोजिम आ.व. २०८२/०८३ मा यस आयोगबाट भएका काम-कारवाहीहरूको विस्तृत विवरण तयार गरी यो प्रतिवेदन पेश गरिएको छ। प्रस्तुत प्रतिवेदन राष्ट्रिय महिला आयोगको १९ औं वार्षिक प्रतिवेदन हो। आयोगले संवैधानिक आयोगको मान्यता प्राप्तगरी पदाधिकारीहरू नियुक्ती भए पश्चात सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको यो छैठौं प्रतिवेदन हो। आयोगले संविधान, ऐन र नियमावलीबाट प्रदत्त अधिकारको प्रयोग गरी लैङ्गिक समानता, सहभागिता, सामाजिक समावेशीकरण, स्वतन्त्रता, स्वायत्तता, निष्पक्षता, जवाफदेहिता, प्रतिवद्धता, लैङ्गिक हिंसा विरुद्ध, शून्य सहिष्णुता, पहुँच, पारदर्शिता तथा विविधताको सम्मानलाई मूल मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्वन गर्दै आफ्ना गतिविधीहरू सञ्चालन गर्दै आएको छ। आयोगले अध्ययन, अनुसन्धान, अन्तरक्रिया छलफल, नीतिगत सिफारिस गर्ने र हिंसा पीडित महिलालाई न्यायको पहुँचमा पुर्याउने सन्दर्भमा आवश्यक सेवा प्रवाह र अनुगमनको विषयलाई कार्यगत आधारस्तम्भको रूपमा ग्रहण गर्दै आएको छ।

आयोगले महिला हिंसा/ घरेलु हिंसा नियन्त्रणका लागि मूलत सचेतनामूलक कार्याक्रमहरू सञ्चालन गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। आयोगबाट सञ्चालित "खबर गरौं हेल्पलाईन ११४५" देशभरका महिलालाई आफू पीडित भएको अवस्थामा उजुरी गर्ने एक प्रभावकारी माध्यमको रूपमा सावित भएको छ। आयोगको उजुरी व्यवस्थापन शाखामा यस हेल्पलाईन र अन्य माध्यमबाट आएका गरी जम्मा ६०६६ जना पीडित सेवाग्राही महिलालाई प्रत्यक्ष सेवा प्रदान गरिएको छ। उजुरी तथा गुनासो फछ्र्योटको लागि उजुरी तथा गुनासो फछ्र्योट निर्देशिका, २०८३ जारी गरी हरेक हप्ताको शुक्रबार एक हप्ता भित्र परेका उजुरी/ गुनासो सुनुवाई र फछ्र्योट गर्ने व्यवस्था मिलाइएको छ।

यथाशक्य चाँडै आयोगको प्रदेश कार्यालय स्थापना गरी पीडित महिलालाई यस आयोग संगको पहुँच सहज बनाउन पहल गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ। आ.व. २०८२/०८३ मा सातै प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहहरूमा आयोगबाट अन्तर्क्रिया, छलफल, अनुगमन, समन्वय, सिफारिस, वहस र पैरवीको कार्य सम्पन्न गरेको छ। यसबाट लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि सचेतना अभिवृद्धि हुनुको साथै समग्र नेपाली महिला र सरोकारवालाहरूमाझ आयोगको उपस्थितिलाई जीवन्त बनाएको छ।

आयोगले महिला हक, अधिकारको संरक्षण गर्दै महिला सशक्तीकरणको माध्यमबाट लैङ्गिक समानता हासिल गर्ने सन्दर्भमा मौजुदा सरकारी व्यस्थामा गर्नुपर्ने नीतिगत, संस्थागत एवं कार्यगत सुधारका लागि सिफारिस गर्दै आएको छ। आयोगबाट सिफारिस गरिएका विषयहरूलाई अपनत्व लिई कार्यन्वयनमा लैजानका लागि सम्बन्धित निकायहरूले लैङ्गिक सवाललाई प्राथमिकतामा राख्नु पर्ने आवश्यकता महशुस भएको छ।

अन्त्यमा, आ.व. २०८२/०८३ का महत्वपूर्ण गतिविधीहरू सम्पन्न गर्न र त्यसको अभिलेख मार्फत यो प्रतिवेदन तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्या कुमारी सिन्हा, माननीय सदस्य सावित्रा कुमारी शर्मा, यस प्रतिवेदन तयारी लागि सबै शाखाहरूको समन्वयकारी भूमिकाको लागि अभिभावकत्व गर्नुहुने आयोगका सचिव श्री काली प्रसाद पराजुली, प्रतिवेदन लेखन, संयोजन र सम्पादनमा निरन्तर मेहनत गर्ने उपसचिवहरू लगायत सम्पूर्ण आयोगका कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।



कमला कुमारी पराजुली

अध्यक्ष

# कार्यकारी सारांश

१. यो प्रतिवेदन ११ वटा परिच्छेदमा तयार गरिएको छ। परिच्छेद १ मा आयोगको संक्षिप्त परिचय, परिच्छेद २ मा संगठनात्मक संरचना, परिच्छेद ३ मा नेपालमा महिला अधिकारको नीतिगत व्यवस्था, परिच्छेद ४ मा महिला सशक्तीकरण सम्बन्धी तथ्य र तथ्याङ्क, परिच्छेद ५ मा आ. व. २०८२/०८३ मा सम्पन्न भएका प्रमुख कार्यक्रमहरू, परिच्छेद ६ मा आ. व. २०८२/०८३ मा भएका अध्ययन अनुसन्धानको विवरण, परिच्छेद ७ मा कर्मचारी तथा पदाधिकारीहरूबाट विविध विषय/संस्थाहरूमा गरिएका अध्ययन प्रतिवेदनबाट प्राप्त विवरण, परिच्छेद ८ मा नीतिगत सिफारिस र कार्यन्वयनको अवस्था, परिच्छेद ९ मा उजुरी तथा मुद्दा व्यवस्थापन, परिच्छेद १० मा लैङ्गिक समानता र लैङ्गिक न्यायका सम्बन्धमा नेपाल टेलीभिजनसँगको सहकार्यमा सम्पन्न नेपालमा महिला कार्यक्रमको विवरण, परिच्छेद ११ मा निष्कर्ष सुझाव र भावी कार्यदिशा अन्त्यमा अनुसूचीहरू रहेका छन् ।

२. राष्ट्रिय महिला आयोग महिलाको हक, हित तथा अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको लागि वि. सं. २०५८ फागुन २३ गते मन्त्रीपरिषद्‌को निर्णयाअनुसार स्थापना भएको र नेपालको संविधानद्वारा संवैधानिक निकायको रूपमा मान्यता प्राप्त गरेको निकाय हो । नेपालको संविधानको धारा २५२ देखि २५४ सम्म आयोगको गठन, काम, कर्तव्य, अधिकार र प्रदेश कार्यालय सम्बन्धी व्यवस्था गरेको छ। आयोगले महिला अधिकारको संरक्षणसँगै लैङ्गिक समानता, महिला सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक हिंसा नियन्त्रण, अध्ययन, अनुसन्धान, अनुगमन र नीतिगत पैरवी तथा सेवा प्रवाहलाई आफ्नो कार्य सम्पादनको मुख्य आधार बनाउदै आएको छ ।

३. नेपालको संविधान राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ ले आयोगलाई महिला अधिकार सम्बन्धी नीति तथा कार्यक्रम समीक्षा कानुन तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताको अनुगमन, अध्ययन, अनुसन्धान, नीतिगत सिफारिस, हिंसा पीडित/प्रभावितहरूलाई न्यायको पहुँचमा पुर्याउन आवश्यक सेवाहरू जस्तै आपतकालीन अवस्थामा रहेका हिंसा पीडित महिलाको उद्धार, सुरक्षित आश्रयस्थल, मनोसामाजिक विमर्श, कानुनी परामर्श र निःशुल्क कानुनी सहायता प्रदान गर्ने भूमिका निर्वाह गर्दै आएको छ। यस आधारमा आयोगले नियमनकारी, सचेतक, पैरवीकर्ता, सिफारिसकर्ता एवं सेवा प्रदायकको समेत भूमिका निर्वाह गर्दै आएको छ ।

४. आयोगले लैङ्गिक समानता, सहभागिता, सामाजिक समावेशीता, स्वतन्त्रता, स्वायत्तता, निष्पक्षता, जवाफदेहिता, प्रतिवद्धता, हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गर्दै पीडितको पहुँच, पारदर्शिता तथा विविधताको सम्मानलाई कार्य सम्पादनको मार्गदर्शक सिद्धान्तका रूपमा अबलम्बन गर्दै आएको छ। यी सिद्धान्तका आधारमा महिला अधिकारलाई राज्यका सबै क्षेत्र र आयामहरूमा मूलप्रवाहीकरण गर्ने तथा विशेष गरी विपन्न, सीमान्तकृत, जोखिममा रहेका व्यक्तिहरू र हिंसाबाट पीडित प्रभावितहरूको लक्षित कार्यक्रममा पहुँच सुनिश्चित गर्ने प्रयास गर्दै आएको छ।

५. आयोगभित्र प्रशासन तथा योजना, महिला विकास तथा समन्वय, नीति निर्माण तथा अन्तर्राष्ट्रिय प्रतिवेदन सिफारिस कार्यन्वयन, उजुरी तथा मुद्दा व्यवस्थापन र आर्थिक प्रशासन शाखामार्फत कार्य सम्पादन गर्दै आएको छ। उल्लिखित सबै शाखाहरूको आ-आफ्नै कार्यक्षेत्रगत शर्तहरू निर्धारण गरिएको छ।

६. आयोगबाट देशैभरका महिलाहरूको लागि पहुँचयोग्य हुनेगरी **"खबर गरौं ११४५"** हेल्पलाईन सेवा सञ्चालनमा ल्याईएको छ। आयोगको केन्द्रीय कार्यालयबाहेक प्रदेश कार्यालय र अन्य कुनै सम्पर्क सञ्जाल नभएको सन्दर्भमा देशरिबाट हिंसा पीडित प्रभावितहरूले उजुरी गर्न सहज संयन्त्रको रूपमा यो हेल्पलाईन सेवा प्रभावकारी सिद्ध भएको छ।

७. आयोगमा स्वीकृत दरवन्दी अनुसार ३८ जना कर्मचारी रहने व्यवस्था भएकोमा ३४ वटा पदपूर्ती र ४ वटा दरबन्दी रिक्त रहेको विद्यमान अवस्था छ। यसै गरी आयोगको खबर गरौं ११४५ हेल्पलाईन सञ्चालनका लागि १७ जना कर्मचारीहरूको अस्थायी दरवन्दीको व्यवस्था गरी सेवा करारमार्फत कार्य सम्पादनको व्यवस्था मिलाईएको छ।

८. आ. व.२०८२/०८३ मा आयोगले ६०६६ जना पीडित प्रभावित बालिका, किशोरी र महिलाहरूलाई प्रत्यक्ष सेवा प्रदान गरेको छ। घरेलु हिंसा, वहुविवाह, आर्थिक हिंसा, नागरिकता तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी समस्या, यौन हिंसा, साइबर हिंसा, अंश सम्पत्ति नपाएको, श्रीमान् हराएको जस्ता विविध प्रकृतिका हिंसाबाट पीडित प्रभावित भई न्यायको पहुँचमा पुग्ने अपेक्षासहित राष्ट्रिय महिला आयोगमा आउने गरेको देखिन्छ।

९. नेपालमा महिला अधिकार सशक्तीकरण र विकास लामो राजनैतिक, सामाजिक आन्दोलन, महिला अधिकारकर्मीहरूको योगदान तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताको परिणामका स्वरूपमा भएको हो।नेपालको संविधानले महिला मानव अधिकारको सम्मान गर्दै, लैङ्गिक

समानता, समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार, मर्यादित जीवनयापन गर्ने अधिकार, सम्पत्ति र पारिवारिक मामिलामा समान अधिकारको सुनिश्चितता गरेको छ। संविधान प्रदत्त महिला अधिकारको वास्तविक अनुभूति गराउन राष्ट्रिय महिला आयोगले विभिन्न नीतिगत तथा कार्यक्रमिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

१०. राष्ट्रिय महिला आयोगको अतिरिक्त महिलाहरूको हक अधिकार कार्यन्वयन गर्ने निकायको रूपमा महिला वालबालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय अन्तर्गत अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू, नेपाल प्रहरी अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयहरू, मानव बेचविखन अनुसन्धान ब्युरो, साइबर ब्युरो, स्थानीय न्यायिक समिति, प्रादेशिक मन्त्रालयहरू, सबै सङ्घीय मन्त्रालय र संवैधानिक आयोगहरूमा लैङ्गिक सम्पर्क बिन्दू/इकाइहरू, स्थानीय तहका महिला शाखाहरू प्रत्यक्ष परोक्षरूपमा महिला अधिकार सम्बन्धी नीति निर्माण कार्यन्वयन तथा सेवा प्रवाहमा संलग्न निकायको रूपमा रहेका छन्। यी संयन्त्रहरूबिच प्रभावकारी समन्वय र क्षमता अभिवृद्धि महिला अधिकारको व्यवहारिक कार्यन्वयनका लागि आवश्यक देखिएको छ।

११. १६औं योजनाले लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशीतालाई विकासको मूल आधारको रूपमा अघि सारेको छ। कुरीति तथा कुप्रथाको अन्त्य हिंसा तथा विभेदको न्यूनीकरण सीमान्तकृत समुदायको आर्थिक, सामाजिक, शैक्षिक एकीकरण, अर्थपूर्ण सहभागिता, सम्पत्तिमा स्वमित्व, सार्वजनिक सेवा तथा राजनीतिक प्रतिनिधित्व वृद्धि गर्ने परिमाणात्मक लक्ष्य समेत योजनामा निर्धारित गरिएको छ। यी लक्ष्यहरू हासिल गर्नका लागि आयोगले अध्ययन अनुसन्धानमा आधारित भई वस्तुगत सिफारिस गर्नुपर्ने देखिएको छ।

१२. नेपालमा समग्र महिलाको अवस्था हेर्दा महिला साक्षरता दर ६९.४ प्रतिशत, रोजगारीमा महिला सहभागिता ४० प्रतिशत, बैक खाता भएका महिलाको संख्या ४९ प्रतिशत, घर जग्गामा स्वामित्व भएका महिला २३.८ प्रतिशत रहेको देखिन्छ। प्रतिनिधि सभामा ३५ प्रतिशत, प्रदेश सभामा ३६ प्रतिशत, स्थानीय तहमा ४१ प्रतिशत र निजामती सेवमा २९.४ प्रतिशत सहभागिता रहेको भएतापनि उच्च नीति निर्णय तहमा, आर्थिक स्रोतमा पहुँच र नेतृत्व तहमा गुणात्मक सहभागितामा भने अझै पनि उल्लेखनीय अन्तर देखिएको छ।

१३. सार्वजनिक सेवाका एकै प्रकारका सेवा समूहहरूमा महिलाको उपस्थिति क्रमशः बढ्दै गएको देखिएता पनि सहायक तहको तुलनामा नीति निर्माण तथा निर्णय तहमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व अझै पनि न्यून छ। महिलाको संख्यात्मक सहभागितासँगै गुणात्मक र निर्णायक सहभागिता बढाउन थप नीतिगत, संरचनात्मक, कार्यगत पहल र प्रयासको आवश्यकता रहेको छ।

१४. लैङ्गिक हिंसा पीडित महिलाहरूको अल्पकालीन संरक्षणको लागि सुरक्षित आवास गृहको आवश्यकता देखिन्छ। देशका विभिन्न स्थानहरूमा पहिचान गरिएका २४२ सुरक्षित आवास गृहहरूको गुणस्तर, क्षमता, स्रोतसाधन तथा संस्थागत व्यवस्थापनमा असमानता र न्यून विश्वसनीयता देखिएको छ। हिंसा पीडित महिलाको आकस्मिक उद्दार, मनोविमर्श तथा सुरक्षित आश्रयका लागि सबै जिल्लामा एउटा अल्पकालीन सुरक्षित आश्रय गृह र सबै प्रदेशमा एक- एक वटा बहुपक्षीय सेवा सहितको दीर्घकालीन सुरक्षित आवास गृहको व्यवस्था हुन आवश्यक देखिएको छ। यस्ता आवास गृह सञ्चालनका लागि अन्तर्राष्ट्रिय मापदण्ड सहितको एकीकृत कार्यविधी तर्जुमा गरी उच्च गुणस्तर सहितको सेवा सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ।

१५. राष्ट्रिय महिला आयोगले २४ औं वसन्त पार गरी २५ औं वर्षमा प्रवेश गर्न लागेको परिपेक्ष्यमा विविध विधामा प्रथम स्थान हासिल गर्न सफल महिलाहरूको संक्षिप्त विवरण तयार पारी प्रविधिको माध्यमबाट व्यवस्थापन गर्ने प्रयोजनले राजनीतिक, शिक्षा, साहित्य, विज्ञान प्रविधि, खेलकुद, कला, संगीत लगायतका ११ वटा विधामा प्रथम स्थान हासिल गरेका पहिलो महिलाहरूको सूची संक्षिप्त विवरण तयार गरिएको छ। आयोगले विशिष्ट योगदान पुर्याएका महिलाहरूको उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा अन्य विधामा समेत पहिलो स्थान हासिल गरेका महिलाहरूको खोजी गरी सूचीवद्ध गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ।

१६. समग्र नेपाली महिलाको हक, हित, अधिकार, संरक्षण प्रवर्द्धन गर्नका लागि संविधान, राष्ट्रिय महिला आयोग ऐन र राष्ट्रिय महिला आयोग नियमावलीको अधिनमा रही निरोधात्मक, प्रवर्द्धनात्मक, प्रमाशक र उपचारात्मक गतिविधिहरू सञ्चालन गर्दै आएको छ। निरोधात्मक कार्य अन्तर्गत समाजमा लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार हुनै नदिनका लागि संविधान नीति कानुनहरूले बन्देज गरेका विषयहरू जानकारी गराउने हिंसा तथा दुर्व्यवहार हुनै नदिनका लागि **"खबर गरौं ११४५"** निःशुल्क कानुनी सहायता हटलाईन सेवा सञ्चालन गर्ने सामाजिक सचेतना वृद्धि गर्न सन्देशमूलक सामग्री उत्पादन प्रशारण लगायका कार्य गरिदै

आएको छ। प्रवर्द्धात्मक कार्यको रूपमा मुद्दाप्रति वहस छलफल अन्तर्क्रिया, लैङ्गिक हिंसा निवारणका लागि नीतिगत सिफारिस कानुनमा परिमार्जन आवश्यकताका आधारमा नीति कानुन तर्जुमाका लागि खबरदारी गरिएको छ। प्रमाशक सेवाभित्र निःशुल्क कानुनी सहायता, कानुनी परामर्श, मनोसामाजिक विमर्श/परामर्श, शारीरिक उपचारका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रसँग निःशुल्क उपचारात्मक कार्यहरू गर्दैआएको छ। पूर्ण लैङ्गिक समानता प्राप्तिको आधारस्तम्भ महिला अधिकार प्रवर्द्धन र संरक्षण रहेकोले मौजुदा व्यवस्थामा थप तथा परिमार्जन गर्नका लागि नीतिगत सिफारिस गरी निरोधात्मक प्रयास गर्न गरिएको छ। उपचारात्मक प्रयासको रूपमा लैङ्गिक हिंसा पीडित महिलाको लागि न्यायमा पहुँच पुर्याउने सन्दर्भमा आवश्यक सेवाहरू जस्तै सुरक्षित आश्रयस्थल, मनोसामाजिक विमर्श, कानुनी परामर्श र कानुनी सहायता लगायतका सेवाहरू उपलब्ध गराउने गरिएको छ।

१७. आयोगले आ. व. ०८२/०८३ मा महिनावारी, विभेद, बालविवाह लगायतका हानीकारक अभ्यासविरुद्ध कार्यक्रम, महिलाको राजनीतिक पहुँच तथा सशक्तीकरण सम्बन्धी कार्यक्रम, महिलाउपर हुने सबै किसिमका भेदभाव उन्मूलन (CEDAW) सम्बन्धी कार्यक्रम, हरितालिका तीज, सृजनात्मक तथा रचनात्मक रूपमा विविध कार्यक्रम, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान, विवाह, यौन तथा प्रजनन स्वास्थ अधिकार सम्बन्धी अन्तर्क्रिया, सुरक्षित र मर्यादित कार्यस्थल सम्बन्धी अनुगमन तथा अन्तर्क्रिया, योगमाया स्मृति दिवस, राष्ट्रिय महिला आयोगको स्थापना दिवस, ११४५ हेल्पलाईन सेवा स्थापना दिवस, पदाधिकारी तथा कर्मचारीहरूका लागि क्षमता विकास तथा तनाव व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया, कारागारमा रहेका महिलासँग सकारात्मक सोचसम्बन्धी अन्तरक्रिया, राजनैतिक दलका प्रतिनिधिहरूमाझ संविधान, नीति, ऐन, अन्तर्राष्ट्रिय सन्धि संझौतामा महिलाहरूका लागि भएका प्रावधानहरूको बारेमा जानकारी गराउने उद्देश्यले प्रदेशस्तरीय अन्तर्क्रिया लगायत स्थानीय तह, जिल्ला, प्रदेश र सङ्घीय स्तरका कार्यक्रम सञ्चालन गरेको छ। यस्ता कार्यक्रममार्फत महिला अधिकारसम्बन्धी चेतना जागरण, सामाजिक रूपान्तरण तथा सरोकारवालाबीच समन्वय अभिवृद्धि र नीतिगत सुधार प्रयास भएको छ।

१८. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई आयोगले राष्ट्रिय स्तरको सचेतना र प्रतिवद्धता अभिवृद्धिको माध्यमको रूपमा सम्पन्न गरेको छ। अभियानका क्रममा हिंसा नगर्ने, हिंसा नसहने र हिंसाको खुलेरै प्रतिवाद गर्ने प्रतिवद्धता व्यक्त गरिनुका साथै घरेलु

हिंसा, मानसिक हिंसा, प्रविधिको माध्यमबाट हुने हिंसा जस्ता विषयमा सरोकारवालाबिच छलफल गरिएको थियो।

१९. ग्रामीण भेगमा महिलाको यौन तथा प्रजनन स्वास्थ सचेतनाको स्तर कमजोर र यस सम्बन्धी सेवाको बलियो पहुँचको समेत अभाव देखिएको छ। प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार प्रवर्द्धनको विषयलाई तीनै तहको सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने देखिएको छ। ग्रामीण महिलाहरूको स्वास्थ्य सम्बन्धी बुझाई, यौन तथा संक्रमण रोगका बारेमा जानकारी, प्रजनन अङ्गको हेरचाह जस्ता विषयमा सचेतना अत्यन्तै न्यून भएका कारण पाठेघर खस्ने, गर्भखेर जाने जस्ता रोगहरू देखिएको छ। जसलाई सम्बोधन गर्न महिलाहरूको पाठेघरको नियमित परीक्षण, सुरक्षित र मर्यादित विवाह सम्बन्धमा सचेतना अभिवृद्धि, सानै कक्षादेखि सिकाइने विद्यालयका पाठ्यक्रमहरूमा प्रजनन स्वास्थ्यका विषयहरू मूलप्रवाहीकरण सम्बन्धित निकायले प्राथमिकतामा राख्नुपर्ने देखिएको छ।

२०. सङ्घीय मन्त्रालय र आयोगहरूमा कार्यस्थलको लैङ्गिक संवेदनशीलता, मर्यादित कार्यवातावरण र कार्यस्थलको भौतिक अवस्थाबारे गरिएको अध्ययन र अन्तर्क्रियाले विद्यमान कानुनी अवस्थाको पूर्ण कार्यन्वयन, अन्तर्राष्ट्रिय मापदण्डमा आधारित आचारसंहिता, अपाङ्गतामैत्री संरचना तथा नियमित अनुगमन आवश्यक देखिएको छ। सार्वजनिक र नीजि क्षेत्र दुवैमा कार्यस्थलमा लैङ्गिक संवेदनशीलताको अनुगमन गर्ने प्रभावकारी संयन्त्रको आवश्यकता देखिएको छ।

२१. योगमाया स्मृति दिवसको माध्यमबाट नेपालमा लैङ्गिक समानता, सामाजिक रूपान्तरण, जातीय विभेद तथा हानीकारक सामाजिक अभ्यास विरुद्ध प्रारम्भिक चरणमै आवाज उठाउने योगमायाको योगदानको स्मरण गरिएको छ। महिला अधिकार आन्दोलनको ऐतिहासिक योगदानलाई वर्तमान पुस्तासम्म पुर्याउदै सामाजिक रूपान्तरणको अभियानमा प्रेरणाको रूपमा सदुपयोग गरिनुपर्ने विषयलाई आयोगले धारणा बनाएको छ।

२२. आयोगबाट त्रिभुवन विश्वविद्यालयसँगको सहकार्यमा गरिएको महिलाको घरेलु तथा हेरचाहमूलक कार्यको आर्थिक गणना गर्दै, राष्ट्रको आर्थिक वृद्धिमा समावेश गर्ने अभिप्रायले अध्ययन गरिएको थियो। पुरुषको तुलनामा महिलामाथि घरेलु हेरचाहमूलक कामको कार्यबोझ अत्याधिक रहेकोले महिलाको समय, गरिबी, आर्थिक निर्भरता तथा श्रम बजार सहभागितालाई प्रभावित तुल्याएको हुँदा आगामी दिनमा महिलाको घरेलु तथा हेरचाहमूलक

कार्यको मर्यादित गणना गरी अर्थतन्त्रमा सम्मिलित गराउन आयोगले अध्ययनमार्फत नीतिगत पहल गरेको छ।

२३. आयोगले हिंसा पीडित महिलालाई घरेलु हिंसा, अंश मानाचामल, सम्बन्ध विच्छेद, नाता कायम लगायतका विषयमा निःशुल्क कानुनी सहायता प्रदान गर्दै आएको छ। जसको प्रभावकारिता मूल्याङ्कन गर्न गरिएको अध्ययनले पीडितको न्यायमा पहुँच, सेवा प्रदायकको क्षमता, अदालत तथा प्रहरीसँगको समन्वय, सेवाको प्रकृयामा लाग्ने प्रत्यक्ष अप्रत्यक्ष खर्च र सेवाको गुणस्तर सुधारको पक्षमा संस्थागत व्यवस्था आवश्यक देखिएको छ।

२४. आयोगको पदाधिकारीहरूबाट प्रदेश, जिल्ला, स्थानीय तहसम्म पुगी महिलाको हक अधिकारका विषयमा नीति निर्माण, सुरक्षा, विकासशील कार्यक्रम तथा सेवा प्रवाह गर्ने निकायहरूको अनुगमन गरिएको छ। अनुगमनबाट प्राप्त बहुपक्षीय सुधारका विषयमा महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन।

२५. आ. व. २०८२/०८३ मा सञ्चालन गरिएका विभिन्न गतिविधिहरूबाट अपाङ्गता भएका महिला, एकल महिला, ज्येष्ठ महिला, नाबालिका तथा अन्य सिमान्तकृत समूहका महिलाले बहुपक्षीय विभेदहरू भोगिरहेका छन्। यस प्रकारका महिलाहरूको सशक्तीकरण र अधिकार प्रवर्द्धनका लागि लक्षितवर्ग केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने देखिन्छ।

२६. संवैधानिक तथा कानुनी व्यवस्थाबाट महिलाको राजनैतिक प्रतिनिधित्वमा उल्लेख्य वृद्धि भएतापनि प्रत्यक्ष निर्वाचन र प्रमुख निर्णय तहमा महिलाको अर्थपूर्ण सहभागिता अझै कमजोर रहेको देखिएको छ। आयोगले प्रमुख राजनैतिक दलका जिम्मेवार पदाधिकारीहरूसँग अन्तर्क्रिया गरी महिलाहरूलाई समनुपातिक प्रतिनिधित्वमा मात्र सीमित नराखी प्रत्यक्ष निर्वाचनमा समेत पर्याप्त उम्मेदवारी तथा नेतृत्व प्रदान गर्नु पर्नेमा जोड दिएको छ।

२७. आयोगले महिला अधिकार र सशक्तीकरणका लागि जिम्मेवार निकायबाट भएको मौजुदा व्यवस्थामा नीतिगत, संरचनात्मक तथा कार्यक्रम सुधारका लागि सिफारिस गरेको छ यस्ता सिफारिसहरूलाई सम्बन्धित निकायले अपनत्वसहित ग्रहण गरी कार्यान्वयमा लैजाने कुरामा आयोगको अपेक्षा रहेको छ।

२८. हिंसा पीडित प्रभावितहरूलाई प्रभावकारी बनाउन एकीकृत कानुनी सहायता सम्बन्धि व्यवस्था एकद्वार बजेट व्यवस्थापनका लागि विशेष सहायता कोष जस्तो व्यवस्था, एकद्वार

बजेट व्यवस्था, पीडितका लागि प्रत्यक्ष अप्रत्यक्ष खर्च व्यवस्थापनका लागि विशेष सहायता कोष लगायतका व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ।

२९. आयोगबाट विगतमा भएका नीतिगत सिफारिसहरू मध्य लैङ्गिक उत्तरदायी बजेट, महिला अधिकार सम्बन्धी कार्यक्रम, अदालतको फैसला कार्यन्वयन, आमाको नामबाट नागरिकता, अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको अनुगमन, विधि विज्ञान प्रयोगशालाको विस्तार जस्ता विषयमा कार्यन्वयन तहको प्रगति देखिएको छ। यसले आयोगका अध्ययन तथा सिफारिसहरूलाई राज्य संयन्त्रले क्रमशः ग्रहण गर्ने प्रवृत्ति विकास भईरहेको देखिन्छ।

३०. महिला अधिकार र लैङ्गिक न्यायको विषयमा नेपाल टेलिभिजनसँगको सहकार्यमा नेपालमा महिला पाक्षिक कार्यक्रम सम्पन्न भएको छ। पीडितका पीडा र सोको सम्बोधनका लागि भएका विशेष व्यवस्थाहरूका बारेमा जानकारी उपलब्ध गराउने उद्देश्यले स्टुडियो वेश कार्यक्रम विज्ञ र सरोकारवाला निकायको प्रतिनिधित्वमा सार्वजनिक वहसमार्फत जनचेतना विकास गर्ने र निकास खोज्ने ध्येय पाक्षिक कार्यक्रम नेपालमा महिला प्रशारण भएको छ।

३१. यस प्रतिवेदनले समग्र रूपमा राष्ट्रिय महिला आयोगको नीति पैरवी, अनुगमन, सिफारिस, सेवा प्रवाह र जनचेतना अभिवृद्धिको भूमिका प्रभावकारी रहेको देखिएको छ। यद्यपि आयोगको सीमित संगठनात्मक संरचना, जनशक्ति तथा आर्थिक स्रोतको न्यूनता, आफ्नै पीडितमैत्री भवनको अभाव, प्रदेशमा कार्यालय स्थापना गर्न नसक्नु, स्थानीय सेवा संयन्त्र, कमजोर रहनु, लैङ्गिक उत्तरदायी बजेटको अपूर्ण कार्यन्वयन तथा सिमान्तकृत महिलाको न्यायमा सीमित पहुँच जस्ता विषयहरू प्रमुख चुनौतीको रूपमा रहेका छन्।

# विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद-१ | | |
| आयोगको संक्षिप्त परिचयः | | १ |
| | १.१. ऐतिहासिक पृष्ठभूमि | १ |
| | १.२. राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार | २ |
| परिच्छेद २ | | |
| संगठनात्मक संरचना | | ६ |
| | २.१ आयोगमा पदाधिकारीहरूको नियुक्तिः | ६ |
| | २.२ आयोगको संगठन संरचना | ६ |
| | २.३ आयोगको शाखागत परिचयः | ६ |
| | २.४ पदपूर्तिको अवस्थाः | १० |
| | २.५ खबर गरौं ११४५ हेल्पलाइन सेवाको अस्थायी दरबन्दी | १० |
| | २.६ कार्यालय भवन तथा भौतिक सामग्रीको अवस्था | ११ |
| | २.७. कानुनी व्यवस्थाः | ११ |
| | २.८. कार्य सम्पादनका सिद्धान्तहरूः | १२ |
| | २.९. कार्यसम्पादनको ढाँचाः | १३ |
| परिच्छेद ३ | | |
| नेपालमा महिला अधिकारको नीतिगत व्यवस्था | | १६ |
| | ३.१ पृष्ठभूमि | १६ |
| | ३.२ नेपालको संविधानका विभिन्न भाग तथा धाराहरूमा महिलाको हक अधिकार सम्बन्धमा भएका व्यवस्थाहरूः | १७ |
| | ३.३ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण | २४ |
| | ३.४ महिला हकअधिकार कार्यन्वयनका संस्थागत व्यवस्था | ३० |
| | ३.५ विश्व परिप्रेक्ष्यमा महिला अधिकारको विकासक्रम | ३१ |
| | ३.६. चालु आवधिका योजना (१६औ पञ्चवर्षीय योजना) मा लैङ्गिक समानाताका सम्बन्धमा गरिएको व्यवस्था | ३२ |
| परिच्छेद ४ | | |
| नेपालमा महिलाको अवस्था | | ३५ |
| | ४.१ पृष्ठभूमि | ३५ |
| | ४.२ महिला सशक्तीकरणसम्बन्धी अवस्थाः | ३५ |
| | ४.३ नेतृत्व तथा निर्णय तहमा महिला सहभागिता तथा समावेशीकरण सम्बन्धीः | ३६ |
| | ४.४ निजामती सेवा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा महिलाको प्रतिनिधित्वः | ३७ |

| | | |
|---|---|---|
| | ४.५ निजामती सेवामा महिला सहभागितासम्बन्धीः | ३७ |
| | ४.६ दिगो विकास लक्ष्य सूचकमा नेपालको अवस्थाः | ३९ |
| | ४.७ उजुरी तथा सेवा प्रवाहको प्रकृति र अवस्थाः | ४० |
| | ४.८ लैङ्गिक हिंसा पीडित र प्रभावितका लागि सुरक्षित आश्रयस्थल व्यवस्था सम्बन्धीः | ४० |
| परिच्छेद ५ | | |
| आ.व.0८२/0८३ मा सम्पन्न भएका प्रमुख कार्यक्रमहरू | | ४२ |
| परिच्छेद ६ | | |
| आ.ब. २0८२/0८३ मा भएको अध्ययन अनुसन्धानहरूको विवरण | | ६३ |
| | ६.१ महिलाको विशेष गरी बेतलबी घरेलु हेरचाह तथा स्याहार सुसार कामकाजको आर्थिक मापन सम्बन्धी अध्ययन | ६३ |
| | ६.२ आयोगले प्रदान गरेका निःशुल्क कानुनी सहायता प्रभावकारिता र लैङ्गिक हिंसा सम्बन्धी मुद्दा कार वाहीको अवस्थाको अध्ययन | ६६ |
| परिच्छेद ७ | | |
| पदाधिकारीबाट सम्पन्न भएको स्थलगत अनुगमन | | ७२ |
| परिच्छेद ८ | | |
| नीतिगत सिफारिस र कार्यन्वयनको अवस्था | | ८२ |
| | ८.१. आ. व. २0८२/0८३ मा भएको नीतिगत सिफारिस | ८२ |
| | ८.२. विगतमा गरिएका नीतिगत सिफारिसहरूको कार्यन्वयनको अवस्था | ९0 |
| परिच्छेद ९ | | |
| उजुरी तथा मुद्दा व्यवस्थापन | | १0३ |
| | ९.१ पृष्ठभूमी | १0३ |
| | ९.२ राष्ट्रिय महिला आयोगमा आउने गुनासो/उजुरी/निवेदन सुनुवाईः | १0४ |
| परिच्छेद १0 | | |
| लैङ्गिक समानता र लैङ्गिक न्यायका सम्बन्धमा नेपाल टेलिभिजन सँगको सहकार्यमा सम्पन्न भएको नेपालमा महिला कार्यक्रमसम्बन्धी विवरण | | ११८ |
| | १0.१ पृष्ठभूमिः | ११८ |
| | १0.२ स्टुडियो वेश | ११९ |
| | १0.३ स्टुडियोमै विज्ञहरूसँग विविध विषयमा गरेको संवाद अन्तर्क्रिया कार्यक्रम | १२२ |
| परिच्छेद ११ | | |
| निष्कर्ष, सुझाव तथा भावी कार्यदिशा | | १४0 |
| | ११.१. निष्कर्षः | १४0 |
| | ११.२. सुझावहरू | १४२ |
| | ११.३. भावी कार्यदिशाः | १४४ |
| | अनुसूचीहरू | १४६ |

# परिच्छेद-१
# आयोगको संक्षिप्त परिचयः

## १.१. ऐतिहासिक पृष्ठभूमि

नेपाली महिलाका समग्र अधिकारको पूर्ण प्रत्याभूतिका लागि नीतिगत पैरवी, समन्वय, अध्ययन अनुसन्धान, सिफारिस तथा सेवा प्रवाहका लागि वि.सं.२०५८ फाल्गुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना भएको हो। नेपालको संविधान बमोजिम राष्ट्रिय महिला आयोग एक संवैधानिक निकायको रूपमा स्थापित छ।

राष्ट्रिय महिला आयोगको स्थापनाको पृष्ठभूमि हेर्दा नेपालमा एक शताब्दी अघिदेखि चल्दै आएका महिला विकास र सशक्तीकरणका आन्दोलनसम्म पुगेर हेर्नुपर्दछ। स्व. योगमाया न्यौपानेले उठान गर्नुभएको लैङ्गिक समानता र सामाजिक रूपान्तरणको आन्दोलन र सति प्रथाको अन्त्य महिला अधिकारलाई सङ्घघोष गर्ने प्रस्थान विन्दूको रूपमा लिन सकिन्छ।

विभिन्न सामाजिक अभियन्ताहरू, राजनीतिक दलका भगिनी संगठनहरू, सञ्चार क्षेत्र र महिला अधिकारकर्मीहरू मार्फत उठान गरिएका महिलामैत्री अभियानहरू समेत राष्ट्रिय महिला आयोगको आधारस्तम्भको रूपमा लिन सकिन्छ। नेपालमा यसरी महिलामैत्री अभियानहरू चल्नुमा भने अन्तर्राष्ट्रिय अभियानको प्रभावलाई उच्च महत्वका साथ हेर्नुपर्दछ। महिला विकास, महिला अधिकार, महिला सशक्तीकरण र लैङ्गिक समानताको सन्दर्भमा अन्तर्राष्ट्रिय महिला सम्मेलनहरूको विशेष योगदान रहेको देखिन्छ।

मेक्सिकोमा भएको प्रथम विश्व महिला सम्मेलनदेखि बेइजिङमा भएको चौंथो विश्व सम्मेलनसम्मका उच्च योगदानको कारण विश्वभर र नेपालमा पनि महिला अधिकारको अभियानका लहरहरू छाएको देखिन्छ। सन् १९७५ मा कोपनहेगनमा भएको महिला सम्मेलनले उठाएको महिलावादी लहर र दृष्टिकोणबाट प्रेरित भई सयुक्त राष्ट्र संघले  महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धी (CEDAW,1779) जारी गर्‍यो। नेपाल समेत उक्त महासन्धीको पक्षराष्ट्र रहँदै आएको छ। यस महासन्धीको पक्षराष्ट्र भएपछि नेपालले महिला हकहितका लागि थुप्रै कानुनी प्रावधानहरू, सेवा प्रवाहका संयन्त्रहरू एवं महिला पक्षीय विशिष्ट निकायहरूको प्रबन्ध मिलाएको देखिन्छ।

सन् १९९५ मा सम्पन्न भएको बेइजिङ घोषणपत्र तथा कार्यमञ्चमा भएका महिलाका १२ वटा विशेष सरोकारका क्षेत्रहरूको आधार मानी,  महिलामैत्री व्यवस्थाहरू राज्यबाट सम्वोधन हुनुपर्ने विषय पनि राष्ट्रिय महिला आयोगको स्थापनासँग प्रत्यक्ष जोडिएर आउँछ।बेइजिङ कार्यमञ्चका सरोकारहरूलाई नीतिगत व्यवस्थाबाट महिला अधिकारको  दिर्घकालीन संस्थागतीकरण गर्दै सम्बोधन गर्नुपर्ने अवस्था रहेको र सम्मेलनमा उजागर भएका सबै महिलाका सवालमा महिला अधिकारको अबिलम्ब प्रत्याभूति गर्नुपर्ने देखिएको विषय राष्ट्रिय महिला आयोग जस्तो एक अधिकार सम्पन्न र सम्मानित निकाय स्थापनाको प्रेरक तत्वको रूपमा लिन सकिन्छ।

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW, 1977) मा महिला अधिकारलाई व्यवहारमा उतार्न पक्षराष्ट्रहरूले महिलाको लागि छुट्टै र विशेष प्रकृतिका निकायहरू, कानुनी व्यवस्था, तथा बजेट बिनियोजन गर्नुपर्ने विषय उल्लेख गरिएको छ। यसै अनुरूप नेपालमा वि.स.२०५२ मा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो। लैङ्गिक हिंसा पीडित महिलाहरूलाई सहज र छरितो प्रकृयाबाट न्याय प्राप्तिका लागि सहजीकरण गर्न तथा लैङ्गिकमैत्री व्यवस्थाका लागि नीतिगत पैरवी र पृष्ठपोषण गर्ने निकायका रूपमा बि.सं.२०५८मा राष्ट्रिय महिला आयोगको स्थापना भएको छ। नेपाल सरकारको निर्णयबमोजिम गठित यस आयोगलाई नेपालको संविधानद्वारा संवैधानिक निकायको रूपमा प्रत्याभूत गरिएको छ।CEDAW-1979, बेइजिङ्ग कार्यमञ्च तथा दिगो विकास लक्ष्यमा समावेश भएका महिलाका सवालहरूलाई सम्बोधन गर्नुपर्ने आयोगको आवश्यकतालाई आधार मानी नेपालको संविधानको धारा २५२मा आयोग गठनसम्बन्धी व्यवस्था छ भने धारा २५४ मा प्रदेश कार्यालय स्थापना गर्नेसम्बन्धी व्यवस्था रहेको छ।

आयोगको काम कारवाहीलाई व्यवस्थित गर्न सुरुमा राष्ट्रिय महिला आयोग ऐन,२०६३ र राष्ट्रिय महिला आयोग नियामवली,२०६५ जारी भई कार्यन्वयनमा रहेकोमा आयोगले संबैधानिक निकायको रूपमा मान्यता प्राप्त गरेपछि राष्ट्रिय महिला आयोग ऐन,२०७४ र राष्ट्रिय महिला आयोग नियमावली,२०७८ को व्यवस्था भई आयोगका गतिविधिहरू सञ्चालन भइरहेको छ। संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले कार्यविधिहरू एवं कार्ययोजना तयार गरी कार्यसम्पादन गर्दै आएको छ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै, समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानको धारा ३८मा महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा स्थापित गरी त्यस अन्तर्गत विभिन्न हक, अधिकारको व्यवस्था गरिएको छ। संविधान तथा प्रचलित कानुनमा व्यवस्था भएका महिला तथा बालबालिकासम्बन्धी हक, अधिकारको प्रभावकारी कार्यन्वयन गर्न गराउनका लागि आयोगले नियमनकारी र सचेतक निकायको भूमिका निर्वाह गर्दै आएको छ।आयोगले विगदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक विभेद उन्मूलन गर्न तथा महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आएको छ।आयोगले महिला मानव अधिकार हननको घटनाहरूको अनुगमन, निरीक्षण तथा छानबिन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई न्यायमा सहज पहुँच दिलाउन कानुनी परामर्श उपलब्ध गराउने लगायतका कार्यहरूलाई निरन्तरता दिँदैआएको छ।

## १.२. राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

### १.२.१ आयोगको गठन प्रक्रिया

नेपालको संविधानको धारा २५२मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था छ। जसमा एक जना अध्यक्ष र चारजना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ। कम्तिमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका, उच्च

नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलका सदस्य नरहेका, पैँतालीस वर्ष उमेर पूरा भएका नेपाली महिला राष्ट्रिय महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने साथै, अध्यक्षको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको थप योग्यता हुनुपर्ने व्यवस्था संविधानमा उल्लेख भएको छ। राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ।

## १.२.२ नेपालको संविधानअनुसार आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छः

(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने।

(ख) महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी वा सम्झौता अन्तर्गतको दायित्व कार्यन्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यन्वयनको उपायसहित नेपाल सरकार समक्ष सुझाव दिने।

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यन्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने।

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्य कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत् सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ।

## १.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा संविधानको धारा २५३मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने कुरा उल्लेख भएको छः

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानुनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने।

(ख) संविधान तथा कानुन प्रदत्त महिलाका अधिकार सम्बन्धी व्यवस्थाको कार्यन्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यन्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने।

(ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने।

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने।

(ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने।

(च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने।

(छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने।

(ज) आयोगले गरेका सिफारिसको कार्यन्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने।

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्ने।

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

## १.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३मा आयोगले संविधान तथा ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहाय बमोजिमका काम गर्नसक्ने कुरा उल्लेख भएको छः

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यन्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन।

(ख) महिला विरुद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकार लगायत विभिन्न निकायबाट कार्यन्वयनमा ल्याइएका ऐन, नीति तथा कार्यक्रमको अध्ययन, अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन।

(ग) समाजमा विद्यमान महिला विरुद्धका कुप्रथा, सामाजिक कुरीति, खराब अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकार लगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारको लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्न।

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानुनी सहायता उपलब्ध गराउन।

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनः स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्न।

(च) सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसा पीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यवसायिक तथा रोजगारीमूलक सीप, प्रशिक्षण आदि प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय गर्न।

(छ) महिला हिंसा, विभेद, कुरीति विरुद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्न।

(ज) महिलाको हक, हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी संघसंस्थाको क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिन।

(झ) हिंसा पीडित तथा बेसाहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधार गृहको स्थलगत अनुगमन निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन।

(ञ) सरकारी तथा गैर सरकारी निकायबाट महिला तथा बालबालिकाको लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिक मैत्री भए नभएको अनुगमन गर्न र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्न।

(ट) लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण, लैङ्गिक मूल प्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन, अनुसन्धान गरी, गराई नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्न।

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यन्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिस गर्न।

# परिच्छेद २
# संगठनात्मक संरचना

## २.१ आयोगमा पदाधिकारीहरूको नियुक्तिः

नेपालको संविधानले भाग २७ को धारा २५२ मा एक राष्ट्रिय महिला आयोग हुनेछ भन्ने व्यवस्था गरेको छ। राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा आयोगमा एक अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ। राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्ति मितिले ६ वर्षको हुनेछ। कामको प्रकृति र आवश्यकताको आधारमा प्रदेशहरूमा आयोगको कार्यालय स्थापना गर्न सकिने भन्ने प्रावधान रहेकोमा संवैधानिक परिषदको सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष र दुई जना सदस्यहरू तथा २०७८ असार १० गते थप दुई जना सदस्यहरूको नियुक्ति भई देहायबमोजिम जिम्मेवारीमा रहनुभएको छ.-

| | | |
|---|---|---|
| १ अध्यक्ष | - | माननीय कमला कुमारी पराजुली |
| २ सदस्य | - | माननीय कृष्ण कुमारी पौडेल खतिवडा |
| ३ सदस्य | - | माननीय विद्या कुमारी सिन्हा |
| ४ सदस्य | - | माननीय सावित्रा कुमारी शर्मा |
| ५ सदस्य | - | (पद रिक्त रहेको) |

## २.२ आयोगको संगठन संरचना

नेपाल सरकारबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण र स्वीकृत दरबन्दी तेरिजका आधारमा राष्ट्रिय महिला आयोगको दैनिक कार्यसम्पादनका लागि विभिन्न सेवा समूह र विशेषज्ञता हासिल गरेका निजामती तथा अन्य कर्मचारीहरू सहितको प्रशासनिक संयन्त्रको व्यवस्था गरिएको छ।

राष्ट्रिय महिला आयोगले बालिका, किशोरी र महिलाहरूको संवैधानिक हक अधिकार सुनिश्चित गर्न, गराउन संगठनात्मक संरचना तयार गरी आयोगको कार्यगत स्वरूपअनुसार दरबन्दी सृजना गरी देहाय अनुसारको पद तथा श्रेणीहरूमा रहने जनशक्तिको व्यवस्था गरेको छ। राजपत्राङ्कित प्रथम श्रेणी सचिवको मातहतमा ५ वटा शाखाहरूमा ३८ जना कर्मचारी रहने व्यवस्था छ भने **"खबर गरौं ११४५"** हेल्पलाइन सेवा सञ्चालनका लागि विभिन्न तहका गरी कुल १७ जनाको अस्थायी पदहरू सृजना गरिएको छ । आयोगको संगठन संरचना अनुसूची- १ मा उल्लेख छ।

## २.३ आयोगको शाखागत परिचयः

### २.३.१. प्रशासन तथा योजना शाखा

प्रशासन तथा योजना शाखा मार्फत आयोगका दैनिक प्रशासनिक कार्य सम्पादन गरिनुका साथै आयोगको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा तथा कार्यन्वयनको कार्य हुँदै आएको छ। नेपाल प्रशासन सेवा,

सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव शाखा प्रमुख रहने यस शाखाले आयोगको सम्पूर्ण कर्मचारीको व्यवस्थापन तथा कार्यालयको आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, मेसिनरी औजार, सवारीसाधन र अन्य कार्यालय सामग्री खरिद गर्ने, कर्मचारीको लागि आवश्यक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा हेल्पलाइन सेवाको व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन गर्दछ। शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन:-

- आयोगको कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य,
- प्रचलित कानुन बमोजिम खरिद, जिन्सी निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य,
- सूचना व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा रणनीतिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा कार्यन्वयनमा सहजीकरण सम्बन्धी कार्य,
- खबर गरौं ११४५ हेल्पलाईन सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्य,
- कार्यक्रम अनुगमन सम्बन्धी कार्य आदि।

## २.३.२ महिला विकास समन्वय शाखा

शाखाको नामबाटै प्रष्ट हुन्छ कि बालिका, किशोरी र महिलाको हक अधिकार स्थापना, लंङ्गिक न्याय, सामाजिक सुरक्षा, विकास र सशक्तीकरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्न, महिलाको हक अधिकार सम्बन्धमा सचेतना अभिवृद्धि गर्न तथा महिलाविरुद्ध हुने हिंसा, विभेद र दुर्व्यवहारलाई नियन्त्रण गर्न सामाजिक जागरणमूलक कार्यक्रमहरू सञ्चालन गर्न, महिलाको विकास र सशक्तीकरणका लागि आन्तरिक तथा विभिन्न निकायबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता अनुगमन गरी आवश्यक सुझाव दिन लगायतका कार्यहरू सम्पादनका लागि यस शाखाको परिकल्पना भएको देखिन्छ। नेपाल विविध सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख महिला विकास अधिकृत शाखा प्रमुख रहने यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन:-

- महिला विकास तथा सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको अनुगमन, महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य,
- महिलालाई अपहेलित गर्ने हानिकारक सामाजिक अभ्यास तथा कुरीतिहरू विरुद्ध तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सन्चालन,
- महिला तथा किशोरीमाथि हुने हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्यक तथा निरोधात्मक कार्यक्रम सञ्चालन,
- महिला विकास सम्बन्धी विषयमा आवश्यक अध्ययन, अनुसन्धान र सिफारिस,

- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच विस्तार एवं आत्मनिर्भरताका लागि रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका लागि सरोकारवाला निकायसँग समन्वय,
- महिला हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थापना गरिएको संयन्त्रहरूको अनुगमन तथा पृष्ठपोषण,
- हिंसा पीडित/प्रभावित महिलाहरूलाई पुनःस्थापना गर्नै सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय,
- विभिन्न तहमा सञ्चालित महिला विकास सम्बन्धी कार्यक्रमको कार्यन्वयनको अनुगमन र यस सम्बन्धी अन्य विविध कार्यहरू।

## २.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यन्वयन शाखा

यस शाखाको नामबाटै शाखाबाट हुने काम, कर्तव्य र जिम्मेवारी प्रष्ट हुन्छ। महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको निर्माण अध्ययन/अनुसन्धान, महिला अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको कार्यन्वयन अवस्थाको अनुगमन गरी उक्त कानुनहरूको कार्यन्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने तथा महिला हक अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका सन्धि/सम्झौताको कार्यन्वयन अवस्थाका सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव दिने लगायतका काममा आयोगलाई सहयोग गर्दछ। नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाले मुख्यतः आयोगसँग सम्बन्धित नीतिगत काममा सहयोग पुर्‍याउँदछ। यस शाखाले सम्पादन गर्ने प्रमुख कामहरू देहाय बमोजिम रहेका छन्ः

- महिलाको हकहितसँग सम्बन्धित कानुन वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै दायित्व कार्यन्वयन भए/नभएको सम्बन्धमा नियमित अनुगमन गरी समूचित कार्यन्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- नेपाल पक्ष राष्ट्र भएका महिला अधिकार संरक्षण सम्बन्धी सन्धि सम्झौताको नियमित प्रतिवेदन तालिका अद्यावधिक गरी राख्ने, पेश भएका सरकारी र वैकल्पिक प्रतिवेदनहरू सङ्कलन गरी राख्ने तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अद्यावधिक गरी भावी कार्यदिशाबारे सुझाव तयार गरी पेश गर्ने,
- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानुन निर्माण तथा कार्यन्वयनका विषयमा अन्य सम्बन्धित निकायसँग सहयोग, समन्वय र सहकार्य गर्ने,

- आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीति र कानुन निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरी पेश गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार अध्ययन, अनुसन्धान सम्बन्धी कार्यका लागि कार्यक्रमगत रूपमा कार्यक्षेत्रगत् शर्त तयार गरी पेश गर्ने तथा अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

## २.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

आयोगमा कानुन सम्बन्धी सम्पूर्ण कार्यहरू उजुरी तथा मुद्दा व्यवस्थापन शाखा मार्फत हुने गरेको छ। यस शाखाले महिला हिंसा सम्बन्धी आयोगमा परेका दैनिक उजुरी सुन्ने, हेल्पलाइन मार्फत प्राप्त उजुरीका घटनाको अभिलेखीकरण तथा वर्गीकरण गर्ने, हिंसा पीडित/प्रभावितहरूलाई कानुनी परामर्श दिने, पीडित/प्रभावितहरूलाई मनोसामाजिक सेवा प्रदान गर्ने, निःशुल्क कानुनी सहायताका लागि सम्बन्धित निकायसँग समन्वय सहकार्य गर्ने र आवश्यकताका आधारमा हिंसा पीडित/प्रभावितहरूका लागि अल्पकालीन तथा दीर्घकालीन आवास संरक्षण केन्द्रमा संरक्षणका लागि पठाउने साथै अन्य निकायबाट उजुरी/मुद्दाका विषयमा माग गरिएका विवरणहरू उपलब्ध गराउने लगायत उजुरी मुद्दा सम्बोधन सम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्दै आएको छ। आयोगलाई विपक्षी बनाइ अदालतमा दायर भएको रिट निवेदनका सम्बन्धमा यस शाखाबाट लिखित जवाफ तयार गर्ने, आयोगले निर्माण गर्ने कानुनको मस्यौदा गर्ने तथा आयोगलाई कानुनी राय दिने काम पनि यसै शाखाबाट हुने गर्दछ। नेपाल न्याय सेवा, कानुन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्।

- उजुरी दर्ता तथा सम्बोधन सम्बन्धी कार्य,
- हेल्पलाइन सेवामार्फत प्राप्त हुने उजुरीको व्यवस्थापन सम्बन्धी कार्य,
- कानुनी परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- निःशूल्क कानुनी सहायता उपलब्ध गराउने कार्य,
- सामाजिक मनोविमर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- महिला हिंसासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने, गराउने कार्य,
- महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा कुनै निकाय विरुद्ध मुद्दा चलाउनुपर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य,
- हिंसा पीडित/प्रभावितहरूका लागि सुरक्षित आश्रयस्थल वा पुनः स्थापना केन्द्रमा पठाउनका लागि सिफारिस र समन्वय गर्ने कार्य,
- अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,
- नेपाल सरकारबाट सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत पीडितको निःशुल्क उपचारको लागि समन्वय र सिफारिस गर्ने।

### २.३.५ आर्थिक प्रशासन शाखा

आयोगको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। आयोगको वार्षिक बजेट अनुमान गरी पेश गर्ने, विनियोजित बजेट प्रचलित आर्थिक कानुनको अधिनमा रही खर्च गर्ने गराउने, खर्चको हिसाब किताब र श्रेष्ता राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, बेरुजु फर्छ्यौट गर्ने गराउने लगायतका कार्य आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। नेपाल प्रशासन सेवा, लेखा समूहको रा.प.तृतीय श्रेणीको लेखा अधिकृत शाखा प्रमुख रहने व्यवस्था छ। यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहायबमोजिम रहेका छनः-

- आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राखे,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराइ सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखा परीक्षण गराउने,
- आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की बेरुजुको लगत राखे, संपरीक्षण गराउने एवं पेश्की फछ्यौट गर्ने र अद्यावधिक गराउने,
- आय-व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने/ गराउने,
- आयोगको आर्थिक कारोवार सम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।

## २.४ पदपूर्तिको अवस्थाः

नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार आयोगमा विभिन्न तहका गरी कुल ३८ जना कर्मचारीको दरबन्दी रहेको छ। जसमा राजपत्रांकित तर्फ १२ जना, राजपत्र अनंकिततर्फ १२ जना र श्रेणीविहीनतर्फ १४ जनाको दरबन्दी रहेको छ। स्वीकृत दरबन्दीमा पदपूर्तिको समग्र स्थिति अनुसूची- २ बमोजिम रहेको छ।

## २.५ खबर गरौं ११४५ हेल्पलाइन सेवाको अस्थायी दरबन्दी

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार, राहत र पुन:स्थापनाको लागि **"खबर गरौं ११४५"** हेल्पलाइन सेवा 'लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरिएकोमा देहाय बमोजिमका अस्थायी पदहरू स्वीकृति भएको दरवन्दीमा करार सेवामा कर्मचारीहरूको पदपूर्ति गरी हेल्पलाइन सेवा सञ्चालन हुँदै आएको छ। हरेक आ. व. मा महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा रा. प. अ. नं दरबन्दिको हकमा मा. मन्त्रीबाट स्वीकृत गर्ने र रा. प. दरबन्दीको हकमा मन्त्रिपरिषदमा पठाई स्वीकृत पश्चात

कर्मचारीको पदावधि १ वर्षको हुने र निरन्तर गरिने गरिन्छ। हेल्पलाइन सेवामा राजपत्राङ्कित तृत्तीय श्रेणीमा सूचना प्रविधि अधिकृत १ जना, कानुन अधिकृत २ जना र मनोसामाजिक विमर्शकर्ता १ जना गरी ४ जना; राजपबअनंकित प्रथम श्रेणीको हेल्पलाइन अपरेटर १० जना श्रेणीविहीनतर्फ हलुका सवारी चालक १ जना र कार्यालय सहयोगी २ जना गरी जम्मा १७ जनाको दरबन्दी (पदपूर्तिको अवस्था अनुसूची-२ मा रहेबमोजिम )कायम रहेको छ।

## २.६ कार्यालय भवन तथा भौतिक सामग्रीको अवस्था

**कार्यालय भवन सम्बन्धमाः-**

विगत देखि नै आयोगको आफ्नो छुट्टै भवन र जग्गा समेत नभएको अवस्थामा भद्रकाली स्थित राष्ट्रिय समाचार समितिको भवन र खाद्य व्यवस्था तथा व्यापार कम्पनि लिमिटेडको भवन भाडामा लिई आयोगले आफ्नो कार्यसम्पादन गर्दै आएको थियो। संवैधानिक आयोगका रूपमा यस आयोगको भूमिका प्रभावकारी बनाउन आयोगको आफ्नै भवन, जग्गा लगायत संरचना हुनु आवश्यक हुन्छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको समन्वयमा मिति २०८३।०१।२९ बाट नारायणहिटी दरबार परिसरभित्र कार्यालय स्थानान्तरण भई कार्यसञ्चालन गर्दै आएको छ।

**आयोगको भौतिक साधन, स्रोत/ सामग्रीः-**

यस आयोगको पदाधिकारी सुविधा साथै कार्यालय सञ्चालन गर्ने प्रयोजनका लागि चारपाङ्ग्रे सवारी साधन ८ वटा दुई पाङ्ग्रे सवारी साधन १३ वटा चालू हालतमा रहेका छन्। कार्यालय व्यवस्थापनका आवश्यक फर्निचरहरू, कम्प्युटर, सूचना प्रविधी, डिजिटल डिभाइसहरू आवश्यकता बमोजिम व्यवस्थापन हुँदै आएको छ।

## २.७. कानुनी व्यवस्थाः

नेपालको संविधानको भाग २७ अन्य आयोगहरू अन्तर्गत धारा २५२, २५३ र २५४मा राष्ट्रिय महिला आयोग सम्बन्धी व्यवस्थाहरू उल्लेख भएको छ। आयोगको समग्र कार्यसम्पादनका लगि देहाय बमोजिमका कानुनी व्यवस्थाहरू गरिएको छ।

- ✓ राष्ट्रिय महिला आयोग ऐन, २०७४
- ✓ राष्ट्रिय महिला आयोग नियमावली, २०७४
- ✓ राष्ट्रिय महिला आयोगको बैठक सञ्चालसम्बन्धी कार्यविधी, २०७८
- ✓ लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवाशुल्क अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०८३
- ✓ राष्ट्रिय महिला आयोग आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८
- ✓ राष्ट्रिय महिला आयोगका कर्मचारी तथा पदाधिकारीका लागि तयार गरिएको आचारसंहिता, २०८०

आयोगका उल्लिखित कानुनी व्यवस्थाका साथसाथै महिलाका हक अधिकार संरक्षण र प्रचलनका लागि देहायका कानुनी व्यवस्था प्रचलनमा रहेका छन्।

- ✓ मुलुकी देवानी संहिता २०७४
- ✓ मुलुकी अपराध संहिता २०७४
- ✓ मानव अधिकार आयोग ऐन २०५३
- ✓ यातना सम्बन्धी क्षतिपुर्ति ऐन २०५३
- ✓ कर्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१
- ✓ लैङ्गिक समानता कायम गर्न केही नेपाल संशोधान गर्ने ऐन २०७२
- ✓ घरेलु हिंसा कसुर र सजाय ऐन २०६६
- ✓ निजामती सेवा ऐन २०४९
- ✓ मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४
- ✓ राष्ट्रिय महिला आयोग ऐन २०७४
- ✓ बोक्सीको आरोप (कसुर र सजाय) ऐन २०७२
- ✓ अपराध पीडित संरक्षण ऐन २०७५
- ✓ स्थानीय सरकार सञ्चालन ऐन २०७४
- ✓ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

## २.८. कार्य सम्पादनका सिद्धान्तहरू:

संविधानमा उल्लेखित समानताको हकलाई व्यवहारमा उतारी आम नेपाली महिलाहरूलाई सारभूत अधिकारहरू उपभोग गर्न सक्ने स्थितिमा पुऱ्याउनु र महिलामाथि हुने कुनै किसिमको हिंसा, विभेद र दूर्व्यवहारलाई निवारण गर्न सहयोग पुऱ्याउनु आयोगको सर्वोपरी उद्देश्य हो । यो उद्देश्य प्रासिका लागि राष्ट्रिय महिला आयोग संविधान तथा प्रचलित ऐन, कानुनद्वारा प्रदत्त महिला अधिकार सम्बन्धी कार्यहरू गर्ने जिम्मेवारी अन्तर्गतका कार्यलाई स्वतन्त्र, स्वायत्त र निष्पक्ष रूपमा सम्पादन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ। आयोगले महिला हक, हित र अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रभावकारी कार्यन्वयनको सुनिश्चितताका लागि सरकारी निकाय र महिला अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्दै आएको छ। महिलाको हक हितको संरक्षण र संवर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न राष्ट्रिय महिला आयोग प्रतिवद्ध छ। समग्रमा संविधान तथा प्रचलित कानुनद्वारा निर्दिष्ट आफ्ना जिम्मेवारी पूरा गर्ने सन्दर्भमा राष्ट्रिय महिला आयोगले देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू पालना गर्दैआएको छ।




## २.९. कार्यसम्पादनको ढाँचाः

नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन,२०७४ र राष्ट्रिय महिला आयोग नियमावली,२०७८बमोजिम आफ्नो काम, कर्तव्यहरू पालन गर्नका लागि देहाय बमोजिमका गतिबिधिहरू सञ्चालन गर्दै आएको छ।

### २.९.१ अध्ययन अनुसन्धान

संविधान, ऐन र नियमावलीमा भएका व्यवस्थाले समेटेका महत्वपूर्ण विषयहरूमा आयोगबाट अध्ययन अनुसन्धान हुदै आएको छ ।नीति तथा कानुनमा भएका खाडलहरू पुर्दै महिला अधिकार र लैङ्गिक समानता प्राप्त गर्न आयोगबाट नीतिगत सुझाव र सिफारिस गर्नु पर्ने हुन्छ ।वस्तुगत सुझावहरू प्राप्त गर्न अध्ययन अनुसन्धान आवश्यक हुन्छ।महिला भित्र पनि अन्तरविविधतालाई सम्बोधन गर्नुपर्ने विषय क्षेत्रहरूलाई राज्यका नीति, कानुन, बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्नु अध्ययन अनुसन्धान गर्ने गरिएको छ । आ.व. २०७७/०७८ देखि भएका महत्वपूर्ण अध्ययनहरू देहाय बमोजिम रहेका छन्।

**आ.व २०७७/७८ देखि आ. व. २०८१/८२ सम्म गरिएको अध्ययनको संक्षिप्त विवरण**

- संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्धको भेदभाव उन्मूलन गर्ने समिति (CEDAW Committee) बाट नेपालको छैठौ आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यन्वयनको अवस्था सम्बन्धी अध्ययन
- सङ्घीय मन्त्रालयबाट महिला सशक्तीकरण एंव लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन
- रोजगारीका अवसरमा महिलाहरूको पँहुच र महिलामैत्री कार्य वातावरणबारे अध्ययन
- मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ कार्यन्वयन पश्चात महिला अधिकारको प्रचलनमा आएको परिवर्तन सम्बन्धी अध्ययन

- राष्ट्रिय महिला आयोगको वार्षिक स्वीकृत कार्यक्रममा बालबालिका विवाह, प्रजन्न, अध्ययन अनुसन्धान र सिफारिस विषयको अध्ययन रहेको तर कार्य हुन नसकेको।
- महिला, बालबालिका र किशोरीहरूका लागि तीनै तहका सरकारहरूका नीति योजना तथा कार्यक्रमहरूको प्रभावकारिता अध्ययन तथा विश्लेषण
- स्थानीय सरकारको निर्णय महिला उपप्रमुखको प्रभावः सहभागिता र चुनौतीहरू सम्बन्धी अध्ययन
- वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, चुनौती र जोखिम पक्षसम्बन्धी अनुसन्धान
- महिला हिंसा सम्बन्धमा राष्ट्रिय महिला आयोगको सेवा प्रवाह सम्बन्धमा गरिएको अध्ययन
- जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था, त्यसका कारण र असरबारे अध्ययन
- सबै सङ्घीय मन्त्रालयहरूको लैङ्गिक उत्तरदायी बजेटको कार्यन्वयनको अवस्थाको अध्ययन
- सार्वजनिक र निजी संस्थाहरूमा व्यवस्थापकीय पदहरूमा कार्यरत महिलाहरूको निर्णय प्रकृया प्रभावःअवस्था, अवसर र चुनौतीको विषयमा अध्ययन
- बालिका विवाह सम्बन्धी संवैधानिक, कानुनी, नीतिगत र कार्यविधिगत विश्लेषण तथा वर्तमान अवस्थाको अध्ययन
- नेपालको संविधानको धारा ३८ मा व्यवस्था भएका महिला सम्बन्धित अधिकारसँग प्रत्यक्ष सरोकार भएका कानुनहरूको संविधानका व्यवस्था अनुकुलताको अध्ययन

**आ.व २०८२/८३मा गरिएको अध्ययन**

- महिलाहरूले विशेष गरी बेतलबी घरेलु हेरचाह तथा स्याहार सुसार कामकाजको आर्थिक मापन सम्बन्धी अध्ययन
- हिंसा पीडित महिलाहरूका लागि राष्ट्रिय महिला आयोगबाट प्रदान गरिएको कानुनी सहायताको प्रभावकारिता अध्ययन

## २.९.२. अन्तरक्रिया छलफल

महिला अधिकार हनन हुन सक्ने संभावित जोखिमका क्षेत्रहरूमा नीतिगत बहस र पैरवी गर्ने उद्देश्यले सरोकारवालाहरू संग अन्तर्क्रिया र छलफल गर्ने  गरिएको छ । संघ,प्रदेश र स्थानीय तहसम्मका सरोकारवालाहरू संग गरिने अन्तरक्रिया र छलफलबाट नीतिगत सिफारिसको लागि पृष्ठभूमि पनि प्राप्त हुन्छ र सरोकारवालाहरूलाई आयोगको भूमिकाको बारेमा पनि जानकारी हुन्छ।यसबाट दुरदराजसम्मका महिलाका वास्तविक अनुभवहरूलाई राज्यका नीति.कानुन र कार्यगत व्यवस्थाहरूमा साक्षत्कार गर्न सहज हुन्छ ।

## २.९.३. सन्देशमूलक सामग्री उत्पादन र प्रशारण

महिला अधिकारका सवालमा भएका मौजुदा व्यवस्थाको जानकारी र महिला अधिकार तथा लैङ्गिक समानताका लागि प्रतिवद्ध समाजको निर्माणका लागि सचेतना गर्ने उद्देश्यले सूचना तथा सन्देशमूलक

सामग्रीहरू आयोगबाट आफै प्रकाशन र वितरण गर्ने गरिएको छ ।कतिपय सन्देशमूलक सामग्रीहरू रेडियो तथा टेलिभिजनका र अन्य सञ्चारमाध्यमहरू संगको सहकार्यमा उत्पादन, प्रकाशन र वितरण गर्ने गरिएको छ ।

## २.९.४ अनुगमन

महिला अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था,सार्वजनिक निकाय,नागरिक समाज एवं अभियन्ताहरूका प्रयासहरूको प्रभावकारिताको सन्दर्भमा अनुगमन गरी सेवा र प्रभावकारिताको लागि सिफारिस गर्ने गरिएको छ ।अनुगमनको क्रममा लैङ्गिक हिंसाका घटनाहरू भएको स्थान वा क्षेत्रमा समेत पीडितलाई सहज न्यायको पहुँचमा पुर्याउन पहल समेत गरिएको छ ।अनुगमनको प्रकृति नियमित र आकस्मिक पनि हुने गरेको छ ।

## २.९.५. उजुरी व्यवस्थापन तथा सेवा प्रवाह

लैङ्गिक हिंसाबाट पीडित महिलालाई न्यायको पहुँचमा पुर्याउन आवश्यक सेवा प्रवाहका लागि आयोगका उजुरी तथा मुद्दा व्यवस्थापन शाखाको व्यवस्था छ र यसै शाखा अन्तर्गत निशुल्क हेल्पलाइन खबर गरौ,११४५ को पनि व्यवस्था भएको छ।पीडितलाई घटनाको आधारमा सुरक्षित आश्रयस्थल,मनोसामाजिक विमर्श,कानुनी सहायता तथा कानुनी परामर्श र सिफारिस सम्बन्धी सेवाहरू प्रवाह गर्ने प्रवन्ध आयोगबाट गरिएको छ।

# परिच्छेद ३

# नेपालमा महिला अधिकारको नीतिगत व्यवस्था

## ३.१ पृष्ठभूमि

कानुनी दस्तावेजका आधारमा विश्व परिवेशको तुलनामा नेपालमा महिला अधिकारका विषयले धेरै पछि मात्र प्राथमिकता पाउन थालेको देखिन्छ। शताब्दियौंसम्म नेपालको राज्यव्यवस्था धर्मशास्त्र, परम्परा, रीतिरिवाज र राजाज्ञाद्वारा चलेकोले तत्कालीन समाजमा महिलाका अधिकार, परिवारका पुरुष सदस्यले प्रदान गर्ने अधिकारहरूमा मात्र सीमित थिए। पितृसत्तात्मक सामाजिक व्यवस्थाका कारण महिला पुरुषका अधिनस्थ रहन्थे। महिलाका आर्थिक सामाजिक, राजनैतिक, अधिकारका विषयमा ऐतिहासिक लिखतहरूमा उल्लेख भएको पाइँदैन। सर्वप्रथम लिखित रूपमा आएको मुलुकी ऐन १९१० मा महिलाका हक अधिकारका विषयमा उल्लेख गरिएको थिएन। भोजपुरको मजुवा बेसीमा वि.स. १९९८मा योगमाया न्यौपानेले तत्कालीन समाजमा व्याप्त बालबिवाह, अनमेल विवाह, जातीय विभेद, छुवाछुत र भ्रष्टाचारको विरोधमा आवाज उठाएको देखिन्छ। यो नै नेपालमा महिला अधिकारका लागि विद्रोहको सूत्रपात हो। उनले आफ्ना अनुयायीहरू सहित अरुण नदीमा आत्मदाह गरी तत्कालीन शासन व्यवस्थाको विरोध गरेकी थिइन। यस अर्थमा नेपालको सन्दर्भमा महिला अधिकारका लागि आवाज उठाउने पहिलो महिला, योगमायालाई मान्न सकिन्छ। राणा शासनको अन्त्यतिर ल्याइएको अन्तरिम शासन विधान २००४मा महिला हितमा केही विषयमा उल्लेख गरिएको थियो। जसमा छोरी चेलीलाई शिक्षाको व्यवस्था गरिने कुरा उल्लेख गरिएको थियो। त्यसपछिको २००८ सालको अन्तरिम शासन विधानमा महिला पुरुषका बिचमा समान ज्यालाको कुरा उल्लेख थियो। नेपाल अधिराज्यको संविधान २०१५मा कानुनको नजरमा सबै समान रहने, महिला र पुरुष मताधिकार र सार्वजनिक पदमा समान अवसरका व्यवस्थाहरू रहेका थिए । पञ्चायती व्यवस्थाको संविधानको रूपमा रहेको नेपाल अधिराज्यको संविधान २०१९मा लिङ्गको आधारमा भेदभाव नगरिने, महिलालाई राजनैतिक सहभागिता गराउने कुराको सुनिश्चितता थियो । त्यसपछिको नेपाल अधिराज्यको संविधान २०४७ तथा अन्तरिम संविधान २०६३ मा लिङ्गको आधारमा कुनैपनि भेदभाव गर्न नहुने र महिला सशक्तीकरणका लागि सकारात्मक विभेदको व्यवस्था गर्न सकिने व्यवस्था सुनिश्चित गरिएको थियो। संविधानसभाद्वारा निर्मित नेपालको संविधान, २०७२ महिला अधिकारको सम्बन्धमा धेरै प्रगतिशील देखिन्छ।यस संविधानले महिलालाई  समान वंशीय अधिकार र पैतृक सम्पत्तिमा छोरा र छोरी दुवैको समान हक कायम गरेको छ ।

## ३.२ नेपालको संविधानका विभिन्न भाग तथा धाराहरूमा महिलाको हक अधिकार सम्बन्धमा भएका व्यवस्थाहरू:

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | — | — | लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने |
| २ नागरिकता | १०. नागरिकताबाट वञ्चित नगरिने | (१) | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन । |
| | ११. नेपालको नागरिक ठहर्ने | (२)(ख) | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति । |
| | | (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । |
| | | (५) | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानुन बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ। |
| | | (६) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ । |
| | | (७) | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर, नागरिकता प्राप्त गर्दाका बखत निजका |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| | | | आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ । |
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता | | यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ । |
| भाग-३ मौलिक हक र कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक | (१) | प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ |
| | १७. स्वतन्त्रताको हक | (१) | कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । |
| | १८. समानताको हक | (१) | सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन |
| | | (२) | सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । |
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सकिनेछ । |
| | | (४) | समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । |
| | | (५) | पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ । |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
| --- | --- | --- | --- |
| | २१. अपराध पीडितको हक | (१) | अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ। |
| | | (२) | अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ। |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ। |
| | २९. शोषण विरुद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। |
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। |
| | | (४) | कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। |
| | | (५) | उपधारा (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुन बमोजिम हुनेछ । |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ। |
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ। |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| | | (३) | महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। |
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । |
| | ४२. सामाजिक न्यायको हक | (१) | आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । |
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । |
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br>(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्यांकन गर्ने, |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| | | | (५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,<br>(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूका ा पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,<br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने । |
| भाग — ६ राष्ट्रपति र उपराष्ट्रपति | ७०.राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने। | | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । |
| भाग — ८ सङ्घीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | (२) र (८) | (२)समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।<br>(८) सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) (क) र (ख) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला |
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | (२) | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्य एक जना महिला हुने गरी गर्नु पर्नेछ । |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्य एक जना महिला हुने गरी गर्नु पर्नेछ । |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| भाग—१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्य एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ । |
| भाग—१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्यबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन् । |
| | २१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था | (४) | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्यबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुने छन्। |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | (३) | जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ |
| भाग-१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | (३) | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| | २२३. नगर सभाको गठन | (३) | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |
| भाग-२७ अन्य आयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | (१) | नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ। जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । |
| | २५३. राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार | (१) | क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>ख) महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी वा सम्झौता अन्तर्गतको दायित्व कार्यन्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यन्वयनको उपाय सहित नेपाल सरकार लाई सुझाव दिने ।<br>ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सवै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्यांकन गर्ने । त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,<br>घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,<br>ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| | | | बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने । |
| भाग-२८ राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था | २६७ नेपाली सेना सम्बन्धी व्यवस्था | (३) | नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा सङ्घीय कानुन बमोजिम सुनिश्चित गरिनेछ । |
| भाग-२९ राजनीतिक दल सम्बन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४(ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ । |
| भाग-३२ विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | (६) | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ । |
| | २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने | (१) | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । |
| | २८५. सरकारी सेवाको गठन | (२) | सङ्घीय निजामती सेवा लगायत सवै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुन बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ । |

## ३.३ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| १ | २०१३ (१९५६ ई.) | महिला प्रशिक्षण केन्द्रको स्थापना |
| २ | २०२९ (१९७२ ई.) | महिला शिक्षा परियोजना लागु तथा सञ्चालन गर्न शिक्षा तथा समाज कल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा |
| ३ | २०३० (१९७३ ई.) | तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमिति अन्तर्गत महिला सीप विकास परियोजना सञ्चालन |
| ४ | २०३२ (१९७५ ई.) | आमा मिलन केन्द्रको स्थापना |
| ५ | २०३३ (१९७६ ई.) | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धी १९५१ (नं. |

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| | | १००) लाई नेपाल सरकारबाट अनुमोदन (अनुमोदन मिति ः ६ अक्टोवर १९७६) |
| ६ | ६ अक्टोबर १९७६ २०३४ (१९७७ ई.) | तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत नारी सेवा समन्वय समिति गठन |
| ७ | २०३६ (१९७९ ई.) | नेपालमा महिलाहरूको मर्यादास्तर (Status of Women in Nepal)अध्ययन |
| ८ | २०३७ (१९८० ई.) | छैटौं पञ्चवर्षीय योजना (२०३७-४२) मा पहिलोपल्ट विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति समावेश |
| ९ | २०३८ (१९८१ ई.) | तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा स्थापना |
| १० | २०३८ (१९८१ ई.) | साना किसान विकास कार्यक्रमअन्तर्गत महिला कार्यक्रम सञ्चालन |
| ११ | आ.व. २०३९/४० (१९८२/८३ ई.) | महिला विकास कार्यक्रम प्रारम्भ |
| १२ | २०४२ (१९८५ ई.) | तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा |
| १३ | २०४४ (१९८७ ई.) | श्रम मन्त्रालयमा महिला महाशाखा स्थापना |
| १४ | २०४७ (१९९० ई.) | महिला विकास शाखाको महाशाखामा स्तरोन्नति |
| १५ | २०४८ (१९९१ ई.) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी १९७९ लाई नेपाल सरकारबाट अनुमोदन |
| १६ | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना |
| १७ | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | आठौं पञ्चवर्षीय योजना (२०४९/५४) मा लैङ्गिक मूल प्रवाहीकरणको नीति अवलम्बन |
| १८ | २०५० (१९९३ ई.) | जल तथा शक्ति आयोगको सचिवालयमा महिला एकाइ स्थापना |
| १९ | २०५० (१९९३ ई.) | राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा स्थापना |
| २० | २०५२ (१९९५ ई.) | महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना |
| २१ | २०५२ (१९९५ ई.) | महिला सीप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सीप विकास परियोजनालाई समिति अन्तर्गत सीप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था |

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| २२ | २०५२/६/६ | नेपाल प्रहरीमा महिला एकाइ स्थापना (प्रहरी प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूबाट प्रारम्भ) |
| २३ | २०५४ (१९९७ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| २४ | २०५५ (१९९८ ई.) | स्थानीय स्वायत्त शासन ऐन जारी ः (क) गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान (ख) गाउँ परिषदमा एकजना, जिल्ला परिषदमा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्य पनि महिला प्रतिनिधित्वको सुनिश्चितता (ग) गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक—एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त |
| २५ | २०५६ (१९९९ ई.) | महिला जागृति तथा आय आर्जन कार्यक्रम लागु |
| २६ | २०५६ (१९९९ ई.) | महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालय अन्तर्गत राख्ने व्यवस्था |
| २७ | २०५७ (२००० ई.) | महिला तथा समाज कल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामकरण (निर्णय मिति ः २०५७।३।२६) |
| २८ | २०५७ (२००० ई.) | महिला विकास महाशाखा महिला विकास विभागमा परिणत (निर्णय मितिः २०५७।३।२६) |
| २९ | २०५८ (२००१ ई.) | राष्ट्रिय महिला आयोगको गठन |
| ३० | २०५८ (२००१ ई.) | राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण |
| ३१ | २०५८ (२००१ ई.) | नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामकरण ( डिसेम्बर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति, हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार) |
| ३२ | २०५९ (२००२ ई.) | विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-विन्दू (Gender Focul Person) तोक्ने व्यवस्था |
| ३३ | २०६० (२००३ ई.) | नेपाल सरकारबाट महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी कार्यन्वयनका लागि तयार गरिएका राष्ट्रिय |

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| | | कार्ययोजनाको स्वीकृति (निर्णय मितिः २०६०।९।१७) |
| ३४ | २०६० (२००३ ई.) | जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत (निर्णय मितिः २०६०।१२।२६) |
| ३५ | २०६० (२००३ ई.) | नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाइ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (Focul Agency) तोक्ने निर्णय (निर्णय मितिः२०६०।४।५) |
| ३६ | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| ३७ | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूल प्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृतिः स्थानीय स्तरमा पनि लैङ्गिक सम्पर्क—विन्दूहरू तोक्नुपर्ने व्यवस्था |
| ३८ | २०६१ (२००४ ई.) | सम्पत्तिमा महिलाको स्वामित्व वृद्धिगर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति (आ.व. २०६१/६२ को बजेट बक्तव्य) |
| ३९ | २०६४ (२००७ ई.) | लैङ्गिक—उत्तरदायी बजेट (Gender Responsive Budget)को प्रारम्भिक शुरुवात (आ.ब.२०६३ को बजेट) |
| ४० | २०६२ (२००५ ई.) | वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धी २००२ लाई नेपालको अनुमोदन (अनुमोदन मिति ःः ३१ अक्टोवर २००६) |
| ४५ | २०६२ (२००५ ई.) | महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था |
| ४६ | २०६२ (२००६ ई.) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धीको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन (अनुमोदन मिति ःः १८ डिसेम्बर २००६) |
| ४७ | २०६३ (२००६ ई.) | प्रतिनिधि सभाको घोषणा जारीः राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प |
| ४८ | २०६३ (२००६ ई.) | नेपालको अन्तरिम संविधान जारीः महिलाका मौलिक हकको प्रत्याभूति |

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| ४९ | २०६३ (२००६ ई.) | गाविस अनुदानको न्यूनतम ५ प्रतिशत विपन्न वर्गका महिलालाई प्रत्यक्षतः फाइदा पुग्ने आयोजनाहरूका लागि छुट्याउनु पर्ने व्यवस्था |
| ५० | २०६३ (२००६ ई.) | नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा |
| ५१ | २०६३ (२००६ ई.) | लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी |
| ५२ | २०६३ (२००७ ई.) | राष्ट्रिय महिला आयोग ऐन जारी (प्रमाणीकरण मिति २०६३/९/३०) |
| ५३ | २०६४ (२००७ ई.) | मानव बेचबिखन तथा ओसार—पसार (नियन्त्रण) ऐन जारी |
| ५४ | २०६४ (२००७ ई.) | निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधन ः (क) निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्य ४५ प्रतिशत छुट्ट्याएर छुट्ट्याइएको ४५ प्रतिशतलाई शत प्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पदपूर्ति गर्ने प्रावधान (ख) महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाइ एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान (प्रमाणीकरण मिति २०६४/४/८, लालमोहर र प्रकाशन मिति ः २०६४/४/२३) |
| ५५ | २०६५ (२००८ ई.) | नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू जारी ः स्थानीय स्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक—तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था |
| ५६ | २०६५ (२००८ ई.) | मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) नियमावली जारी |
| ५७ | २०६५ (२००८ ई.) | राष्ट्रिय महिला आयोग नियमावली जारी |
| ५८ | २०६६ (२००९ ई.) | स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति ः गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था |
| ५९ | २०६६ (२००९ ई.) | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ (प्रमाणीकरण मिति २०६६/१/१४) |
| ६० | २०६७ (२०१० ई.) | महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र |

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| | | जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामकरण (निर्णय मितिः २०६७।६।१२) |
| ६१ | २०६७ (२०१० ई.) | घरेलु हिंसा (कसूर र सजाय) नियमावली जारी |
| ६२ | २०६७ (२०१० ई.) | त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य |
| ६३ | २०६७/६/१२ २०६७ (२०११ ई.) | नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यन्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ - २०७१/७२) को स्वीकृति |
| ६४ | २०६७/६/१२ २०६७ (२०११ ई.) | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ जारी |
| ६५ | २०६८ | पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६६ | २०६८ | पुनःस्थापना कोष सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६७ | २०६८ | मानव बेचविखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८ जारी |
| ६८ | २०७० | एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० जारी |
| ६९ | २०७१ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ जारी |
| ७० | २०७१ | कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार (निवारण) ऐन, २०७१ जारी (प्रमाणिकरण मितिः २०७१।८।५) |
| ७१ | २०७१ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यन्वयन योजना, २०७१ |
| ७२ | २०७२ | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ जारी |
| ७३ | २०७२ | बोक्सी आरोप (कसूर र सजाय) ऐन, २०७२ जारी (प्रमाणीकरण मिति २०७२/६/१८) |
| ७४ | २०७२ | बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ |
| ७५ | २०७३ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड (संशोधन), २०७३ |
| ७६ | २०७४ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ |

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| ७७ | २०७४ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ |
| ७८ | २०७४ | कार्यस्थलमा हुने यौन दुव्र्यवहार आचारसंहिता, २०७४ |
| ७९ | २०७४ | मुलुकी देवानी (संहिता) ऐन, २०७४ |
| ८० | २०७४ | मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ |
| ८१ | २०७५ | महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुष) सहभागिता रणनीति, २०७५ |
| ८२ | २०७५ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५ |
| ८३ | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| ८४ | २०७७ | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ |
| ८५ | २०७७ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ |
| ८६ | २०७७ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ (नेपाल सरकारबाट २०७७/१०/०५ मा स्वीकृत) |
| ८७ | २०७७ | नेपाल लैङ्गिक तथा समावेशी नीति, २०७७ (निर्वाचन आयोग) |
| ८८ | २०७८ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ (मिति २०७८/०३/२१ गतेको नेपाल राजपत्रमा प्रकाशित) |

## ३.४ महिला हकअधिकार कार्यन्वयनका संस्थागत व्यवस्था

संविधान कानुन नियमले सुनिश्चित गरिएका महिलाका हक अधिकारहरूको कार्यन्वयन गर्ने निम्नानुसारका संस्थागत व्यवस्थाहरू रहेका छन ।

- राष्ट्रिय महिला आयोग
- हरेक अदालतमा वैतनिक वकिलको व्यबस्था
- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क विन्दू
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानुनी सहायता समिति
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति
- ७५३ स्थानीय तहमा महिला विकास एकाई/ शाखा
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान व्यूरो

- बार एसोसियनबाट निःशुल्क कानुनी सहायता
- हिंसा पीडितहरूको सेवाका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाहरूका लागि पुनःस्थापना केन्द्र
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाहरूका लागि सेवा केन्द्र

## ३.५ विश्व परिप्रेक्ष्यमा महिला अधिकारको विकासक्रम

महिला अधिकारका सम्वन्धमा विश्वमा सन् १८४८ को अमेरिकाको सेनेका फल्समा (Seneca Falls) भएको सम्मेलनलाई लिन सकिन्छ। उक्त सम्मेलनम मुख्य एजेन्डा महिलाको मताधिकार भएतापनि महिलाको सामाजिक, साँस्कृतिक र नागरिक अधिकारका लागि समेत आवाज उठाइएको थियो। यस सम्मेलनलाई Seneca Falls Declaration of sentiments उल्लेख गर्दै Men and Women are created equal and they have certain inalienable rights, life liberty and pursuit of happiness भनिएको थियो। तत्पश्चात प्रथम विश्वयुद्ध समाप्ति पछि स्थापित अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को संविधानले महिला श्रमिकको समान ज्याला स्वास्थ्य बीमा कामको समय राती महिलालाई काममा लगाउन वंदेज र असुरक्षित काम महिलालाई लगाउन नपाउने व्यवस्था गरेको पाइन्छ। दोश्रो विश्वयुद्धको समाप्ति पछि मानव अधिकार, विश्व शान्ति र विकासलाई, विश्व समुदायले मुख्य उद्देश्य राखी संयुक्त राष्ट्रसंघको स्थापना सन् १९४५ मा गरियो। संयुक्त राष्ट्र संघको स्थापनाले महिला अधिकारका सम्वन्धमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। संयुक्त राष्ट्र संघको charter र मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ ले जीवन, स्वतन्त्रता, मर्यादा. समानता हरेक मानवको अन्तरनिहित अधिकारको रूपमा परिभाषित गर्दै लिङ्गको आधारमा मानव जीवनको कुनै पनि क्षेत्रमा भेदभाव गर्न नहुने कुरा उल्लेख छ। संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोग अन्तर्गतको Commission on the Status of Women (CSW) ले महिला अधिकार र समानताका लागि महिलाको राजनैतिक अधिकार, महिलाको राष्ट्रियता सम्बन्धी अधिकार लगायत विभिन्न महान्धीहरू निर्माण गरेको थियो। त्यसैगरी CSW ले महिला सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनहरूको (पहिलो मेक्सिको, दोश्रो कोपनहेगन, तेश्रो नैरोवी र चौथो वेइजिङ्ग) आयोजना गरेर महिला सशक्तीकरणका लागि महिला मानव अधिकारको सुनिश्चितता गरिएको थियो। तत्पश्चात संयुक्त राष्ट्र संघको तत्त्वावधानमा भएका मानव अधिकार सम्बन्धी महासन्धिहरूमा Principle Bill of Women Rights को रूपमा रहेको महिला अधिकार लागि अत्यन्तै महत्वपूर्ण दस्तावेज, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन १९७९ (CEDAW) महासभाले अङ्गीकार गर्यो। यस महासन्धिको विषय (Subject) महिला र उद्देश्य (Objective) अविभेद (Non Discrimination) सारवान समानता (Sustative Equality) र राज्यको दायित्व (State Responsibility) रहेको र महिलाको समग्र विषयलाई सम्बोधन गरी त्यसको प्रभावकारी कार्यन्वयनमा राज्य जिम्मेवार हुनुपर्ने कुरा सुनिश्चित गरिएको छ । नेपालले CEDAW लाई सन् १९९१ को अप्रिल २२ मा अनुमोदन गरिसकेको छ।

## ३.६. चालु आवधिका योजना (१६औ पञ्चवर्षीय योजना) मा लैङ्गिक समानाताका सम्बन्धमा गरिएको व्यवस्था

नेपालमा हाल १६औ पञ्चवर्षीय योजना कार्यन्वयनमा रहेको छ। यस योजनाले व्यक्तिलाई आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने हक, नागरिक स्वतन्त्रता, मौलिक अधिकार तथा मानव अधिकार संरक्षण र संवर्द्धन गर्दै समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सवै तह र निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ। उल्लेखित सिद्धान्तका आधारमा प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्नै संघ प्रदेश र स्थानिय तह बीचको समन्वय र सहकार्यलाई सुदृढ बनाई वञ्चितिकरणमा परेका वर्ग र समुदायको सामाजिक आर्थिक राजनैतिक अवरोधलाई हटाउदै स्वास्थ्य, शिक्षा, आवास सीप विकास र रोजगारीका अवसर तथा श्रोत साधन माथि अग्रधिकार दिदै नागिरकहरूको सशक्तीकरण र सर्वाङ्गिण विकासमा परिचालन गर्नु प्रस्तुत योजनाको मुख्य प्राथमिकतामा पर्नेछ भनिएको छ।

### ३.६.१ मुख्य सवाल तथा चुनौती

१. कुरीति एंव कुप्रथाको अन्त्य
२. सबै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य
३. सिमान्तकृत वर्ग समुदायको आर्थिक सामाजिक एकीकरण
४. लक्षित वर्ग तथा समुदायका अर्थपूर्ण सहभागिताको सुनिश्चितता
५. महिलाको योगदानको सम्मान गर्ने सस्कृतिको विकास
६. खास क्षेत्र वर्ग र समुदायको लागि विशेष लक्षित कार्यक्रम
७. सामाजिक परिचालनमा तहगत एंव क्षेत्रगत समन्वय र सहकार्य अभिवृद्धि
८. लक्षित समूह केन्द्रित विषयमा उत्थानशीलता प्रवर्द्धन

### ३.६.२ रुपान्तरणकारी रणनीति

१. लैङ्गिक समानता एवं सशक्तीकरण सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकरण मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने
२. तहगत तथा क्षेत्रगत समन्वय सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने
३. लक्षित वर्ग समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने विशेष संरक्षण गर्ने
४. नविनतम अवधारणा एवं प्रतिधिको प्रयोग अभिवृद्धि गर्ने
५. तथ्य र प्रमाणमा आधारित निर्णय प्रणाली विकास गर्ने
६. उद्धार राहत पुनःस्थापना तथा सामाजिक एकीकरण प्रभावकारी वनाउने
७. न्याय प्रणालीमा सुधार गर्ने
८. सामाजिक परिचालन तथा संस्थागत सुशासन कायम गर्ने
९. सकारात्मक विभेदको नीति अवलम्वन गर्ने

### ३.६.३ प्रमुख कार्यक्रम

१. शासकीय प्रबन्ध तथा नीतिगत एवं कानुनी सूधार कार्यक्रम
२. अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा राष्ट्रिय कार्ययोजना कार्यान्वय कार्यक्रम
३. लक्षित वर्ग तथा समुदायको पहिचान तथा वर्गीकरणसम्बन्धी कार्यक्रम
४. अपागंतामैत्री जीवन सहजीकरण कार्यक्रम
५. लैगिंक समानता आर्थिक सशक्तीकरण र हिंसा न्यूनीकरण
६. बाल अधिकार संरक्षण तथा प्रवर्द्धन
७. लक्षित समुदाय विशेष सामाजिक विकास तथा एकीकरण
८. ज्येषठ नागरिक सुरक्षा र संरक्षण
९. तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन मूल्याङ्कन प्रणाली
१०. दलित सशक्तीकरण
११. सामाजिक जागरण तथा सचेतनामूलक अभियान
१२. लक्षित वर्ग तथा समुदायको आत्मनिर्भरता सम्बन्धी कार्यक्रम
१३. अपागंताभएका व्यक्ति जेष्ठ नागरिक बालबालिका लैङ्गिकमैत्री पूर्वाधार निर्माण तथा गुणस्तरीय सहायक सामग्री व्यवस्थापन
१४. सामाजिक तथा गैर सरकारी संस्था परिचालन तथा संस्थागत सुशासन र सुदृढीकरण
१५. खास जाति भाषा संस्कृतिको संरक्षण र उपयोग प्रवर्द्धन कार्यक्रम ।

### ३.६.४ परिमाणात्मक लक्ष्य

| क.स | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | लैङ्गिक विकास सूचकाङ्क | सूचाङ्क | ०.८८५ | ०.९६७ |
| २. | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचाङ्क | ०.४६ | ०.५९ |
| ३. | सामाजिक सशक्तीकरण सूचकाङ्क | सूचाङ्क | ०.५८ | ०.६५ |
| ४. | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २३.४ | २०.० |
| ५. | महिला प्रतिनिधीत्व सङ्घीय संसद<br>महिला प्रतिनिधित्व प्रदेश सभा<br>महिला प्रतिनिधित्व स्थानीय तह | प्रतिशत | ३३.६<br>३४.५<br>४०.९ | ४०<br>४५<br>४५ |
| ६. | सार्वजनिक सेवामा महिला प्रतिनिधित्व | प्रतिशत | २९.५ | ३५ |

| क्र.स | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ७. | घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला | प्रतिशत | २३.८ | ३५ |
| ८. | श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर | प्रतिशत | २६.३ | ३५ |
| ९. | सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता | प्रतिशत | १३.७ | २० |
| १०. | सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात | प्रतिशत | ४० | ५० |
| ११. | सामाजिक सुरक्षामा आवद्ध ज्येष्ठ नागरिक | प्रतिशत | ९० | १०० |
| १२. | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | संख्या | २२५ | ७५३ |
| १३. | मानव बेचबिखन पीडित प्रभावितहरूका लागि पुनःस्थापना केन्द्र सञ्चालन भएका जिल्ला | संख्या | १० | १५ |
| १४. | महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छतासहितको शौचालयको व्यवस्था भएका विद्यालय | प्रतिशत | - | ८० |
| १५. | पछिल्लो बाह्र महिनामा महिनावारीका कारणबाट विद्यालय कार्यस्थलमा अनुपस्थित भएका महिला | प्रतिशत | ९.४ | ४ |

# परिच्छेद ४:
# नेपालमा महिलाको अवस्था

## ४.१ पृष्ठभूमि

महिलाको अवस्थिति सुदृढ गर्न सरकार लगायत सरकारी तथा गैर सरकारी निकायका साथसाथै समुदाय स्तरबाट विभिन्न प्रयासहरू निरन्तर भइरहेका छन्। सामाजिक साँस्कृतिक रूपमा रहेका प्रथा, परम्परा, रीतिरिवाज, आर्थिक सहभागिता, भू-राजनीति लगायतका प्रभावका दृष्टिले समेत समाज पुरुष प्रधान चरित्रको रहेको देखिन्छ। सामाजिक, आर्थिक र सहभागिताका हिसाबमा पुरुषको व्यापकता रहँदा बालिका, किशोरी र महिलाहरूको प्रतिस्पर्धात्मक सक्षमता समाचारको विषय बन्ने तर सहभागिता, संरक्षण र सुरक्षाका दृष्टिले खास परिवर्तन र मूलप्रवाहीकरणमा सापेक्ष सुनिश्चितता नरहने देखिन्छ। महिला सक्षमता, सहभागिता र मूलप्रवाहीकरण महिलाको स्वतन्त्र प्रभावले सुनिश्चित हुने विषय पनि होइन बरू यो त सामाजिक संस्थाहरू, राज्य प्रणाली र बहुसरोकारका विषय हुनाले बहुसरोकार निकायहरूको प्रतिबद्धताबाट मात्र सम्भव हुने हुन्छ। राष्ट्रिय महिला आयोगले संविधान प्रदत्त बालिका, किशोरी र महिलाहरूको मौलिक हक अधिकारलाई सम्बोधन गर्न सबै सरोकारवाला निकायबीच नीतिगत, कानुनी, संस्था/संरचना, वित्तीय, कार्यगत क्षेत्रमा महिलाको पहुँचको अवस्थाको विश्लेषण, अध्ययन, अनुगमन र नियमनको माध्यमबाट सबल पक्षको संस्थागतीकरण र अन्तर एवं असमानताहरू उजागर गरी सम्बन्धित निकाय र तिनीहरूमा नीतिगत, कानुनी, संस्थागत वित्तीय र कार्यात्मक रूपान्तरणका लागि सिफारिस गर्ने मुख्य कार्य गरेको हुन्छ। जसबाट राज्यका प्रत्येक, क्षेत्र र आयामहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणमा भूमिका खेल्दै आएको देखिन्छ। उपलब्ध केही तथ्याङ्कका आधारमा नेपालमा महिलाको अवस्था देहायबोजिम रहेको देखिन्छ।

## ४.२ महिला सशक्तीकरणसम्बन्धी अवस्था:

तलको तालिकामा महिला सशक्तीकरणसँग सम्बन्धित केही  तथ्याङ्कहरू समावेश गरिएको छ:

| सि.नं. | सशक्तीकरणका विषयहरू | प्रतिशत |
|---|---|---|
| १ | महिला साक्षरता दर | ६९.४% |
| २ | सम्पत्तिमा स्वामित्व पुगेका महिलाको संख्या<br>(जग्गा माथि स्वामित्व राखे महिलाहरूको संख्या ११%) | २३.८% |
| ३ | रोजगारीमा सहभागी महिलाहरूको संख्या | ४०% |
| ४ | कमाएको खर्चमा आफ्नै र पुरुषसाथीसँग मिलेर निर्णय गर्ने र खर्च गरेका महिलाहरूको | ९३% |

| सि.नं. | सशक्तीकरणका विषयहरू | प्रतिशत |
|---|---|---|
| | संख्या | |
| ५ | श्रीमानको कमाइभन्दा बढी कमाइ गर्ने महिलाहरूको संख्या (बराबर भएका १८%) | ८% |
| ६ | बैंक खाता भएका महिलाहरूको संख्या | ४९% |
| ८ | इन्टरनेटको पहुँचमा भएका महिलाहरूको संख्या | दुई तिहाइ |
| ९ | स्मार्ट मोबाइल फोन बोक्ने महिलाहरूको अनुपात | ५:३ |

स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२

## ४.३ नेतृत्व तथा निर्णय तहमा महिला सहभागिता तथा समावेशीकरण सम्बन्धीः




तलको तालिकामा समावेशीकरणसँग सम्बन्धित केही सूचकहरू समावेश गरिएको छः

| सि.नं. | महिला सहभागिता तथा समावेशीकरणका विषयहरू | प्रतिशत |
|---|---|---|
| १ | संसदमा महिलाको सहभागिता | ३५% |
| २ | मन्त्रीपरिषद्मा महिलाको सहभागिता | ३५% |
| ३ | निजामती सेवामा महिलाको सहभागिता | २९% |
| ४ | राष्ट्रिय सभामा महिलाको प्रतिनिधित्व | ३७% |
| ५ | प्रतिनिधि सभामा महिलाको प्रतिनिधित्व | ३५% |
| ६ | प्रदेश सभामा महिलाको प्रतिनिधित्व | ३६% |
| ७ | स्थानीय तहमा महिलाको प्रतिनिधित्व | ४१% |
| ८ | विभिन्न अदालतका न्यायाधीश ** | ५३ जना |
| ९ | प्रमुख जिल्ला अधिकारी** | १० जना |

स्रोतः राष्ट्रिय किताबखानाको वार्षिक प्रतिवेदन २०८१/०८२ (** प्राथमिक तथ्याङ्क)

## ४.४ निजामती सेवा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा महिलाको प्रतिनिधित्वः

तलको तालिकामा राष्ट्रिय किताबखानाको वार्षिक प्रतिवेदनका आधारमा तथ्याङ्क र प्रवृत्ति समावेश गरिएको छः

| क्र सं | सेवा | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | प्रवृत्ति |
|---|---|---|---|---|---|---|---|
| १ | निजामती सेवा | २६.६०% | २७.५१% | २८.१५% | २८.८१% | २९.४४% |  |
| २ | नेपाल प्रहरी | १०.७२% | ११.१६% | ११.५९% | ११.८०% | १२.५१% |  |
| ३ | स प्र बल | ६.१०% | ९.०३% | ८.७७% | ९.७७% | १०.२६% |  |

स्रोतः राष्ट्रिय किताबखानाको वार्षिक प्रतिवेदन २०८१/०८२

उक्त तथ्याङ्क अनुसार निजामती सेवा तथा सुरक्षा सेवामा महिलाको उपस्थिति क्रमशः बढ्दै गएको देखिन्छ। यद्यपि, सामाजिक, साँस्कृतिक लगायत विभिन्नताले महिलाको उपस्थिति निजामती सेवामा अलि बढी (२९ प्रतिशत) छ भने नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा सामान्य प्रतिनिधित्व रहेको छ।


## ४.५ निजामती सेवामा महिला सहभागितासम्बन्धीः

तलको तालिकामा निजामती सेवामा महिलाको प्रतिनिधित्व सम्बन्धमा राष्ट्रिय किताबखानाको २०८१/०८२ को प्रतिवेदनका तथ्याङ्कका आधारमा केही विवरण विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छः

| क्रसं | सेवा | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | प्रवृत्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | ४७.५% | ४८.०% | ४८.४% | ४९.०% | ४९.६% | ४९.९% | ५०.४% | |
| २ | अन्य, विविध | ४३.४% | ४२.७% | ४२.५% | ४१.७% | ४१.१% | ४०.५% | ४०.३% | |
| ३ | संसद | १७.६% | १७.३% | १८.९% | १८.८% | २२.६% | २५.७% | २६.८% | |
| ४ | शिक्षा | १८.४% | १९.०% | २१.२% | २४.०% | २४.६% | २५.९% | २६.८% | |
| ५ | परराष्ट्र | २०.८% | २१.६% | २२.१% | २३.२% | २३.४% | २४.२% | २५.३% | |
| ६ | न्याय | १६.०% | १८.७% | १९.०% | २१.३% | २२.६% | २४.४% | २५.३% | |
| ७ | कृषि | १५.१% | १६.१% | १७.१% | १९.८% | २१.०% | २२.६% | २३.७% | |
| ८ | लेखापरीक्षण | १२.५% | १४.५% | १५.७% | १७.८% | १९.३% | १९.३% | १९.३% | |
| ९ | प्रशासन | १३.१% | १५.६% | १६.१% | १६.९% | १७.६% | १८.३% | १८.९% | |
| १० | तथ्याङ्क | १२.८% | १२.४% | १२.७% | १३.९% | १४.२% | १६.१% | १६.४% | |
| ११ | इन्जिनियरिङ | १०.३% | ११.५% | १४.६% | १५.४% | १५.८% | १६.२% | १६.४% | |
| १२ | वन | १०.९% | ११.४% | ११.८% | १२.५% | १२.९% | १३.७% | १५.८% | |
| १३ | पदाधिकारी (सं) | ५.१% | ६.४% | ७.५% | ७.६% | ७.९% | ८.४% | ९.०% | |
| | जम्मा | २४.९% | २६.०% | २६.६% | २७.५% | २८.२% | २८.८% | २९.४% | |

स्रोतः राष्ट्रिय किताबखानाको वार्षिक प्रतिवेदन २०८१/०८२

निजामती सेवामा निर्णय तहको स्तरबमोजिम महिला प्रतिनिधित्व देहायबमोजिम देखिन्छ।




निजामती सेवामा सहायक स्तर भूमिकामा महिलाको सहभागिता उच्च रहेको देखिन्छ भने निर्णय तहमा अझै पनि निकै ठूलो खाडल रहेको देखिन्छ।

## ४.६ दिगो विकास लक्ष्य सूचकमा नेपालको अवस्थाः


दिगो विकास लक्ष्यका केही महिला सम्बन्धित सूचकहरूमा नेपालको अवस्था देहाय बमोजिम रहेको देखिन्छ।

| सूचक नं | सूचक | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| ३.१.१ | मातृ मृत्युदर अनुपात (प्रति १००,००० जीवित जन्ममा) | १७४.४१ | - | - |
| ३.१.२ | दक्ष स्वास्थ्यकर्मीहरूद्वारा उपस्थित जन्महरूको अनुपात (%) | ८०.१ | - | - |
| ३.४.१ | मुटु रोग, क्यान्सर, मधुमेह वा दीर्घकालीन श्वासप्रश्वास रोगको कारणले हुने मृत्युदर (सम्भावना) | १९.३ | २३.९ | २१.५ |
| ३.७.१ | आधुनिक विधिहरूबाट परिवार नियोजनको आवश्यकता पूरा गर्ने प्रजनन उमेर (१५-४९ वर्ष)का महिलाहरूको अनुपात प्रतिशत | ६१.९ | - | - |
| ३.७.२ | किशोरावस्थामा जन्मदर (१५-१९ वर्ष उमेर समूहका प्रति १,००० महिला) | ७१.२२ | - | - |
| ४.ग.१ | कुनै पनि देशमा सम्बन्धित स्तरमा शिक्षणको लागि आवश्यक पर्ने न्यूनतम सेवापूर्व वा सेवाकालमा संगठित शिक्षक तालिम (जस्तै शैक्षिक तालिम) प्राप्त गरेका शिक्षकहरूको अनुपात | ९२.७५ | ९०.०७ | ९०.५९ |
| ५.२.१ | उमेर अनुसार, अघिल्लो १२ महिनामा पार्टनरबाट शारीरिक र/वा यौन हिंसाको शिकार भएका महिला र केटीहरूको अनुपात (%) | ११.४ | - | - |
| ५.३.१ | १५ वर्ष उमेर नपुग्दै विवाहित वा मिलनमा रहेका २०-२४ वर्ष उमेरका महिलाहरूको अनुपात (%) | ५.८ | - | - |
| ५.३.१ | १८ वर्ष भन्दा पहिले विवाहित वा मिलनमा रहेका २०-२४ वर्ष उमेरका महिलाहरूको अनुपात (%) | ३४.९ | - | - |
| ५.५.१ | स्थानीय सरकारमा निर्वाचित सिटमा महिलाको अनुपात | ४१.२९ | - | - |
| ५.५.१ | राष्ट्रिय सभामा महिलाको अनुपात(%) | ३३.०९ | - | - |
| ५.५.२ | व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात (%) | १३.१७ | - | - |
| ५.६.१ | ५.६.१ यौन सम्बन्ध, गर्भनिरोधक प्रयोग र प्रजनन स्वास्थ्य सेवाको बारेमा आफैंले सूचित निर्णय लिने महिलाहरूको अनुपात (१५-४९ वर्ष उमेरका महिलाहरूको%) | ४७.६ | - | - |
| ८.५.२ | ८.५.२ लिङ्ग र उमेर अनुसार बेरोजगारी दर (%) | १२.०२ | ९.७९ | १०.६६ |
| ८.६.१ | ८.६.१ लिङ्ग र उमेरका आधारमा शिक्षा, रोजगारी वा तालिममा नभएका युवाहरूको अनुपात (%) | ४५.८२ | २१.१६ | ३४.७६ |
| ८.७.१ | ८.७.१ लिङ्ग र उमेर अनुसार आर्थिक गतिविधि र घरायसी काममा संलग्न बालबालिकाको अनुपात (%) | २३.१ | २०.३ | २१.७ |
| ८.१०. | ८.१०.२ वित्तीय संस्था वा मोबाइल-मनी-सेवा प्रदायकमा खाता भएका वयस्कहरू (१५ वर्ष र सोभन्दा माथिका) को लिङ्गको आधारमा अनुपात (१५ वर्ष र सोभन्दा माथिका वयस्कहरूको%) | ४९.९ | ५८.६१ | ५१.५९ |

स्रोत: https://data.unwomen.org/country/nepal

## ४.७ उजुरी तथा सेवा प्रवाहको प्रकृति र अवस्थाः

राष्ट्रिय महिला आयोगमा आ व २०८२/०८३मा प्राप्त भएका उजुरी, गुनासो लगायत समग्र सेवा प्रवाह निम्न छ।




राष्ट्रिय महिला आयोगमा आ व २०८२/०८३मा महिला हिंसा र घरेलु हिंसासम्बन्धी ४५७ वटा उजुरी परेको छ। आयोगमा परेका उजुरीहरू सम्बन्धमा अनुगमनजन्य उजुरी र टेलिफोन मार्फत आउने गुनासो दर अत्याधिक रहेको देखिन्छ।

## ४.८ लैङ्गिक हिंसा पीडित र प्रभावितका लागि सुरक्षित आश्रयस्थल व्यवस्था सम्बन्धीः

लैङ्गिक हिंसाका विभिन्न स्वरूप, प्रकृति र प्रवृत्ति मध्य आफ्नै परिवार, चिनजान र सम्बन्ध भित्रबाट हुने घटनाहरू पनि प्रशस्त मात्रामा रहेको पाइन्छ। यसरी पीडित र प्रभावित बालिका, किशोरी र महिलाहरू आफ्नै घर परिवारमा समेत थप असुरक्षित हुने गरेको देखिँदा पीडित तथा प्रभावितका लागि मनोसामाजिक सहयोग प्रदान गर्न, सामाजिकीरकणका प्रकृयामा सहयोग गर्न, क्षतिपूर्ति सहितको न्याय उपलब्ध गराउन, पुनः पीडित हुने अवस्थाबाट मुक्त गरी मनोसामाजिक सुरक्षा प्रदान गर्न सुरक्षित र मर्यादित आश्रयस्थल प्रभावकारी हुन जान्छन्। त्यस्ता पीडित तथा प्रभावितलाई सुरक्षित आश्रयस्थल व्यवस्थापन सरकारी निकाय तथा महिलामैत्री गैर सरकारी निकायको चासोको सन्दर्भ रहन जान्छ। नेपालको सन्दर्भमा पीडित प्रभावितहरूका लागि सामाजिकीकरणका प्रकृया मर्यादित र सुरक्षित बनाउन आवश्यक आश्रय स्थल सरकारी निकायबाट ज्यादै न्यून संख्यामा सञ्चालन भएको र धेरैजसो गैरसरकारी संघसंस्था र निजि तहबाट सञ्चालन गरिएका छन्।

### सुरक्षित आवास गृहहरूको पहुचँ र वितरण

सातवटै प्रदेशमा जम्मा २४२ वटा सुरक्षित आवास गृहहरू पहिचान गरिएका छन्। सबैभन्दा धेरै सुरक्षित आवासगृह बागमती प्रदेशमा २५.६% रहेका छन भने त्यसपछि क्रमशः लुम्बिनी प्रदेशमा २१.९%, कोशी

प्रदेशमा १७.८% र सुदूरपश्चिम प्रदेशमा १३.२% रहेका छन्। मधेश प्रदेशमा १०.३% सुरक्षित आवास गृहहरू रहेका छन भने गण्डकी प्रदेशमा ६.२% र कर्णाली प्रदेशमा तुलनात्मक रूपमा थोरै सङ्ख्या ५% मा सुरक्षित आवास गृहहरू रहेका छन्। अधिकांश सुरक्षित आवास गृहहरू ५५.४% नगरपालिकामा अवस्थित छन्। त्यसपछि महानगरपालिकाहरूमा २१.१% र उप-महानगरपालिकाहरूमा १७.४% रहेका छन्। गाउँपालिकाहरूमा भने ६.२% सुरक्षित आवास गृहहरू रहेका छन्।

**विद्यमान अवस्था तथा सुझावहरू:**

- ✓ तीनै तहका सरकारबीच आवास गृहसम्बन्धी जिम्मेवारी स्पष्ट र संस्थागत नहुँदा कार्यन्वयनमा असमानता देखिएकाले स्पष्ट संस्थागत सुशासन ढाँचा निर्माण गरी भूमिका निर्धारण गर्नुपर्छ।
- ✓ सङ्घीय सरकारले आवास गृह प्रत्यक्ष चलाउनुको सट्टा राष्ट्रिय नीति, कानुन, मापदण्ड र एकीकृत कार्यविधि (SOP) निर्माण गरी रणनीतिक नेतृत्व प्रदान गर्नुपर्छ।
- ✓ समुदायमा फर्कन नसक्ने पीडितका लागि विशेष पुनर्स्थापना केन्द्र स्थापना गर्नुका साथै स्थानीय सरकार सक्षम नहुँदासम्म सङ्घीय सरकारले चरणबद्ध रूपमा खर्च व्यहोर्नुपर्छ।
- ✓ प्रदेश सरकारले जिल्लास्तरका आवास गृह प्रत्यक्ष चलाउनुको साटो प्राविधिक सहयोग, क्षमता अभिवृद्धि, अनुगमन र जिल्लाहरूबीचको समन्वयको जिम्मेवारी लिनुपर्छ।
- ✓ स्थानीय सरकारले आवास गृहको दैनिक सञ्चालन, वित्तीय व्यवस्था, नियमन र स्थानीय सरोकारवालासँगको समन्वयको मुख्य जिम्मेवारी लिनुका साथै गैरसरकारी संस्थाहरूको निरन्तर अनुगमन गर्नुपर्छ।
- ✓ प्रत्येक पालिकामा छुट्टै आवास गृह बनाउन व्यावहारिक नभएमा छिमेकी स्थानीय निकायसँगको वित्तीय साझेदारीमा जिल्लास्तरमा साझा सुरक्षित आवास गृह सञ्चालन गर्नुपर्छ।
- ✓ सङ्घीय सरकारले नीति र रणनीतिक नेतृत्व, प्रदेश सरकारले पुनर्स्थापना र प्राविधिक सहयोग तथा स्थानीय सरकारले आवास गृहको सञ्चालन र दिगोपनको जिम्मेवारी लिनुपर्छ।

# परिच्छेद ५

# आ.व.०८२/०८३ मा सम्पन्न भएका प्रमुख कार्यक्रमहरू

## ५.१. हरितालिका तीज विषेश कार्यक्रमः

**कार्यक्रमको पृष्ठभूमीः**

हरितालिका तीज नेपाली महिलाहरूको महान पर्वको रूपमा लिईन्छ ।हरितालिका तीजको महत्व हाम्रो सनातन संस्कृतिमा ठूलो रहेको छ ।यो तीजको पर्व भाद्र महिना शुक्लपक्षको तृतीयाको दिन मनाइन्छ । हरितालिका तीजमा भगवान शिव, माता गौरी एवं गणेशजीको पूजा-आराधनाको महत्व रहेको छ ।यो व्रत निराहार एवं निर्जला भई तथा रात्रि जाग्राम गरि नाचगानको साथ गर्ने गरिन्छ । यो चाडमा माइतीले (बाबु आमा,दाजुभाइ) छोरी/चेली लाई घरमा गई लिएर आउने वा बोलाएर मीठा-मीठा परिकार खुवाउने तथा मनका भावना एवम् सुखदुख साटासाट गरी एउटै ठाउँमा खाने-बस्ने चलन रहेको छ। यस दिन विशेष महत्त्वकासाथ दर खाने गरिन्छ।राष्ट्रिय महिला आयोगले पनि केही अतिथीहरू तथा आयोगका पधाधिकारी एवं कर्मचारी माझ मनोरञ्जनात्मक र रचनात्मक कार्यक्रमहरू गरी सम्पन्न गर्न यो कार्यक्रम आयोजना गरेको हो।

**कार्यक्रमको उद्देश्यः**

- मनोरञ्जनात्मक कार्यक्रम गरी कार्यबोझबाट उत्पन्न तनाव व्यवस्थापन गर्नु ।
- धर्म,संस्कृति तथा परम्परालाई निरन्तरता दिनु ।
- कर्मचारीमाझ आपसी सद्भाव स्थापित गर्नु ।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसः**

- धर्म,संस्कृति तथा परम्परालाई निरन्तरता दिने सन्दर्भमा पनि समाजमा देखिएको तडकभडकलाई कम गर्न सरोकारहरूले पहल गर्नुपर्ने।

## ५.२. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानः

**कार्यक्रमको पृष्ठभूमीः**

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वव्यापी अभियान हो ।नेपालमा पनि नागरिक समाज,गैर सरकारी क्षेत्र,सञ्चार क्षेत्र र तीनै तहका सरकार लगायतका सरोकारवालाहरूले यस अभियानलाई विशेष महत्वका साथ सञ्चालन गर्ने गरेको देखिन्छ । देशभर सञ्चालन हुने अभियानलाई प्रभावकारीरूपमा सम्पन्न गराउने जिम्मेवारी महिला आयोगको पनि हो। अभियानको पहिलो दिन लैङ्गिक हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवसलाई गरिमामय बनाउदै अभियानलाई सार्थक बनाउन समेत सकारात्मक सन्देश प्रवाह गर्दै यो दिवस मनाउनु आफैमा सान्दर्भिक छ । राष्ट्रिय महिला आयोगले अभियानको नेतृत्व लिनु पर्ने जिम्मेवारी रहेको सन्दर्भमा एक विशेष शुभारम्भ कार्यक्रम सम्पन्न हुनु सान्दर्भिक र समय सापेक्ष विषय हो ।

**कार्यक्रमको उद्देश्यः**

- राष्ट्रिय महिला आयोगको स्वीकृत वार्षिक कार्यक्रमहरू अन्तर्गतको एक महत्वपूर्ण कार्यक्रम सम्पन्न गर्ने ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुभारम्भ गर्ने।
- अभियान सम्पन्न गर्न संलग्न हुनु पर्ने सबै सरोकारकाला पक्षको ध्यानाकर्षण गर्ने ।
- लैङ्गिक हिंसा नगर्न,हिंसा नसहन र हिंसाको प्रतिकार गर्न ऐक्यवद्धता र प्रतिवद्धता जुटाउने।
- सवै सरोकारवाला पक्षलाई अभियान सञ्चालन गर्न वाध्यकारी बनाउने।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

- हिंसा न्यूनीकरणमा व्यापक प्रचार प्रसार र न्यायको पहुँचमा पुऱ्याउन भएका कानुनी व्यवस्थाको संशोधन/ परिमार्जनका लागि आयोगबाट आवश्यक अध्ययन हुनु पर्दछ ।
- महिलाको मानसिक स्वस्थ्य सुरक्षा राज्यको मुख्य प्रथमिकतामा हुनु पर्दछ ।
- घरेलु हिंसा न्यूनीकरणमा सचेतनामूलक कार्यक्रम गर्नु पर्दछ ।
- राष्ट्रिय महिला आयोग देशव्यापी रूपमा अभियानका लागि जुट्न पर्दछ ।
- स्थानीय सरकारबाट वडा स्तरमा कार्यक्रमहरू सम्पन्न गर्नु पर्दछ ।
- विद्युतीय माध्यमको सुरक्षित र मर्यादित प्रयोग गर्नु पर्दछ ।

**कार्यक्रमको उपलब्धिः**

- लैङ्गिक हिंसा नगर्ने, नसहने र लैङ्गिक हिंसाको सदैव प्रतिकार्य गर्ने विषयमा ऐक्यवद्धता जनाई उपस्थित सवै अतिथि एवं सहभागीहरूले हस्ताक्षर सहित प्रतिवद्धता गर्नु भएको।
- महिला हिंसाका विविध सवाल र स्वरूपको वर्तमान अवस्था तथा हिंसा अन्त्यका लागि अवको कार्यदिशाका बारेमा छलफल भएको।
- महिला हिंसा अन्त्यका लागि आम सरोकारवालाहरूको अवको कार्यदिशा बारे आफ्नो धारणा व्यक्त भएको ।

## ५.३. यौन, प्रजनन् स्वास्थ्य तथा विवाहसम्बन्धी सरोकारवालाहरू सँगको अन्तरक्रिया कार्यक्रमः

**कार्यक्रमको पृष्ठभूमीः**

यौन तथा प्रजनन् स्वास्थ्य अधिकार महिलाको अभिन्न तथा बृहत अधिकार हो । नेपालको ग्रामीण भेगमा महिलाको प्रजनन् स्वास्थ्य अधिकार ओझेलमा परेको छ। महिलाको यौन प्रजनन् स्वास्थ्य र विवाह सम्बन्धी अधिकारको उपयुक्त प्रत्याभूतिमा धेरै बाधा र चुनौति रहेका छन्। बृहत सचेतना र पैरवी मार्फत मात्र महिलाको प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार प्रत्याभुति गर्न सकिन्छ। लुम्विनि प्रदेश पुथा उत्तरगंगा गाउँपालिकामा यस किसिमका सवालहरू देखिएकाले बृहत सचेतना गर्ने उद्देश्य सहित गाउँपालिकाका बहुपक्षिय सरोकारवाला माझ यो कार्यक्रम सञ्चालन गरिएको छ ।

**कार्यक्रमको उद्देश्यः**

- ग्रामीण समुदायमा महिलाको यौन, प्रजनन् स्वास्थ्य र विवाहको सवालमा सचेतना अभिबृद्धि गर्नु।
- पुथा उत्तरगंगा गाउँपालिकामा यौन प्रजनन् स्वास्थ्य र विवाहको सवालमा सचेतना अभिबृद्धि गर्नु ।
- नेपालको ग्रामीण भेगमा प्रजनन् स्वास्थ्य अधिकार व्यवस्थित गर्नका लागि आयोगले गर्नु पर्ने नीतिगत तथा कार्यगत सुझावहरू लागि आधार तयार गर्नु ।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

- प्रजनन् स्वास्थ्य अधिकार ऐन,२०७५ मा व्यवस्था भए बमोजिम महिला अधिकार प्रवर्द्धन गर्न तीन तह कै सरकार जिम्मेवारी हुन पर्दछ ।
- महिलाको पाठेघर सम्बन्धी समस्या उजागर गरी समाधान गर्न नियमित परिक्षणहरू गरि रहनु पर्दछ।
- विवाहको विषय व्यवस्थापन गर्न व्यापक प्रचार प्रसार र सचेतना अभिबृद्धि गर्न पर्दछ।
- प्रजनन् स्वास्थ्यको विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्नु पर्दछ ।
- यौन जन्य हिंसाका घटनाहरू न्यूनीकरण गर्नका लागि सचेतना र पैरवी गर्नु पर्दछ ।
- राष्ट्रिय महिला आयोगको समन्वय सञ्जाल स्थानीय तहसम्म पुऱ्याउनु पर्दछ।परिवार, यौन प्रजनन् स्वास्थ जस्ता विषयलाई लैङ्गिकता र परिवार संग समावेश गरी विद्यालयको पाठक्रममा बृहत रूपमा समावेश गर्नु पर्दछ ।

**कार्यक्रमको उपलब्धिः**

- नेपालको ग्रामीण समुदायमा प्रजनन् स्वास्थ्यको अवस्था तथा सुरक्षित एवं मर्यादित विवाहको माध्यमबाट महिलाको प्रजनन् स्वास्थ्यको अधिकार प्रवर्द्धनमा सरोकारवालाको भूमिका सम्वन्धि छलफल भएको।
- यौन प्रजनन् स्वास्थ्य तथा विवाहको सवालसंगै गाउँपालिकामा यस विषयलाई व्यवस्थित गर्न अवलम्वन गर्ने उपायहरूको जानकारी भएको

## ५.४. सङ्घीय मन्त्रालय तथा आयोगमा कार्यस्थल स्वच्छ,स्वस्थ्य र मर्यादित बनाउने सम्बन्धी अन्तरक्रियाः

**कार्यक्रमको पृष्ठभूमीः**

कार्यस्थलमा महिला कर्मचारीको सुरक्षा र अधिकार आयोगकै जिम्मेवारीमा पर्ने विषय हो। सङ्घीय निकायहरूमा कार्यस्थलको सुरक्षा प्रवर्द्धन गर्न जरुरी हुन्छ । सङ्घीय निकायहरूमा नै कार्यस्थल सुरक्षा हुन सकेन जिल्लाका सङ्घीय कार्यालयहरू, प्रदेश स्थानीय तह अन्तर्गतका कार्यालयहरूको साथै नीजि क्षेत्रमा समेत कार्यस्थल सुरक्षाको अपेक्षा गर्न सकिँदैन।त्यसैले सङ्घीय मन्त्रालय र आयोगहरूमा कार्यस्थल सुरक्षाको विषयमा अनुगमनको कार्य सम्पन्न भएको छ । अनुगमनको क्रममा देखा परेका विषयहरू लैङ्गिक

संवेदनशीलताको दृष्टिकोणबाट कार्यस्थल सुरक्षा प्रवर्द्धन गर्ने ध्येयका साथ यो अन्तर्क्रिया सम्पन्न भएको छ।

**कार्यक्रमको उद्देश्यः**

- सुरक्षित र मर्यादित कार्यस्थलको विषयमा सङ्घीय मन्त्रालय तथा आयोगका लैङ्गिक सम्पर्क बिन्दूहरू माझ अवधारणागत स्पष्टता गराउनु ।
- सुरक्षित र मर्यादित कार्यस्थलको सवालमा मौजुदा व्यवस्थाको समिक्षा गर्नु ।
- सुरक्षित र मर्यादित कार्यस्थलको सवालमा गरिएको अनुगमनको सन्दर्भबाट प्राप्त भएका तथ्यहरू बारे जानकारी गराउनु ।
- सुरक्षित र मर्यादित कार्यस्थलका लागि आचार संहिता, मापदण्ड र सुचकहरूका बारेमा विचार विमर्श गर्नु ।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

- सुरक्षित र मर्यादित कार्यस्थलका लागि मौजुदा नीतिगत व्यवस्थाहरूको पूर्ण पालना गर्नु पर्दछ ।
- अन्तर्राष्ट्रिय श्रम संगठनले अवलम्व गरेका मर्यादित कार्यस्थल सम्बन्धी सुचकहरूको प्रयोग गरि आचारसंहिता निर्माण र कार्यन्वयन गर्नुपर्दछ ।
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयोग्य भौतिक संरचना विकास गर्नुपर्दछ ।
- राष्ट्रिय महिला आयोगबाट कार्यस्थल सुरक्षाको नियमित अनुगमन गर्नु पर्दछ।
- नीजि क्षेत्र र सवै किसिमका संगठित संस्थाहरूमा कार्यस्थल सुरक्षाको अनुगमन गर्ने संयन्त्रहरू निर्माण गर्नु पर्दछ ।
- सबै सार्वजनिक निकाय र रोजगारदाता निकायमा भौतिक संरचनाहरू लैङ्गिक मैत्री बनाउने गरी मापदण्डहरू तय गर्नु पर्दछ। यस किसिमको व्यवस्थाको लागि राष्ट्रिय महिला आयोगबाट सिफारिस गरर्नु पर्दछ ।

**कार्यक्रमको उपलब्धिः**

- सुरक्षित र मर्यादित कार्यस्थलको मौजुदा अवस्थाको समीक्षा भएको।
- सुरक्षित र मर्यादित कार्यस्थलको सवालमा गर्नु पर्ने सुधारका लागि नीतिगत सुझावहरू प्राप्त भएको ।

## ५.५. योगमाया स्मृति दिवसः

नेपालमा लैङ्गिक समानता,जातिय विभेद र अन्य कुप्रथाहरूको अन्त्य गर्ने जस्ता सामाजिक परिवर्तनका विषयहरू उठान गर्ने सन्दर्भमा योगमायाको योगदान उच्च स्थानमा रहेको छ। स्व. योगमाया एक साहसिक महिला, विदुषी, तपस्वी एवं अभियन्ता समेत हुनुहुन्थ्यो। सती प्रथाको अन्त्य गर्न समेत योगमायाको योगदान अग्रस्थानमा रहेको छ। लगभग एक सताब्दी अघिको नेपाली समाजमा एक महिलाले यस किसिमको योगदान गर्नु सामान्य विषय होइन। यस विषयलाई महिलाको क्षेत्रमा कार्यरत संघ संस्था एवं

निकायलाई विशेष प्राथमिकतामा राखि स्व.योगमायाको योगदानको सम्मान गरिनु पर्दछ। राष्ट्रिय महिला आयोग महिला अधिकार प्रवर्द्धन गर्न स्थापित संवैधानिक निकाय रहेको हुदा स्व. योगमायाको योगदानको सम्मान स्वरूप योगमाया स्मृति दिवस विशेष समारोह सम्पन्न गरिएको छ ।

**कार्यक्रमको उद्देश्यः**

- आयोगको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिमको दिवसीय कार्यक्रम सम्पन्न गर्नु।
- लैङ्गिक समानता र सामाजिक रुपान्तरणका लागि स्व. योगमायाले गर्नु भएको योगदानको सम्मान गर्नु।
- योगमायाले तत्कालीन समयमा उठान गर्नु भएको विषयलाई सम्बोधन गर्दै महिला अधिकार, समानता र हानीकारक अभ्यासको अन्त्यका लागि कार्यक्रमका सहभागीहरूको ध्यानाकर्षण गर्नु।

**कार्यक्रमको उपलब्धिः**

- आयोगको स्वीकृत वार्षिक कार्यक्रमहरू मध्यको एक महत्वपूर्ण क्रियाकलाप सम्पन्न भएको।
- शताब्दी अगाडीको समयमा योगमायाले देशमा पुर्याउनु भएको योगदानको स्मरण र सम्मान भएको।
- योगमायाको योगदानलाई सम्मान गर्दै अबका दिनमा पनि महिला अधिकार र लैङ्गिक समानता प्रवर्द्धनका विषयमा मार्ग दर्शन भएको ।
- योगमायाको प्रयासदेखि हालसम्म नेपालमा महिला अधिकारको लागि भएका प्रयासहरूको समिक्षा गर्ने अवसर प्राप्त भएको ।

## ५.६. पदाधिकारी तथा कर्मचारी क्षमता अभिवृद्धि (क) तनाव व्यवस्थापन तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रमः

**कार्यन्वयनको चरणहरूः** पदाधिकारीहरूको लागि

(क) चारपाङ्गे सवारी साधन चालक अनुमतीपत्रको लागि सीप विकास तालिम

(ख) नेतृत्व सीप सम्बन्धी तालिम ।

**उजुरी तथा मुद्दा व्यवस्थापन सम्बन्धमाः-** कानुन अधिकृतहरूको लागि ४८ घण्टे मेलमिलाप तालिम ।

**विशेप गरी उजुरी तथा मुद्दा व्यवस्थापनलाई** लक्षित गरी तनाव व्यवस्थापन सम्बन्धी र स्व-हेरचाहमूलक सीप सम्बन्धी जानकारी लिने कार्यक्रम ।

**पृष्ठभूमिः-**

पदाधिकारी तथा कर्मचारीहररूका लागि माथि उल्लिखित कार्यक्रमबाट आयोगमा सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्न गई प्रभावकारिता एवं गुणस्तरमा वृद्धि गराउने उद्देश्यले हरेक वर्ष बजेटसहित कार्यक्रम राख्ने गरिएको ।सेवाको माग अनुसार उक्त कार्यक्रमलाई कार्यन्वयनमा ल्याउने गरिएको छ। विशेप गरी खबर गरौं ११४५ हेल्पलाईन सेवामा प्राप्त हुने जतिपनि उजुरी तथा मुद्दा आएका हुन्छन

तीनिहरूको संबोधन गरिरहदा कतिपय संबोधनकर्तालाई समेत त्यसको नकारात्मक प्रभाव पर्न गई तनाव, दिकदारी एवं ट्रमा हुन सक्छ। उक्त विषयलाई मध्यनजर गरी स्वः हेरचाह र तनाव व्यवस्थापन सम्बन्धमा विशेष सीप हासिल गर्ने उद्देश्यले क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको ।

**कार्यक्रमको उद्देश्यः**

क्षमता विकास सम्बन्धी कार्यक्रम विशेष गरी आयोगको उद्देश्य पूरा गर्नकै लागि राखिएको हुन्छ। कर्मचारीहरूको सेवा प्रवाह गर्ने मन, मुटु र हातहरूलाई उर्जावान बनाउन यस प्रकारको कार्यक्रमले विशेष योगदान गरेको हुन्छ। अन्य उद्देश्यहरू यस प्रकारका छनः-

- आवश्यकतानुसारको सीप र दक्षता अभिवृद्धि,
- लैङ्गिक हिंसाका घटनाहरूबाट प्रभावित नभइ वास्तविकताको पहिचान गर्न सहज हुने,
- लैङ्गिक हिंसाका घटनाहरूको संबोधन गर्न सहज बनाउने,
- स्वः हेरचाहबाट सेवा प्रदायकको तनाव थकान दिकदारी अन्त्य हुने,
- आयोगमा आएका उजुरी तथा मुद्दा व्यवस्थापन सम्बन्धमा मेलमिलाप सम्बन्धी सिप ज्ञानमा वृद्धि हुने,
- विज्ञहरूबाट तनाव व्यवस्थापन र स्ट्रेस व्यवस्थापनका विषयमा जानकारी प्राप्त भएको र यसबाट बच्ने उपायहरूको जानकारी भएको,
- सेवामा प्रभावकारिता र गुणस्तर वृद्धि हुने।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

विशेष गरी कार्यक्रमबाट प्राप्त सुझावहरूमा आयोगमा उजुरी तथा मुद्दाहरूको स्थिति अध्ययन गरिरहँदा घरेलु हिंसा, कुटपिट, दुर्व्यवहार, आर्थिक हिनामिनाका कारण भोग्नुपरेको आर्थिक गरिबी, नियन्त्रणमुखि व्यवहार लगायतका विषयहरूले सेवा प्रदान गर्ने व्यक्तिहरूमा समेत नकारात्मक असर पर्न जाने हुँदा निरन्तर रूपमा सकारात्मक सोच बढाउँने समय समयमा मन बहलाउँन घुमफिरका योजनाहरू राख्ने नीति नैतिक वाणीहरू गुरूहरूबाट सुनाउने सुझावहरू प्राप्त भएका थिए। अन्त्यमा सेवा प्रदायकहरूको मानसिक स्वास्थ्य सबलताका लागि संस्थाले नवीनत्तम कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

**प्रमुख उपलब्धिः**

४८ घण्टे मेलमिलाप सम्बन्धी तालिम लिइरहदा के कसरी घरेलु हिंसा, विभेद तथा दुर्व्यवहारका विषयहरूमा हुनसक्ने तवरले मेलमिलाप गराउने सम्बन्धमा मेलमिलापका तरिका र सर्वोत्तम हित कायम गरी दीर्घकालीन समाधानका उपायहरूको खोजी गर्ने सम्बन्धमा सिप ज्ञान हासिल भएको। महत्वपूर्ण पक्ष उजुरी तथा मुद्दा व्यवस्थापन सम्बन्धमा मुद्दा एवं उजुरीको अध्ययन विश्लेषण गरिरहदा आफूहरू प्रभावित नहुनका लागि विभिन्न सिप र प्रभावित भएपश्चात के कसरी नकारात्मक असरहरू कम गर्ने ? र के कति जनालाई परामर्श सेवा प्रदान गर्ने? तथा एकजनालाई परामर्श सेवा प्रदान वा पीडित प्रभावितको घटना कति समयसम्म सुन्ने भन्ने बारेमा विशेप उपलब्धि हासिल हुनु ।

## ५.७. जेल सजाय भोगिरहेका किशोरी महिलाहरूसँग सकारात्मक सोंच सम्बन्धी अन्तर्क्रियाः

**कार्यन्वयनको चरणः**

केन्द्रीय कारागार नुवाकोटमा कारागार सजाय भोगिरहेका महिलाहरूको मानसिक अवस्थाको बारेमा जानकारी लिएको ।

**पृष्ठभूमिः**

विभिन्न विषयमा कानुन विपरित काम गरी जेल सजाय भोग्दै आउनुभएका विशेष गरी महिलाहरू लक्षित कार्यक्रम सकारात्मक सोचको विकास सम्बन्धमा करिव ४२ जना महिला दिदीबहिनीहरू र ७३ जना पुरुषहरूलाई एकै स्थानमा राखी विज्ञद्वारा सकारात्मक सोच अभिवृद्धि गर्ने उपायले कार्यक्रम सञ्चालन भयो।यसै परिवेशमा नुवाकोटका प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेबाट कारागारको बारेमा विस्तृत रूपमा जानकारी गराउनु भयो।धेरैजसो महिलाहरू लागु औषधको कारोबारमा मुछिएका र लागु औषध सेवन गर्नेहरू थिए । पुरुषहरू २० वर्षभन्दा कम उमेरका महिलामाथि यौनजन्य दुर्व्यवहार गरेका बलात्कार एवं बलात्कारका प्रयास गरेका कारणबाट सजायमा परेकाहरू पनि थिए। उनीहरूलाई मानसिक स्वास्थ्य सबलता स्वःहेरचाह र कारागार जीवन व्यतितपश्चात समाजमा असल काम कसरी गर्ने र हिजोको कुलत र गलत अभ्यासबाट के कसरी बच्ने भन्ने विषयहरूमा सकारात्मक सोच सम्बन्धी जानकारी गराइयो।साथै कारागारभित्र रहनु भएका महिला कैदी/थुनवाहरूबिच व्यवस्थापक लगायत सरोकारवाला सबैले लैङ्गिकमैत्री व्यवहार गर्नुपर्ने जसका लागि सुत्केरी, गर्भवती एवं महिनावारी जस्ता विषयलाई कसरी संबोधन गर्ने भन्ने विषयको जानकारी लिने र गराउने काम भयो। महिनावारी व्यवस्थापनका केही सामग्रीहरू वितरण समेत गरिएको थियो।

**कार्यक्रमको उद्देश्यः**

कारागार जीवन भोगिरहेका महिला दिदीबहिनीहरूलाई कारागार जीवन भोगिरहदा र कैद सजाय कम गर्दै जान एवं कैद बसाई सम्पन्न भएपछि समाजमा आफूलाई सकारात्मक सोच के कसरी वृद्धि गर्ने भन्ने विषयमा स्वः हेरचाह सम्बन्धी जानकारी गराउने उद्देश्यले यस प्रकारको कार्यक्रम राखिएको ।अन्य उद्देश्यहरू देहायअनुसार छनः

- कारागारको अवस्था र लैङ्गिकमैत्री वातावरण सम्बन्धमा अध्ययन गर्ने।
- कारागारमा रहनुभएका विशेष गरी महिला दिदीबहिनीहरूको मानसिक अवस्थाका बारेमा जानकारी लिने ।
- आफ्नो स्वः हेरचाह के कसरी गर्ने सो बारेमा जानकारी गराउने ।
- कारागार जीवन व्यतित पश्चात समाजमा आफूलाई असल मानिस बनाउन आफ्नो तर्फबाट के कस्ता प्रयास गर्ने सो को जानकारी गराउने ।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

कारागारको जीवन अत्यन्तै कहालिलाग्दो र उराठलाग्दो हुने एवं कतिपय सवालमा कानुन विपरित कार्य गरेको हो होइन ज्ञान पनि नहुने र यस्तो प्रकारको कार्य गर्दा कानुनमा के कति सजाय तोकिएको छ सो बारेमा अनभिज्ञ भएका कारण अपराधिक क्रियाकलाप घटन गएकोले कानुनको जानकारी र अपराधिक गतिविधिका लागि सरकारले व्यापक रूपमा जानकारी गराउनु पर्दछ भन्ने सुझाव प्रायः सबैबाट आएको अन्य सुझावहरू यस प्रकारका रहेका छनः-

- लैङ्गिकमैत्री वातारण निर्माणका लागि कारागारमा सचेतनामूलक कार्यक्रमको आवश्यक हुने
- कारागारमा एकै स्थानमा बसिरहदा क्षमताका आधारमा दक्षता क्षमता र सीपमा वृद्धि गर्न तालिम कार्यक्रम गराउनु पर्ने
- सिकेको सिपबाट तयार भएका सामग्रीहरूको बजारीकरणका लागि सरकारले पहल गरिदिनुपर्ने
- समय समयमा सम्माननीय राष्ट्रपतिबाट सजाय आममाफी गराउँदा महिलाहरूको छुट्ने संभावना प्रवल बनाइनुपर्ने
- पे रोलका विषयहरू महिलाहरूलाई समेत जानकारी गराउनुपर्ने ।

**उपलब्धिः**

विभिन्न विषयमा कारागार जीवन विताइरहेका महिलाहरूले के कस्ता प्रकारका कानुन विपरित काम गरेकाले कैद थुनामा रहनुभयो सोको बारेमा जानकारी प्राप्त भयो । साथै कारागारभित्रको वातावरण लैङ्गिक दृष्टिकोणले कस्तो हुनुपर्दछ भन्ने विषयमा व्यवस्थापक र थुनुवाहरूलाई जानकारी गराइयो। पेरोल सम्बन्धमा जानकारी गराउदै महिलाहरूका लागि समेत कैद कटाउन विशेष के मा ध्यान दिनुपर्ने हुन्छ सो विषयमा जानकारी गराइयो । साथै राष्ट्रिय महिला आयोग र खबर गरौं ११४५ हेल्पलाईन सेवाका बारेमा जानकारी गराइयो ।

## ५.८. लैङ्गिक हिसा व्यवस्थापनमा बहुसरोकार सेवा प्रदायकबिच समन्वात्मक बैठक

**कार्यान्वयनः**

विशेष गरी उजुरी तथा मुद्दा व्यवस्थापन लक्षित केसहरूमा समन्वात्मक बैठक।

**पृष्ठभूमिः**

खबर गरौं ११४५ हेल्पलाईन सेवा सञ्चालन लगायत आयोगमा महिला हक अधिकार हनन भएको विषयमा उजुरी/मुद्दाहरूको अवस्थामा कतिपय सवालहरू वहुसरोकारवाला निकायहरूसँग समन्वय गरिनुपर्ने हुन्छन। जस्तैः- लैङ्गिक हिंसा पीडित प्रभावितहरूका लागि पुनस्थापना सेवा, वैदेशिक रोजगारमा गएकाहरूले घरेलु हिंसा गरी गएको, परिवार र बालबच्चालाई हेरविचार/ सहयोग नगरेको, अन्तरङ्ग पुरुष सम्बन्ध (Leaving Together) विवाहेत्तर सम्बन्ध (Extra Marriage Afire) आदिका विषयमा समन्वय र सहयोग र सहकार्यका लागि छलफल अन्तर्क्रियाका माध्यमबाट निर्णय गरी सम्बन्धित निकायमा कार्यन्वयन सहजीकरण गर्ने गरिएको ।

**उद्देश्यः**

राष्ट्रिय महिला आयोगमा विभिन्न माध्यमबाट परेका उजुरी तथा मुद्दाका विषय र लैङ्गिक सवालमा उठेका समसामयिक मुद्दाहरू केवल एक संस्था, निकाय र व्यक्तिबाट मात्र संभव नहुने अर्थात् असम्भव प्रायः भएकोले पीडित प्रभावितहरूका लागि एकीकृत सेवा प्रदान गर्न अन्य सेवा सञ्चालन हुने र सेवा सहजीकरण हुने निकायबाट समन्वय, सहकार्य र सहयोगमार्फत सहज बनाउन सरोकारवाला निकाय र व्यक्तिहरूसँग समन्वात्मक बैठक बस्नु पर्ने मुख्य उद्देश्य रहेको।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

- लैङ्गिक हिसा अन्त्य गर्ने विषय कुनै एक व्यक्ति र निकायबाट मात्र संभव प्रायः नदेखिनु
- लैङ्गिक हिंसाका उदियमान स्वरूपहरू जस्तै किशोरीहरूको डिम्ब विक्रि वितरणका विषय, अन्तरङ्ग पुरुष सम्बन्ध, अघोषित रूपमा रहेको बहुबिबाह, विवाहहेत्तर सम्बन्ध लगायत नियन्त्रणका लागि आयोगले रोकथाममूलक, सचेतनामूलक र सृजनशील कार्यहरू गर्नुपर्ने ।
- घरेलु हिसामा परेका वालबालिकाको उद्धार राहत पुनस्थापना एवं लैङ्गिक हिसा विभेद तथा दुर्व्यवहारमा परेका पीडित प्रभावितका लागि आवास गृह पुनस्थापना केन्द्रहरूको विस्तार सहज पहुँचमा हुनपर्ने ।

**उपलब्धि**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरूमा विशेष गरी सम्बन्धित निकाय र व्यक्तिहरूसँग निरन्तर समन्वात्मक बैठक बसी समस्या तथा चुनौतीहरूलाई सामना गर्न सहज हुने गरेकोले आयोगले प्रत्येक वर्ष वार्षिक कार्यक्रमा समस्या परेको विपयहरूमा समन्वात्मक बैठक बसी निकास खोज्न सहज बनेको ।

## ५.९. विभिन्न विधामा शाहसिक कार्य गरी प्रथम स्थान हासिल गर्ने महिलाहरूको सूची तयार गरी इ पोर्टलमा समावेश गर्ने

**कार्यन्वयनको अवस्थाः**

१२ वटा विधा राजनीति, साहित्य, इतिहास, खेलकुद, विज्ञान प्रविधि लगायतका विषयमा प्रथम स्थान हासिल गर्ने ७६ महिलाहरूको सूची तयार ।

**पृष्ठभूमिः**

राष्ट्रिय महिला आयोग महिलाहरूको हक अधिकार सुनिश्चित गर्न, महिला सशक्तीकरण, लैङ्गिक न्याय, लैङ्गिक समानता, सामाजिक समावेशीकरण लगायतका विषयहरूमा अध्ययन, अनुसन्धान, नीतिगत सुझावहरू दिनेसम्मका कार्यहरू गर्दै आएको छ। यसै परिवेशमा महिलाहरूले पुर्याउनु भएको विशिष्ट योगदानबाट प्रथम स्थान हासिल गरेका मृत/जीवित महिलाहरूको संक्षिप्त विवरणसहितको प्रतिवेदन तयार भएको। उक्त

प्रतिवेदनमा प्रथम स्थान हासिल गरेका व्यक्तिको जन्मस्थान उहाँले पुर्याउनुभएको योगदान र समाजमा छोड्नुभएको असल कार्यका बारेमा जानकारीमूलक तथ्य समावेश गरिएको ।

**उद्देश्यः**

विविध विधामा उल्लेखनीय कार्य गरी समाजमा पहिलो स्थान हासिल गरिसकेका जिवित रहेका र नरहेका महिलाहरूको संक्षिप्त विवरण तयार पारी उहाँहरूले पुर्याएको योगदानको उच्च कदर गर्नु मुख्य उद्देश्य रहेको। अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छनः

- कुन कुन विधामा महिलाहरूले प्रथम स्थान हासिल गर्नुभएको छ सो को एकीकृत तथ्य तयार पार्नु,
- राष्ट्रिय महिला आयोगले महिलाहरूले पुर्याउनुभएको योगदानको कदर गर्नु,
- भविष्यमा खोज, अनुसन्धान, जानकारीमूलक काम गर्ने अध्ययन अध्येतालाई सहयोग मिल्ने।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

विविध विधामा रहेर सुरुआत गर्ने महिलाहरूको रोष्टर तयार पारिरहदा उक्त सूची तयार पार्ने क्रममा विविध विषयका विज्ञ प्रतिनिधिहरूले अकाष्टय प्रथम महिलाको खोजी गर्न सहयोग गर्ने यो कार्य अत्यन्तै ओजिलो र गर्विलो भएकोले आगामी दिनमा यसलाई निरन्तर विधागत व्यक्तित्वहरू बढाउदै लैजानलाई नीति कार्यक्रमहरू आगामी दिनमा बढाउँदै जान सुझाव प्राप्त भएको । साथै प्रविधिमा प्रविष्ट गरी सबैको जानकारीका लागि वेभसाइड/वेभपेज तयार गर्न सुझाव प्राप्त भएको ।

**उपलब्धिः**

राजनैतिक, कला साहित्य, खेलकुद, विज्ञान, सामाजिक, उद्यम, शाहसिक कार्य लगायत १२ वटा विधामा पहिलो स्थान हासिल गर्ने ७६ जना महिलाहरूको संक्षिप्त विवरण तयार हुनु। उक्त विवरणलाई प्रविधिको माध्यमबाट इ पोर्टलमा समावेश गर्ने योजना रहेको।

## ५.१० राष्ट्रिय महिला आयोगको स्थापना दिवस

**कार्यन्वयन अवस्थाः**

फागुन २३ गते राष्ट्रिय महिला आयोगले २४ औ वसन्त पार गरी २५ औ वसन्तमा प्रवेश गरेको अवसरमा सरोकारवालाबिच अन्तर्क्रिया ।

**पृष्ठभूमिः**

राष्ट्रिय महिला आयोगको स्थापना मिति २०५८ साल फागुन महिनाको २३ गतेका दिन सुरूमा कार्यकारी निर्णयबाट भएको थियो । वि. स. २०७२ को संविधानले भाग २३ अन्तर्गत धारा २५२ देखि २५४ सम्ममा स्थापना गठन प्रकृया काम कर्तव्य अधिकार लगायतका विषयहरू समावेश गरी संवैधानिक मान्यता प्रदान गरेको छ। आयोगले २४ वर्ष पार गरिरहदा स्थापित मूल्य र मान्यताहरू के कतिको रूपमा पूरा

गर्न सकेको छ भन्ने सन्दर्भमा स्थापित मूल्य मान्यताका बारेमा विज्ञबाट जानकारी लिएको । साथै हालसम्म आयोगबाट भए गरेका प्रगतिहरूका बारेमा जानकारी गराउने तथा सरोकारवाला विज्ञबाट आगामी सेवाको प्रभावकारिताका बारेमा सल्लाह सुझावहरू प्राप्त भएको। सरोकारवालाहरूमाझ उजुरी तथा मुद्दा सम्बन्धी तथ्यहरूका बारेमा जानकारी गराइएको।

**उद्देश्यः**

आयोग स्थापनाकाल देखि हालसम्म आइपुग्दा आयोगले राखेको उद्देश्य हासिल भयो भएन र आगामी दिनमा आयोगले सेवा प्रदान गर्दा प्रभावकारी सेवा कसरी प्रदान गर्न सकिन्छ ? भन्ने विषयमा स्थापना भएको समयलाई संझना गरी सरोकारवालाहरूबाट राय सुझाव सल्लाह लिने उद्देश्य रहेको । अन्य उद्देश्यहरू देहायअनुसार रहेका छनः

- आयोगले गर्दै आएको कामहरूका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने
- आयोगको सेवा प्रभावकारिता र गुणस्तर वृद्धि सम्बन्धमा राय सुझावहरू माग गर्ने
- लैङ्गिक हिंसा विभेद दुर्व्यवहारका विविध स्वरूपहरूका बारेमा जानकारी गराउने र जानकारी लिने।
- लैङ्गिक समानता सामाजिक समावेशीकरण महिला सशक्तीकरण लगायतका विषयहरूमा समन्वय सहकार्य र सहयोग वृद्धि गर्ने ।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

प्रत्येक वर्ष फागुनको २३ गते राष्ट्रिय महिला आयोगको स्थापना पर्न गएको हुन्छ ।उक्त दिवस सञ्चालनका लागि प्रायः एकै प्रकारका गतिविधिहरू हुँदै आएको छ । यसलाई फरक फ्लेवरमा गरिनुपर्ने । ११४५ हेल्पलाईन सेवालाई स्थानीय तहको न्यायिक समितिसंग जोडनुपर्ने लगायत अन्य सुझावहरू यसप्रकारका छनः-

- आयोगभित्रको आन्तरिक छवीमा वृद्धि हुनुपर्ने,
- सातवटै प्रदेशमा आयोगका सम्पर्क कार्यालय खोलिनुपर्ने,
- आयोगले लैङ्गिक हिसामा परेका पीडित प्रभावितको लागि मात्र नभइ सशक्त र प्रभावशाली महिलाहरूका लागि पनि कार्यक्रम राख्नुपर्ने,
- लैङ्गिक हिंसा व्यवस्थापनमा आयोगले अन्य आयोग संङ्घ प्रदेश तथा स्थानीय तहसम्म सिधा सम्पर्क समन्वय सहकार्य प्रभावकारी बनाइनुपर्ने ।

**उपलब्धि**

स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न भइ आयोगकबाट गरिदैआएका कामकार्वाही सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी गराउदै आगामी दिनमा आयोगले राखेको उद्देश्य हासिल गर्ने के गर्नु पर्दछ भन्ने सुझाव प्राप्त भएको र उक्त सुझावहरू जस्तै महिलाको आर्थिक सशक्तीकरण, हिंसा पीडित

प्रभावितहरूलाई, उद्धार, राहत, पुनस्थापना, सामाजिक न्याय र मर्यादित जीवनका लागि गर्नुपर्ने कार्यहरू जस्तै नीतिगत, संस्था संरचनात्मक सुधार, वित्तीय, कार्यक्रमगत सुझाव सम्बन्धित निकायमा सिफारिस गर्ने र वार्षिक कार्यक्रममार्फत संवोधन गरिदै आउनु ।

## ५.११. राजनैतिक पदाधिकारीहरूसँग संविधान अन्तर्राष्ट्रिय सन्धि संझौतामा भएका हक अधिकार सम्बन्धी विषयमा तीनै तहमा अन्तर्क्रिया

**कार्यन्वयनको अवस्थाः** कर्णाली प्रदेश, कोशी प्रदेश र गण्डकी प्रदेशका प्रमुख/प्रमुख राजनैतिक दलका प्रमुखहरू लगायत स्थानीय र प्रदेश तहका राजनैतिक पदाधिकारीहरूबिच विद्यमान संविधान, नीति र कानुनहरूमा महिलाहरूका लागि गरिएका विशेष व्यवस्था र विद्यमान अवस्थाबिच जानकारीमूलक प्रस्तुतीकरण/अन्तर्क्रिया ।

**पृष्ठभूमिः**

जेन्जी आन्दोलन पश्चात सङ्घीय संसदको निर्वाचनपूर्व र २०८४ मा हुन जाने स्थानीय तहको निर्वाचनमा महिलाहरूलाई राजनैतिक सहभागितामा ३३ प्रतिशतमा मात्र सीमित नगरी जनसंख्याको आधारमा ५० प्रतिशतको हाराहारीमा अर्थपूर्ण सहभागिताका लागि तीनवटा प्रदेशमा राजनैतिक पदाधिकारीहरूसँग संविधान, अन्तर्राष्ट्रिय सन्धि संझौतामा भएका हक, अधिकार सम्बन्धी विषयमा तीनै तहका सरोकारवाला जिम्मेवार व्यक्तिहरूसँग अन्तर्क्रिया गरियो । कर्णाली प्रदेशको डोल्पाको दुनैमा कार्यक्रम आयोजना गरी मूलधारका राजनैतिक दलका नेताहरूले आसन्न निर्वाचनमा महिलाहरूलाई समानुपातिकको कोटामा मात्र नभएर प्रत्यक्ष निर्वाचन पद्दतिमै उम्मेदवार बनाउनु पर्नेमा विशेष जोड दिइयो । त्यस्तै गण्डकी प्रदेशको स्याङ्जा र कोशी प्रदेशको फिदिममा समेत लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानकै अवसर पारेर मूलधारका राजनैतिक दलका प्रमुखहरूको सहभागितामा महिलाको जनसंख्याको आधारमा ५० प्रतिशत त्यो पनि प्रत्यक्ष निर्वाचन प्रकृयामा पुर्याई अर्थपूर्ण बनाउने प्रयास गरियो।

**उद्देश्यः**

राजनैतिक दलका प्रतिनिधिहरूलाई विशेषतः राजनीतिमा महिला सहभागिता अभिवृद्धि गर्न विद्यमान ऐन, नियम, अन्तर्राष्ट्रिय सन्धि, संझौतामा भएका प्रावधानहरूका बारेमा जानकारी गराउने र सोही बमोजिम सबै राजनैतिक दलका नेताहरूलाई महिलाहरूलाई प्रत्यक्ष निर्वाचन प्रणालीभित्र सहभागिता गराउन घरैदेखि उचित वातावरण बनाउने भन्ने उद्देश्य रहेको। अन्य उद्देश्यहरू देहायअनुसार रहेका छन:-

- संविधान नीति, कानुन तथा अन्तर्राष्ट्रिय सन्धि संझौतामा महिलाहरूको राजनैतिक सहभागिता अभिवृद्धि गर्ने विषयहरू मूलधारका राजनीतिक नेताहरूलाई जानकारी गराउनु।
- जनसंख्याको आधारमा महिलाहरूको राजनैतिक सहभागिता वृद्धि गराउने ।
- महिलाहरूको अर्थपूर्ण सहभागिताका लागि सम्बन्धित राजनैतिक पार्टिका प्रमुखहरूसँग छलफल गरी प्रत्यक्ष निर्वाचनका लागि पहल गर्ने।

- २०८४ मा हुने स्थानीय तहको निर्वाचनमा महिला पहिला भन्ने नारालाई सार्थक बनाउन पहल गर्ने ।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

तीनवटै प्रदेशमा गरिएका उक्त कार्यक्रमहरूबाट प्राप्त सुझावहरूमा विशेष गरी सम्बन्धित स्थानीय तहका उप प्रमुखहरूले महिलाहरू प्रमुख तहमा नभएसम्म अर्थपूर्ण सहभागिता नहुने विचारहरू राखुभएको थियो। अन्य सुझावहरू यस प्रकारका छनः-

- घरदेखि नै महिलाहरूलाई राज्यका आयामहरूमा समेटने हो भने महिलाको आर्थिक सशक्तीकरण विना राजनीति तहमा समेत सहभागिता रहन नसक्ने हुँदा महिलाहरूले स्व निर्णय गरी बाहिर निश्कन आर्थिक सबलतामा जोड दिनु पर्दछ।
- राष्ट्रिय महिला आयोगले महिलाहरूका ज्ञान सिप दक्षता र क्षमताको पहिचान गरी सोही बमोजिम सरोकारवाला निकायमा लक्षित कार्यक्रम कार्यन्वयन गर्न नीतिगत सिफारिस गर्नुपर्दछ।
- प्रदेश तहमा आयोगले कार्यालय स्थापना गरी महिलाहरूलाई सशक्तीकरण गर्नुपर्दछ।
- सबै राजनैतिक दलका नेताहरूलाई प्रमुख पदमा महिलालाई उम्मेदवार बनाउन आयोगले पहल गर्ने।
- स्थानीय तहको निर्वाचन २०८४ मा महिला पहिला भन्ने नाराको सार्थकताका लागि सरकारले पहल गर्नुपर्ने ।

**उपलब्धिः**

संविधान नीति, कानुन र अन्तर्राष्ट्रिय सन्धि संझौतामा भएका महिलाहरूको राजनैतिक हक अधिकार सुनिश्चित गर्नका लागि तीनवटा प्रदेशमा भएका प्रमुख राजनैतिक दलका प्रमुखहरूसँग राजनीतिमा महिलाहरूको सहभागिता उल्लेखनीय बनाउन छलफल अन्तर्क्रिया भएको । सम्पन्न निर्वाचनको आसन्न अवस्थामा महिलाहरूलाई प्रत्यक्षतर्फ नै टिकट उपलब्ध गराई सङ्घीय तहदेखि स्थानीय तहसम्म महिलाहरूको संख्यात्मक र गुणात्मक वृद्धि गर्न पहल भएको।

## ५.१२. निरन्तर महिला आयोगका काम, कर्तव्य तथा लैङ्गिक हिंसा विरुद्धको सन्देशमूलक सामग्री उत्पादन तथा प्रशारण

**कार्यन्वयनको अवस्थाः**

राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारका बारेमा तथा लैङ्गिक हिसा विरुद्धका सन्देशमूलक सामग्री हानीकारक अभ्यास जस्तै बालबिबाह, महिनावारीलाई मर्यादित बनाउने, दाइजो/तिलक प्रथा विरुद्ध सामाजिक सन्देशमूलक सामग्रीहरू उत्पादन/ निर्माण चार्ट पेपरमा तयार पारी प्रदेशतहमा व्याप्त अभ्यास विरुद्ध सचेतना कार्यक्रम।

**पृष्ठभूमिः**

स्वीकृत वार्षिक कार्यक्रम निरन्तर महिला आयोगका काम, कर्तव्य तथा लैङ्गिक हिसा विरुद्धका सन्देशमूलक सामग्री उत्पादन तथा प्रशारणलाई दुई वटा प्रदेश मधेष प्रदेश र सुदूरपश्चिम प्रदेशमा प्रदेशतहमा व्यप्त हानीकारक अभ्यास विरुद्धका  जस्तै मधेष प्रदेशमा बालविवाह र दहेज प्रथा र छोरा र छोरीमा विभेद तथा सुदूरपश्चिममा महिनावारी छाउपडि महिलामाथि हुने हिंसा विभेद दुर्व्यवहार विरुद्धका विषयहरू समेटी सचेतनामूलक सामग्री ब्रोसियर चार्टपेपर तयार पारी सरोकारवालासँग यिनै विषयहरूमा छलफल/अन्तर्क्रिया गरिएको । अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई आयोगले वार्षिक कार्यक्रममा केहि समावेश गरी कुनै नीतिगत सिफारिस समेत गरिएको ।

**उद्देश्यः**

उल्लिखित कार्यक्रम कार्यन्वयन गरिनुपर्ने प्रमुख उद्देश्य स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न हुनु। अन्य उद्देश्यहरू देहायअनुसार रहेका छनः

- आयोगका काम, कर्तव्य र जिम्मेवारीका बारेमा सम्बन्धित सरोकारवालालाई जानकारी गराउनु ।
- लैङ्गिक हिंसा विरुद्ध खबर गरौं ११४५ हेल्पलाईन सेवाका बारेमा जानकारी गराएको। साथै उजुरी तथा मुद्दा व्यवस्थापन प्रकृयाका बारेमा समेत जानकारी दिएको।
- मधेष प्रदेशमा वालविवाह, दाइजो, र महिलामाथि हुने विभेद हिंसाका सवालहरूमा र सुदूरपश्चिम प्रदेशमा महिलामाथि गरिने हिंसा, दुर्व्यवहार, विभेद र महिनावारीको समयमा छाउगोठमा राख्ने र अछुत झैं व्यवहार गरिने विरुद्ध सन्देशमूलक सामग्री सहित सचेतना जगाउने । साथै महिनावारीमा सरसफाई खानपान आराम लगायतका विषयमा जानकारी गराउनु।

**कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सिफारिसहरूः**

समाजलाई सभ्य र सुसंस्कृत बनाउन जतिसुकै प्रगतिशील कानुनहरू कार्यन्वयनम ल्याएतापनि समाज जहिको त्यहि भएमा कुनै पनि सकारात्मक परिवर्तन आउन सक्तैन। यसका लागि प्रगतिशिल कानुनसँगसँगै समाजलाई रूपान्तरण गर्दै लैजान जरूरी छ । जसका लागि तीनै तहका सरकारले सामाजिक सचेतना र रूपान्तरणमूलक अभियानहरू थाल्नु पर्दछ । अन्य सुझावहरू यस प्रकार छनः-

- विद्यालय तहदेखि नै वालविबाह, छाउपडी प्रथा, बोक्सी, दाइजो विरुद्धका विषयहरू पठनपाठनको रूपमा राखिनु पर्दछ।
- कानुनमा समाजमा रहेका हानीकारक अभ्यास विरुद्ध राखिएका प्रावधानहरूका बारेमा सरल भाषामा बुझ्नेगरी किशोर किशोरी लगायत ज्येष्ठ नागरिकसम्मलाई जानकारी गराउनु पर्ने।
- प्रत्यक घर परिवारभित्रै नैतिक शिक्षा मर्यादित व्यवहार र सभ्यताका विषयहरूमा छलफल वहस वा गफगाफका विषयहरू बनाइनुपर्ने ।

- दाइजो नलिइ विवाह गर्ने दमपत्तिलाई समाजले सम्मान गरी महत्वपूर्ण भूमिका/जिम्मेवारी दिन सके सबैका लागि उदाहरणीय बन्न सहज भई सबैले दाइजो विपरित विवाह गर्ने उत्साहित हुनेछन।
- राष्ट्रिय महिला आयोगले सातवटै प्रदेशमा पुगी निरन्तर प्रदेशमा व्याप्त कुसंस्कार विरूद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

**उपलब्धिः**

वास्तवममा सम्बन्धित तहमै गएर उक्त समाजमा रहेका हानीकारक अभ्यास र अपनाइएका हानीकारक अभ्यासका कारण बालबालिका, किशोरी र महिलामाथि के कस्तो प्रभाव परेको छ सोको जानकारी हासिल हुनु।सन्देशमूलक सामग्रीमा सामाजिक सचेतनाका सन्देशहरू राखिएकोले उक्त सन्देशहरू पढेर धेरैले जानकारी लिनु र यदि आफूमाथि कुनैपनि प्रकारका हिसा र दुर्व्यवहार घटिहालेमा सोको उपचारका लागि ११४५ मा कानुनी परामर्श, मनोसामाजिक परामर्श सेवाका लागि आयोगको उजुरी तथा मुद्दा व्यवस्थापनमा समन्वय गर्न सकिने समेत जानकारी दिएको ।

## ५.१३. वार्षिक कार्यक्रम तयारी तथा वार्षिक समीक्षा छलफल कार्यक्रम

स्थापना कालदेखि नै महिला हकअधिकार प्रवर्द्धन तथा लैङ्गिक मूलप्रवाहीकरणको माध्यमबाट महिला सशक्तीकरण तथा लैङ्गिक समानता प्राप्तिका प्रयास स्वरूप राष्ट्रिय महिला आयोगले विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू सँचालन गर्दै आएकोमा सम्पन्न भएका कार्यक्रमहरूको मूल्याङ्कन र पृष्ठपोषण मार्फत आगामी आर्थिक वर्षमा राख्न पर्ने कार्यक्रमहरूका विषयमा विभिन्न सरोकारवालाहरूसँग छलफल गरी राख्ने कार्य आयोगले गर्दै आएको छ।

सोही सन्दर्भमा विभिन्न सरोकारवाला पदाधिकारी तथा कर्मचारीहरूको उपस्थितिमा आयोगले आ.व. २०८१/८२ मा गरेकाकार्यक्रमहरूको समीक्षा तथा आ.व. २०८२/८३ मा गरेका कार्यक्रमहरूको आर्धवार्षिक समीक्षा छलफल विभिन्न सरकारी निकायका प्रतिनिधिरूसँगको अन्तरक्रिया र बैठकबाट आगामी दिनमा आयोगका कार्यक्रमहरू एवं क्रियाकलापहरू थप प्रभावकारी बनाउन आवश्यक समिक्षा र पृष्ठपोषणका लागि देहायबमोजिम अन्तरक्रियात्मक बैठक सम्पन्न गरिएको छ ।

**उद्देश्यः**

(क) आयोगको आ.व. २०८१/८२ र आ.व. २०८२/८३ मा सम्पन्न भएका कार्यक्रमहरूको समिक्षा गर्नु।

(ख) आयोगका कामकारवाहीका बारेमा पृष्ठपोषण लिनु तथा आगमी आ.व.मा गर्न सकिने सुधारका विषयहरू तथा राख्न सकिने कार्यक्रमहरू माथि छलफल गर्नु ।

(ग) आयोगका कार्यक्रमलाई थप प्रभावकारी तथा मितव्ययी बनाउन तरिकाका विषयमा छलफल गर्नु।

**कार्यक्रम विवरणः**

| क्र.स. | मिति | कार्यक्रमको अध्यक्षता गर्ने | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०८२/०५/१५ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | २२ जना | राष्ट्रिय महिला आयोग |
| २ | २०८२/१०/२७ | सचिव श्री शंकर हरि आचार्य | २० जना | राष्ट्रिय महिला आयोग |

**कार्यक्रमबाट प्राप्त सुझावहरूः**

(क) आयोगको वार्षिक कार्यक्रमलाई १६ औं पञ्चवर्षिय योजनाका लक्ष्यहरूका सूचक तथा प्राथमिकताहरूसँग जोड्दै अगाडि बढाईनुपर्ने।

(ख) धेरै जस्तो कार्यक्रमहरू समय मै सम्पन्न भए तापनि बाकिँ रहेका कार्यक्रमहरू सुरु र सम्पन्न गराउनु पर्ने।

(ग) आयोगले गरेका GRB, बाझिएका कानुन जस्ता विषयका अध्ययनहरूलाई निरन्तरता दिदैं सम्बन्धित निकायलाई नीतिगत सिफारिस दिनुपर्ने।

**उपलब्धिः**

(क) आयोगका र अर्थ मन्त्रालयका प्रतिनिधिहरू बिच आयोगको महत्त्वपूर्ण कार्यक्रमहरूमा अपुग बजेटका विषयमा छलफल भएको।

(ख) सम्बन्धित शाखाहरूको कामको पहिचान तथा भविष्यका लागि उत्तरदायी बनाउने काम भएको।

(ग) आगामी आ.व.मा आयोगको वार्षिक कार्यक्रममा राख्न सकिने विषयहरूका विषयमा छलफल भएको।

(घ) महिला हकअधिकारका अन्य विषयमा सरोकारवालाहरूसँग छलफल भएको।

## ५.१४ खबर गरौं ११४५ निःशुल्क हेल्पलाइन सेवाको स्थापना दिवस

“खबर गरौं ११४५” राष्ट्रिय महिला आयोगद्वारा सञ्चालित एक निःशुल्क हेल्पलाईन सेवा हो। यो सेवा लैङ्गिक हिंसामा परेका महिला तथा बालिकाको उद्धार, कानुनी परामर्श र मनोवैज्ञानिक परामर्शका लागि हप्ताको सातै दिन, २४ घण्टा उपलब्ध हुन्छ। लैङ्गिक समता तथा समानताको लागि एकजुट भइ कार्य गर्ने आवश्यकतालाई महसुस गरी राष्ट्रिय महिला आयोगको नेतृत्वमा सन २०१६ देखि लैङ्गिकतामा आधारित हिंसाको विरुद्ध एकिकृत प्रयासको रूपमा लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकिकृत (Integrated Platform for Gender Based Violence Prevention and Response) परियोजनाको शुभारम्भ भएको थियो। उक्त परियोजना अन्तर्गत नै लैङ्गिकतामा आधारित हिंसाको सम्बोधन स्वरूप गुणस्तरीय हेल्पलाईनको

विकास गरि हिंसा प्रभावित वा हिंसामा परेका बालिका तथा महिलाहरूसम्म सेवा पुऱ्याउने उदेश्यका साथ खबर गरौ हेलपलाईन सेवा ११४५ सञ्चालनमा आएको हो। **विश्व बैंक (World Bank)** राष्ट्रिय महिला आयोगद्वारा सञ्चालित ११४५ "खबर गरौं" हेल्पलाईन सेवाको **मुख्य वित्तीय तथा प्राविधिक साझेदार (Financial and Technical Partner)** रहेको थियो।

राष्ट्रिय महिला आयोगको ११४५ हेल्पलाईन सेवा वि.सं. २०७४ मङ्सिर २४ गते (१० डिसेम्बर २०१७) देखि औपचारिक रूपमा सुरु भएको हो। यो सेवा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको समापनको अवसर पारेर सञ्चालनमा ल्याइएको थियो।यसै अवसरलाई राष्ट्रिय महिला हरेक वर्ष १० डिसेम्बर को दिनलाई हेल्पलाईन दिवसको रूपमा मनाउदै आएको छ।

११४५ हेल्पलाईन सेवा लैङ्गिक हिंसा न्यूनीकरण र पीडितको उद्धारमा अत्यन्तै **प्रभावकारी** साबित भएको छ। यो सेवा वर्षको ३६५ दिन र **२४ सै घण्टा** उपलब्ध हुन्छ, जसले गर्दा मध्यरातमा परेको आपतकालीन अवस्थामा पनि पीडितले सहयोग पाउँछन्।यो हेल्पलाईनले पीडितलाई आवश्यक पर्ने सबै सेवा **एकै ठाउँबाट** समन्वय गर्दछ।आर्थिक वर्ष २०८२/८३ मा समेत आयोगले आफ्नो वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत डिसेम्बर १० तदनुसार २०८२ मंसिर २४ गते राष्ट्रिय महिला आयोगको **खबर गरौं ११४५ निःशुल्क हेल्पलाइन सेवाको स्थापना** दिवसलाई विशेष समारोहका रूपमा मनाइयो।

आयोगसँग निरन्तर सहकार्य, सहयोग र समन्वय गर्ने विभिन्न सरकारी तथा गैहसरकारी निकायलाई लैङ्गिक न्याय तथा हिंसापीडित महिलालाई प्रदान गरेको सेवाको कदर तथा सम्मान गर्ने, विदाको दिन वा मध्यरातमा पनि पीडितको उद्धारमा खटिने काउन्सिलर, कर्मचारीहरूको योगदानको कदर गर्ने, लैङ्गिक हिंसाका सवालमा निरन्तर कलम चलाएर सचेतना अभिवृद्धि गर्ने लेखक/पत्रकारलाई सम्मान गर्ने, आयोगको निशुल्क हेल्पलाइन नम्बरका बारेमा पहुँच र सचेतना बढाउने, आयोगमा सेवाग्राहीसँग प्रत्यक्ष रूपले जोडिएर लैङ्गिक न्याय सम्पादनमा प्रभावकारी कार्य गर्ने कर्मचारीलाई सम्मान गर्ने उक्त कार्यक्रमको उद्देश्य रहेको थियो।

उक्त कार्यक्रममा हिंसापीडित महिलाहरूलाई अल्पकालीन सुरक्षित आवास प्रदान गरी सेवा प्रदान गर्ने आयोगसँग निरन्तर सहकार्य, सहयोग र समन्वय गर्ने रक्षा नेपाल, अस्पताल स्थित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) राष्ट्रिय ट्रमा सेन्टर, कान्ति बाल अस्पताललाई सम्मान गरिएको थियो। यसैगरी बिशेषज्ञ सेवा आवश्यक परेका हिंसापीडित महिलाहरूलाई निःशुल्क सेवा पुर्याए बापत श्री मानसिक स्वास्थ्य अस्पताललाई समेत उक्त कार्यक्रममा सम्मान गरीयो भने, लैङ्गिक हिंसाका सवालमा निरन्तर कलम चलाएर सचेतना अभिवृद्धि गर्ने लेखक/पत्रकारहरू त्रयः श्री इन्द्रभूषण यादव, रेडियो टुडे, जनकपुरधाम, धनुषा, श्री सर्मिला पाठक, राष्ट्रिय समाचार समिति र मोनिका विश्वकर्मा सेतोपाटीः नेपालको अनलाइन पत्रिकाका पत्रकारहरूलाई कदरपत्र र मायाको चिनो प्रदान गरिएको थियो। यसैगरी कार्यक्रममा सहभागिता जनाएका बिभिन्न सामुदायिक विद्यालय तथा नर्सिङ क्याम्पसलाई मायाको चिनो प्रदान गरीएको थियो।

यसैगरी कार्यक्रममा उजुरी तथा मुद्दा व्यवस्थापन शाखामा रहेर सेवाग्राहीसँग प्रत्यक्ष रूपले जोडिएर लैङ्गिक न्याय सम्पादनमा प्रभावकारी कार्य गर्ने कर्मचारीमध्य उत्कृष्ट कर्मचारी श्री संगिता बडाल तथा हेल्पलाइन सेवामा अपरेटरका रूपमा विगत पाँच बर्षदेखि निरन्तर रूपमा उत्कृष्ट सेवा प्रदान गरेका कर्मचारी श्री अन्जना बि.क.लाई प्रशंसापत्र सहित मायाको चिनो प्रदान गरी लैङ्गिक न्यायका सवालसँग सम्बन्धित बिभिन्न व्यक्तित्व तथा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, पत्रकार, स्थानीय निकायका प्रतिनिधि लगायतको उपस्थितिमा खबर गरौं ११४५ निःशुल्क हेल्पलाइन सेवाको आठौं स्थापना दिवस सम्पन्न भएको थियो।

## ५.१५ जिल्ला प्रहरी कार्यालय, अछाम, जिल्ला प्रशासन कार्यालय, बाजुरा र जिल्ला प्रशासन कार्यालय, डोटी जिल्लामा २०८२/०८/२१ देखि २०८२/०८/२७ सम्म

**परिचय/पृष्ठभूमिः**

राष्ट्रिय महिला आयोग संवैधानिक आयोग हो । संविधानमै आयोगको काम, कर्तव्य र अधिकार प्रष्ट्याइएको छ । महिला सशक्तीकरण, लैगिक न्याय, सामाजिक सुरक्षा र सामाजिक न्यायजस्ता कार्यहरू बहुसरोकार निकायको सरोकारको विषय मानिन्छ र मानव अधिकारसँग यी विषयहरू सम्बन्धित हुन्छन् । आयोगले बालिका, किशोरी र महिलाहरूको हक र अधिकार राज्यका सबै तह र निकायका क्षेत्र र आयामहरूमा खोज्ने गरेको हुन्छ । यसै सन्दर्भमा धर्म, संस्कृतिको आडमा महिला र बालिकाहरूमाथि परापूर्वकालदेखि हुँदै आएको हानीकारक अभ्यासको रूपमा प्रचलित कुप्रथा हो छाउपडी ।आजको एक्काइसौं शताब्दिमा पनि विशेषगरी नेपालको कर्णाली तथा सुदूरपश्चिम क्षेत्रमा यसले गहिरोसँग जरो गाडेर महिलामाथि चरम हिंसा भइरहेको सन्दर्भमा राष्ट्रिय महिला आयोगबाट सुदूरपश्चिम लक्षित गरी अछाम जिल्लामा सम्पूर्ण स्थानीय निकाय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, महिलाका क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी संघसंस्था, महिला अधिकारकर्मी, मानव अधिकारकर्मी, मिडियाकर्मी लगायत विभिन्न सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम प्रभावकारी ढङ्गले भव्य रूपमा सम्पन्न गरियो ।

**उद्देश्यः**

- छाउपडी प्रथाको कारण महिला तथा बालबालिका विरुद्ध हुने भेदभावपूर्ण व्यवहार, हिंसा र निजहरूको व्यक्तित्व विकासमा पारेको प्रभावबारे थाहा पाउनु,
- महिलाले सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु,
- यस्तो कुप्रथाको उन्मूलन गरी समतामूलक र सम्मानित समाजको स्थापना गर्न आवश्यक कदमहरू चाल्नु,
- सार्वजनिक जवाफदेहिताको पदमा रहेका व्यक्ति, नेपाल सरकारका कर्मचारी, धामीझाँक्री, स्थानीय पुरोहित, प्रभावित बालिका तथा महिलाको परिवारका सम्पूर्ण सदस्य एवं आमनागरिकलाई यो हानिकारक अभ्यास अन्त्य गर्नतर्फ थप क्रियाशील बनाउनु ।
- सबैलाई थाहा पाउनको लागि कानुनी विषयको जानकारी गराउनु ।

**उपलब्धी:**

छाउपडीले जरो गाडेको अछामजस्तो जिल्लामा कार्यक्रम सम्पन्न हुनु आफैमा उपलब्धि मानिन्छ। तथापि अन्य उपलब्धिहरू यस प्रकारका छन:

- महिला तथा घरेलु हिंसा, विभेद, हानिकारक अभ्यासजस्ता कुराहरूलाई अन्त्य गर्न र महिला अधिकारको पक्षमा निरन्तर काम गरिरहेको महिला आयोगको भूमिका बारेमा उपस्थित सबैलाई जानकारी भयो ।
- छाउपडी जस्तो कुप्रथाको उन्मूलन गरी स्वस्थ र समतामूलक समाजको स्थापना गर्ने अभियानको लागि यो कार्यक्रम सार्थक रह्यो र हानिकारक सामाजिक प्रचलनलाई पूर्णतः निषेध/निरुत्साहित गर्दै महिनावारिलाई मर्यादित बनाउनमा भूमिका खेलेको ।

**सिफारिस र सुझावहरू:**

- यो कार्यक्रम हरेक नगर तथा गाउँपालिकामा राख्नुपर्ने ।
- छाउपडी प्रथा अन्त्यको लागि स्थानीयस्तरमा विभिन्न अभियानहरू सञ्चालन गर्न स्थानीय निकायसँग बजेट अपर्याप्त भएको हुँदा केन्द्रबाट बजेट छुट्याउन आयोगले पहल गरिदिनुपर्ने।
- स्थानीयस्तरमा महिला हिंसाका हरेक घटनाहरूमा महिला आयोगको उपस्थिति देखिनुपर्ने ।

## ५.१६ पाँचथर जिल्लामा २०८२/०९/१३ गते राजनितिक दलका पदाधिकारीसँग संबिधान निति अन्तराष्टिय सन्धि / सम्झौतामा भएका लैङ्गिक न्यायका सवालमा अन्तर्क्रिया कार्यक्रम

**परिचय/पृष्ठभूमि:**

मिति २०८२ साल पौष महिनाको १३ गते आइतबार राजनीतिक दलका सरोकारवाला पदाधिकारी सँग लक्षित संविधान, नीति, अन्तर्राष्ट्रिय सन्धि/ सम्झौतामा भएका प्रावधानहरूका बारेमा जानकारी दिलाउने उद्देश्यले फिदिम नगरपालिकामा संघ, प्रदेश र स्थानीय तहका राजनीतिक पदाधिकारीहरूलाई लैङ्गिक न्यायका सवालमा अन्तरक्रिया आयोजना सम्पन्न गरियो। राजनीतिक पदाधिकारीहरूसंग विशेषतः आउन लागेको निर्वाचन प्रणालीमा महिलाहरूलाई जनसख्याको आधारमा ५५ प्रतिशत उम्मेदवार सहभागी बनाउन सबै राजनीतिक दलहरूका प्रमुख एवं प्रतिनिधिहरूलाई प्रतिवद्धता गरेको थियो ।

**उद्देश्य:**

राजनीति सबै नीतिको शक्तिशालि नीति भएको र अन्य सबै क्षेत्रमा यसले प्रभाव पार्ने तथा राज्य सञ्चालनमा राजनीतिको भूमिका अहम रहने भएकोले राजनीतिक पदाधिकारीहरूका माझ महिलाहरूको राजनीतिमा सहभागिता अभिवृद्धि गराउन ठूलो भूमिका रहन्छ भन्ने उद्देश्य राखिएको अन्य उद्देश्यहरू यस प्रकारको रहेका छनः-

- जनसंख्या तथा भूगोलको आधारमा महिलाहरूको राजनीतिमा सहभागितf अभिवृद्धि गर्ने

- राजनीतिक दलका प्रमुखहरूलाई महिला उम्मेद्वार बढाउन दवाब सृजना गर्नु
- समानुपातिकको संख्यामा मात्र महिला नभइ प्रत्यक्ष निर्वाचनका लागि टिकट दाबेदार महिलालाई बनाउने दवाव दिएको थियो ।
- महिलाहरूले आफ्नो हक अधिकारका लागि आफै अग्रसर बनाउन सचेतना वृद्धि
- आसन्न निर्वाचनको समयमा यस प्रकारका कार्यक्रमले महिलाहरूलाई राजनीतिमा प्रवेश गर्न सहज

**उपलब्धी:**

माथि उल्लिखित उद्देश्य हासिल गर्नु यसको उपलब्धि मानिन्छ भने अन्य उपलब्धि देहायबमोजिम रहेका छनः-

- राजनीतिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा महिलाहरूले पुऱ्याएको देनका बारेमा जानकारी गराउँदा महिलाहरूमा उर्जा मिलेको
- आयोगले लैङ्गिक न्यायका सवालमा गरेका कार्यको जानकारी गराइयो ।
- संविधान नीति कानुन अन्तर्राष्ट्रिय सन्धि संझौतामा भएका लैङ्गिक न्यायका विषयहरू कार्यन्वयनका लागि दवाब बढ्नु ।
- नीति कानुन र सन्धि संझौतामा अपुग भएका विषयहरू नीतिगत सिफारिसका लागि सम्बन्धित निकायमा पठाउने शुझाव प्राप्त भएको ।

**सिफारिस/सुझावहरू:**

- आयोगले महिलाहरूको प्रतिनिधित्व बढाउन र संविधान नीति कानुन र अन्तर्राष्ट्रिय सन्धि संझौतामा भएका व्यवस्थाहरूका बारेमा जानकारी गराएर राजनीतिक दलका जिम्मेवार व्यक्तिहरूलाई महिलाहरूको हक अधिकारमा बारेमा बुझाउने।
- संविधानमा व्यवस्था गरिएका विषयहरू समेत राजनीतिक दलका प्रतिनिधिहरूले कार्यन्वयन नगराएकोले लैङ्गिक समानतामा हिजो हासिल गरेका कतिपय सूचकहरू आज गुम्न सक्ने अवस्थालाई के कसरी संस्थागत गर्दै लैजान सकिन्छ सो बारेमा समेत ध्यानकर्षण गराउने ।
- स्थानीय तहमा महिला सदस्य र उपप्रमुख उपाअध्यक्षमा सीमित भएकाहरूलाई अब प्रमुख निर्णय गर्ने अवस्था प्रमुख जिम्मेवारीमा आउनलाई विशेष पहल गर्न सकिन्छ ।
- महिलाको राजनीतिमा ३३ प्रतिशतमा मात्र सीमित नगरी अब ५० प्रतिशत पुऱ्याउन यस प्रकारका कार्यक्रमले सहयोग गर्ने।

## ५.१७ पाँचथर जिल्लामा २०८२०९/१/४ गते ओदिन ब्यारेकमा महिला अधिकारसम्बन्धी महत्वपूर्ण अन्तर्क्रिया सम्पन्न:

**पृष्ठभूमिः**

पाँचथर जिल्लास्थित ओदिन ब्यारेकमा लैङ्गिक हिंसाका विविध स्वरूपहरू विशेष गरी महिला हिंसा न्यूनीकरण तथा महिला अधिकारसम्बन्धी महत्वपूर्ण अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। सुरक्षा निकायभित्र महिला

कर्मचारीको संख्यामा वृद्धि हुदै गएको अवस्थामा कार्यालय परिषरभित्र लैङ्गिकमैत्री व्यवहार, अवसर र सुविधामा समानता, क्षमतानुसारको जिम्मेवारी, तालिमहरूमा लैङ्गिक विषयहरूमा जानकारी लिने, व्यायम, कसरत, खेलकुदमा महिलाहरूका लागि अनिवार्य आवश्यकतालाई व्यवस्थापकले ध्यान दिनुपर्ने लगायतका विषयको बारेमा जानकारी दिने र सुरक्षा निकायमा कामगर्ने वातावरणलाई के-कसरी सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने भन्ने विषयमा आयोगले जानकारी गराईदिएमा सेवा प्रभावकारितामा गुणस्तर वृद्धि गर्न सकिन्छ भन्ने ओदिन व्यारेकको अनुरोधमा कार्यक्रम सञ्चालन गरियो। महिलाको हक अधिकार संरक्षण र सम्वर्द्धन गर्न आयोगबाट गरिएका प्रयास र खबर गरौ ११४५ हेल्पलाईन सेवा सञ्चालनका विधिहरूका बारेमा माननीय सदस्य कृष्णकुमारी पौडेलले जानकारी गराउनु भयो ।

**उद्देश्यः**

महिला हिंसाका कारण, यसको रोकथाम, महिला अधिकार, संवैधानिक तथा कानुनी व्यवस्था, पीडितले पाउने सेवा-सुविधा, न्यायमा पहुँचलगायतका विविध महत्वपूर्ण विषयमा सहभागीहरूलाई जानकारी गराउने मुख्य उद्देश्य रह्यो भने अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छनः-

- कार्यस्थललाई के कसरी लैङ्गिकमैत्री बनाउने र स्वच्छ स्वस्थ र मर्यादित वातावरण निर्माणमा कार्यलयको भूमिकाका बारेमा जानकारी गराईनु
- लैङ्गिक सवाल प्रयोगमा आउने शव्दावलीका बारेमा थोरबहुत जानकारी गराईनु
- व्यवस्थापकले लैङ्गिक समानता र सामाजिक समावेशीतालाई कार्यन्वयन गर्न कुन कुन विषयमा विषेश ध्यान दिन जरूरी छ सो विषय जानकारी गराउने
- राष्ट्रिय महिला आयोगको काम कर्तव्य र जिम्मेवारीका साथै खबर गरौ ११४५ हेल्पलाईन सेवाका बारेमा जानकारी दिनु
- अवसर सेवा सुविधा तालिम जस्ता विषयमा समानता र समावेशीता कसरी कायम गराउने र लैङ्गिक समानतामूलक राष्ट्र निर्माणका लागि कसरी टेवा पुर्याउन सकिन्छ सो बारेमा जानकारी गराउनु ।

**उपलब्धिः**

उक्त कार्यक्रम मागकै आधारमा सञ्चालन गरिएको थियो । विशेष गरी व्यारेकका प्रमुखले राष्ट्रिय महिला आयोग संवैधानिक निकाय भएको र आफ्नो कार्यालयमा महिला कर्मचारीहरूको संख्यामा बढोत्तरी भैरहेको सवालमा कार्यालयको वातावरणलाई कसरी मर्यादित र व्यवस्थित बनाउन सकिन्छ र मातहतका कर्मचारीहरूलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरूका बारेमा जानकारी गराउन सकिन्छ भन्ने प्रयोजनले कार्यक्रम सञ्चालन हुनु आफैमा गौरवको कुरा मान्न सकिन्छ।

यस कार्यक्रमको मुख्य उपलब्धि कार्यस्थललाई कसरी महिलामैत्री बनाउने ? अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको लागि सम्मानित र मर्यादित कार्यस्थल कसरी तयार गर्ने एवं सेवा प्रदान गरिरहेको अवस्थामा सबैलाई गरिने उचित र मर्यादित व्यवहार बोली वचन कार्यशैली सबै असल हुनुपर्ने कुराले ब्यारेकका उच्च तहदेखि तल्लोतहका कर्मचारीहरूले उपलब्धि राम्रो रहेको पाइयो।

# परिच्छेद ६

# आ.ब. २०८२/०८३ मा भएको अध्ययन अनुसन्धानहरूको विवरण

## ६.१ महिलाको विशेष गरी बेतलबी घरेलु हेरचाह तथा स्याहार सुसार कामकाजको आर्थिक मापन सम्बन्धी अध्ययन

### ६.१.१ पृष्ठभूमि

सन् २०१५मा संयुक्त राष्ट्रसँघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्ष (२०१५-२०३०)मा पूरा गर्न विश्वव्यापीरूपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मूल्याङ्कन गर्न २३२ सूचकहरू पनि तयार गरिएका छन्। जसमा दिगो विकास लक्ष्य नं.५ ले ६वटा परिमाणात्मक लक्ष्य सहित सबै महिला, किशोरी र बालिकाहरूलाई सशक्त बनाई लैङ्गिक समानता हासिल गर्ने लक्ष्य लिएको छ। उक्त लक्ष्य अन्तर्गत सूचक ५.५.४ मा बेतलबी हेरचाह र घरेलु कामको पहिचान र मूल्याङ्कन गर्ने क्रमशः घरेलु काम बिताएको समय तथा घरेलु काममा महिला र पुरुषको सहभागिताको अनुपातलाई मध्यनजर गर्दै मूल्याङ्कन र आर्थिक मापन गर्दै लैजाने समेतको उद्देश्य राखिएको छ। यसका साथै महिला विरुद्ध हुने सबै कासिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW, 1979) को लागि नेपालको ७औं आवधिक प्रतिवेदन उपर सिड कमिटिबाट प्राप्त निष्कर्ष र सुझावमा उल्लेख गरिएको नं.३९ को ख रोजगारीको शिर्षककमा पनि वृद्धवृद्धाहरूका लागि, बाल हेरचाह सुबिधा र सेवाहरू प्रदान गरेर महिलाहरूमा रहेको बेतलबी हेरचाह कार्यको भार पहिचान गर्ने घटाउने र पुनर्वितरण गर्ने पारिवारिक व्यवसायमा कार्यरत महिलाहरूलाई पर्याप्त पारिश्रमिक दिने र सामाजिक सुरक्षा योजनाहरूमा पँहुच दिने कुरा सुनिश्चित गर्ने कुरा गरिएको छ। १६औ योजनाको परिमाणात्मक लक्ष्यमा श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर २६.३%(आ.व.२०७९/८०) देखि ३५% (आ.व.२०८५/८६) को लक्ष्य राखिएको हुँदा नेपालमा महिलाहरूको विशेषगरी बेतलबी घरेलु हेरचाह तथा स्याहार सुसार कामकाजको अवस्था तथा सोको आर्थिक मापन गर्ने हेतुले सरकारी निकाय (G to G) मार्फत त्रिभुवन विश्वविद्यालय, श्रम अध्ययन स्नातकोत्तर कार्यक्रमद्वारा यस अध्ययन सम्पन्न गरिएको छ।

### ६.१.२ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य लैङ्गिक समानता हासिल गर्न सबै महिला र बालिकालाई सशक्त बनाउने तथा महिलाको आर्थिक सशक्तीकरण हकहित एंव समानताको प्रवर्द्धनका लागि महिलाको विशेष गरी बेतलबी घरेलु तथा हेरचाह कार्यको आर्थिक मापनको मापदण्ड पहिचान गर्ने र सो को लागि चाल्नुपर्ने कदमका बारेमा पृष्ठपोषण गर्नु रहेको छ।समग्रमा यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्नलिखित रहेका छन्।

- बेतलबी घरेलु हेरचाह तथा स्याहारसुसार कामकाजमा रहेका महिलाको कामकाजमा खर्च भएको समयको मूल्याङ्कन गर्नु,

- परिवारमा महिला र पुरुषको घरेलु तथा बेतलबी कामकाजको अनुपातको अवस्था तथा सो कामकाजमा बिताएको समयको आर्थिक मापनका पक्षहरूको अध्ययन गर्नु,
- महिलाको विशेष गरी बेतलबी घरेलु हेरचाह तथा स्याहारसुसार सम्बन्धी आवश्यक नीति कानुन सुधारका लागि सिफारिस सहितको प्रतिवेदन तयार गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## ६.१.३ अध्ययन विधि

प्रस्तुत विषयको अध्ययनमा समानान्तर मिश्रित अनुसन्धान डिजाइन(Mixed Method Design) प्रयोग गरिको यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै स्रोतबाट सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन तथा विश्लेषण गरिएको छ ।प्राथमिक तथ्याङ्क प्रत्यक्ष अन्तर्वार्ता, लक्षित समूह छलफल (FGD), मुख्य सूचनादाता अन्तरवार्ता (KII), विशेषज्ञ परामर्श तथा केस अध्ययनमार्फत संकलन गरिएको छ।द्वितीय तथ्याङ्कका लागि राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय जीवनस्तर सर्वेक्षण २०८० तथा विभिन्न नीति तथा कानुन र प्रतिवेदनहरूको प्रयोग गरिएको छ।अध्ययनका लागि Cluster Sampling विधि प्रयोग गरी ४२८ घरपरिवारलाई मधेश, बाग्मती, कर्णाली र सुदुरपश्चिम प्रदेशका विभिन्न स्थानीय तह तथा काठमाडौं महानगरपालिकाबाट नमुनाका रूपमा छनौट गरिएको छ।बेतलबी घरेलु तथा हेरचाह कार्यको आर्थिक मूल्याङ्कन गर्न अध्ययनले प्रतिस्थापन लागत विधि (Replacement Cost Method) र अवसर लागत विधि (Opportunity Cost Method) प्रयोग गरिएको छ।पहिलो विधिले घरयासी तथा हेरचाह कार्यलाई बजारमा श्रमिक राखेर गराउदा लाग्ने खर्चको आधारमा मूल्य निर्धारण गर्छ भने दोस्रो विधिले महिलाले घरेलु कार्यमा खर्च घरेको समय अन्य आयआर्जनमूलक कार्यमा लगाएको भए प्राप्त हुन सक्ने " आर्जन गर्न सकिने सम्भावित आम्दानी"को आधारमा मूल्ङ्याङ्कन गर्छ।

## ६.१.४ उपलब्धि

बेतलबी घरेलु तथा हेरचाह कार्य (Unpaid Domestic and Care Work) परिवार, समुदाय तथा समग्र अर्थतन्त्र सञ्चालनको आधारभूत पक्ष भए तापनि यसको आर्थिक, सामाजिक तथा नीतिगत मान्यता अपेक्षाकृत सिमित रहेको छ। विशेषतः खाना पकाउने, बालबालिकाको हेरचाह, वृद्ध तथा बिरामीको स्याहार, घर व्यवस्थापन तथा भावनात्मक समर्थन जस्ता कार्यहरू प्रायः महिलाले पारिश्रममिक बिना निर्वाह गरेका छन्। यस्ता कार्यहरूले श्रमशक्ति पुनरूत्पादन, मानव विकास तथा सामाजिक कल्याणमा महत्वपूर्ण योगदान पुर्‍याय पनि राष्ट्रिय आय गणना प्रणाली तथा औपचारिक आर्थिक मापनमा पर्याप्त रूपमा समेट्एका छैनन्।यस अध्ययनले महिलामाथि रहेको असमान हेरचाहको भार, समय गरिबी, आर्थिक निर्भरता तथा श्रम बजारबाट हुने बहिष्करणको विश्लेषण गरि लैङ्गिक समानता प्रवर्द्धनमा सहयोग पुर्याउने उद्देश्य रहेको छ र यस अध्ययनबाट प्राप्त उपलब्धिहरू यस प्रकारका रहेका छन्ः

- अध्ययनका अनुसार महिलाले दैनिक औसत ५.९ घण्टा बेतलबी घरेलु तथा हेरचाह कार्यमा खर्च गर्ने गरेको पाइन्छ, जुन पुरुषको तुलनामा ३ गुणात्मक उल्लेखनीय रूपमा बढी रहेको छ। यसको परिणामस्वरूप महिलामा दोहोरो श्रमबोझ (Double burden) र समय गरिबी (Time Poverty) स्पष्ट रूपमा

देखिएको छ, जसले महिलाहरूको शिक्षा, स्वास्थ्य, नेतृत्व र श्रम बजारमा सहभागितालाई सिमित हुने गरेको देखिन्छ। यद्यपि महिलाको आर्थिक गतिविधिमा सहभागिता सामाजिक रूपमा स्वीकार्य हुँदै गएको भए पनि घरभित्रको श्रम बाँडफाँड र पुरुष सहभागिता सम्बन्धी सामाजिक मान्यता अझै कमजोर रहेको यस अध्ययनमा देखिएको,

- प्रतिस्थापन लागत विधिबाट गरिएको आर्थिक मूल्याङ्कनले महिलाले गर्ने बेतलबी घरेलु हेरचाह कार्यको आर्थिक योगदान अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ। समय उपयोग तथ्याङ्कका आधारमा महिलाले दैनिक औसत ५.९ घण्टा बेतलबी घरेलु तथा हेरचाह कार्यमा खर्च गर्दा त्यसको मासिक आर्थिक मूल्य रु.१७,०१८.७० बराबर हुने देखिन्छ भने पुरुषको मासिक योगदान रु.२,८८४.५० मात्र रहेको छ। यस अनुसार महिला-पुरुषबीचको मासिक मौद्रिक अन्तर रु.१४,१३४.२० रहेको देखिन्छ, जसले महिलाले परिवार र समाजका लागि उल्लेखनीय आर्थिक मूल्य बराबरको श्रम बिना पारिश्रमिक प्रदान गरिरहेको स्पष्ट गर्दछ। यद्यपि, यस्तो श्रम राष्ट्रिय आय लेखा प्रणाली तथा आर्थिक नीतिमा पर्याप्त रूपमा समावेश नभएकोले महिलाको वास्तविक आर्थिक योगदान अझै अदृश्य रहँदै आएको छ।
- अधिकाँश उत्तरदाताहरूले "घरको काम केवल महिलाको जिम्मेवारी हो" भन्ने परम्परागत धारणालाई अस्वीकार गरे तापनि व्यवहारिक स्तरमा अझै पनि "महिलामाथि नै घरायसी जिम्मेवारी रहने अपेक्षा बलियो रहेको। पुरुष घरायसी काममा सहभागी हुनुलाई पूर्ण रूपमा सामान्य मान्ने सामाजिक स्वीकार्यता दिमित रहेको देखिन्छ।
- नेपालमा महिलाको श्रम  योगदान अत्यन्त उच्च भए तापनि यसको आर्थिक र सामाजिक मूल्याङ्कन पर्याप्त रूपमा भएको छैन भन्ने तथ्य अध्ययनले स्पष्ट रूपमा देखाएको छ। यसले महिलालाई समय गरिबी र आर्थिक असमानताको चक्रमा राखेको छ। त्यसैले लैङ्गिक समानता हासिल गर्न केवल महिलाको आर्थिक सहभागिता पर्याप्त नभई घरभित्रको श्रम पुनःवितरण, पुरुष सहभागिता वृद्धि, सामाजिक मान्यताको रुपान्तरण तथा हेरचाह सेवासम्बन्धी संरचनागत सुधार अत्यावश्यक रहेको निष्कर्ष निकालिएको छ।

## ६.१.५ सुझाव

- मधेश, कर्णाली तथा शैक्षिक रूपमा पछाडि परेका अन्य क्षेत्रमा निरक्षता न्यूनीकरणका लागि लक्षित कार्यक्रम  विशेषगरी महिला, किशोरी तथा विद्यालय शिक्षाबाट वञ्चित वा विद्यालय छोडेका महिलाका लागि दोस्रो अवसर शिक्षा, प्रौढ शिक्षा, छात्रवृत्ति, शैक्षिक सेतु कार्यक्रम तथा सीप पुनःप्रवेश कार्यक्रम सञ्चालन गरिनुपर्ने,
- महिलाले गर्ने बेतलबी घरेलु तथा हेरचाह कार्यलाई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने श्रमका रूपमा औपचारिक मान्यता प्रदान गर्दै यसको आर्थिक मूल्याङ्कन सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्नुपर्ने,
- नियमित रूपमा समय  उपयोग सर्वेक्षण (Time Use Survey) सञ्चलन गरी प्रतिस्थापन लागत विधि (Replacement Cost Method) तथा अवसर लागत विधि (Opportunity Cost Method)का आधारमा बेतलबी घरेलु तथा हेरचाह कार्यको आर्थिक मूल्य निर्धारण गर्ने प्रणाली विकास गर्न आवश्यक रहेको,

साथै संयुक्त राष्ट्र संघद्धारा सिफारिस गरिएको राष्ट्रिय लेखा प्रणाली (System of National Accounts-SNA) अन्तर्गतका कार्य तथा राष्ट्रिय लेखा प्रणालीबाहिर (Non-SNA) पर्ने कार्यहरूको स्पष्ट वर्गीकरणहरूलाई सर्वेक्षण प्रणालीमा समावेश गर्ने,

- एकै समयमा एकभन्दा बढी कार्य सम्पन्न गर्ने अवस्था तथा श्रमको सघनता (Labour Intensity) मापन गर्ने आधुनिक विधिहरूलाई पनि समय उपयोग सर्वेक्षण तथा तथ्याङ्क प्रणालीमा समावेश गरी बेतलबी घरेलु तथा हेरचाह कार्यको यथार्थपरक मापन र मूल्याङ्कन सुनिश्चित गर्ने,
- महिलाको श्रम बजारमा पँहुच, सहभागिता र निरन्तरता अभिवृद्धि गर्न सुरक्षित तथा लैङ्गिकमैत्री कार्य वातावरण, समान कामका लागि समान पारिश्रमिक, घरायसी तथा हेरचाहसम्बन्धी जिम्मेवारीलाई मध्यनजर गरी लचिलो कार्य व्यवस्था (flexible work arrangement), बाल हेरचाहमैत्री कार्यस्थल, मातृत्व तथा पितृत्व बिदा, स्तनपान कक्ष तथा कार्यस्थलमा बाल हेरचाह सेवा जस्ता परिवारमैत्री श्रम नितिहरू प्रभावकारी रूपमा कार्यन्वयन गरिनुपर्ने,
- महिलामाथि पर्ने बेतलबी कार्यको भार न्यूनीकरण गर्न बाल हेरचाह केन्द्र, ज्येष्ठ नागरिक हेरचाह सेवा सामुदायिक दिवा हेरचाह सेवा, अस्थायी राहत हेरचाह सेवा तथा हेरचाहकर्ताका लागि सहयोग सेवाहरूको विस्तार गरिनुपर्ने,
- घरेलु हेरचाह कार्य महिलाको मात्र दायित्व हो भन्ने परम्परागत सोच परिवर्तन गर्न पुरुष सहभागिता अभिवृद्धि गर्ने सामाजिक व्यव्हार परिवर्तन कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- प्रदेशगत सामाजिक-आर्थिक भिन्नतालाई मध्यनजर गर्दै स्थानीय आवश्यकता अनुसार लक्षित कार्यकर्म सञ्चालन गरिनुपर्ने जरुरी रहेको छ।

## ६.२ आयोगले प्रदान गरेका निःशुल्क कानुनी सहायता प्रभावकारिता र लैङ्गिक हिंसा सम्बन्धी मुद्दा कारवाहीको अवस्थाको अध्ययन

### ६.२.१ पृष्ठभुमीः

राष्ट्रिय महिला आयोगबाट हिंसा पीडित महिलालाई न्याय प्राप्तिका लागि अदालती प्रक्रियामा पहुँच पुर्याउने उद्देश्यले लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवाशुल्क/ अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यबिधि २०७८ को अधिनमा रही निःशुल्क कानुनी सहायता प्रदान गरिरहेको छ। उक्त कानुनी सहायता प्रदान गर्नकै लागि आयोगले कार्यबिधि निर्माण गरी २०७८ श्रावण देखि लागु गरेको देखिन्छ।आयोगले बिशेषतः हिंसा पीडित महिला तथा निजहरूमा आश्रित बालबालिकाहरूको घरेलु हिंसा, अंश, मानाचामल, सम्बन्ध बिच्छेद तथा नाता कायमका लागि कानुनी सहायता प्रदान गर्दै आएको छ।

आयोगले प्रदान गरेका कानुनी सहायताको प्रभावकारिता र लैङ्गिक हिंसा सम्बन्धी मुद्दा कारवाहीको अवस्थाको जानकारी तथा पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले आयोगले प्रदान गरेका कानुनी सहायताको प्रभावकारिता र लैङ्गिक हिंसा सम्बन्धी मुद्दा कारवाहीको अवस्थाको अध्ययन वार्षिक कार्यक्रम स्वीकृत

भएको थियो। उक्त वार्षिक स्वीकृत कार्यक्रमको कार्ययोजना अनुसार आयोगले प्रदान गरेका निःशुल्क कानुनी सहायताको प्रभावकारिता र लैङ्गिक हिंसा सम्बन्धी मुद्दा कारबाहीको अवस्थाको जानकारी तथा पृष्ठपोषण प्राप्त गर्नका लागि पीडित तथा प्रभावितहरूको मुद्दासँग प्रत्यक्ष सरोकार राख्ने अदालत, जिल्ला बार एसोसियसन, कानुनी सहायता प्रदायक संस्था तथा कानुन व्यवसायी, जिल्ला कानुनी सहायता समन्वय अधिकारी, जिल्ला प्रहरी कार्यालय, सुरक्षित आवासस्थल तथा पीडित स्वयंसँग सम्बन्धित जिल्लामा गएर अन्तर्वार्ता तथा अन्तर्क्रिया गरी सो सम्बन्धमा अध्ययन गर्ने र सोको प्रारम्भिक प्रतिवेदन तयार गरी आयोगमा सरोकारवाला निकायहरूसँग छलफल अन्तरक्रिया गरी लैङ्गिक हिंसा पीडित महिलाहरूलाई आयोगले प्रदान गर्दै आएको कानुनी सहायतालाई थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधार तथा प्रयासहरू सम्बन्धमा अन्तिम प्रतिवेदन तयार गर्ने र आगामी बर्षका लागि आयोगको नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा सुझाव दिने उद्देश्य रहेको थियो।

यसमा आयोगले प्रदान गरेको निःशुल्क कानुनी सहायताको माध्यमबाट पीडितले अदालती प्रकृयाबाट न्यायको अनुभूति गरे गरेनन् भन्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्नका लागि राष्ट्रिय महिला आयोगबाट वि. सं. २०७८ श्रावण देखि २०८२ असार मसान्त सम्मको अवधिमा आयोगबाट कानुनी सहायता प्राप्त गरेका सेवाग्राहीहरूलाई आधारमानी सो को प्रभावकारिता अध्ययन गर्न प्रस्तुत कार्यक्रमको उद्देश्य अनुरूप समिति गठन गर्ने गरी मिति २०८२।०९।३० मा आयोगबाट निर्णय भएको र पीडितसँग अन्तर्वार्ताका लागी तयार गरिएका प्रश्नावलीहरू आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा आयोगका सदस्यहरू समेतको समुपस्थितिमा बसेको आयोगले प्रदान गरेका निःशुल्क कानुनी सहायता प्रभावकारिता र लैङ्गिक हिंसा सम्बन्धी मुद्दा कारवाहीको अवस्थाको अध्ययनको तयारी बैठकबाट स्वीकृत भएको थियो।

उक्त अध्ययन कार्यक्रम सम्पन्न गर्नका लागी हिंसा पीडित महिलालाई निःशुल्क कानुनी सहायता प्रदान गर्नका लागि आयोगसँग सम्झौता गरेका कानुनी सहायता प्रदायक संस्था, पीडित तथा सहायता प्रदान गरिएका सम्बन्धित जिल्लाहरूको समेत सूची तयार गरिएको र सोही सूचीबाट नमूना छनौट गरीएको थियो भने कार्यक्रमको उद्देश्यअनुरूपको अध्ययन गर्नका लागि उजुरी तथा मुद्दा व्यवस्थापन शाखाका शाखा प्रमुखको संयोजकत्वमा ७ सदस्यीय समिति गठन भएको थियो।

यो अध्ययन गुणात्मक र परिमाणात्मक (Qualitative & Quantitative) विधि प्रयोग गरी गरिएको थियो। अध्ययनका लागि संबत् २०७८ श्रावण देखि संबत् २०८२ असार सम्ममा आयोगले कानुनी सहायता प्रदान गरेका महिला हरूलाई मुख्य सूचनादाता अन्तरवार्ता (KII) र वैतनिक वकिलहरू, नेपाल प्रहरीको महिला सेल, र कानुनी सहायता समितिका पदाधिकारीहरू, अदालत, सरकारी वकिल कार्यालय, अस्पताल स्थित एकद्वार संकट व्यवस्थापन केन्द्र, जिल्ला प्रशासन कार्यालय समेतको उपस्थितिमा सरोकारवालासँगको अन्तरक्रिया (Focused Group Discussion) सञ्चालन गरिएको थियो। मुख्य सूचनादाता अन्तरवार्ता (KII) को माध्यमबाट महिलाहरूले राष्ट्रिय महिला आयोगबाट कानुनी सहायता प्राप्त गरेतापनि मुद्दा दायर गरे/गरेनन्, मुद्दा दायर भइसकेपश्चात मुद्दा अन्तिम नहुँदासम्म मुद्दालाई निरन्तरता दिए/दिएनन्, आयोगले प्रदान गरेको कानुनी सहायताबाट निजहरूले न्यायको प्राप्त गरेको अनुभूति गरे /गरेनन् भन्ने सम्बन्धमा अध्ययन गरिएको थियो भने सरोकारवालासँगको अन्तरक्रिया (Focused Group Discussion) बाट हिंशा पीडित महिलाहरूलाई प्रदान गरिएको कानुनी सहायतामा विद्यमान रहेका समस्या तथा कानुनी सहायतालाई प्रभावकारी बनाउन

अबलम्बन गर्नुपर्ने उपायका बारेमा छलफल गरी निष्कर्ष निकालिएको थियो। अध्ययनबाट निशुल्क कानुनी सहायतामा निम्न मुख्य चुनौतीहरू रहेको पाइयो।

## ६.२.२ चुनौतीहरूः

**क)** **चेतनाको कमीः** बहुसंख्यक ग्रामीण र विपन्न महिलाहरूलाई राज्यले निःशुल्क वकिल र कानुनी सहायता दिन्छ भन्ने कुराको आधारभूत जानकारी नै नभएको पाइयो।

**ख)** **भौगोलिक र भौतिक पहुँचः** कानुनी सहायता केन्द्रहरू र अदालतहरू जिल्ला सदरमुकाममा मात्र तथा राष्ट्रिय महिला आयोग केन्द्रमा मात्र सीमित हुँदा ग्रामीण क्षेत्रका पीडितहरूका लागि सेवा लिन कठिन देखिएको छ। साथै, संवेदनशील मुद्दाहरू सम्हाल्न महिला वकिलहरूको संख्या अत्यन्तै न्यून रहेको पाइयो।

**ग)** **लुकेका खर्चहरू (Hidden Costs):** वकिलको शुल्क निःशुल्क भए तापनि स्थानीय तहबाट सिफारिस लिने प्रशासनिक झन्झट, बारम्बार अदालत आउँदा-जाँदा लाग्ने यातायात खर्च, र अदालती दस्तुर व्यहोर्न नसक्दा धेरै पीडितहरू मुद्दा बीचमै पछि हट्ने गरेको देखियो।

**घ)** **ढिलासुस्ती र असुरक्षाः** अदालती प्रक्रिया लामो र सुस्त हुनुका साथै मुद्दा चलिरहेको अवधिमा पीडित महिलाका लागि सुरक्षित आश्रयस्थल (Shelter) र उचित सुरक्षाको अभाव प्रमुख चुनौतीको रूपमा देखा परेको छ।

## ६.२.३ अध्ययनका सुझावहरू (Recommendation of the Study)

अध्ययनबाट प्राप्त उपलब्धिका आधारमा निकायगत निम्न सिफारिसहरू तल उल्लेख गरिएको छ।

### क) सुरक्षित आश्रयस्थलः

हिंसा पीडितका लागि रोजगारमूलक, आत्मनिर्भरउन्मुख, सीपमूलक तालिम सहितको व्यवस्था भएको सुरक्षित आवासस्थलको व्यवस्थापन गरिनुपर्छ। सुरक्षित आश्रयस्थल संवेदनशील, सुरक्षित, मर्यादित, पीडितमैत्री हुनुपर्छ। हिंसा पीडितमा आश्रित बालबालिकाको सर्वोत्तम हित, सुरक्षा र संरक्षण समेतको व्यवस्थापनको लागि समेत सुरक्षित आश्रयस्थललाई व्यवस्थित गर्नुपर्छ। प्रत्येक पालिकास्तरमा कम्तिमा एक सुरक्षित आश्रयस्थलको व्यवस्था गर्नुपर्छ। सम्बन्धित स्थानीय तहले सुरक्षित आश्रयस्थलको सम्पूर्ण व्यवस्थापन, अभिलेखन र नियमन गर्नुपर्छ। पीडित र प्रभावितलाई सामाजिक पुनःस्थापना र पुनःसामाजिकीकरणका लागि सहयोग गर्नुपर्छ।

### ख) स्थानीय तहः

स्थानीय तह हिंसा पीडितको व्यवस्थापन र संरक्षणको लागि यथेष्ठ बजेट र कार्यक्रमको व्यवस्था गर्नुपर्छ। हिंसा पीडितका लागि आवश्यक पर्ने विभिन्न सिफारिसहरू निःशुल्क(आर्थिक अवस्था कमजोर भएको सिफारिसपत्र, अस्थायी बसोबासको सिफारिसपत्र, नागरिकता प्रमाणपत्र बनाउनको लागी सिफारिसपत्र) घटना दर्ता तथा नाताप्रमाणित पत्र उपलब्ध गराउनुपर्छ। हिंसा पीडितको आर्थिक विकास र सशक्तीकरण

गर्न लैङ्गिक हिंसा निवारण कोषलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्छ। स्थानीय न्यायिक समितिले आफ्नो क्षेत्राधिकारभित्रको हिंसाजन्य उजुरीको सम्बन्धमा कारबाही गर्दा न्यायीक मेलमिलाप पद्धतिलाई जोड दिनुपर्छ। हिंसा पीडित र प्रभावितलाई पारिवारिक पुनःमिलन, सामाजिक पुनःस्थापना र पुनःसामाजिकीकरणका विषयलाई प्राथमिता दिई कार्य गर्नुपर्छ। प्रत्येक वडास्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ।(हिंसाको प्रकार, कारण, हिंसा भएमा उपचार प्रदान गर्ने निकाय, उपचारको प्रकृया, हिंसा पीडितले प्राप्त गर्ने सक्ने सेवा/सुविधा समेतका बारेमा)। स्थानीय तह पीडित मैत्री तथा लैङ्गिक मैत्री हुनु जरुरी छ।

### ग) एकद्वार संकट व्यवस्थापन केन्द्रः

हिंसा पीडितलाई निरन्तर उपचारात्मक(शारिरिक/मनोसामाजिक) सेवा प्रदान गर्नुपर्छ। आर्थिक, शारिरिक, यौनजन्य र मानसिक हिंसा लगायत सबै किसिमका हिंसाको परिक्षण गरि प्रतिवेदन सुरक्षित गर्नुपर्ने र पीडितलाई कानुनी प्रकृयामा अगाडी बढाउन वा कानुनी परामर्शका लागि सम्बन्धित निकायमा (जिल्ला कानुनी सहायता समितिमा आवद्ध निकाय)प्रभावकारी  रेफरल सम्बन्धी कार्य गर्नुपर्छ।

### घ) प्रहरी कार्यालयः

कार्यालयमा प्राप्त भएका हिंसाजन्य उजुरीका सम्बन्धमा तत्काल अनुसन्धान गर्ने, सम्बद्ध प्रमाणको तत्काल संकलन, सुरक्षण र परिक्षणको व्यवस्था मिलाउने, पीडित र प्रभावितलाई संवेदनशिलताबमोजिम सुरक्षा र संरक्षण निरन्तर प्रदान गर्ने व्यवस्था मिलाउनुपर्छ। अदालतबाट अन्तिम फैसला भई कार्यन्वयन सहजीकरणका लागि आएका विषय(मानाचामल भराउने, वण्डा चलन चलाउने लगायत) र अन्तरिम आदेश कार्यन्वयनका विषयमा प्राथमिकतासाथ कार्य गर्नुपर्छ। हिंसा निवारणको लागी प्रहरी र समुदाय साथसाथ कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्छ। मेलमिलाप हुनसक्ने प्रकृतिका उजुरी/निवेदनमा दुवै पक्षहरूको सर्वोत्तम हित हुनेगरि मेलमिलाप गराउन(मेलमिलापको एकीकृत ढाँचा अनुरूप), पारिवारिक पुनःमिलन गराउन प्राथमिकता दिनुपर्छ। मेलमिलाप हुन नसकेका घरेलु हिंसाजन्य विषयका उजुरीलाई हदम्यादभित्र सम्पूर्ण प्रमाण(स्वाथ्य परिक्षण, घाँ जाँच केस फारम प्रतिवेदन लगायत) समेत संकलन र संलग्न गरि कानुनी प्रकृयाका लागि अदालत प्रेषित गर्नुपर्छ।

### ङ) अदालतः

हिंसाजन्य प्रकृति मुद्दालाई निरन्तर सुनुवाई गरिने मुद्दाको रूपमा कार्यन्वयन गर्नुपर्छ। अन्तरिम आदेश(उपचार, खर्च भराउने, घरमा सुरक्षित रूपमा बस्न पाउने, सुरक्षा र संरक्षण पाउने, क्षतिपूर्ति पाउने लगायत) माग भएका निवेदन/मुद्दामा तत्काल सुनुवाई गरि कार्यन्वयन गर्नुपर्छ। हिंसा पीडितको मुद्दामा प्रमाण संकलन र परिक्षणलाई प्राथमिकता दिनुपर्छ। सबै अदालतले मुद्दाको सुनुवाई, म्याद तामेली, साक्षी परिक्षण, तारेख व्यवस्थापनलाई अनलाइन प्रणालीमा आवद्ध गरि कार्यन्वयन गर्नुपर्छ। वैतनिक वकील सम्बन्धी व्यवस्थालाई प्रभावकारि, गुणस्तरीय र पहुँचयोग्य बनाउनुपर्छ। कानुन व्यवसायीबाट प्रदान गरिने

प्रोवोनो सेवालाई सूचीकृत, अभिलेखबद्ध गरी सेवा प्रदान गर्न प्रोत्साहित गर्नुपर्छ। अदालतले मुद्दाको प्रकृति, कार्यविधि, मुद्दा कारवाहीको अवस्था, अदालतले प्रदान गर्ने सेवा/सुविधाका विषयमा Pro-active भई सेवाग्राहीलाई जानकारी दिनुपर्छ।

**च) राष्ट्रिय महिला आयोगः**

आयोग केन्द्रीय स्तरमा मात्र रहेको हुँदा आयोगको सम्पर्क कार्यालय जिल्लास्तरमा व्यवस्था हुनुपर्छ। हिंसा पीडित र प्रभावितको उद्धार, संरक्षण र व्यवस्थापनमा आयोगले कार्य गर्नुपर्छ। हिंसा पीडित र प्रभावितको क्षेत्रमा कार्य गर्ने निकायहरू(एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षित आवासस्थल, प्रहरी कार्यालय, स्थानीय तह र न्यायीक समिति, गैरसरकारी संघसंस्था) को निरन्तर अनुगमन, निरीक्षण गर्ने नियामक भुमिकामा आयोग हुनुपर्छ। हिंसा निवारणलाई अभियानका रूपमा सञ्चालन गर्न सो क्षेत्रमा कार्य गर्ने सम्बद्ध सबै निकायसँगको साझा पहलमा समुदायस्तरमा कानुनी चेतना, जागरण सम्बन्धमा सचेतनामूलक कार्यक्रमको नेतृत्व आयोगले गर्नुपर्छ।

समग्रमा, अदालतबाट वैतनिक वकील मार्फत्, जिल्ला कानुनी सहायता अधिकारी मार्फत्, बार एसोसियसनबाट प्रोवोनो सेवा मार्फत्, प्रदेशमा प्रदेश कानुनी सहायता अधिकृत मार्फत् र हिंसा पीडित र प्रभावितका लागी राष्ट्रिय महिला आयोग मार्फत् निःशुल्क कानुनी सहायता प्रदान गरिरहेको देखिएको छ। सेवाप्रदायक निकाय अलग अलग भएतापनि सेवा प्राप्त गर्ने सेवाग्राही एकै भएको देखिन्छ। राज्यबाट प्रदान भएको निःशुल्क कानुनी सहायता छरिएर जाँदा सेवा प्रवाह चुस्त, छरितो र गुणस्तरीय नभएको भन्ने गुनासो पनि प्राप्त भएका छन्। यसको सुधारको लागी समग्र सेवा प्रणालीलाई नै एकीकृत प्रणालीमा आवद्ध गरि लैजानुपर्ने सुझाव प्राप्त भएको अवस्था छ।तसर्थ, एकीकृत प्रणाली मार्फत् निःशुल्क कानुनी सहायता प्रदान गर्दा स्रोतसाधनको दोहोरोपन रोक्न सकिने, सेवालाई चुस्त, छरितो, गुणस्तरीय बनाउन सकिन्छ। यसका लागी निःशुल्क कानुनी सहायताका लागी छुट्टै संयन्त्रको रूपमा विकास गर्नुपर्छ। निःशुल्क कानुनी सहायताका लागी आवश्यक संरचना, स्रोत, साधन, जनशक्ति र विद्यमान कानुनी व्यवस्था समेतलाई संशोधन, परिमार्जन गरी एकीकृत स्वरूपमा लैजानु आवश्यक भएको देखिन्छ।

## ६.२.४ निष्कर्षः

यस अध्ययनको समग्र विश्लेषणबाट के निष्कर्ष निकाल्न सकिन्छ भने नेपालको संविधान र कानुनले हिंसा पीडित तथा विपन्न महिलाहरूका लागि निःशुल्क कानुनी सहायताको बलियो व्यवस्था गरे तापनि व्यवहारमा यसको पूर्ण र प्रभावकारी कार्यन्वयन अझै चुनौतीपूर्ण रहेको छ। विशेष गरी समाजका सीमान्तकृत, ग्रामीण र आर्थिक रूपमा विपन्न महिलाहरूका लागि यो सेवा 'आकाशको फल' जस्तै बनेको देखिन्छ, किनकि बहुसंख्यक पीडित महिलाहरूलाई आफूले राज्यबाट निःशुल्क वकिल र कानुनी सहायता पाउन सक्छु भन्ने आधारभूत जानकारी नै छैन।अध्ययनले देखाए अनुसार, सेवा प्रवाह गर्ने निकायहरू (जस्तैः जिल्ला कानुनी सहायता समिति, वैतनिक वकिल र राष्ट्रिय महिला आयोग तथा विभिन्न गैरसरकारी संस्थाहरू) ले सीमित स्रोत-साधनका बावजुद सकारात्मक प्रयास गरिरहेका छन्। तथापि, अदालतको झन्झटिलो र लामो प्रक्रिया,

स्थानीय तहबाट सिफारिस लिनुपर्ने प्रशासनिक कठिनता, र यातायात तथा अदालती दस्तुर जस्ता लुकेका खर्चहरू (Hidden Costs) का कारण पीडित महिलाहरू न्यायको ढोकासम्म पुग्न सकिरहेका छैनन् वा मुद्दाको बीचमै प्रक्रिया छाड्न बाध्य छन्। वकिलको शुल्क निःशुल्क भए तापनि यातायात, कागजात फोटोकपी, प्रशासनिक सिफारिस र अदालती दस्तुर जस्ता खर्च व्यहोर्न नसक्दा धेरै पीडितहरू मुद्दा बीचमै छोड्न बाध्य छन्। साथै, संवेदनशील लैङ्गिक हिंसाका मुद्दाहरूमा आवश्यक पर्ने महिला वकिलहरूको न्यून संख्या र पर्याप्त मनोपरामर्श तथा सुरक्षित आश्रयस्थल (Shelter) को अभावले गर्दा पीडितहरू थप प्रताडित बन्ने गरेको पाइन्छ। निःशुल्क कानुनी सहायता सेवाहरू छरिएर रहेकाले सेवा प्रवाह चुस्त छैन। यसलाई थप प्रभावकारी बनाउन एकद्वार प्रणाली (One-Stop System) र एकीकृत कानुनी सहायता कोष आवश्यक देखिन्छ।

अन्ततः कानुनी सहायता केवल वकिल उपलब्ध गराउने कार्यमा मात्र सीमित हुनु हुँदैन। जबसम्म यस सेवालाई वडा र स्थानीय तहसम्म विस्तार गरिँदैन, प्रशासनिक प्रक्रियालाई पीडित-मैत्री र छरितो बनाइँदैन, र पीडितको सुरक्षा तथा पुनर्स्थापनाको ग्यारेन्टी गरिँदैन, तबसम्म निःशुल्क कानुनी सहायताको प्रभावकारिता वास्तविक रूपमा बढेर जान सक्दैन। राज्यका जिम्मेवार निकाय, अदालत, नेपाल प्रहरी र नागरिक समाजको एकीकृत एवं समन्वयात्मक प्रयासबाट मात्र हिंसा पीडित महिलाहरूले वास्तविक रूपमा "न्यायमा समान पहुँच" को अनुभूति गर्न सक्नेछन्।

# परिच्छेद ७
# पदाधिकारीबाट सम्पन्न भएको स्थलगत अनुगमन

**अदालत तथा निर्वाचन अधिकृतको कार्यालय अनुगमनः**

| सि.नं | मिति | जिल्ला | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | ८।१५ | डोल्पा | मा.अध्यक्ष कमला कुमारी पराजुली | लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरू, तिनको हालको अवस्था, सम्पादित काम-कारबाही र विद्यमान चुनौती। निर्वाचन आचारसंहिता र लक्षित वर्ग संरक्षण, चुनावमा महिला वृद्ध वृद्धा अपाङ्गता लगायत Weaker Section को सम्वन्धमा गरिएको व्यवस्था, सम्पादन भइरहेका काम-कारवाही, महिलाहरूको अवस्था त्यँहा रहेका चुनौती |
| २ | ११।१३ | सुनसरी | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ३ | ११।१३ | मोरङ | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ४ | ८।९ | झापा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ५ | ११।१४ | महोत्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ६ | ११।१७ | सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ७ | १२।२ | उदयपुर | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ८ | ११।८ | नुवाकोट | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ९ | ११।९ | रसुवा | मा.सदस्य साबित्रा कुमारी शर्मा | |

**निष्कर्ष तथा सुझावहरूः**

- ✓ हिंसा न्यूनीकरण र कानुनी साक्षरता अभिवृद्धिका लागि विद्यालय तथा समुदाय स्तरमा व्यापक सचेतना र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।
- ✓ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती र सुत्केरी महिलाहरूका लागि छुट्टै प्राथमिकता लाइन, ह्विलचेयरमैत्री र्‍याम्प (Ramp) तथा बस्ने र पिउने पानीको उचित प्रबन्ध मिलाउनुपर्छ।
- ✓ दृष्टिविहीन वा शारीरिक रूपमा अशक्त मतदातालाई कुनै पनि बाह्य प्रभाव वा दवावबिना आफ्नो इच्छाअनुसार विश्वसनीय सहयोगी वा तोकिएको प्रक्रियामार्फत पूर्ण रूपमा गोप्य मतदान गर्ने वातावरण सुनिश्चित गर्नुपर्छ।
- ✓ लक्षित वर्गलाई हुन सक्ने धम्की, प्रलोभन वा बाधा-अवरोधलाई रोक्न मतदान केन्द्रभित्र र वरपर भयरहित, संवेदनशील र सुरक्षित वातावरण कायम गरी नियमित अनुगमन गर्नुपर्छ।

**सरकारी कार्यालय (जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय कार्यालय) अनुगमनः**

| सि.नं | मिति | जिल्ला | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | ५।१ | नुवाकोट | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | जिम्मेवार निकाय, सरकारी/गैरसरकारी संस्था र सुरक्षा निकायको प्रतिबद्धतासहित |
| २ | ५।३ | धादिङ | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |

| सि.नं | मिति | जिल्ला | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| ३ | ५।३ | धादिङ | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | सरोकारवालाहरूबिच छलफल गर्दै घरेलु हिंसा, जबरजस्ती करणी, मानव बेचबिखन, लागुऔषध ओसारपसार, आत्महत्या, सम्बन्ध विच्छेद, नागरिकता-जन्मदर्ता समस्या र हानिकारक सामाजिक प्रचलनहरू न्यूनीकरण गर्न तथा OCMC, Safe House, १६ दिने अभियान जस्ता असल अभ्यास र सेवा प्रवाहलाई सुदृढ बनाउँदै महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा, लैङ्गिक न्याय, महिलामैत्री एवम् समावेशी निर्वाचन व्यवस्थापन र समग्र सशक्तीकरणका चुनौती |
| ४ | १२।८ | पर्सा | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ५ | १२।९ | बारा | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ६ | ८।१५ | डोल्पा | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ७ | ८।१७ | रुकुम पश्चिम | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ८ | १०।६ | नवलपरासी पश्चिम | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ९ | ११।१२ | मोरङ | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| १० | ८।९ | झापा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ११ | ८।१२ | मोरङ | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १२ | ११।८ | पर्सा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १३ | ११।८ | बारा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १४ | १।६ | दोलखा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १५ | १।७ | रामेछाप | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १६ | १।२० | ताप्लेजुङ | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १७ | १।२१ | तेह्रथुम | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १८ | ६।१० | महोत्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| १९ | ९।२ | रौतहट | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २० | ९।३ | सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २१ | ११।१४ | महोत्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २२ | ११।१७ | सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २३ | १२।९ | सप्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २४ | १।२० | रसुवा | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २५ | १।२२ | नुवाकोट | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २६ | २।१९ | पर्सा | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २७ | २।१९ | बारा | मा.सदस्य विद्या कुमारी सिन्हा | |

| सि.नं | मिति | जिल्ला | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| २८ | २।१९ | सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २९ | ३।१४ | रामेछाप | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ३० | ३।१५ | दोलखा | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ३१ | ४।२९ | स्याङ्जा | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३२ | ४।२९ | स्याङ्जा | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३३ | ४।३० | पर्वत | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३४ | ४।३० | पर्वत | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३५ | ९।२९ | कपिलवस्तु | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३६ | ९।२९ | कपिलवस्तु | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३७ | १०।१ | रूपन्देही | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३८ | १०।१ | रूपन्देही | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३९ | ११।८ | नुवाकोट | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४० | ११।८ | नुवाकोट | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४१ | ११।९ | रसुवा | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४२ | १२।१ | सिन्धुली | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४३ | १२।१ | सिन्धुली | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४४ | १२।२ | उदयपुर | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४५ | १२।२ | उदयपुर | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४६ | ३।८ | बर्दिया | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ४७ | ३।८ | बर्दिया | मा.सदस्य साबित्रा कुमारी शर्मा | |

**निष्कर्ष तथा सुझावहरू:**

- ✓ वडा तथा दुर्गम क्षेत्रमा नियमित सचेतना र प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै ११४५ निःशुल्क हेल्पलाइन, OCMC सेवा, फोकल पर्सनको विवरण र सामाजिक सञ्जालको सही प्रयोगबारे व्यापक प्रचारप्रसार गर्नुपर्छ।
- ✓ हिंसा नियन्त्रण र लक्षित वर्गका लागि वडा स्तरमा छुट्टै बजेट व्यवस्थापन गरी मनोसामाजिक परामर्शकर्ताको पदपूर्ति गर्ने, न्यायिक समितिको क्षमता बढाउने, सरकार, प्रहरी र गैससबीच समन्वय अभिवृद्धि गर्ने तथा उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने नीति लिनुपर्छ।
- ✓ OCMC को भौतिक संरचना विस्तार र पर्याप्त जनशक्तिको व्यवस्था गर्दै यसलाई थप सक्षम र प्रभावकारी बनाउन नियमित बैठक तथा समन्वयात्मक पहलहरू सञ्चालन गर्नुपर्छ।

- ✓ नि:शुल्क कानुनी सहायता, आमाको नामबाट नागरिकता र सरलीकृत कागजात प्रक्रियामार्फत राज्यका सुविधा पहुँचयोग्य बनाउँदै उजुरी दर्ता, छिटो न्याय, कुलिङ पिरियड (cooling period) तथा जारी प्रथा र अवैध भ्रूण पहिचान विरुद्ध कठोर कानुनी कारबाही सुनिश्चित गर्नुपर्छ।
- ✓ मदिरा नियन्त्रण, किशोरी सुरक्षा, पीडकको सामाजिक बहिष्कार, एकल महिला सुरक्षा कोष स्थापना र तालिम तथा उद्यमशीलतामार्फत महिलाको आर्थिक सशक्तीकरण गरी घरेलु हिंसा नियन्त्रण गर्नुपर्छ।
- ✓ मानव बेचबिखनमा शून्य सहनशीलता अपनाउँदै समुदाय-प्रहरी साझेदारीमार्फत शंकास्पदको निगरानी गर्ने र अन्तर्राष्ट्रिय सीमामा गस्तीलाई प्रभावकारी बनाउनुपर्छ।
- ✓ महिला, बालबालिका, ज्येष्ठ नागरिक र अशक्तको संवैधानिक तथा मानव अधिकार संरक्षण गर्दै निर्वाचनलाई समावेशी एवम् सुरक्षित बनाउन र छिटोछरितो पीडितमैत्री सेवाका लागि नियमित अनुगमन र निर्देशन दिनुपर्छ।

**कारागार कार्यालय अनुगमन:**

| सि.नं | मिति | जिल्ला | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | ५।३ | धादिङ | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | कारागारको भौतिक संरचना, सरसफाइ र समग्र व्यवस्थापकीय समस्याहरूको सुधार गर्दै कैदीबन्दीहरूको उमेर, समुदाय र अभियोगको आधारमा वर्गीकरण गरी उनीहरूका लागि सीपमूलक तालिम र क्षमता अभिवृद्धिका कार्यक्रमहरू |
| २ | ८।१५ | डोल्पा | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ३ | ८।१७ | रुकुम पश्चिम | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ४ | १०।६ | नवलपरासी पश्चिम | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ५ | ९।२ | रौतहट | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ६ | ९।३ | सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ७ | १२।९ | सप्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ८ | १।२१ | रसुवा | मा.सदस्य विद्या कुमारी सिन्हा | |

**निष्कर्ष तथा सुझावहरू:**

- ✓ मानसिक स्वास्थ्य तथा सकारात्मक सोच (Mental Health & Behavioral Well-being):
- ✓ कैदीबन्दीहरूमा सकारात्मक सोच र व्यवहार परिवर्तन ल्याउनका लागि मनोसामाजिक परामर्श, ध्यान र योगा जस्ता कार्यक्रमहरू नियमित रूपमा लागु गर्नुपर्छ।
- ✓ वर्गीकरण तथा भौतिक/मानवीय सुधार (Classification & Infrastructure Development):
- ✓ उमेर र अपराधको प्रकृतिअनुसार कैदीबन्दीहरूलाई छुट्टाछुट्टै राख्ने व्यवस्था गर्दै कारागारको भौतिक तथा मानवीय क्षमताको विकास गर्नुपर्छ।
- ✓ मानव अधिकार तथा सुरक्षा (Human Rights & Basic Protection):

✓ कैदीबन्दीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षा सुनिश्चित गर्दै उनीहरूका नैसर्गिक मानव अधिकारको पूर्ण संरक्षण गर्नुपर्छ।

✓ आयआर्जन, सिर्जनशीलता तथा सचेतना (Skill Development & Outreach):

✓ किशोरी तथा महिला कैदीबन्दीहरूलाई लक्षित गरी सीपमूलक, आयमूलक र सिर्जनशील काममा संलग्न गराउनुका साथै विद्यालय तहमा समेत सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

**स्थानीय तहको अनुगमनः**

| सि.नं | मिति | संस्था | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | ५।१ | लिखु गा.पा. नुवाकोट | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | स्थानीय पालिका र न्यायिक समितिले महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रवाह गरेका सेवा-सुविधा, लैङ्गिक बजेट, भौतिक पूर्वाधार, काम-कारबाही र हिंसा रोकथामका असल अभ्यासहरूको समीक्षाहरू गर्दै हानिकारक सामाजिक प्रचलन, महिला हिंसा तथा न्यायमा पहुँचका चुनौतीहरूको सम्बोधन गरी लैङ्गिक न्याय र अधिकारको सुनिश्चितता |
| २ | ७।२७ | मन्थली न.पा. रामेछाप | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३ | १२।९ | कलैया उ.म.न.पा. बारा | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ४ | १२।९ | जितपुर सिमरा उ.म.न.पा. बारा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ५ | १।७ | मन्थली न.पा. रामेछाप | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ६ | ६।९ | लोहारपट्टी गा.पा. महोत्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ७ | ९।२ | गौर न.पा. रौतहट | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ८ | ४।२९ | अर्जुनचौपारी गा.पा. स्याङ्जा | मा.सदस्य साबित्रा कुमारी शर्मा | |

**निष्कर्ष तथा सुझावहरूः**

✓ न्यायिक समितिमा गुनासो दर्ता, अभिलेख, प्रतिवेदन र एकीकृत सूचना प्रणालीको चुस्त व्यवस्था गर्दै पारदर्शी उजुरी पेटिका सञ्चालन र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा व्यवस्थापन गर्नुपर्छ।

✓ महिलाहरूलाई राजनीतिक, आर्थिक र सामाजिक रूपमा सशक्त बनाउन सचेतना कार्यक्रम, व्यावसायिक तालिम र अनुदानमार्फत उद्यमी बनाई मूलप्रवाहीकरणका लागि नीतिगत पहल र समन्वय गर्नुपर्छ।

✓ सासू-ससुराको राम्रो हेरचाह गर्ने उत्कृष्ट छोरी-बुहारीलाई पुरस्कृत गर्ने र सम्पत्तिको प्रलोभनमा परी अभिभावकप्रतिको दायित्व पूरा नगर्ने सन्तानलाई अनुगमन गरी आवश्यक कारबाही गर्नुपर्छ।

✓ विद्यालय तथा समुदायमा बालबालिकाको स्थिति, हिंसा र दुर्व्यवहार भए-नभएको विषयमा नियमित रूपमा हरेक तीन महिनामा अनुगमन गरी हिंसा न्यूनीकरण गर्नुपर्छ।

**अस्पताल तथा OCMC अनुगमन:**

| सि.नं | मिति | संस्था | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | ५।१ | त्रिशूली अस्पताल, OCMC, नुवाकोट | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | भौतिक अवस्था, सेवाकक्ष, हिंसा पीडितहरूका लागि उपलब्ध सेवा सुविधाहरू, केश संख्या, जनशक्ति, बजेट व्यवस्थापन, प्रचारप्रसार र पहुँच विस्तार, मनोसामाजिक परामर्श, हिंसाजन्य घटनाहरू, समस्या तथा समाधान। |
| २ | ५।३ | OCMC धादिङ | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ३ | १२।८ | OCMC पर्सा | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ४ | १२।९ | प्रादेशिक अस्पताल कलैया, OCMC बारा | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ५ | ७।२७ | रामेछाप अस्पताल OCMC | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ६ | ८।१५ | जिल्ला अस्पताल, डोल्पा | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ७ | ८।१८ | OCMC सल्यान | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ८ | १०।६ | OCMC नवलपरासी पश्चिम | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ९ | ११।११ | विपि कोईराला चिकित्सा अध्ययन प्रतिष्ठान, OCMC सुनसरी | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| १० | ११।१२ | कोशी प्रादेशिक अस्पताल, OCMC मोरङ | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ११ | १।२१ | दमक अस्पताल OCMC झापा | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| १२ | ११।८ | OCMC पर्सा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १३ | १।२० | OCMC ताप्लेजुङ | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १४ | १।२१ | OCMC तेह्रथुम | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| १५ | ६।१२ | OCMC महोत्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| १६ | १२।९ | गजेन्द्र नारायण सिंह अस्पताल | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| १७ | ९।२ | OCMC सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| १८ | १।२१ | OCMC रसुवा | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| १९ | १।२२ | OCMC नुवाकोट | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २० | २।१९ | OCMC पर्सा | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २१ | २।१९ | OCMC बारा | मा.सदस्य विद्या कुमारी सिन्हा | |

| सि.नं | मिति | संस्था | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| २२ | ३।१५ | OCMC रामेछाप | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| २३ | ४।२९ | OCMC स्याङ्जा | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| २४ | ४।३० | OCMC पर्वत | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| २५ | ९।२९ | OCMC कपिलवस्तु | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| २६ | १०।१ | OCMC रूपन्देही | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| २७ | ११।८ | OCMC नुवाकोट | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| २८ | १२।१ | OCMC सिन्धुली | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| २९ | १२।२ | OCMC उदयपुर | मा.सदस्य साबित्रा कुमारी शर्मा | |
| ३० | ३।८ | OCMC बर्दिया | मा.सदस्य साबित्रा कुमारी शर्मा | |

**निष्कर्ष तथा सुझावहरू:**

- ✓ OCMC को प्रभावकारी सञ्चालनका लागि स्पष्ट कार्यविधि र कोषको स्थापना गर्दै पर्याप्त बजेटको व्यवस्थापन र पारदर्शी खर्चको प्रबन्ध गर्नुपर्छ।
- ✓ भौतिक संरचना सुधार, फरेन्सिक विज्ञसहितका आवश्यक जनशक्तिको दरबन्दी थप गरी २४ घण्टै सेवा, सुरक्षित गर्भपतन, गुणस्तरीय खाना, मनोसामाजिक परामर्श तथा औषधि पसलको नियमन सुनिश्चित गर्नुपर्छ।
- ✓ घरेलु हिंसा र बालविवाह नियन्त्रणका लागि विद्यालय तथा वडा स्तरमा सचेतना फैलाउँदै होर्डिङ बोर्ड, ११४५ हेल्पलाइन र सेवा लिने सहज माध्यममार्फत OCMC को प्रचारप्रसार तथा पहुँच विस्तार गर्नुपर्छ।
- ✓ अस्पतालहरूबीच सहज प्रेषण (referral) व्यवस्था मिलाई स्थानीय तह, प्रहरी-प्रशासन र न्यायिक निकायहरूसँग समन्वयात्मक रूपमा OCMC सेवालाई थप प्रभावकारी बनाउनुपर्छ।
- ✓ महिला हिंसा तथा OCMC को कार्यक्षेत्र स्पष्ट पार्दै फलोअप र नियमित रिपोर्टिङका लागि dedicated (समर्पित) सम्पर्क व्यक्ति तोक्नुपर्छ।
- ✓ पीडितहरूको तत्काल सुरक्षा र दीर्घकालीन पुनर्स्थापनाका लागि सुरक्षित गृह (Safe House) लाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ।

**सुरक्षित आश्रयस्थल अनुगमन:**

| सि.नं | मिति | संस्था | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | ५।१ | देविघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | आश्रयस्थल तथा ज्येष्ठ नागरिक आश्रमहरूको भौतिक पूर्वाधार, बजेट, |

| सि.नं | मिति | संस्था | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| २ | ५।३ | सहयात्री समाज नेपाल (सेफ हाउस), धादिङ | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | जनशक्ति व्यवस्थापन, वातावरणीय अवस्था र त्यहाँ भोग्नुपरेका समस्याहरूको समाधान गर्दै हिंसापीडित तथा ज्येष्ठ नागरिकहरूको सङ्ख्या, हिंसाको प्रकार र आवश्यकताका आधारमा उनीहरूलाई प्राप्त हुने सेवा, सुरक्षा र आवास सेवाको प्रभावकारिता |
| ३ | १०।६ | अल्पकालीन आश्रयस्थल जिल्ला सेवा केन्द्र, नवलपरासी पश्चिम | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ४ | १०।७ | मञ्जुश्री असहाय संरक्षण केन्द्र, चितवन | मा.अध्यक्ष कमला कुमारी पराजुली | |
| ५ | १२।११ | शान्ति महिला सेवा केन्द्र, सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |
| ६ | ९।२ | महिला सुरक्षा आवास, रौतहट | मा.सदस्य विद्या कुमारी सिन्हा | |

**निष्कर्ष तथा सुझावहरू:**

- ✓ स्थानीय तहको व्यवस्थापनमा जिल्ला स्तरमा सेफ हाउस र बाल संरक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन गरिनुपर्छ।
- ✓ आश्रयस्थलमा रहेका आश्रित व्यक्तिहरूका लागि सीपमूलक, आयआर्जन र क्षमता अभिवृद्धिका तालिमहरूको प्रबन्ध मिलाउनुपर्छ।
- ✓ ज्येष्ठ नागरिकका लागि पर्याप्त सुविधा र मैत्रीपूर्ण वातावरण मिलाउँदै स्थानीय तहबाट स्रोत व्यवस्थापन र प्रभावकारी सेवा प्रवाह गर्ने तथा संरक्षणयोग्य समस्या भएमा आयोगको हटलाइन ११४५ मा कल गर्नुपर्छ।
- ✓ आश्रितहरूको निरन्तर पारिवारिक मिलन गराउने व्यवस्था मिलाउनुका साथै अनुगमनकर्ताको विस्तृत विवरण र अभिलेख पुस्तिका सुरक्षित राखिनुपर्छ।

**तत्कालीन घटना अनुगमन:**

| सि नं | मिति | संस्था | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | १२।८ | एल्.एस्.न्यूरो एण्ड जेनेरल हस्पिटल, बारा | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | हरिकला सहनी माथि निजको श्रीमान विश्वनाथ सहनीको सांघातिक आक्रमण सम्बन्धमा |
| २ | १२।९ | पर्सागढी न.पा., पर्सा | मा.अध्यक्ष कमला कुमारी पराजुली र मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | |
| ३ | ८।- | बालकको उद्धार, पाँचथर | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | घरमा बन्धक बनाई राखिएको बच्चाको सम्बन्धमा |
| ४ | ८।११ | जनकपुरधाम, धनुषा | मा.सदस्य विद्या कुमारी सिन्हा | रोशनी झाको शंकास्पद मृत्यु सम्बन्धमा |

**निष्कर्ष तथा सुझावहरूः**

- ✓ शंकास्पद मृत्यु सम्बन्धमा प्रभावकारी अनुसन्धान र न्याय निरूपणका लागि समन्वय, सहयोग र सूचना प्रवाह गर्ने; अनुसन्धानमा परिवार र आफन्तसँग समेत जानकारी र शंकाको सुविधा उपयोग गर्ने।
- ✓ न्यायिक तथा प्रशासनिक व्यवस्थालाई पीडितमैत्री बनाउँदै पीडकमाथि अविलम्ब कानुनी कारबाही सुरु गरी पीडितलाई क्षतिपूर्तिसहितको न्याय सुनिश्चित गरिनुपर्छ।
- ✓ पीडितको शीघ्र निःशुल्क उपचार, सुरक्षा र हेरचाहको पूर्ण जिम्मेवारी सरकारी पक्ष तथा स्थानीय तहले लिनुपर्छ।
- ✓ हिंसा प्रभावित तथा आश्रित बालबालिकाको जन्मदर्ता, शिक्षा, संरक्षण र परिपालनाका लागि स्थानीय तहले आवश्यक समन्वय तथा सहजीकरण गर्नुपर्छ।
- ✓ पीडित महिलाको नागरिकता जस्ता कानुनी पहिचान दिलाउनुका साथै उनीहरूको थप उपचार, सुरक्षा, जीविकोपार्जन र पुनःस्थापनाका लागि स्थानीय तहले प्रभावकारी सहजीकरण र समन्वय गर्नुपर्छ।

**अन्य विविध अनुगमन तथा समन्वयः**

| सि.नं | मिति | संस्था | संलग्नता | विषयक्षेत्र |
|---|---|---|---|---|
| १ | ८।११ | नारी सञ्चार गृह र नेपाल पत्रकार महासंघ झापा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | सुरक्षित रूपमा आश्रित बालबालिका सम्बन्धमा |
| २ | ९।२४ | DR Memorial School, काठमाडौं | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | सीमा क्षेत्रको अवस्था सम्बन्धमा |
| ३ | १।६ | कालिञ्चोक मन्दिर व्यवस्थापन समिति, दोलखा | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | मन्दिर र महिलाको जीविकोपार्जन सम्बन्धमा |
| ४ | २।२३ | योगमाया नामको विश्वविद्यालय स्थापना, मोरङ | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | योगमायाको संस्मरण र सम्मान सम्बन्धमा |
| ५ | ६।१२ | भीठामोर सीमा क्षेत्र, महोत्तरी | मा.सदस्य विद्या कुमारी सिन्हा | सीमा क्षेत्रको अवस्था सम्बन्धमा |
| ६ | ९।३ | मलंगवा सीमा क्षेत्र, सर्लाही | मा.सदस्य विद्या कुमारी सिन्हा | |

**निष्कर्ष तथा सुझावहरूः**

- ✓ सीमा क्षेत्रमा समुदाय-प्रहरी गस्ती र निगरानी कडा पार्दै, २४ सै घण्टा सञ्चालन हुने सचेतना एवम् उद्धार कक्ष स्थापना गरी राष्ट्रिय महिला आयोग (हटलाइन ११४५), स्थानीय तह, र सीमापार निकायहरूसँग एकीकृत समन्वय र सहकार्य सुदृढ बनाउनुपर्छ।

- ✓ महिलाहरूले उत्पादन गरेका सल्लाको धूपबत्ती जस्ता स्थानीय सामग्रीको प्रवर्द्धन गर्दै उनीहरूको आयआर्जन वृद्धिका लागि स्थानीय तहले आवश्यक बजार व्यवस्थापन र पहुँचमा सहयोग पुर्याउनुपर्छ।
- ✓ आश्रयस्थलमा रहेका १०५ जना अनाथ बालबालिकाको हेरचाह, सुरक्षा र समग्र व्यवस्थापनलाई निरन्तर रूपमा प्रभावकारी र दिगो बनाइनुपर्छ।
- ✓ महिला तथा बालबालिकाको लैङ्गिक सुरक्षाका लागि स्थानीय तहबाट डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्दै साइबर सुरक्षा मापदण्ड लागु गर्ने र सहज एवम् सुरक्षित अनलाइन उजुरी (Reporting Portal) को व्यवस्था गर्नुपर्छ।

# परिच्छेद ८
# नीतिगत सिफारिस र कार्यन्वयनको अवस्था

## ८.१. आ. व. २०८२/०८३ मा भएको नीतिगत सिफारिस

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| १. | महिला बालबालिका र ज्येष्ठ नागरिक महिलाका समस्या सम्बोधन गर्न सहजताका लागि प्रत्येक जिल्लामा महिला बालबालिका सम्पर्क केन्द्र स्थापना गर्ने, | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय |
| २ | राष्ट्रिय महिला आयोगको पहुँच प्रदेश र स्थानीय तहसम्म पुर्याई सबै महिलालाई आयोगको सेवा पहुँच योग्य बनाउन आयोगको प्रदेश कार्यालय स्थापना गर्नु पर्ने,(CEDAW सातौं प्रतिवेदन निष्कर्ष सुझाव समेतबाट प्राप्त) | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय |
| ३ | राज्यको अन्तर्राष्ट्रिय दायित्व अन्तर्गत खासगरी CEDAW/UPR/SDGs का समितिहरूका प्रतिवेदन तयारीमा आवश्यक तथ्याङ्क/उपलब्धी/कार्यन्वयनको अवस्थाबारे अद्यावधिक गर्न सबै सम्बन्धित निकायबाट राष्ट्रिय महिला आयोगमा निरन्तर समन्वय गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय |
| ४ | हिंसा पीडित महिलाहरूको लागि प्रत्येक स्थानीय तहमा मनोसामाजिक परामर्श सहित आर्थिक सशक्तीकरणको लागि नीतिगत व्यवस्था गर्ने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>प्रदेश सरकार,<br>भूमि, सहकारी, सघीँय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ५ | महिला उद्यमशीलता सम्बन्धी  राष्ट्रिय नीति र कार्ययोजना तय गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार |
| ६ | अदालतमा लैङ्गिक हिंसाका मुद्दाको आधारमा वैतनिक वकिलको संख्या निर्धारण र व्यवस्था गर्नुपर्ने, | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ७ | नेपालको संबिधानमा महिलाको हक (धारा३८) संग बाझिएका कानुनहरूको परिमार्जन गरी एकीकृत कानुन निर्माण गर्ने। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| ८ | कृषिमा महिला सम्बन्धी राष्ट्रिय नीति तथा कार्य योजना तयार गर्ने, | कृषि वन तथा पर्यावरण मन्त्रालय |
| ९ | विभिन्न प्रहरी कार्यालयबाट सञ्चालित महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयमा न्यूनतम पनि एक जना महिला प्रहरी निरिक्षक र एक जना मनोसामाजिक विमर्शकर्ता व्यवस्था गर्ने | गृह मन्त्रालय |
| १० | बहुअपाङ्गता भएका महिलाहरूको पुनर्स्थापना तथा सामाजिक सुरक्षा व्यवस्था गर्ने, | गृह मन्त्रालय |
| ११ | वैदेशिक रोजगारीमा महिलाहरू संलग्न भएका र महिलाहरू विभिन्न हिंसामा परेका घटनाहरूको अनुभवका आधारमा वैदेशिक श्रम गन्तव्यलाई मर्यादित र सुरक्षित बनाउनुका साथै वैदेशिक रोजगारीमा जान चाहने महिलाका लागि सिप, तालिम, अभिमूखिकरण सहित सुरक्षित गन्तव्यका लागि श्रम गन्तव्यको पहिचान गरी सहजतापूर्वक जानसक्ने नीतिगत व्यवस्था गर्ने | परराष्ट्र मन्त्रालय |
| १२ | Gender Impact Assessment को मापदण्ड बनाई हरेक पुर्वाधार निर्माण गर्दा GIA अनिवार्य गराउनुपर्ने नीतिगत व्यवस्था गर्ने | पूर्वाधार विकास मन्त्रालय |
| १३ | विद्यमान एकल महिला सुरक्षाकोष मापदण्डमा समयसापेक्ष परिमार्जन गरी कोषको प्रभावकारी परिचालन मार्फत एकल महिलाको सशक्तीकरणको लागि नीतिगत व्यवस्था गर्ने | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक मन्त्रालय |
| १४ | महिलाको आर्थिक राजनैतिक सामाजिक साँस्कृतिक सशक्तीकरणका लागि संघ प्रदेश स्थानीय तहका सरकारले तर्जुमा गर्ने नीति ऐनका छलफलमा नियममा राष्ट्रिय महिला आयोगको सुझाव सिफारिस अनिवार्य गर्ने | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक मन्त्रालय |
| १५ | CEDAW निष्कर्ष सुझावमा लैङ्गिक हिंसालाई सहज बनाउने नयाँ प्रविधिहरू( साइवर आक्रमण, साइवरबुलिङ्ग, साइवर बेचविखन, आदि) रोक्न, सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नियमन गरी जवाफदेही बनाउन तथा अनलाइन उत्पिडनको न्यायका लागि राष्ट्रिय संयन्त्रहरू रहेको सुनिश्चित गर्ने र साइवर अपराध विरुद्धको संयुक्त राष्ट्र महासन्धि(२०२४) लाई अनुमोदन गर्ने सुझाव प्राप्त भएको हुँदा सो विषयलाई सम्बोधन गर्ने | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक मन्त्रालय<br>सूचना तथा सञ्चार मन्त्रालय |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| १६ | महिलाको अवैतनिक घरेलु स्याहार कार्यको पहिचान, मूल्याङ्कन र सम्बोधनको नितिगत व्यवस्था हुनु पर्ने | युवा, श्रम तथा रोजगार मन्त्रालय<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक मन्त्रालय |
| १७ | नेपाली सेनामा कार्यरत महिलाहरूको पदस्थापन र जिम्मेवारीको व्यवस्थापन सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी प्रचलित कानुनी व्यवस्थाको पूर्ण पालना हुने गरी मानव संशाधन व्यवस्थापन र अनुगमन सुनिश्चितताका लागि लैङ्गिक नीति बनाउने | रक्षा मन्त्रालय |
| १८ | किशोरी तथा महिलामाथि हुने जवरजस्ती करणी जस्तो जघन्य अपराधमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउनका लागि अपराधको सबुत प्रमाण संकलनम र परिक्षण सहजताका लागि प्रत्येक प्रदेशका प्रादेशिक अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्ने, | विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय,<br>स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय |
| १९ | ग्रामिण महिलाहरूलाई प्रविधिमा आवद्ध गरी आय आर्जनसंग जोड्नका लागि प्रविधिमा महिला सम्बन्धी  राष्ट्रिय नीति र राष्ट्रिय कार्य योजना बनाउने | विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय |
| २० | मदरसामा उपलब्ध हुने रकम तथा आर्थिक स्रोतको शिक्षा मन्त्रालयले अनुगमन गर्नुपर्ने तथा मदरसा शिक्षालाई पनि राष्ट्रिय शिक्षामा समावेश गरी लैजानुपर्ने। | शिक्षा तथा खेलकुद मन्त्रालय |
| २१ | विद्यालयको पाठ्यक्रममा कक्षा ६ देखि नै लैङ्गिक हिंसा,लैङ्गिक समानता,हानीकारक अभ्यास,महिला सशक्तीकरणजस्ता विषयहरूलाई समावेश गर्ने, | शिक्षा तथा खेलकुद मन्त्रालय |
| २२ | योगमायालाई राष्ट्रिय विभूति तथा योगमा स्मृति दिवसलाई राष्ट्रिय दिवसको रूपमा मनाउने निर्णयका लागि सिफारिस गर्ने । | संस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय |
| २३ | महिलाको बाझोपन तथा प्रजनन स्वास्थ्यलाई ध्यान दिँदै आई.भी.फ (In-Vitro Fertilization) लाई व्यविस्थित बनाउनको लागि उपयुक्त कानुनी तथा नीरिगत व्यवस्था गर्ने | स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय |
| २४ | प्रत्यक स्थानीय तहले प्रजनन उमेरका किशोरी तथा महिलाको यौन तथा प्रजनन् स्वास्थ्य सचेतनाका लागि नीतिगत व्यवस्ता गर्ने | स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| २५ | धेरै आत्महत्याका केसहरू वृद्धि भैरहेको सवालमा आत्महत्या न्यूनीकरणका लागि विविध कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्न तीन तहकै सरकारबाट मानसिक स्वास्थ्य सम्बन्धी सचेतना, अभिमुखिकरणका लागि नीतिगत व्यवस्था गर्ने | सबै प्रदेश |
| २६ | अवैध लिङ्ग परिक्षण केन्द्रहरूको पहिचान गरि त्यस्ता निकायहरूमा अनुगमन बढाउने तथा कानुनी कारबाहीको व्यवस्था गर्ने | प्रदेश सरकार |
| २७ | मधेश, कर्णाली तथा अन्य शैक्षिक रूपमा पछाडि परेका क्षेत्रमा निरक्षरता न्यूनीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनुपर्छ। महिलाहरू, विशेषतः किशोरी तथा विद्यालय छोडेका किशोरीका लागि दोस्रो अवसर शिक्षा, प्रौढ शिक्षा, छात्रवृत्ति, Bridge Course तथा Skill Re-entry Program जस्ता कार्यक्रम विस्तार गर्न आवश्यक छ। उच्च शिक्षामा महिलाको पहुँच अभिवृद्धि गर्न छात्रावास, छात्रवृत्ति तथा सुरक्षित शैक्षिक वातावरण सुनिश्चित गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय,<br>शिक्षा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>सबै प्रदेश |
| २८ | महिलाहरूले गर्ने बेतलबी घरेलु तथा हेरचाह कार्यलाई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने श्रमका रूपमा औपचारिक मान्यता दिँदै यसको आर्थिक मूल्याङ्कन गर्ने राष्ट्रिय नीति तर्जुमा गरिनुपर्छ। यसका लागि नियमित रूपमा Time Use Survey सञ्चालन गरी Replacement Cost Method तथा Opportunity Cost Method मार्फत घरेलु तथा हेरचाह श्रमको आर्थिक मूल्य निर्धारण गर्ने प्रणाली विकास गर्ने (*संयुक्त राष्ट्र सङ्घले सिफारिस गरेका SNA तथा non-SNA कार्यको वर्गीकरण र multitasking तथा श्रमको सघनता मापन गर्ने आधुनिक विधिहरू सर्वेक्षण प्रणालीमा समावेश गर्ने*) | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>अर्थ मन्त्रालय,<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय,<br>शिक्षा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>सबै प्रदेश |
| २९ | घरायसी तथा हेरचाहजन्य जिम्मेवारीहरूमा सीमित महिलाहरूलाई सीपमूलक तालिम, उद्यमशीलता विकास, सहुलियतपूर्ण ऋण, सहकारी तथा बजार पहुँचमार्फत आयमूलक गतिविधिमा सहभागी गराउने कार्यक्रम विस्तार | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>अर्थ मन्त्रालय,<br>महिला, बालबालिका, लैङ्गिक |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| | गरिनुपर्छ। महिलाको श्रम बजार सहभागिता बढाउन सुरक्षित कार्य वातावरण, समान पारिश्रमिक, महिलामाथिको घरेलु तथा हेरचाहसम्बन्धी जिम्मेवारीलाई मध्यनजर गर्दै लचिलो कार्य व्यवस्था (flexible work arrangement) तथा बालमैत्री कार्यस्थल (childcare-friendly workplace) सम्बन्धी व्यवस्थाहरू लागु गरि हेरचाह—संवेदनशील सामाजिक सुरक्षा तथा सामुदायिक सेवा विस्तार गर्ने | तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय,<br>शिक्षा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>सबै प्रदेश |
| ३० | महिलामाथिको हेरचाह कामको बोझ न्यूनीकरण गर्न बाल—हेरचाह केन्द्र (Childcare Centres), ज्येष्ठ नागरिक हेरचाह सेवा, सामुदायिक दिवा हेरचाह सेवा (daycare services), अस्थायी राहत हेरचाह सेवा (respite care)तथा हेरचाहकर्ता सहयोग सेवाहरू (caregiver support services) विस्तार गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>अर्थ मन्त्रालय,<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय,<br>शिक्षा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>सबै प्रदेश |
| ३१ | महिलाको नाममा घर—जग्गा दर्ता, उत्तराधिकार तथा सम्पत्ति बाँडफाँडमा समान पहुँच सुनिश्चित गर्न कर छुट, सेवा शुल्क सहुलियत तथा कानुनी सचेतना कार्यक्रम विस्तार गर्ने साथै महिलाको आर्थिक स्वायत्तता अभिवृद्धि गर्न सम्पत्ति तथा वित्तीय स्रोतमा पहुँचलाई प्राथमिकता दिने व्यवस्था गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>अर्थ मन्त्रालय,<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय,<br>शिक्षा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>सबै प्रदेश |
| ३२ | विशेषतः ग्रामीण तथा तराई क्षेत्रमा खानेपानी, स्वच्छ ऊर्जा तथा सरसफाइ सेवामा पहुँच विस्तार गरी महिलाको श्रम सघनता घटाउनुपर्छ। दाउरा प्रयोग गर्ने घरपरिवारलाई स्वच्छ ऊर्जा (clean cooking technology) मा रूपान्तरण गर्ने तथा घर नजिकै खानेपानी सुविधा विस्तार गर्ने कार्यक्रमलाई प्राथमिकता दिने | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,<br>अर्थ मन्त्रालय,<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय,<br>शिक्षा तथा खेलकुद मन्त्रालय, |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| | | राष्ट्रिय योजना आयोग,<br>सबै प्रदेश |
| ३३ | स्थानीय तहले हिंसा पीडितका लागि आवश्यक पर्ने विभिन्न सिफारिसहरू (आर्थिक अवस्था कमजोर भएको सिफारिसपत्र, अस्थायी बसोबासको सिफारिसपत्र, नागरिकता प्रमाणपत्र बनाउनको लागी सिफारिसपत्र) घटना दर्ता तथा नाताप्रमाणित पत्र निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्ने | भूमि, सहकारी, सँघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश सरकार |
| ३४ | जलवायु परिवर्तनले महिला र बालिकामा पर्ने प्रभावका सम्बन्धमा क्षति न्यूनीकरण र सचेतना सम्बन्धी प्रदेश र स्थानीय तहमा नीति बनाउने, | सबै प्रदेश |
| ३५ | निःशुल्क कानुनी सहायता प्रदान गर्नका लागि बनेका विद्यमान कानुनी व्यवस्थालाई एकीकृत कानुनी व्यवस्थामा लग्दै एकीकृत निःशुल्क कानुनी सहायता सम्बन्धी ऐन निर्माण गर्ने साथै निःशुल्क कानुनी सहायताका लागि आवश्यक स्रोत(बजेट) एकद्वार प्रणाली (कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट बिनियोजन हुनेगरी) मार्फत् व्यवस्थापन गर्नुपर्छ। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ३६ | मुलुकी देवानी संहिता २०७४ को दफा ८५ ले मानिस स्थायी रूपले बसोबास गरेको स्थानलाई निजको स्थायी ठेगाना मानिने व्यवस्था भएता पनि सोही ऐनको दफा ८७ले **"पति र पत्नीले आपसी समझदारीमा छुट्टै बासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको बासस्थान पतिको घरमा कायम भएको मानिने छ"** भन्ने व्यवस्थाले एकल महिला विधवा, श्रीमानसँग छुट्टिएर माइतीमा बसोबास गरिरहेका महिलालाई व्यक्तिगत घटना दर्ता गर्न, राष्ट्रिय परिचयपत्र, नागरिकता प्रमाणपत्र बनाउन कठीनाई उत्पन्न भएको हुँदा उल्लेखित कानुनी व्यवस्थाहरूमा आवश्यक संशोधन गर्ने,( उजुरी तथा मुद्दा व्यवस्थापन शाखामा आएको उजुरी तथा आयोगको निर्णय आ.व २०८१/०८२ मा वार्षिक स्वीकृत कार्यक्रम | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| | अन्तर्गत नेपालको संविधानको धारा ३८मा व्यवस्था भएका महिला सम्बन्धित अधिकारसँग प्रत्यक्ष सरोकार भएका कानुनहरूको संविधानका व्यवस्था अनुकुलताको अध्ययन) | |
| ३७ | ज्यान सम्बन्धी कसुर तथा जबरजस्ती करणीका मुद्दामा प्रतिवादीलाई धरौटी तारेखमा छोड्ने व्यवस्थामा कानुनी सूधार गर्नका लागि माग भएको देखिएको हुँदा अशक्त, अपाङ्गता महिला तथा बालबालिका पीडित तथा प्रभावित भएका मुद्दामा प्रतिवादीलाई धरौटी तारेखमा छोड्ने व्यवस्थामा थप संवेदनशील हुने भएकोले सो सम्बन्धमा विद्यमान नीतिगत तथा कानुनी व्यवस्थालाई पुनःविचार गर्न आवश्यक रहेको | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ३८ | निःशुल्क कानुनी सहायतालाई गुणस्तरीय बनाउन र सेवाग्राहीको पहुँच अभिवृद्धि गर्न जनसांख्यिकीय र भौगोलिक आधारमा सहायता प्राप्त गरेका सेवाग्राहीको लगत एकीकृत तथ्याँङ्क प्रणालीमा राख्दै सोको लागी एकीकृत सफ्टवेयर प्रणाली बनाइ लागु गर्ने, सेवाग्राहीलाई पर्ने प्रत्यक्ष खर्च(अदालती शुल्क, फैसला कार्यन्वयन गर्दा लाग्ने शुल्क, दर्ता दस्तुर) र अप्रत्यक्ष खर्च(यातायात खर्च, गाँस, बास र खाना खर्च) लाई व्यवस्थित गर्न विशेष कोष निर्माण गर्दै निःशुल्क कानुनी सेवा प्रदायक अधिकारी र कार्यालयको व्यवस्था गर्ने। निरन्तर अध्ययन, अनुगमन मुल्याङ्कनबाट प्राप्त पृष्ठपोषण अनुरूप निःशुल्क कानुनी सहायतालाई सुधार गर्दै लैजाने व्यवस्था गर्ने | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>महान्यायधिवक्ताको कार्यालय |
| ३९ | निःशुल्क कानुनी सहायता प्राप्त गरेका सेवाग्राहीका लागी आवश्यक पर्ने प्रत्यक्ष खर्च(अदालती शुल्क,फैसला कार्यन्वयन गर्दा लाग्ने शुल्क, दर्ता दस्तुर) र अप्रत्यक्ष खर्च(यातायात खर्च, गाँस, बास र खाना खर्च) लाई व्यवस्थित गर्न विशेष कोष निर्माण गरि सोबाट परिचालन गर्नुपर्छ। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>महान्यायधिवक्ताको कार्यालय,<br>सर्वोच्च अदालत |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| ४० | अदालतमा मुद्दा दर्ता भएपश्चात् तारेख लिनुपर्ने प्रावधान रहेको र सोको लागी सबै सेवाग्राहीको पहुँच नहुने हुँदा सबै तहका अदालतले घरबाटै अनलाइन तारेख लिन सकिने व्यवस्था गर्नुपर्ने वा निःशुल्क कानुनी सहायता प्रदान गर्ने अधिकारीले/निजको कानुन व्यवसायीले उक्त तारेख लिन सक्ने व्यवस्था हुनु आवश्यक रहेको देखिन्छ। प्रमाण बुझेपश्चात् तारेखमा बस्नु नपर्ने व्यवस्था कार्यन्वयन गरिनुपर्ने (मु.दे.क.सं.को दफा १३५(२)), भिडियो कन्फरेन्स मार्फत् साक्षी बुझ्न सकिने व्यवस्थालाई कार्यन्वयन गरिनुपर्ने(मु.दे.का.सं. को दफा १८२) देखिन्छ। यसका लागि पक्ष वा साक्षी सम्बन्धित वडा कार्यालयमा गई वडा अध्यक्षको रोहवरमा उपस्थित भएर भिडियो कन्फरेन्स मार्फत् प्रमाण बुझ्नु उपर्युक्त हुने देखिन्छ। | सर्वोच्च अदालत |
| ४१ | Live-in-Relationship बाट धेरै महिला हिंसामा पर्ने हुदाँ सोलाई नियमन गर्न आवश्यक कानुन निर्माण गर्नुपर्ने। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय |
| ४२ | बुबा र आमा सुचक भई बच्चाको जन्मदर्ता गराउने सम्बन्धमा बाबु बेपत्ता भएको अवस्थामा आमाले प्रहरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बिभेदकारी भएको र यसबाट धेरै बालबालिकाले जन्मदर्ता प्राप्त गर्न कठिनाई भएको हुँदा सो व्यवस्था संशोधन हुनुपर्ने। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ४३ | विवाहित महिलाले समेत बाबुको नामबाट नागरिकता प्रमाणपत्र लिन चाहेको अवस्थामा निजलाई बाबुकै वतनबाट नागरिकता प्रमाणपत्र लिने व्यवस्था गर्नुपर्ने। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ४४ | यौनजन्य हिंसा/जवरजस्ती करणीमा परेर पारिवारिक र सामाजिक रूपमा विस्थापित बालिका/किशोरी र महिलाको दिर्घकालीन पुनर्स्थापनाको नीतिगत व्यवस्था गर्ने | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>महान्यायाधिवक्ताको कार्यालय |

| क्र.स | सिफारिसको विवरण | सिफारिस गरिएको निकाय |
|---|---|---|
| ४५ | यौनजन्य हिंसा/जवरजस्तीकरणीमा परेर गर्भवती भई बच्चा जन्माउन बाध्य भएका बालिका तथा किशोरीको अध्ययन तथा अभिलेखन गरी त्यसरी जन्मिएका बच्चाको जन्मदर्ता(पहिचान), पालन-पोषण र शिक्षाको लागि राज्यले नीतिगत व्यवस्था गर्ने साथै त्यस्ता बालिका र किशोरीको पुनर्स्थापना, शिक्षा, सिप-तालिम र आर्थिक आत्मनिर्भरताका लागि नीतिगत व्यवस्था गर्ने | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>महान्यायाधिवक्ताको कार्यालय़ |

## ८.२. विगतमा गरिएका नीतिगत सिफारिसहरूको कार्यन्वयनको अवस्था

### १. गृह मन्त्रालय

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| १. प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट अभिवृद्धिका लागि लैङ्गिक न्यायसम्बन्धी कार्यक्रम वृद्धिमा जोड दिने, | गृह मन्त्रालयले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट अभिवृद्धिका लागि सुरक्षा निकाय र सम्बद्ध निकायहरूमा लैङ्गिक न्यायसम्बन्धी कार्यक्रम वृद्धिमा जोड दिएको छ। |
| २. वैदेशिक रोजगारीमा जान चाहनेहरू जो महिलाहरूमाथि विभिन्न प्रकारका हिंसा र दुर्व्यवहार गरेको जानकारी प्राप्त पश्चात विदेश जानबाट रोक लगाइदिने एवं दायित्व निर्वाह पश्चात मात्र फुकुवा गरिदिने व्यवस्थाका लागि कुनै आदेश तथा निर्देशनात्मक आधार तयार गरी सम्बन्धित निकायलाई जानकारी गराउने, | वैदेशिक रोजगारीमा जान चाहने महिलामाथि विभिन्न प्रकारका हिंसा र दुर्व्यवहार गरेको जानकारी प्राप्त भए पश्चात विदेश जानबाट रोक लगाइदिने एवं दायित्व निर्वाह पश्चात मात्र फुकुवा गरिदिने व्यवस्ताका लागि नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८२/०७/१३ को मा. मन्त्रीस्तरीय निर्णयबाट विगतका मापदण्डहरू खारेज गरी संक्षिप्त मापदण्ड बनाई पर्यटक भिसामा जाने नेपाली नागरिकका लागि सहज व्यवस्था गरिएको छ र प्रस्थान अनुमति रोक्काको लागि सरकारी/नियामक निकायबाट अध्यागमन विभागमा लेखी आएमा तत्कालै प्रस्थान अनुमति रोक्काको लागि नेपाली पोर्टमा कालोसूचीमा राखिने गरिएको छ। |
| ३. अदालतले हिंसा पीडित र प्रभावितका पक्षमा गरिदिएको फैसलाहरूको कार्यन्वयन प्रभावकारी बनाउन सुरक्षा निकायलाई उचित वातावरण तयार गरिदिने तथा स्रोत ,ज्ञान ,साधन , तालिम र अनुसन्धानको ,सीप | अदालतले हिंसा पीडित र प्रभावितका पक्षमा गरिदिएको फैसलाहरूको कार्यन्वयन प्रभावकारी बनाउनका लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयहरूमा अदालत समन्वय अधिकृत तोकिएको छ, जसले पीडितलाई क्षतिपूर्ति दिलाउनका लागि समन्वय गर्ने र भने फरार प्रतिवादीलाई कानुनी दायरामा ल्याउनको लागि अदालतमा रहेको फैसला कार्यन्वयन एकाईसँग समन्वय गरी न्यायिक प्रक्रिया छिटो छरितो बनाउन सहजीकरण भैरहेको छ। |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
| --- | --- |
| ,वृद्धि गर्ने दायरा | |
| ४. महिलाकिशोरी/हरूमा प्राकृतिक प्रकोपको प्रभाव र राज्यबाट प्राप्त राहत कार्याक्रममा महिलाको पँहुच सम्बन्धी खण्डितकृत तथ्याङ्क सङ्कलन गर्ने (CEDAW निष्कर्ष सुझावबाट प्राप्त) | महिला/किशोरीमा प्राकृतिक प्रकोपको प्रभाव र राज्यबाट प्राप्त राहत कार्यक्रममा महिलाको पँहुच सम्बन्धी तथयाङ्क सङ्कलन गर्ने कार्यको तयारी भईरहेको छ। यद्यपी खण्डिकृत तथ्याङ्क संकलन कार्य शुरुवाती चरणमा रहेको छ। |
| ५. आमा सूचक बनी नागरिकता बच्चाको जन्मदर्ता लगायतका सरकारी कामका लागि आवश्यक प्रमाण लाग्ने प्रमाणपत्रहरू सम्बन्धितलाई उपलब्ध गराउन सम्बन्धित निकायमा प्रक्रियागत ,गराउने/सरलीकरण गर्ने | आमा सूचक बनी नागरिकता, बच्चाको जन्म दर्ता लगायतका सरकारी कामका लागि आवश्यक प्रमाण लाग्ने कागजात निवेदकलाई उपलब्ध गराउन सम्बन्धित निकायमा प्रक्रियागत सरलीकरण गर्ने गराउने सम्बन्धमा देहायको व्यवस्था गरिएको:<br>•नेपाल नागरिकता ऐन, २०६३ को मिति २०८२/०६/०५ मा भएको दोस्रो संशोधनबाट देहायको प्रावधान अनुसार आमाको नामबाट नागरिकता प्राप्त हुने व्यवस्था भएको:<br>• दफा ३को उपदफा ५(क): नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा बसोबास गरेको बाबु सम्पर्क बिहीन भई बावु पहिचान हुन नसकेको अवस्थामा।<br>• दफा ५ को उपदफा (२): विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोरा छोरीको हकमा।<br>• दफा ५को उपदफा ५(क): बावु वा आमामध्य कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्काको नेपाली नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा सम्पर्क विहिन रहेको।<br>• दफा ५को उपदफा ५(ख): नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थुयी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको निजको आमाले स्वघोषणा गरेमा।<br>• दफा ८ (क) को उपदफा १ (क): कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा आमा बावुमध्य कुनै एकको नाम, थर र ठेगाना उल्लेख गर्न नचाहेको।<br>• दफा २२ (क): बाबु वा आमामध्य एकजना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचय वितरण।<br>•आमाको नामबाट नागरिकता प्रदान गर्न नेपाल नागरिकता ऐन |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| | २०६३ को दोस्रो संशोधनबाट भएको व्यवस्था बमोजिम नेपाल नागरिकता नियमावली, २०६३ मा मिति २०८२/०९/२१ मा चौथो संशोधन भएको।<br>•ऐन तथा नियमावलीको व्यवस्था बमोजिम आमाको नामबाट नागरिकता प्रदान गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरूबाट द्विविधा उत्पन्न भई निर्देशन माग भएको अवस्थामा विभिन्न समयमा निर्देशन मार्फत प्रक्रियागत सरलीकरण गर्ने गरिएको छ। त्यसैगरी विभीन्न सम्मानित अदालतबाट भएको आदेश फैसला समेत कार्यन्वयन गरिएको अवस्था छ। |
| ६. अनौपचारिक क्षेत्र जस्तै डान्स ) सैन्दर्य ,मसाज केन्द्र ,रेष्टुरेन्ट ,बार केन्‌द्रहरूमा कार्यरत (आदि , किशोरी तथा महिलाहरूको श्रमको उचित व्यवस्थापन तथा मर्यादित वातावरणका लागि कार्यविधि सहित सरोकारवाला निरन्तर अनुगमन , नियमन गरी सचेत र मर्यादित ,बनाउने | अनौपचारिक क्षेत्र (जस्तै डान्स बार, रेष्टुरेन्ट, मसाज केन्द्र, सौन्दर्य केन्द्रहरू, आदि) मा कार्यरत महिलाहरूको श्रमको उचित व्यवस्थापन तथा मर्यादित वातावरणका निर्माणका लागि गैरसरकारी संस्थाहरूसँगको समन्वयमा नियमित अनुगमन तथा पीडितहरूको उद्धार, संरक्षण तथा पुनस्थापना गर्दै आइरहेको छ। |
| ७.राष्ट्रिय महिला आयोगमा आउने पीडित तथा प्रभावितहरूको सुरक्षा तथा संरक्षणका लागि राष्ट्रिय महिला आयोगमै प्रहरी उपरिक्षकको नेतृत्वमा कम्तीमा ५ जनाको २४ घण्टे प्रहरी (सुरक्षा डेस्क) सेवाको- ,व्यवस्थापन गरिदिने | राष्ट्रिय महिला आयोगमा आउने पीडित तथा प्रभावितहरूको सुरक्षा तथा संरक्षणका लागि राष्ट्रिय महिला आयोगमा मिति २०७९/१०/०४ गतेबाट काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीबाट दुईजना महिला प्रहरी कर्मचारीहरूलाई खटाई पठाइएकोमा हाल खटिएको मधये एकजनाको अन्यत्र सरुवा भएकोले एकजना महिला प्रहरी कर्मचारी आयोगमा नै कार्यरत रहेको अवस्था छ। |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| ८. प्यारोल तथा सजाय छुटमा महिलाको सँख्या तथा महिलाको निवेदन न्यून रहेको हुँदा सजाय भोगिरहेका महिलालाई प्यारोल तथा सजाय छुटका विषयमा जानकारी गराउदैं महिलाको पँहुच अभिवृद्धि गराउनुपर्ने। | राष्ट्रिय महिला आयोगको सिफारिसअनुसार महिला कैदीबन्दीलाई प्यारोल तथा कैद सजाय छुट सम्बन्धी जानकारी र पँहुच अभिवृद्धि गर्ने विषयमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यन्वयन)ऐन, २०७४ तथा कारागार ऐन, २०७९ बमोजिम महिला र पुरुष दुवैले समान रूपमा उक्त सुविधा प्राप्त गर्ने कानुनी व्यवस्था रहेको छ। हालसम्म १७वटा प्यारोल बोर्डको बैठकबाट १०३ जना महिलाले प्यारोल सुविधा तथा आर्थिक वर्ष २०८३/०८३ मा ९ जना महिलाले कैद छुट सुविधा प्राप्त गरेका छन्। महिलाबाट निवेदन कम हुनुको मुख्य कारण कारागारमा महिला कैदीबन्दीको संख्या नै तुलनात्मक रूपमा न्यून हुनु हो। कुल २७,७५९ वन्दीहरू मध्य थुनुवा संख्या १०९०६ जना रहेको र कैदी १६८५९ जना रहेको मध्य महिला थुनुवा ६५७ जना र महिला कैदी ८७८ जना मात्र रहेको अवस्था छ। कारागार व्यवस्थापन विभागले सजाय भोगिरहेका महिलालाई प्यारोल तथा सजाय छुटका विषयमा सबै कारागारलाई महिलाको पँहुच अभिवृद्धि गराउन परिपत्र समेत गरेको छ। |

## २. विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| सबै प्रदेशमा प्रमाण संकलन, संरक्षण, भण्डारण तथा प्रयोगका लागि विधिविज्ञान प्रयोगशाला सञ्चालनमा ल्याउने। | सबै प्रदेशमा प्रमाण संकलन, भण्डारण तथा प्रयोगका लागि विधि विज्ञान प्रयोगशाला स्थापना तथा संकलन गर्ने नेपाल सरकारको नीति अनुसार आ.व.२०८२/०८३ सम्ममा बाग्मती प्रदेशको खुमलटार ललितपुरमा रहेको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (मुख्य कार्यालय) सहित पाँच प्रदेशहरू ( मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम)मा प्रयोगशाला सञ्चालन भईसकेकोमा सोहौं योजनाको आ.व २०८५/८६सम्म सातै प्रदेशमा विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्यक्रम अनुसार बाँकी दुई प्रदेशहरू (कोशी र गण्डकी) मा समेत उक्त अवधिमा विज्ञान प्रयोगशाला स्थापना गरी सञ्चालन गर्ने लक्ष्य रहेको छ। |

## ३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| १. हिंसा पीडित तथा अन्यायमा परेका महिलाको न्यायमा पँहुचका लागि निःशुल्क कानुनी सहायता, सरल र सहज कानुनी सहायता, शिघ्र कानुनी सहायताका लागि मन्त्रालयले व्यवहारगत समस्याहरूको संबोधन गर्ने सरलीकरण गर्ने, | जिल्ला कानुनी सहायता अधिकारी मार्फत प्रत्येक जिल्लामा कानुनी सहायता सेवा प्रवाह भइरहेको। यसले हिंसा पीडित तथा अन्यायमा परेका महिलाको न्यायमा पँहुच अभिवृद्धि भएको। गत आ.व. २०८२/८३ मा कूल सेवाग्राही ३४९३ जना हुनु भएकोमा महिला १०५२ रहनु भएको थियो। त्यसैगरी मन्त्रालयले गत आ.वमा ३वटा कानुनी सहायता सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको। |
| २. वैतनिक कानुन व्यवसायीहरूलाई लैंङ्गिक न्याय सम्बन्धी मुद्दाको लागि जिम्मेवार बनाउन विशेष अभिमुखिकरण र उत्प्रेरण जगाउने कार्य गर्ने, | यस मन्त्रालयको वार्षिक कार्यक्रम अन्तर्गत निःशुल्क कानुनी सहायता कार्यक्रममा विभिन्न सरोकारवालासँग छलफल गर्ने गरिएको छ। गत आर्थिक वर्षमा पनि जिल्ला कानुनी सहायता अधिकारीहरूलाई पनि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको। |
| ३. प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धि गरी लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई सम्बोधन गरिनुपर्ने, | लैङ्गिक उत्तरदायी बजेटका सिद्धान्तलाई वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा समावेश गर्दै कार्यन्वयन गरिएको तथा लैङ्गिक समानता तथा समावेशी शासनलाई प्रवर्द्धन गर्ने कानुन तथा नीतिगत व्यवस्थालाई सुदृढगर्ने कार्य निरन्तर भईरहेको। |
| ४. लैङ्गिक हिंसा सम्बन्धमा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गर्ने, | • रेडियो नेपालबाट कानुनका कुरा कार्यक्रम मार्फत लैङ्गिक हिंसा निवारण सम्बन्धी लगायतका विषयमा कार्यक्रमहरू प्रशारण गरिएको। गत आ.व मा ३८ वटा अंक प्रशारण गरिएको।<br>• विभिन्न शैक्षिक संस्थाहरूमा कानुनी विषयमा २वटा अन्तरक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको। |
| ५. अदालतमा लैङ्गिक हिंसाका मुद्दाको अनुपातिक आधारमा वैतनिक वकिलको संख्या निर्धारण गर्नुपर्ने | हाल सर्वोच्च अदालतमा २ जना उपसचिवस्तरका र बाँकी सबै अदालतमा अधिकृतस्तरका वैतनिक वकिलको व्यवस्थापन भएको। |
| ६. फैसला कार्यन्वयन क्रममा कार्यन्वयनको दरखास्त दर्ता गर्दा अदालती शुल्क(नपुग कोर्ट फि) दरखास्त दर्ता गर्दा सिफारिस प्राप्त भएको खण्डमा नलिफ दरखास्त दर्ता गरी कार्यन्वयनको काम कारबाही | हाल मुलुकी अपराध संहिता, २०७४ तथा मुलुकी देवानी संहिता, २०७४ सम्बन्धी कानुन संशोधन प्रक्रियामा रहेको र नागरिकको पृष्ठपोषणको लागि बेवसाइटमा राखिएको। |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| अगाडी बढाउनु पर्ने तथा कार्यन्वयनको कारबाही सकीसके पश्चात सम्बन्धित कार्यालयमा दा.खा दर्ता गर्ने क्रममा उक्त अदालती शुल्क असुल गरी दा.खा दर्ता को लागि दिन सकिने कानुनी व्यवस्था मिलाउनु पर्ने। | |

## ४. राष्ट्रिय योजना आयोग

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| १. राष्ट्रिय महिला आयोगको मुद्दा तथा उजुरी व्यवस्थापन ११४५ हेल्पलाइन सेवाको आन्तरिक मूल्याङ्कनको व्यवस्था गर्ने | कार्यन्वयनका लागि समन्वय भईरहेको। |
| २. लैङ्गिक उत्तरदायी शासन व्यवस्थाका लागि तँहा मन्त्रालयले स्थानीय तहसम्म लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारिता अध्ययन, मूल्याङ्कन र मूल्याङ्कन पश्चात अन्य निकायलाई सूसुचित गर्ने। | भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन एंव प्रतिवेदन प्रणालीमा लैङ्गिक मूलप्रवाहीकरण गरी **"ठुला आयोजना कार्यन्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८३"** मस्यौदा तयार गरी आयोगमा सरोकार निकाय र विज्ञसँग छलफल भइरहेको छ। |
| ३. बालिका, किशोरी तथा महिलाहरूले राष्ट्रिय तहमा गरेका जोखिमपूर्ण कार्यहरूलाई उजागर गरी अन्य जोखिममा रहेकाहरूको लागि साहस, उत्प्रेरण र मनोवल वृद्धि गर्ने नवितम योजना कार्यन्वयनमा ल्याउने। | बहुक्षेत्रिय पोषण योजना तेस्रो (MSNP-III) लाई उच्च प्राथमिकता दिँदै विषयगत मन्त्रालय, प्रदेश, स्तानीय तह र विकास साझेदारीसँगको समन्वयमा नगद अनुदान, सचेतना, वितरण जस्ता कार्यक्रम मार्फत कार्यन्वयन भइरहेको छ। यसै ढाँचा अन्तर्गत बालबालिका, किशोर-किशोरी, गर्भवती र सुत्केरी महिलाहरूलाई लक्षित गरी गर्भवती तथा सुत्केरी महिलाको पोषण सुधारका लागि आयआर्जनमा आधारित नगद अनुदान, सामाजिक व्यवहार परिवर्तन (SBC) सम्बन्धी सचेतना, र किशोरीहरूका लागि आइरन फोलिक एसिड (IFA) वितरण लगायतका प्राथमिकता प्राप्त कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यन्वयन भइरहेको छन्। |
| ४. सेवा प्रवाहको उच्च तहमा रहने महिला व्यवस्थापकहरूलाई नीति निर्माण तथा निर्णय प्रक्रियामा सहज | यस आयोगको कार्यप्रकृति अनुसार सोह्रौ योजना, कार्यन्वयन कार्ययोजना, मध्यमकालीन खर्च संरचना लगायतका सम्बन्धित दस्ताबेजहरूसँग मिलान गरी सम्बन्धित निकायसँग समन्वय |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| र स्वतन्त्र अधिकारको सहजीकरण व्यवस्था मिलाउने । | भईरहेको। |

## ५. सर्वोच्च अदालत

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| १. महिलाको सरोकारको विषयको लागि लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person) कार्यगत शर्त समेत तोकी व्यवस्था गरिनुपर्ने | सर्वोच्च अदालतमा महिला सरोकारको विषयको लागि एकजना लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छ। |
| २. अदालतमा लैङ्गिक हिंसाका मुद्दाको अनुपातिक आधारमा वैतनिक वकिलको संख्या निर्धारण गर्नुपर्ने | सर्वोच्च अदालतमा वैतनिक वकिलको संख्या दुई (२) रहेको र दुवैजना वैतनिक वकिल महिला रहनु भएको छ। |
| ३. लैङ्गिक न्याय, घरेलु हिंसा, महिला हिंसा, विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा तथा महिला माथि हुने दुर्व्यवहारका लगायतका हिंसाहरू सम्बोधनको लागि स्थानीय तहमा न्यायिक पँहुच (Judicial Outreach) पुग्ने गरी कानुनी साक्षरता अभिवृद्धि गर्ने | न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (२०८१/८२-२०८५/८६) को परिच्छेद ६ (न्यायमा पँहुच) अन्तर्गत रहेको रणनीतिक उद्देश्य नं. ६ मा *न्यायप्रणालीलाई लैङ्गिकमैत्री तथा सामाजिक रूपमा समावेशी बनाउने* उद्देश्य बमोजिम निरन्तर रूपमा *पीडित महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा पिछडिएका वर्ग र समुदायका सेवाग्राहीको न्यायमा पँहुच सुनिश्चित गर्न सो सम्बन्धी कार्यक्रम निर्माण गरी कार्यन्वयन गर्ने* कार्ययोजना रहेको छ। सोही बमोजिम सर्वोच्च अदालतको न्यायमा पँहुच आयोगद्धारा प्रदेश स्तरीय एंव जिल्ला स्तरीय कार्यक्रमहरू हुने गरेका छन्।<br>मिति २०८२/०५/२४ पश्चात देशको परिवेश बदलिएको अवस्थामा आ.व. २०८२/८३ मा न्यायमा पँहुच आयोगको वार्षिक कार्ययोजनाको कार्यन्वयनमा केही ढिलाई हुन गए तापनि ३ वटा प्रदेशमा लैङ्गिक न्यायका विषयवस्तु समेत समावेश गरी स्थानीय प्रतिनिधिहरूसँग अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिएका छन्।<br>अदालतको बजेट विनियोजन गर्दा प्रत्येक अदालतले न्यायिक पँहुच (Judicial Outreach) को शिर्षक अन्तर्गत समेत बजेट प्राप्त गर्दछ। यस शिर्षक अन्तर्गत हुने कार्यक्रमहरूमा लैङ्गिक न्याय सम्बन्धी विषयवस्तुहरू पनि समावेश गरिने गरेको छ। |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| ४. सबै अदालतमा दर्ता भएको/फैसला भएका लैङ्गिक हिंसा तथा महिला हिंसाका मुद्दाको खण्डिकृत तथ्याङ्क अभिलेख गर्ने | सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७६ (५) मा महिला विरुद्धको हिंसा सम्बन्धी मुद्दा, महिलावादी भई चलेका मानाचामल। सम्बन्ध विच्छेद, नाताकायम, अंश तथा घरेलु हिंसा समरतका मुद्दालाई इजलासमा प्राथमिकताका साथ पेश गर्ने प्रावधान रहेको छ।<br>अदालतमा मुद्दा दर्ता गर्दा अथवा मुद्दा दर्ता भएपछि महिलावादी मुद्दा भएमा सो व्यहोरा SYSTEM मै जनाइने हुछदा त्यसप्रकारका मुद्दाको अभिलेख रहनुका साथै सुनुवाईमा प्राथमिकता समेत प्राप्त गर्ने व्यवस्था रहेको छ।<br>आ.व. २०८२/८३ मा सर्बोच्च अदालतमा महिलावादी जनिई जम्मा २८थान मुद्दा विचाराधीन रहेकोमा ८ थान मुद्दामा फैसलासमेत भएको देखिन्छ । |

## ६. महान्यायाधिवक्ताको कार्यालय

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| १. महिलाको सरोकारको विषयको लागि लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person) कार्यक्षेत्रगत शर्त समेत तोकी व्यवस्था गरिनुपर्ने | महिलासँग सम्बन्धित विषयहरूमा समन्वय, सहजीकरण तथा लैङ्गिक दृष्टिकोणको मूलप्रवाहीकरण गर्ने उद्देश्यले यस कार्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरिएको छ। साथै चौथो पञ्चवर्षिय रणनीतिक योजनामा लैङ्गिक समानता, समावेशीकरण तथा पीडितमैत्री न्याय प्रवर्द्धनलाई संस्थागत रूपमा थप सुदृढ गर्ने कार्यक्रम समावेश गरिएको छ। |
| २. प्यारोल तथा सजाय छुट सम्बन्धी महिलाको पँहुच अभिवृद्धि सम्बन्धमा | यस कार्यालयबाट सजायमा छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८०को प्रभावकारी कार्यन्वयनका लागि सरकारी वकिल, अनुयसन्धान अधिकारी तथा सम्बन्धित सरोकारवालालाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। निर्देशिकाको कार्यन्वयनमार्फत कानुनबमोजिम योग्य कैदीबन्धी, विशेषगरि महिलाले समेत आफ्नो अधिकारबारे जानकारी प्राप्त गरी कानुन बमोजिम प्रक्रियामा पँहुच बढाउने कार्यलाई निरन्तरता दिइएको छ। साथै प्यारोलमा महिलाको पँहुच अभिवृद्धि गर्नका लागि समेत प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिएको छ। |
| ३.जिल्ला कानुनी सहायता समितिलाई स्थानीय तहसँग समन्वय गरी प्रभावकारी भूमिकाको व्यवस्था मिलाउनु पर्ने, | संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धीत निकायसँग आवश्यक समन्वय गरी पीडितको न्यायमा पँहुच अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। चौथो रणनीतिक योजना अन्तर्गत समेत समन्वय, साझेदारी तथा संस्थागत सहकार्यलाई सुदृढ गर्ने रणनीति अबलम्बन गरिएको छ। |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था |
|---|---|
| ४. लैङ्गिक हिंसा/यौनजन्य हिंसा/जवरजस्तीकरणी जस्ता सरकारवादी मुद्दाको अभियोजनको क्रममा पीडितमैत्री अवधारणा बारे अभिमुखीकरण गर्ने | महिला तथा लैङ्गिक हिंसासम्बन्धी मुद्दामा पीडितमैत्री अभियोजन प्रणालीलाई सुदृढ बनाउन अनुसन्धानदेखि अभियोजनसम्म संग्लन सरकारी वकिलहरूको क्षमता विकास, नियमित अभिमुखिकरण, अनुसन्धान अधिकारीसँग समन्वय तथा पीडितको सम्मान, गोपनियता र संवेदनशीलतालाई प्राथमिकता दिई अभियोजन कार्य सम्पादन गरिदै आएको छ। चौथो रणनीतिक योजनाले पनि वस्तुनिष्ठ, वैज्ञानिक प्रमाणमा आधारित तथा पीडित-साक्षी संरक्षणलाई प्राथमिकतामा राखेको छ। |

## ७. परराष्ट्र मन्त्रालय

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था | प्रगति कैफियत |
|---|---|---|
| प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धिका लागि महिला पँहुचयोग्य कार्यक्रम सञ्चालन गर्ने | • आँशिक रूपमा कार्यन्वयन भएको। (सिफारिस परराष्ट्र मन्त्रालयको कार्य प्रकृति भन्दा फरक प्रकारको भएको) | • मन्त्रालयको कार्य प्रकृति विशेष प्रकारको रहेकोले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धिका लागि महिला पँहुचयोग्य कार्यक्रम सञ्चालन गर्नेभन्दा मन्त्रालयका कार्यक्रम तथा सेवामा महिलाको सहज पँहुच र सहभागिता सुनिश्चित गरिएको।<br>• महिला कर्मचारीको आवश्यकतालाई प्राथमिकता दिँदै महिला शौचालय स्तरोन्नति लगायतका पूर्वाधार सुधार गरिएको।<br>• महिला कर्मचारीको क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिएको। |
| २. विदेशमा रहने नेपाली महिलाहरूको जोखिमसम्बन्धी विषयलाई प्राथामिकतामा राखी उद्धार , राहत र स्वदेश फिर्तीका लागि विशेष व्यवस्था गर्ने | • कार्यन्वयन भईरहेको। मन्त्रालयले विदेशस्थित नेपाली नियोगमार्फत जोखिममा परेका नेपाली महिलाको संरक्षण, उद्दार, राहत, कानुनी सहजीकरण तथा स्वदेश फिर्ता प्रक्रियामा निरन्तर समन्वय र सहजीकरण गर्दै आएको। | • विदेशस्थित नेपाली नियोगमार्फत जोखिममा परेका नेपाली महिलाको उद्दार, आश्रय, राहत कानुनी सहजीकरण तथा स्वदेश फिर्ता प्रक्रियामा समन्वय गरिएको।<br>• घरेलु हिंसा, श्रम शोषण, मानव बेचबिखन, अलपत्र अवस्था तथा आपतकालीन परिस्थितिमा सम्बन्धित देशमा निकाय, नेपाली नियोग, श्रम मन्त्रालय, वैदेशिक रोजगार बोर्ड तथा अन्य सरोकारवाला निकायसँग निरन्तर भईरहेको।<br>• विशेष गरि खाडओ मुलुकस्थित केही नेपाली नियोगमार्फत स्वदेश फर्ता नहुन्जेलसम्मका लागि महिला आश्रयस्थल सञ्चालनमा रहेका । |

| सिफारिसको विवरण | कार्यन्वयनको अवस्था | प्रगति कैफियत |
|---|---|---|
| ३. वैदेशिक रोजगारीमा जान चाहनेहरू र जो महिलाहरूमाथि विभिन्न प्रकारका हिंसा र दुर्व्यवहार गरेको जानकारी प्राप्त पश्चात विदेश जानबाट रोक लगाइदिने एवं दायित्व निर्वाह पश्चात मात्र फुकुवा गरिदिने व्यवस्थाका लागि कुनै आदेश तथा निर्देशनात्मक आधार तयार गरी सम्बन्धित निकायलाई जानकारी गराउने | •समन्वयात्मक रूपमा कार्यन्वयन भईरहेको । नीति निर्माण तथा नियामक अधिकार सम्बन्धित मन्त्रालयमा रहे तापनि परराष्ट्र मन्त्रालयले विदेश स्थित नियोग मार्फत प्राप्त सूचना सम्बन्धित निकायमा सम्प्रेषण तथा नीतिगत समन्वयमा सक्रिय भूमिका निर्वाह गर्दै आएको। | • वैदेशिक रोजगारी सम्बन्धी नीति, आदेश तथा निर्देशन जारी गर्ने अधिकार मुख्यतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत पर्दछ।<br>• विदेशस्थित नेपाली महिलामाथि हुने हिंसा, दुर्व्यवहार, शोषण तथा जोखिमसम्बन्धी सूचना सम्बन्धित निकायलाई नियमित रूपमा उपलब्ध गराइएको ।<br>• अन्तरमन्त्रालय समन्वय, सूचना आदानप्रदान तथा सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी नीतिगत सुधारका लागि आवाश्यक सुझाव तथा सहकार्य जारी रहेको । |
| ४. तोकिएको लैङ्गिक सम्पर्क विन्दूले आन्तरिक रूपमा तहाँ मन्त्रालय अन्तर्गतका निकायहरूमा लैङ्गिक विषयको अभिमुखीकरण गर्ने | •कार्यन्वयन भई रहेको। मन्त्रालयको कार्यप्रकृति अनुसार लैङ्गिक सम्पर्क विन्दूमार्फत आवश्यकता आधारित समन्वय, संस्थागत व्यवस्था तथा लैङ्गिक उत्तरदायी कार्यसंस्कृति प्रवर्द्धनका कार्यहरू निरन्तर भइरहेको। | • मन्त्रालयको कार्य प्रकृति अनुसार आवश्यकता बमोजिम सम्बन्धित महाशाखा तथा विभागसँग लैङ्गिक विषयमा समन्वय गरिएको।<br>• परराष्ट्र मन्त्रालयको लैङ्गिक आचारसंहिताको मस्यौदा तयार गरी सचिवसमक्ष पेश गरिएको । |

## ८. गण्डकी प्रदेश सरकार

| सिफारिसको विवरण | आ.व २०८२/०८३मा सम्पादन भएका कार्यहरू | सम्बद्ध मन्त्रालय/निकाय/कानुनी आधार |
|---|---|---|
| १. लागूऔषध बिक्री वितरण भण्डारण एवं प्रयोगलाई व्यवस्थापन गर्ने | जिल्ला स्थित एकिकृत सेवा कार्यालयहरू मार्फत लागू औषध तथा कुलतमा लागेका युवाका लागि मनोपरामर्श तथा प्रशिक्षण कार्यक्रम/लागू औषध दुर्व्यसन विरुद्धको कार्यक्रम गरिएको। | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| २. सबै स्थानीय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको कार्यगत शर्त सहित तोकी व्यवस्था गर्ने<br>३. न्यायिक समितिको व्यवस्थित तथा प्रभावकारिताको लागि कानुनी सल्लाहकारको व्यवस्था रहने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सिकाईको हस्तान्तरण एवम् क्षमता विकासका कार्य निरन्तर गर्दै आएको।<br><br>प्रदेश अन्तर्गतका विभिन्न ६५ स्थानीय तहमा न्यायिक सहजकर्ता परिचालन गरिएको। | गण्डकी प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ मा स्थानीय तहका लागि मार्गदर्शन समेत रहने "लैङ्गिक सम्पर्क व्यक्तिको कार्यशर्त" उल्लेख भएको।<br>स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) (पहिलो संशोधन) कार्यविधि, २०८१ |
| ४. लैङ्गिक हिंसा पीडित महिलाहरूको लागि सुरक्षित आवास गृह तथा पुनर्थापना गृहको व्यवस्था गर्ने | क. प्रदेश अन्तर्गतका ८ जिल्लाः बाग्लुङ, स्याङ्जा र नवलपुर जिल्लामा हिंसा प्रभावितहरूको लागि अल्पकालीन आश्रय सहितको जिल्ला सेवा केन्द्र सञ्चालन निरन्तरता दिइएको । | हिंसा प्रभावितहरूको लागि जिल्ला सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७९ |
| | ख. गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन (पोखरा महानगरपालिका सँगको साझेदारीमा पोखरा महानगरपालिका वडा नं. ३३ पुष्पवस्ती) गरिएको। | गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८२ |
| ५. मेलमिलापकर्ताको लागि उचित स्रोत, साधन तथा | क्षमता विकासका कार्यहरू भएका। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |

| सिफारिसको विवरण | आ.व २०८२/०८३मा सम्पादन भएका कार्यहरू | सम्बद्ध मन्त्रालय/निकाय/कानुनी आधार |
|---|---|---|
| तालिमको व्यवस्था मिलाउने | | |
| ६. आत्महत्या रोकथामका लागि सचेतना अभिवृद्धि एंव वडा तहसम्म मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गर्ने | क. जिल्लास्थित एकिकृत सेवा कार्यालयहरू मार्फत मानसिक स्वास्थ्य प्रबर्द्धनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन भएको | वार्षिक विकास कार्यक्रम कार्यन्वयन मापदण्ड,२०८२ |
| | ख. जिल्लास्थित एकिकृत सेवा कार्यालयहरू मार्फत किशोरीहरूलाई आत्महत्या निरुत्साहन सम्बन्धी तालिम सञ्चालन गरिएको।<br>ग.सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयमा लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा सञ्चालन गरिइएको। | वार्षिक विकास कार्यक्रम कार्यन्वयन मापदण्ड,२०८२<br>लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा सञ्चालन मापदण्ड,२०८१ |
| ७. प्राथमिक तहदेखि नै स्थानिय तहमा प्रचलनमा रहेका हानीकारक अभ्यास विरुद्धका विषयवस्तुहरू पाठ्यक्रममा समावेश गरी सम्बोधन गरिनुपर्ने | क. जिल्लास्थित एकिकृत सेवा कार्यालयहरू मार्फत सामाजिक कुरिति विरुद्ध अभियान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन (लैङ्गिक हिंसा बाल विवाह दाइजो प्रथा जातीय भेदभाव मानव वेचविखन तथा ओसारपसार नियन्त्रण लगायतका परम्परागत हानीकारक अभ्यासहरू न्यूनीकरण) गरिएको। | वार्षिक विकास कार्यक्रम कार्यन्वयन मापदण्ड,२०८२ |
| | ख. मन्त्रालय तथा जिल्ला स्थित कार्यालयहरूबाट विभिन्न दिवसीय कार्यक्रम तथा अभियानमूलक कार्यक्रमहरू सञ्चालन गरिएको। | वार्षिक विकास कार्यक्रम कार्यन्वयन मापदण्ड,२०८२ |

| सिफारिसको विवरण | आ.व २०८२/०८३मा सम्पादन भएका कार्यहरू | सम्बद्ध मन्त्रालय/निकाय/कानुनी आधार |
|---|---|---|
| ८. आफ्नो कार्यक्षेत्रभित्रका बालिका, किशोरी तथा महिलाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरेका जोखिमपूर्ण कार्यहरूलाई उजागर गरी अन्य जोखिममा रहेकाहरूको लागि साहस, उत्प्रेरणा र मनोबल वृद्धि गर्ने नवीनतम योजना कार्यन्वयनमा ल्याउने | जिल्लास्थित एकिकृत सेवा कार्यालयबाट जिखिम न्यूनीकरणका एकिकृत कार्यक्रम नियमित रूपमा सम्पादन गरिएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ९. बालविवाह तथा हानिकारक अभ्यासहरूको निषेध तथा रोकथामको लागि अभिभावक शिक्षा कार्यक्रम लागू गर्ने | जिल्लास्थित एकिकृत सेवा कार्यालयहरू मार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन भएको। | क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>ख. सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| १०. हिंसा पीडित तथा प्रभावितहरूको एकिकृत तथ्याङ्क व्यवस्थापन गरि उद्धार तथा पुनर्स्थापना प्रभावकारी बनाउने | क. प्रदेश अन्तर्गतका ८ जिल्लाः बाग्लुङ, स्याङ्जा र नवलपुर जिल्लामा हिंसा प्रभावितहरूको लागि अल्पकालीन आश्रय सहितको जिल्ला सेवा केन्द्र सञ्चालन निरन्तरता दिइएको । | हिंसा प्रभावितहरूको लागि जिल्ला सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७९ |
| | ख. गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन (पोखरा महानगरपालिका सँगको साझेदारीमा पोखरा महानगरपालिका वडा नं. ३३ पुष्पवस्ती) गरिएको। | गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८२ |
| | ग.जिल्लास्थित एकिकृत सेवा कार्यालयहरू मार्फत आपत्कालिन उद्धार कार्यक्रम सञ्चालन | वार्षिक विकास कार्यक्रम कार्यन्वयन मापदण्ड,२०८२ |

# परिच्छेद ९
# उजुरी तथा मुद्दा व्यवस्थापन

## ९.१ पृष्ठभूमी

नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले निर्देशन गरेबमोजिम लैङ्गिक हिंसा नियन्त्रण र रोकथामका लागि आयोगले निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक रणनीति अवलम्बन गर्दै आएको छ। सोही बमोजिम आयोगका बिभिन्न चारवटा शाखाबाट आयोगले कार्य सम्पादन गर्दै आएको छ। उक्त शाखाहरू मध्य उजुरी तथा मुद्दा व्यवस्थापन शाखाले उपचारात्मक रणनीति अन्तर्गत लैङ्गिक हिंसा पीडित महिलाहरूको उजुरी सुन्ने र सोको व्यवस्थापन गर्ने गर्दछ।

नेपालको संविधानले लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने, महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने व्यवस्था उल्लेख गरेको देखिन्छ।

महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा  जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने, महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने व्यवस्था उल्लेख गरेको छ।

यसैगरी लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानुनी सहायता उपलब्ध गराउन, लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनःस्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्न, हिंसा पीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, आवासगृह, पुनःस्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधारगृहको स्थलगत अनुगमन, निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन सक्ने व्यवस्था गरेको छ।

नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ ले व्यवस्था गरेका उल्लिखित काम, कर्तव्य तथा अधिकारको प्रचलनका लागि आयोगका बिभिन्न शाखाहरू मध्य उजुरी तथा मुद्दा व्यवस्थापन शाखाले निम्नलिखित कार्यहरू गर्दै आएको छ।

## ९.२ राष्ट्रिय महिला आयोगमा आउने गुनासो/उजुरी/निवेदन सुनुवाईः

### ९.२.१ उजुरी तथा सेवा प्रवाहको प्रकृति र अवस्था विश्लेषणः

महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने व्यवस्था अनुसार राष्ट्रिय महिला आयोगले विभिन्न माध्यमबाट उजुरी/निवेदन/गुनासो सुन्ने तथा सम्बोधन गर्ने गर्दछ। आयोगबाट आर्थिक वर्ष २०८२/८३ मा जम्मा ६०६६ जना महिलाहरूलाई सेवा प्रदान गरिएको थियो। उक्त सेवाको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**उजुरी तथा सेवा प्रवाहको प्रकृति र अवस्था विश्लेषणः**

| क्र.सं. | गुनासो/उजुरी/निवेदनका प्रकार | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | घरेलु हिंसा | ४०० | ६.५९% |
| २. | महिला हिंसा (MC/अनलाइन/इमेल मार्फत प्राप्त तथा ठाडो उजुरी) | ३५७ | ५.८८% |
| ३. | परामर्श सेवाका लागि परेको निवेदन मिश्रित | ४६१ | ७.६% |
| ४. | फोन मार्फत टिपाएको गुनासो मिश्रित | १७२३ | २८.४१% |
| ५. | उजुरी अनुगमन (Follow Up) मार्फत सेवा दिइएको | ३१२५ | ५१.४२% |
| जम्मा | | ६०६६ | १००% |

प्रस्तुत प्रतिवेदन अवधिमा कुल **६,०६६** महिलाहरू विभिन्न प्रकृतिका गुनासो, उजुरी तथा निवेदनहरू प्राप्त भई सेवा प्रदान गरिएको छ। कुल सेवा प्रवाहमध्य सबैभन्दा ठूलो हिस्सा **५१.४२% (३,१२५ वटा)** उजुरी अनुगमन (Follow Up) मार्फत सेवा दिइएको देखिन्छ। यसले आयोगले नयाँ उजुरी लिने मात्र नभई पुराना मुद्दाहरूलाई निरन्तर पछ्याइरहेको र पीडित वा निवेदकलाई दीर्घकालीन सेवा दिइरहेको स्पष्ट पार्छ। दोस्रो ठूलो हिस्सा २८.४१% (१,७२३ वटा) गुनासाहरू फोन मार्फत प्राप्त भएका छन्। यसले सेवाग्राहीका लागि भौतिक रूपमा उपस्थित हुनुभन्दा फोन वा डिजिटल माध्यम बढी सहज, सुरक्षित र पहुँचयोग्य माध्यम बनेको हुँदा आयोगले खबर गरौ निःशुल्क हेल्पलाईन सेवा ११४५ मार्फत दिएको सेवा प्रभावकारी भएको पुष्टि गर्दछ। कुल उजुरीहरूमध्य ६.५९% (४०० वटा) घरेलु हिंसा र ५.८८% (३५७ वटा) महिला हिंसा (अनलाइन, इमेल तथा ठाडो उजुरी) सँग सम्बन्धित छन्। यी दुवैलाई जोड्दा कुल १२.४७% (७५७ वटा) उजुरीहरू प्रत्यक्ष रूपमा महिला तथा घरेलु हिंसासँग जोडिएका छन्, जसले समाजमा यस प्रकारका समस्या अझै पनि गम्भीर चुनौतीका रूपमा रहेको देखाउँछ। कुल निवेदनको **७.६०% (४६१ वटा)** निवेदनहरू परामर्श सेवाका लागि परेका छन्। यसले कानुनी वा मानसिक परामर्शको आवश्यकता र यसप्रतिको चेतना नागरिकस्तरमा बढ्दै गएको संकेत गर्दछ।

## ९.२.२ गुनासो/उजुरी/निवेदन सुनुवाई तरिका

### ९.२.१.१ महिला हिंसाको उजुरी दर्ता गरी कारवाही गर्नेः

महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने व्यवस्था छ। यसरी प्राप्त हुन आएको उजुरी आयोगले उजुरी दर्ता किताबमा दर्ता गरी थप कारवाही गर्ने गर्दछ। यसैगरी उक्त उजुरीलाई आयोगको CMS प्रणालीमा Manual Case (MC) का रूपमा दर्ता गरी कारवाही गर्ने गरिन्छ।

आयोगमा बिचाराधिन रहेका कुनै पनि उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराई पाउन संयुक्त निवेदन दिएमा आयोगले प्रचालित कानुन बमोजिम मिलापत्र हुनसक्ने विषयमा राष्ट्रिय महिला आयोग ऐन २०७४ बमोजिम तथा घरेलु हिंसाका उजुरीहरूको घरेलु हिंसा (सजाय र कसूर ) ऐन, २०६६ मा व्यवस्था भए बमोजिम तथा दुई पक्षबीच छलफल गराउने तथा मेलमिलाप गराउने वा पारिवारिक पुनःमिलन गराउने कार्य आयोगले गर्दछ। यसरी छलफल गराई मेलमिलाप गराउदा आयोगले पीडितको इच्छा तथा सुरक्षालाई ध्यानमा राखेर गराउने गर्दछ। यसै गरी मेलमिलाप हुन नसकेका उजुरीका सम्बन्धमा यदि पीडित अदालती प्रक्रिया जान चाहेमा र निज आर्थिक रूपमा असक्षम भएमा आयोगले निःशुल्क कानुनी सहायता उपलब्ध गराउने गर्दछ।

आयोगले महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको तर पक्षहरूबीच मेलमिलाप विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने गर्दछ। आर्थिक बर्ष २०८२/८३ मा जम्मा ४०० उजुरी घरेलु हिंसाका तथा जम्मा ३५७ महिला हिंसाका उजुरीहरू आयोगमा दर्ता भएको देखिन्छ भने जम्मा ३५८ मुद्दाहरू मेलमिलाप भएको तथा जम्मा ३१ जना पीडितहरूलाई अदालती प्रक्रियामा जानका लागि निशुल्क कानुनी सहायता दिएको देखिन्छ। २०८२/८३ मा हरेक महिना आयोगमा दर्ता भई कारवाही गरिएका महिला विरुद्धको हिंसाको उजुरीको विवरण तालिकामा प्रस्तुत गरिएको छ। यसमा धेरै बाहुल्यता पारिवारिक सम्बन्धमा रहेका व्यक्तिहरूबाट भएका घरेलु हिंसाको रहेको देखिन्छ।

| क्र.सं. | महिना | घरेलु हिंसा (MC) | घरेलु हिंसा बाहेकका महिला हिंसा | जम्मा |
|---|---|---|---|---|
| १ | साउन | ४१ | ३५ | ७६ |
| २ | भाद्र | २९ | २४ | ५३ |
| ३ | असोज | ३८ | ३२ | ७० |
| ४ | कार्तिक | २८ | १९ | ४७ |

| | | | | |
|---|---|---|---|---|
| ५ | मंसिर | ३५ | २४ | ५९ |
| ६ | पौष | ३४ | १२ | ४६ |
| ७ | माघ | ३२ | ११ | ४३ |
| ८ | फाल्गुन | ३१ | ८ | ३९ |
| ९ | चैत्र | ३० | ६० | ९० |
| १० | बैशाख | ३९ | ४२ | ८१ |
| ११ | जेष्ठ | ३७ | ३० | ६७ |
| १२ | असार | २६ | ६० | ८६ |
| १३ | जम्मा | ४०० | ३५७ | ७५७ |

आयोगमा प्रतिवेदन अवधिभरि **४०० वटा घरेलु हिंसा सम्बन्धी घटना** दर्ता/सम्बोधन भएको देखिन्छ। सबैभन्दा बढी **साउनमा ४१** र सबैभन्दा कम **असारमा २६** वटा रहेका छन्। वर्षभरि नै घरेलु हिंसासम्बन्धी घटनाहरू निरन्तर दर्ता हुनुले यो आयोगको **प्रमुख सेवा/उजुरी क्षेत्र** रहेको देखाउँछ। महिला हिंसा (MC) अन्तर्गत जम्मा ६०७ वटा घटना दर्ता भई कारवाहीमा गएका देखिन्छन्। वर्षभरि **३५८ वटा मेलमिलाप** भएको देखिन्छ। यसले आयोगमा आएका विवाद/घटनामध्य उल्लेख्य संख्यामा **मेलमिलापमार्फत समाधान खोजिने गरेको देखाउदछ।**

### ९.२.१.२ कानुनी तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनेः

आयोगमा धेरैजसो महिलाहरू आफ्ना कानुनी जटिलताका विषयमा आवश्यक कानुनी परामर्शका लागि निवेदन दर्ता गराउने गर्दछन्। यसरी आएका महिलाहरूलाई आयोगमा तत्कालै कानुनी तथआ मनोसामाजिक परामर्श दिने गरिन्छ। यसरी परामर्श दिने क्रममा कतिपय विषयहरू आयोगको क्षेत्राधिकार भित्रका आयोगले कारवाही गर्ने विषय भएमा उजुरी दर्ता गराई थप कारवाही गर्ने गर्दछ भने अन्य उजुरीका हकमा महिलाहरूलाई उचित कानुनी परामर्श दिई कानुनी उपचार प्राप्त हुने /नहुने, कानुनी उपचारका लागि जानुपर्ने निकाय, हदम्याद तथा प्रक्रियाका बारेमा जानकारी प्रदान गरिन्छ। यसैगरी आवश्यक परेका पीडितहरूलाई निजहरूको माग तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श समेत उपलब्ध गराउने गर्दछ। आर्थिक वर्ष २०८२/८३ मा जम्मा २१८४ जना महिलालाई आयोगले कानुनी तथा मनोसामाजिक परामर्श उपलब्ध गराइएको छ। यसमध्य ४६१ महिलाले प्रत्यक्ष आयोगमा उपस्थित भई आवश्यकताअनुसार कानुनी तथा मनोसामाजिक परामर्श लिएको देखिन्छ भने १७२३ महिलालाई आयोगको निःशुल्क हेल्पलाईन सेवा ११४५ मार्फत परामर्श उपलब्ध गराइएको थियो।

| क्र.सं. | महिना | प्रत्यक्ष परामर्श सेवा प्रदान गरिएको संख्या (NO CASE) | टेलिफोन मार्फत परामर्श सेवा उपलब्ध गराइएको | जम्मा |
|---|---|---|---|---|
| १ | साउन | ६२ | १२५ | १८७ |
| २ | भाद्र | ३३ | १०२ | १३५ |
| ३ | असोज | २० | ९६ | ११६ |
| ४ | कार्तिक | २४ | ७८ | १०२ |
| ५ | मंसिर | ३६ | ९२ | १२८ |
| ६ | पौष | ४७ | ९६ | १४३ |
| ७ | माघ | ३९ | १३७ | १७६ |
| ८ | फाल्गुन | ३४ | ११५ | १४९ |
| ९ | चैत्र | ४१ | १०८ | १४९ |
| १० | बैशाख | ५९ | २०४ | २६३ |
| ११ | जेष्ठ | २२ | २९३ | ३१५ |
| १२ | असार | ४४ | २७७ | ३२१ |
| जम्मा | | ४६१ | १७२३ | २१८४ |

### ९.२.१.३ टेलिफोन, अनलाइन तथा ईमेल मार्फत सम्बोधन गर्नेः

राष्ट्रिय महिला आयोगमा विभिन्न माध्यमबाट प्राप्त भएका गुनासो/उजुरी/निवेदनलाई गुनासोकर्ता/उजुरीकर्ता/निवेदकको माग तथा आवश्यकताअनुसार आयोगले सम्बोधन तथा सुनुवाई गर्ने गर्दछ। यसमध्य टेलिफोन, आयोगको वेबसाइट तथा इमेलबाट प्राप्त भएका कतिपय गुनासोहरू तत्काल सम्बोधन गर्ने गर्दछ। यसका लागि तत्कालै गुनासोकर्तालाई टेलिफोन मार्फत वा ईमेल मार्फत नै आवश्यक कानुनी तथा मनोसामाजिक परामर्श दिने, आकष्मिक उपचार उपलब्ध गराउने, राहत तथा उद्धार उपलब्ध गराउने, सम्बन्धित निकायमा समन्वय तथा सिफारिस गर्ने गरिन्छ। आर्थिक वर्ष २०८२/८३ मा जम्मा १७२३ गुनासोहरू टेलिफोन मार्फत तथा १३० गुनासो इमेल मार्फत सम्बोधन गरिएको थियो भने जम्मा २३७ गुनासाहरू अनलाइन तथा इमेल मार्फत सम्बोधन गरिएको थियो। यसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | गुनासो सम्बोधन गरिएको माध्यम | संख्या |
|---|---|---|
| १. | टेलिफोन मार्फत | १७२३ |
| २. | अनलाइन मार्फत | १०६ |
| ३. | ईमेल | १३० |
| जम्मा | | १९५९ |

### ९.२.१.४ सम्बन्धित निकायमा लेखि पठाउनेः

राष्ट्रिय महिला आयोगको क्षेत्राधिकारभित्र नपरेको तर महिला पीडित तथा प्रभावित भएका सम्बन्धमा पीडित तथा प्रभावित महिलाहरूले समन्धित निकायमा आवश्यक सहजीकरण तथा समन्वय गरिदिनका लागि राष्ट्रिय महिला आयोगमा निवेदन दिने गरेको र उक्त निवेदन दरपिठ गर्ने व्यवस्था नभएका कारण आयोगमा दर्ता गरी सम्बन्धित निकायमा सहजीकरणका लागि तथा आवश्यक कारवाहीका लागि लेखी पठाउने कार्य आयोगले गर्दछ। आयोगले यस किसिमका उजुरीहरू ठाडो उजुरीका रूपमा लिई दर्ता गरी कारवाही गर्ने गरेको छ। प्रतिवेदन अवधिमा जम्मा ९८ उजुरीका सम्बन्धमा आवश्यक सहजीकरणका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको थियो।

### ९.२.२ उजुरी प्रासिका माध्यमः

उजुरीकर्ताको सहजताका लागि आयोगमा विभिन्न माध्यमहरूबाट उजुरी गर्न सकिने व्यवस्था गरिएको छ। आयोगमा निःशुल्क हेल्पलाइन सेवा नं. ११४५ फोन गरी जुनसुकै बेला फोन गरेर, राष्ट्रिय महिला आयोगको टेलिफोन नं. ०१५३१९८७५ मा कार्यालय समयमा फोन गरेर, ईमेल पठाएर उजुरी दिन सकिने व्यवस्था छ। हिंसा पीडित महिलाहरूले स्वयंले वा निजको तर्फबाट जो सुकैले प्रत्यक्ष रूपमा कार्यालयमा उपस्थित भएर, हुलाकमार्फत् तथा आयोगको वेबसाइट (www.nwc.gov.np) प्रयोग गरी अनलाईन उजुरी गर्न सकिन्छ। यसबाहेक, पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चारमाध्यममा प्रकाशित वा प्रसारित भएका महिला विरुद्धका लैङ्गिक हिंसासम्बन्धी विषयहरूलाई पनि आयोगले उजुरीका रूपमा ग्रहण गर्ने गरेको छ। यसरी प्राप्त भएका गुनासो, उजुरी तथा निवेदनलाई आवश्यकताअनुसार आयोगले विभिन्न तरिकाबाट सम्बोधन गर्ने गरेको छ।

### ९.२.२ प्रासिका माध्यमका आधारमा गुनासो/निवेदन/उजुरीको विवरणः

आर्थिक वर्ष २०८२/८३ मा आयोगमा प्रत्यक्ष रूपमा ९६१ जनाले आफ्नो गुनासो/उजुरी/निवेदन लिएर आएको र आयोगमा दर्ता भएको देखिन्छ। यसैगरी आयोगको निःशुल्क हेल्पलाइन सेवा नं. ११४५ मा फोन गरी जम्मा १७२३ जनाले आफ्नो गुनासो तथा उजुरी टिपाएको देखिन्छ। ईमेल मार्फत जम्मा १३ जना तथा आयोगको वेबसाइट मार्फत जम्मा १०७ अनलाइन उजुरी आयोगमा प्राप्त हुन आएको देखिन्छ। गुनासो/निवेदन/उजुरी प्राप्त हुन आएका माध्यम देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | गुनासो/निवेदन/उजुरीको माध्यम | गुनासो/निवेदन/उजुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्यक्ष रूपमा उपस्थित | ९६१ | **३२.९०%** |
| २ | निशुल्क हेल्पलाइन मार्फत | १७२३ | **५९.००%** |
| ३ | ईमेल | १३० | **४.४५%** |
| ४ | अनलाइन | १०७ | **३.६६%** |
| जम्मा | | २९२१ | १००% |

माथिको चित्रमा देखाइए अनुसार प्रतिवेदन अवधिमा जम्मा ३२.९०% प्रतिशत पीडितहरू प्रत्यक्ष रूपमा आयोगमा आई उजुरी तथा गुनासो टिपाएको देखिन आयो भने आयोगको निःशुल्क हेल्पलाइन सेवा ११४५ मा फोन गरी ५९% पीडितले गुनासो तथा उजुरी गरेको देखिन्छ। यसैगरी आयोगमा प्राप्त हुन  आएका उजुरीमध्य इमेल मार्फत ५.९५% उजुरी/गुनासो प्राप्त भएको देखिन आयो भने ३.६६% उजुरीहरू आयोगको वेबसाइट मार्फत अनलाइनबाट प्राप्त भएको देखिन आयो।

### ९.२.३ प्रदेशगत तथा जिल्लागत रूपमा आयोगमा दर्ता भएका घरेलु हिंसाको उजुरी बिश्लेषणः

राष्ट्रिय महिला आयोग संवैधानिक आयोगका रूपमा काठमाडौंमा रहेकोमा यसका प्रदेश कार्यालयहरू खोल्ने गरी संविधानमा व्यवस्था भएको देखिन्छ। तर संविधान निर्माणको १ दशक पुरा हुँदा समेत प्रदेश कार्यालय स्थापना हुन सकेको अवस्था छैन। यसको प्रत्यक्ष असर आयोगमा हिंसा पीडित महिलाहरूको पहुँचमा देखिन्छ। राष्ट्रिय महिला आयोगमा ७७ जिल्ला मध्य आर्थिक वर्ष २०८२/८३ मा जम्मा ६२ जिल्लाबाट मात्र घरेलु हिंसाको उजुरी प्राप्त भएको देखिन्छ। राष्ट्रिय महिला आयोगमा Manual Case (MC) को रूपमा दर्ता भएका जम्मा ४०७ थान उजुरीमध्य सबैभन्दा धेरै उजुरी काठमाडौं जिल्लाबाट प्राप्त भएको देखीन्छ। आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय महिला आयोगमा Manual Case (MC) को रूपमा दर्ता भएका उजुरीहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | जिल्ला | परिणाम |
|---|---|---|
| १. | काठमाडौं | ६३ |
| २. | धादिङ | ३० |
| ३. | दोलखा | २४ |
| ४. | काभ्रेपलान्चोक | १८ |
| ५. | नुवाकोट | १७ |
| ६. | मकवानपुर | २३ |
| ७. | रामेछाप | १७ |
| ८. | सर्लाही | १३ |

| क्र.स. | जिल्ला | परिणाम |
|---|---|---|
| ९. | ललितपुर | १३ |
| १०. | सिन्धुली | १२ |
| ११. | भक्तपुर | ९ |
| १२. | गोर्खा | ८ |
| १३. | महोत्तरी | ८ |
| १४. | ओखलढुङ्गा | ८ |
| १५. | रौतहत | ९ |
| १६. | सिन्धुपाल्चोक | १२ |

| क्र.स. | जिल्ला | परिणाम |
|---|---|---|
| १७. | मोरङ | ७ |
| १८. | स्याङ्जा | ६ |
| १९. | बाग्लुङ | ५ |
| २०. | चितवन | ७ |
| २१. | कैलाली | ५ |
| २२. | बारा | ६ |
| २३. | दैलेख | ४ |
| २४. | धनुषा | ४ |
| २५. | रोल्पा | ४ |
| २६. | सुर्खेत | ५ |
| २७. | सुनसरी | ३ |
| २८. | कालिकोट | ३ |
| २९. | संखुवासभा | ३ |
| ३०. | ससरी | ३ |
| ३१. | हुम्ला | ३ |
| ३२. | बैतडी | २ |
| ३३. | भोजपुर | २ |
| ३४. | दाङ | ४ |
| ३५. | झापा | ३ |
| ३६. | खोटाङ | ३ |
| ३७. | मुगु | २ |
| ३८. | पाल्पा | २ |
| ३९. | पर्सा | २ |

| क्र.स. | जिल्ला | परिणाम |
|---|---|---|
| ४०. | तनहुँ | ३ |
| ४१. | उदयपुर | २ |
| ४२. | अर्घखाँची | १ |
| ४३. | बाकेँ | १ |
| ४४. | बझाङ | १ |
| ४५. | बर्दिया | २ |
| ४६. | दार्चुला | १ |
| ४७. | डोटी | १ |
| ४८. | गुल्मी | २ |
| ४९. | जाजरकोट | १ |
| ५०. | कन्चनपुर | १ |
| ५१. | कास्की | १ |
| ५२. | लम्जुङ | १ |
| ५३. | नवलपुर | २ |
| ५४. | पाचँथर | १ |
| ५५. | पर्वत | ३ |
| ५६. | रसुवा | १ |
| ५७. | सल्यान | १ |
| ५८. | सिराहा | १ |
| ५९. | शोलुखुम्बु | १ |
| ६०. | ताप्लेजुङ | १ |
| ६१. | पश्चिम रुकुम | १ |
| ६२. | धनकुटा | १ |

प्रस्तुत प्रतिवेदन अवधिमा नेपालका **६२ वटा जिल्लाहरूबाट** कुल **४०३ वटा** घरेलु हिंसाका उजुरीहरू दर्ता भएका छन्। कुल दर्ता भएका घटनाहरूमध्य सबैभन्दा बढी **काठमाडौं उपत्यका र बागमती प्रदेश**का जिल्लाहरूमा देखिएका छन्। कुल घटनामध्य **१४.८९% (६३ वटा)** घटना **काठमाडौं** जिल्लामा मात्र दर्ता भएका छन्, जुन देशैभरिमा सबैभन्दा बढी हो। काठमाडौं उपत्यकाका तीन जिल्लाहरू (काठमाडौं ६३, ललितपुर १३, भक्तपुर ९) जोड्दा कुल **८५ वटा (२०.०९%)** घटना उपत्यकाभित्रै रहेका छन्।

उपत्यका बाहिरका बागमती प्रदेशकै अन्य जिल्लाहरू जस्तै धादिङ (३०), दोलखा (२४), मकवानपुर (२३), काभ्रेपलान्चोक (१८), नुवाकोट (१७), र रामेछाप (१७) मा पनि घटनाको संख्या उल्लेखनीय रूपमा उच्च छ।

काठमाडौं बाहिर मधेश प्रदेशका जिल्लाहरूमा पनि घटनाहरूको संख्या क्रमशः बढ्दो क्रममा देखिन्छ। सर्लाहीमा १३, सिन्धुलीमा १२, रौतहटमा ९, महोत्तरीमा ८, र बारामा ६ वटा घटना दर्ता भएका छन्। मधेश प्रदेशका यी जिल्लाहरूमा कानुनी सचेतना र उजुरी गर्ने प्रक्रियामा पहुँच बिस्तार हुँदै गएको यसले संकेत गर्दछ तापनि दर्ता हुनुपर्ने जति उजुरीहरू दर्ता भएको भने देखिदैन।

आयोगको पहुँच देशैभरि पुगेको तथ्याङ्कले स्पष्ट पार्छ। सुदूरपश्चिमको दार्चुला, बैतडी, कैलालीदेखि पूर्वको ताप्लेजुङ, पाँचथर र झापासम्मका सेवाग्राहीहरूले सेवा लिएका छन्। कोशी प्रदेशका जिल्लाहरू मोरङबाट ७, ओखलढुङ्गाबाट ८, झापाबाट ३, खोटाङबाट ३ वटा उजुरी आयोगमा दर्ता भएको देखिन्छ। **लुम्बिनी र गण्डकी प्रदेश** बाट चितवन (७), स्याङ्जा (६), बागलुङ (५), गोर्खा (८), दाङ (४) उजुरी आयोगमा दर्ता भएको देखिन्छ भने **कर्णाली र सुदूरपश्चिमबाट** सुर्खेत (५), कैलाली (५), दैलेख (४), हुम्ला (३), मुगु (२), डोटी (१) उजुरी आयोगमा दर्ता हुन आएको देखिन्छ।

काठमाडौं र आसपासका शहरी क्षेत्रका जिल्लाहरूमा घटना संख्या बढी देखिनुको मुख्य कारण त्यहाँ रहेको बाक्लो जनघनत्व, प्रविधिको सहज पहुँच (फोन/अनलाइन उजुरी), र नागरिकमा रहेको उच्च कानुनी चेतना हुन सक्छ भने आयोगको उपलब्धता समेत काठमाडां मात्रै रहेको कारण अन्य क्षेत्रको पहुँच कम रहेको कारण पनि अन्य क्षेत्रबाट उजुरी कम प्राप्त भएको हुन सक्छ।

**आयोगले देशैभरिका महिलाहरूमा आयोगको पहुँच पुर्याउनका लागि ग्रामीण तथा दुर्गम क्षेत्रमा पहुँच बढाउनुपर्ने** देखिन्छ। हुम्ला, मुगु, जाजरकोट, दार्चुला, र कालिकोट जस्ता दुर्गम जिल्लाहरूबाट १ देखि ३ वटा मात्र उजुरी आउनुले ती क्षेत्रमा अझै पनि आयोगको सेवा वा उजुरी गर्ने माध्यम (हटलाइन/सञ्चार) बारे प्रचारप्रसार बढाउनुपर्ने आवश्यकता देखाउँछ। त्यसैगरी इलाम, तेह्रथुम, धनकुटा, मनाङ, मुस्ताङ, जुम्ला, अछाम, बाजुरा लगायतका १५ जिल्लाहरूबाट कुनैपनि महिलाहरूले आयोगबाट सेवा लिएको नदेखिनुले आयोगको पहुँच असमान भएको देखिन्छ। छुटेका क्षेत्रहरू मनाङ, मुस्ताङ, डोल्पा अत्यन्तै दुर्गम र कम जनसंख्या भएका हिमाली क्षेत्र वा काठमाडौंबाट टाढा रहेका सुदूरपूर्वी र सुदूरपश्चिमी क्षेत्रहरू हुन्। यसको विपरीत, बागमती प्रदेशका साना र सुगम जिल्लाहरू भक्तपुर, ललितपुर, नुवाकोटबाट धेरै उजुरीहरू परेका देखिन्छन्। यसले आयोगको सेवा केन्द्रीकृत रहेको र राजधानी वरपरको पहुँच बढी र परिधिका क्षेत्रहरूको पहुँच अत्यन्त न्यून रहेको देखिन्छ।

**आयोगमा दर्ता भएका उजुरीको प्रदेशगत विवरणः**

| प्रदेश | उजुरी संख्या (MC) | प्रतिशत |
|---|---|---|
| बागमती | २६० | ६४.५२% |
| मधेश | ४२ | १०.४२ |

| प्रदेश | उजुरी संख्या (MC) | प्रतिशत |
|---|---|---|
| कोशी | ३२ | ७.९४ |
| गण्डकी | २८ | ६.९५ |

| प्रदेश | उजुरी संख्या (MC) | प्रतिशत |
|---|---|---|
| कर्णाली | १६ | ३.९७ |
| लुम्बिनी | १२ | २१.९८ |

| प्रदेश | उजुरी संख्या (MC) | प्रतिशत |
|---|---|---|
| सुदुर पश्चिम | १३ | ३.२३ |
| जम्मा | ४०३ | १०० |

प्रस्तुत तालिकाबाट कुल ४०३ उजुरीमध्य ६४.५२% उजुरी बागमती प्रदेश एक्लैको छ। यसले केन्द्रीय निकायहरू, राजधानी, र जनघनत्वका कारण बागमतीमा उजुरी प्रवाह अत्यधिक रहेको देखिन्छ। मधेश (१०.४२%) र कोशी (७.९४%) क्रमशः दोस्रो र तेस्रो स्थानमा छन्। यी क्षेत्रहरूमा पनि उजुरीको चाप मध्यम देखिन्छ। सुदूरपश्चिम, लुम्बिनी, र कर्णाली प्रदेशमा उजुरीको सङ्ख्या निकै कम सबैको ४% भन्दा तल छ। यसले ती क्षेत्रमा आयोगको पहुँच कम, मानिसहरूमा चेतना कमी रहेको वा आयोगमा घटनाहरू कम दर्ता हुन्छन् भन्ने सङ्केत गर्छ।

**सेवा प्रदान गरिएका बिदेशी नागरिकहरू:**

| | | |
|---|---|---|
| १. | अर्जेन्टिना | १ |
| २. | इन्डिया | १ |
| ३. | इन्डोन्एसिया | १ |

**पीडितको जातीयताको आधारमा वर्गीकरण:**

| | | |
|---|---|---|
| १ | जनजाति | १६१ |
| २ | क्षेत्री | ९२ |
| ३ | ब्रामण | ७४ |
| ४ | दलित | ६० |
| ५ | मुसलमान | ८ |
| ६ | अन्य | ८ |
| | जम्मा | ४०३ |

(नोट: विदेशी - ३)

**पीडितहरूको उमेर समूह:**

| उमेर | परिणाम |
|---|---|
| ०-१० | ० |
| ११-१८ | ९ |
| १९-२५ | ७१ |

| उमेर | परिणाम |
|---|---|
| २६-४० | २५८ |
| ४१-५९ | ६५ |
| ६०+ | ३ |

**पीडितहरूको पेशाः**

| पेशा | परिणाम |
|---|---|
| गृहिणी | २१० |
| घरेलु कामदार | ९१ |
| ज्यालादारी | ५७ |
| व्यवसायी | ३९ |
| विघार्थी | ४ |

| पेशा | परिणाम |
|---|---|
| शिक्षक | १ |
| चालक | १ |
| वैदेशिक रोजगारी | १ |
| किसान | २ |

**पीडितहरूको शैक्षिक स्तरः**

| शैक्षिक स्तर | परिणाम |
|---|---|
| आधारभूत | ११६ |
| कक्षा ६-९ | ५६ |
| एस.एल.सी. | ८७ |

| | |
|---|---|
| कक्षा १२ | ८६ |
| स्नातक | ३७ |
| स्नातोक्तर | १८ |
| निरक्षर | ६ |

**धर्मको आधारमा पीडितको वर्गीकरणः**

| विवरण | परिणाम |
|---|---|
| हिन्दु | ३३५ |
| बौद्ध धर्म | ३९ |

| | |
|---|---|
| क्रिष्चेन | २४ |
| मुसलमान | ७ |

**पीडितहरूको पिडकसँगको नाताः**

| क्र.स. | पिडिकसँगको नाता | परिणाम |
|---|---|---|
| १. | श्रीमान | ३४७ |
| २. | श्रीमान + सासु/ससुरा (संयुक्त प्रविष्टिहरू) | २४ |
| ३. | ससुरा | ३ |
| ४. | प्रेमी (Boyfriend) | ३ |
| ५. | जेठाजु | ४ |
| ६. | पुर्व प्रेमी | ३ |
| ७. | छोरा | ४ |
| ८. | सासु/देवर | ७ |

| क्र.स. | पिडिकसँगको नाता | परिणाम |
|---|---|---|
| ९. | देवर/देवरानी/देवर | २ |
| १०. | जेठाजु/जेठानी | २ |
| ११. | अन्य पारिवारिक नाता | ७ |
| १२. | छिमेकी | १ |
| १३. | नाता नरेहेको (No Domestic Relation) | १ |
| १४. | हजुरबुबा | १ |
| १५. | बुहारी | १ |
| १६. | सौता | १ |
| १७. | सौतेनी नन्द | १ |

**आयोगले परामर्श दिएका विषयहरू:**

राष्ट्रिय महिला आयोगमा महिलाहरूले आफ्ना विभिन्न प्रकारका समस्या तथा चुनौतीहरू लिई आयोगमा परामर्श लिन आएको देखिन्छ। यसरी आएका महिलाहरूको समस्याहरूको प्रवृत्ति विवरण निम्नानुसार रहेको छ।

| क्र.स. | विवरण | घटनाहरूको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरेलु हिंसा (Domestic Violence - DV) | १२५ | १४ |
| २ | मानसिक यातना / भावनात्मक हिंसा | १५४ | २०.१६ |
| ३ | सम्बन्ध विच्छेद (Divorce) सम्बन्धी | ६१ | ७.९८ |
| ४ | श्रीमान सम्पर्कविहीन / बेपत्ता | ५८ | ७.५९ |
| ५ | बहुविवाह / परस्त्री सम्बन्ध | ४७ | ६.१५ |
| ६ | आर्थिक हिंसा / खर्च नदिएको | ४४ | ५.७६ |
| ७ | नागरिकता सम्बन्धी समस्या | २८ | ५.५० |
| ८ | जन्मदर्ता सम्बन्धी समस्या | ३१ | ५.१० |
| ९ | विवाह दर्ता समस्या | १२ | ४.७१ |
| १० | अंश / सम्पत्ति विवाद | ३९ | ४.३२ |
| ११ | लेनदेन / आर्थिक ठगी | २४ | ४.०६ |
| १२ | यौन हिंसा (Sexual Violence) | १८ | ३.६६ |
| १३ | प्रेम सम्बन्ध / Live-in Relationship समस्या | ३६ | ३.१४ |

| क्र.स. | विवरण | घटनाहरूको संख्या | प्रतिशत |
|---|---|---|---|
| १४ | सुरक्षित आवास (Safe Shelter) आवश्यकता | ९ | २.७५ |
| १५ | बालबालिका सम्बन्धी समस्या | ४२ | २.३६ |
| १६ | सामाजिक हिंसा / छिमेकी विवाद | २१ | ९.५७ |
| १७ | साइबर हिंसा | १५ | १.१८ |

आयोगमा प्रत्यक्ष रूपमा उपस्थित भई परामर्श लिन आएका महिलाहरूमध्य सबैभन्दा बढी २०.१६% महिलाहरू परिवार तथा श्रीमानबाट पाएको मानसिक यातना तथा भावनात्मक हिंसासँग सम्बन्धित विषयमा परामर्श लिन आएको देखिन्छ। यसैगरी, घरेलु हिंसाका (DV) सम्बन्धमा १४% महिलाहरू श्रीमान तथा परिवारजनबाट हुने हिंसाका सम्बन्धमा परामर्श लिन आएको देखिन्छ। यसले समाजमा शारीरिक चोटपटक भन्दा पनि घरेलु तहमा मानसिक र संवेगात्मक हिंसा निकै गम्भीर रूपमा जरा गाडेर बसेको देखिन्छ।

यसैगरी सम्बन्ध विच्छेदका घटना ७.९८%, श्रीमान सम्पर्कविहीन वा बेपत्ता भएका घटना ७.५९% र बहुविवाह वा परस्त्री सम्बन्धका मुद्दाहरू ६.१५% का सम्बन्धमा महिलाहरू परामर्श लिन आएका देखिन्छन्। यी तथ्याङ्कहरूले वैवाहिक जीवनमा अविश्वास, वैदेशिक रोजगारी वा अन्य सामाजिक कारणले परिवार विखण्डनतर्फ गइरहेको डरलाग्दो चित्र प्रस्तुत गर्दछ।

यसैगरी नागरिकमा कानुनी सचेतना बढे पनि व्यवहारिक रूपमा जन्मदर्ता समस्या ४.०६%, नागरिकता सम्बन्धी समस्या ३.६६% र विवाह दर्ता नहुने समस्या १.५७% रहेका छन्। समयमै कानुनी रूपमा घटना दर्ता नहुँदा विशेष गरी महिला र बालबालिकाहरू राज्यबाट पाउने अधिकार र पहिचानबाट बञ्चित हुनुपर्ने स्थिति सिर्जना भएको देखिन्छ।

महिलाहरूलाई आर्थिक रूपमा परनिर्भर बनाउने वा खर्च नदिने आर्थिक हिंसा ५.७६% र अंश तथा सम्पत्ति विवाद ५.१०% रहेका छन्। आर्थिक अधिकार र सम्पत्तिमा पहुँच नहुँदा पीडित महिलाहरू हिंसा सहेर बस्न बाध्य हुने गरेको देखिन्छ।

परम्परागत हिंसाका अतिरिक्त प्रेम सम्बन्ध तथा लिभ-इन रिलेसनसिप (Live-in Relationship) का समस्याहरू ४.७१% र साइबर हिंसा १.९६% का दरले देखा पर्न थालेका छन्। प्रविधिको विकास र आधुनिक जीवनशैलीको सँगसँगै यी नयाँ विधाका अपराध तथा समस्याहरूलाई सम्बोधन गर्न कानुनी र परामर्श सेवाको दायरा बढाउनुपर्ने आवश्यकता देखिन्छ।

तथ्याङ्कको समग्र समीक्षा गर्दा घरेलु र वैवाहिक हिंसा न्यूनीकरणका लागि कानुनी कारबाहीका साथै सघन मानसिक परामर्श (Counseling) र कानुनी साक्षरता अभियानलाई टोल-टोलमा पुऱ्याउनु अपरिहार्य देखिन्छ।

**महिला हिंसा तथा महिलाका समस्या समाधान गर्नका लागि गर्नुपर्ने कार्यहरूः**

१. **मनोसामाजिक परामर्श (Counseling) केन्द्रको स्थापना:** राष्ट्रिय महिला आयोगमा प्राप्त गुनासो/निवेदन तथा उजुरीका विषयहरू हेर्दा मानसिक तथआ संवेगात्मक हिंसा अत्यधिक रहेकाले वडा वा समुदाय स्तरमा मानसिक परामर्शदाताहरूको व्यवस्था गरी सघन परामर्श सेवा उपलब्ध गराउनुपर्ने देखिन्छ।

२. प्रविधिको बिकास तथा मानिसहरूको जीवन पद्धतीमा आएको परिवर्तन सँगै **डिजिटल हिंसाको दर बढ्दै गएको र सो सम्बन्धी सचेतनामा तथा ज्ञानमा कमी भएको तथा** फोन र अनलाइन माध्यमको बढ्दो प्रयोगलाई ध्यानमा राखी २४ सै घण्टा चल्ने निःशुल्क हटलाइन र साइबर हिंसा सम्बन्धी मुद्दा हेर्न छुट्टै डिजिटल डेस्क सञ्चालन गरी चुस्त बनाउनुपर्ने।

३. **घटना दर्ता र कानुनी साक्षरता अभियान** चलाउनुपर्ने। स्थानीय निकायसँग मिलेर "शतप्रतिशत व्यक्तिगत घटना दर्ता" अभियान चलाउने तथा विवाह, अंश र सम्पत्तिमा महिलाको अधिकारबारे सचेतना फैलाउनुपर्ने।

४. विवाह, अंश र सम्पत्तिमा महिलाको कानुनी अधिकारबारे **सचेतना मूलक सडक नाटक, रेडियो कार्यक्रम र सामाजिक सञ्जाल** अभियान चलाउने।

५. **सुरक्षित आवास गृह (Safe Shelter) को सुदृढीकरण**: घरेलु हिंसाबाट विस्थापित महिला र बालबालिकाको तत्काल उद्धारका लागि आश्रयस्थलको क्षमता बढाई उनीहरूलाई आत्मनिर्भर बनाउने सीपमूलक तालिम दिनुपर्ने।

६. **एकीकृत प्रेषण प्रणाली (Referral System)**: प्रहरी, अदालत, स्थानीय तह र कानुनी सहायता दिने संस्थाहरू बीच बलियो समन्वय कायम गरी न्याय प्रणालीलाई छिटो र छरितो बनाउनुपर्ने।

७. हिंसा पीडित महिला तथा परिवारका लागि नियमित परामर्श सत्रहरू सञ्चालन गर्ने।

८. घरेलु हिंसाबाट तत्काल विस्थापित भएका महिला र उनीहरूका बालबालिकाका लागि **अल्पकालीन सुरक्षित आश्रयस्थल (Safe Shelter Houses)** को संख्या र गुणस्तर बढाउने।

९. आश्रयस्थलमा रहेका महिलाहरूलाई **सीपमूलक तथा आयआर्जनका तालिम** दिई आर्थिक रूपमा आत्मनिर्भर बनाउने।

१०. सम्बन्ध विच्छेद, बहुविवाह, र श्रीमान बेपत्ता हुने घटनाहरू रोक्न र समाधान गर्न स्थानीय प्रहरी, अदालत, वडा कार्यालय र कानुनी सहायता दिने गैरसरकारी संस्थाहरू बीच **एकीकृत प्रेषण प्रणाली (Referral System)** लागु गर्ने।

११. **प्रदेश कार्यालय वा जिल्ला सम्पर्क कार्यालयको स्थापना** गरी सेवालाई विकेन्द्रित गर्नुपर्ने।

१२. **दुर्गम क्षेत्र लक्षित चेतना अभियान**: सञ्चालन गर्ने। कम उजुरी परेका कर्णाली र सुदूरपश्चिमका दुर्गम जिल्लाहरूमा स्थानीय रेडियो र वडा कार्यालय मार्फत निःशुल्क हटलाइन सेवाको बारेमा व्यापक सचेतना जगाउनुपर्ने।

**९.२.६ आयोगबाट पीडित तथा प्रभावितहरूको सेवाका लागि आयोगबाट विभिन्न संस्थाहरूमार्फत् प्रदान गरिएको सेवाको विवरणः**

आयोगले विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गरी पीडित तथा प्रभावितहरूको व्यवस्थापनको लागी कार्य गरिआएको छ। आयोगको अधिकारक्षेत्र बाहिरका उजुरी आयोगमा प्राप्त भएका सम्बन्धित निकायमा समन्वय गर्ने गरेको छ। आयोगले पीडित महिलाको लागी तालिकामा उल्लिखित निकायसँग समन्वय निःशुल्क कानुनी सहायता प्रदान गर्ने गरेकोमा यो आ.व. मा ३१ जना महिलालाई निःशुल्क कानुनी सहायता प्रदान गरेको छ। पीडितको तत्काल स्वास्थ्योपचारका लागी ४१ जना महिलालाई नजिकको OCMC केन्द्रमा पठाएको तथ्याङ्कले देखाउँछ भने पीडित र आश्रीत बालबालिकाको लागी ५ जना लाई सुरक्षित आवासको प्रबन्ध गरेको छ। यसबाहेक प्रहरी कार्यालय, स्थानिय निकाय लगायतका सरोकारवाला निकायसँग समेत पीडितको उपर्युक्त व्यवस्थापनको लागी सहजीकरण गरेको छ।

<table>
<tr><th>क्रम संख्या</th><th colspan="2">विवरण</th><th>संख्या</th></tr>
<tr><td>१</td><td colspan="2">OCMC</td><td>४१</td></tr>
<tr><td>२</td><td colspan="2">सुरक्षित आश्रयस्थल</td><td>५</td></tr>
<tr><td>३</td><td colspan="2">पत्राचार(प्रहरी कार्यालय समेत)</td><td>९८</td></tr>
<tr><td rowspan="2">४</td><td rowspan="2">निःशुल्क कानुनी सहायता</td><td>कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक\अदालत)</td><td>२६</td></tr>
<tr><td>नेपाल बार एसोसियसन</td><td>५</td></tr>
<tr><td rowspan="2">५</td><td rowspan="2">सेवाग्राही</td><td>नेपाली नागरिक</td><td>२७९३</td></tr>
<tr><td>विदेशी नागरिक</td><td>३</td></tr>
</table>

# परिच्छेद १०

# लैङ्गिक समानता र लैङ्गिक न्यायका सम्बन्धमा नेपाल टेलिभिजन सँगको सहकार्यमा सम्पन्न भएको नेपालमा महिला कार्यक्रमसम्बन्धी विवरण

## १०.१ पृष्ठभूमिः

नेपालको संविधान, लैङ्गिक समानता नीति, प्रचलित कानुनहरूले महिलाका हक/अधिकार सुनिश्चित गर्न गराउन राखेका प्रावधानहरू तथा काम, कर्तव्य र जिम्मेवार निर्वाह गरिरहेका सरोकारवाला निकाय/कार्यालयले लैङ्गिक सवाल, महिला सशक्तीकरण, सामाजिक न्याय, हिंसा/ पीडित प्रभावितहरूको उद्धार, राहत, पुनस्थापना, संरक्षण, मर्यादित जीवनसहित सामाजिकीकरणमा भएका व्यवस्था/व्यवस्था कार्यान्वयमा रहेको अवस्था प्रगति र उपलब्धिहरू जानकारी गराउने उद्देश्यले आयोगले नेपाल टेलीभिजनसँग पाक्षिक कार्यक्रम **नेपालमा महिला** फिल्ड वेश र स्टुडियो वेशमा सञ्चालन गरिएको छ। उल्लिखित विषयलाई उजागर गर्न २० इपिसोडहरू कार्यन्वयन भए। जहाँ ८ वटा **म्यागजिन वेश** र १२ वटा स्टुडियो मै गएर **टक शो** सम्पन्न भयो। जुन यस प्रकारका छनः-

## १०.२ स्टुडियो वेश

| क्र.सं. | कार्यक्रम | विषय | उठाइएका प्रमुख बुदाहरू | समाधानका प्रयास |
| --- | --- | --- | --- | --- |
| १ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान नोभेम्बर २५- डिसेम्बर १० | लैङ्गिक हिसाका विविध स्वरूप मध्य अनलाईनबाट हुने हिसा रोकथाममा सरोकारवालाहरू बिच अन्तर्क्रिया | लैङ्गिक हिंसाका स्वरूपहरू विविध रूपमा देखिदै आएका छन। यद्यपि प्रविधिको माध्यमबाट हुने सबै प्रकारका हिसा दुर्व्ययवहार मानसिक क्षयीकरणलाई विशेष तदारुकतासाथ रोकथाम गर्न आवश्यक छ । | राष्ट्रिय नारा प्रविधिको सहि प्रयोग गरौं लैङ्गिक हिसा अन्त्य गरौ भन्ने सन्देश सार्थक पार्न कार्यक्रमहरू सबै निकायबाट सञ्चालनमा ल्याउने र विधुतीय माध्यमबाट हुने हिंसाका बारेमा साइबर व्यूरो र अनुसन्धान विधिलाई प्रभावका। |
| २ | लंङ्गिक हिसा विरुद्धकै १६ दिने अभियानकै क्रममा राजनैतिक पदाधिकारीहरूसँग राजनीतिक पदाधिकारीबिच अन्तर्क्रिया | लंङ्गिक हिसा विरुद्धकै १६ दिने अभियानकै क्रममा राजनैतिक पदाधिकारीहरूसँग ।संविधान नीति कानुन राष्ट्रिय महिला आयोगको ऐन नियमावली र अन्तर्राष्ट्रिय सन्धि/संझौताका बारेमा जानकारी गराउन कर्णाली प्रदेश डोल्पा जिल्लाका मूलधारका प्रमुख राजनीतिक पदाधिकारीबिच अन्तर्क्रिया सम्पन्न । | निर्वाचनको घोषणा भएपश्चात विशेष गरी जनसंख्याको आधारमा महिलाहरूको प्रतिनिधित्व गराउनु पर्दछ। जसको लागि प्रत्येक प्रदेश र जिल्लाबाट नेतृत्व लिनसक्ने महिलाहरूलाई सबै राजनीतिक दलले खुला प्रतिस्पर्धामा उठाउनु पर्ने विषयमा वहस भयो। यसको मूल आधार संविधान नीति प्रचलित ऐन नियम र अन्तर्राष्ट्रिय सन्धि संझौतामा भएका प्रावधानहरूको जानकारी गराईएको । | सहभागि रहेका राजनैतिक दलका प्रतिनिधिहरूले महिलाहरूलाई अब हरेक क्षेत्रमा सहभागि हुन कुनै अवरोध नभएको केवल महिलाहरू आफैमा नेतृत्व लिन अग्रसर हुनुपर्दछ । |
| ३ | लंङ्गिक हिसा विरुद्धकै १६ दिने अभियानकै क्रममा | लंङ्गिक हिसा विरुद्धकै १६ दिने अभियानकै क्रममा राजनैतिक पदाधिकारीहरूसँग ।संविधान | | |

| क्र.सं. | कार्यक्रम | विषय | उठाइएका प्रमुख बुदाहरू | समाधानका प्रयास |
|---|---|---|---|---|
| | राजनैतिक पदाधिकारीहरूसँग राजनीतिक | नीति कानुन राष्ट्रिय महिला आयोगको ऐन नियमावली र अन्तर्राष्ट्रिय सन्धि/संझौताका बारेमा जानकारी गराउन गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाका मूलधारका प्रमुख राजनीतिक पदाधिकारीबिच अन्तर्क्रिया सम्पन्न । | | |
| ४ | खबर गरौं ११४५ हेल्पलाईन दिवस डिसेम्ब १० | लैङ्गिक हिसाबाट पीडित प्रभावित भएका हरूले उद्धार राहत तथा पुनस्थापना लगायतका विषयमा जानकारी गराउन साथै आयोगले गर्दै का लागि | | |
| ४ | राष्ट्रिय महिला आयोगको स्थापना दिवस फागुन २३ गते | राष्ट्रिय महिला आयोग स्थापना भएको २४ औ वर्ष प्रवेश गरेको उपलक्ष्यमा कार्यक्रम | आयोगको सेवा प्रभावकारिता तथा आगामी दिनमा लैङ्गिक हिंसा व्यवस्थापनमा खेल्नुपर्ने भूमिका सम्बन्धमा अन्तर्क्रिया | -अन्तर्क्रियाबाट प्राप्त भएका सुझाव आयोग प्रदेश तहसम्म संस्थागत रूपमा खडा हुनुपर्ने<br>-घटना घटेको स्थानमा तत्काल आयोग पुग्नु पर्ने जस्ता विषयलाई संवोधन गर्ने। |
| ५ | १४ : मिति २०८३ जेठ ८ गते, विषय : राष्ट्रिय महिला | महिलाहरूको हक अधिकारका विषयमा राष्ट्रिय महिला आयोगकले खेलेको जिम्मेवारी | संविधान प्रदत्त राष्ट्रिय महिला आयोगले निर्वाह गरेको नीतिगत, संरचनात्मक, कानुनी, वित्तीय, | संविधान प्रदत्त महिलाका हक अधिकार कार्यन्वयनमा देखिएका समस्या, अन्तर तथा जटिलताका विषय सम्बन्धमा |

| क्र.सं. | कार्यक्रम | विषय | उठाइएका प्रमुख बुदाहरू | समाधानका प्रयास |
|---|---|---|---|---|
| | अधिकार दिवशको सान्दर्भिकता | भूमिका सम्बन्धी अन्तर्क्रिया | व्यवस्थापनमा आयोगको भूमिका । -अनुसन्धान/अन्तर्राष्ट्रिय सन्धि/संझौतामा भएका प्रावधानहरूको कार्यन्वयनको अवस्था। | सम्बन्धितलाई नीतिगत सिफारिस गर्ने । |
| ६ | मिति २०८३ जेठ २२ गतेमहिलाको यौनतथा प्रजनन अधिकारको अवस्था | नेपालको संविधान प्रदत्त मौलिक हक अधिकार अन्तर्गत धारा ३८ को महिलाका हक अन्तर्गत पर्ने महत्वपूर्ण हक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थोधिकार सम्बन्धमा लुम्बिनी प्रदेशको पुथा उत्तरगंङ्गा गाउँपालिका मा स्थानीय तहका पदाधिकारी शिक्षक विद्यार्थी स्वास्थ्य स्यमसेवक महिला हक अधिकारका विषयमा कार्यरत नागरिक समाज गैरसरकारी संघसंस्था आमा समूह सुरक्षा निकायहरूबिच अन्तर्क्रिया । | आफ्ना हक र अधिकार के के हुन सोबारे अनविज्ञता रहेको -गर्भावस्था सुत्केरी अवस्थामा राख्नुपर्ने विशेष ख्याल सम्बन्धमा जानकारी गराइएको । साथै पुथा गाउँपालिकाभित्रका महिलाहरूको प्रजनन स्वास्थ्य सम्बन्धी विद्यमान अवस्थाको जानकारी लिएको | विशेष गरी ग्रामिण भेगमा महिलाहरूको प्रजनन स्वास्थ्य सम्बन्धमा न्यून जानकारी सरसफाई सरकारबाट तोकिएका लक्षित कार्यक्रमहरूको जानकारीको अभाव जस्ता विषयवस्तु सम्बन्धित निकायमा जानकारी दिने तथा नीतिगत सिफारिस पठाउँने । |
| ७ | मिति २०८३ असार १३ गते, विषय सुरक्षित र मर्यादित कार्यस्थल | काम गर्ने वातावरण सुरक्षित र मर्यादित हुनुपर्ने मान्यतास्वरूप सङ्घीय मन्त्रालय तथा आयोगहरूको कार्यसंगठनभित्र | कार्यस्थललाई स्वच्छ स्वस्थ्य र सुरक्षित बनाउनु हाम्रो अधिकार हो। उक्त अधिकार कार्यन्वयनमा देखिएका राम्रा अभ्यासहरू र बाधा | स्थलगत अध्ययनबाट प्राप्त विवरणहरूमा धेरैजसो कार्यवातावरण लैङ्गिक दृष्टिकोणबाट उचित नदेखिएकोमा व्यवस्थित गर्नै जान सम्बन्धित निकायका |

| क्र.सं. | कार्यक्रम | विषय | उठाइएका प्रमुख बुदाहरू | समाधानका प्रयास |
|---|---|---|---|---|
| | | लैङ्गिक दृष्टिकोणबाट सुरक्षित र मर्यादित भए नभएको स्थलगत अध्ययन गरी प्राप्त प्रगति सम्बन्धमा प्रस्तुतीकरण । | व्यवधान सम्बन्धी सम्बन्धित निकायका प्रतिनिधिमाझ छलफल/ अन्तर्क्रिया<br>-राष्ट्रिय योजना आयोगबाट सुरक्षित र मर्यादित कार्यस्थलमा गरिनुपर्ने विषयहरूको प्रस्तुतीकरण। | लैङ्गिक फोकल पर्सनहरूसँग अनुरोध भएको । |
| ९ | २०८३ असार १७ गते<br>कार्यस्थलमा तनाव व्यवस्थापन | आयोगमा उजुरी तथा मुद्दा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न कर्मचारीहरूमा दैनिक उजुरी तथा मुद्दा अध्ययन गरिरहदा आफैमा तनाव, दिकदारी र ट्रमा सर्ने हुँदा तनाव व्यवस्थापन सम्बन्धी कार्यक्रम | तनाव व्यवस्थापन सम्बन्धमा विज्ञद्वारा प्रस्तुती र स्वः हेरचाहका माध्यमबाट आफूलाई सधै सकारात्मक बनाउने प्रयास | |

## १०.३ स्टुडियोमै विज्ञहरूसँग विविध विषयमा गरेको संवाद अन्तर्क्रिया कार्यक्रम

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| १ | मिति २०८२ पुस ११ गते, | सरकारको मानसिक स्वास्थ्य अभियानमा महिलालाइ | सरकारले स्वस्थ मनः स्वस्थ जीवन मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ सुरु गरेको छ । मनको कुरा गरौं भन्ने नाराका साथ देशभर उक्त विषयलाई उजागर गरिदै छ । | महिलाहरूलाइ विभिन्न कारणले पुरुषको तुलनामा बढि मानसिक बोझ हुने भएपनि खुलेर कुरा गर्न हिचकिचाउने गरेको बताउँदै आफ्ना समस्याका बारेमा खुलेर कुरा गर्न महिलालाइ आग्रह गरिएको । महिलाहरू | मानसिक अस्पताल लगनखेलका निर्देशक डाक्टर सुरुज |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | कसरी समेट्ने ? | आयोगमा विविध प्रकारका हिंसा दुर्व्यवहार विभेदका कारण किशोरी/महिलाहरू उजुरी तथा मुद्दा लिएर आउदा के कस्तो मानसिक अवस्था देखिन्छ र यसलाई संबोधन के कसरी गर्न सकिन्छ ? | दोहोरो तेहेरो कार्यबोझका कारण पनि मानसिक पीडामा गुज्रने अवस्था बताउँदै भावना र तनावलाइ सामान्य रूपमा लिइ आफ्नो हेरचाहका लागि समेत सोच्न सुझाव दिइएको। आफ्ना मानसिक अवस्था र तनाव लुकाउन खोज्ने र खुलेर समस्या नभन्दा महिलाहरू रोग बढिसकेपछि मात्रै अस्पताल पुग्ने गर्नाले यस्ता समस्या उपचार गर्न समय र लागत बढ्ने जानकारी दिइएको। साथै अन्यरोग जस्तै टाउको दुख्यो पेट दुख्यो भनेझै मन दुख्यो असामान्य जस्तो लाग्दैछ भनी खुलेरै उपचारमा जानसके मानसिक स्वास्थता बढ्ने कुरामा दुईमत नहुने विज्ञहरू बताउनुहुन्छ। | तिवारी र मनोचिकित्सक डाक्टर कमल गौतम |
| २ | मिति २०८२ माघ ९ गते, | ८० हजार द्वन्द्वप्रभावितका उजुरीमाथि आयोग के गर्दैछ ? | नेपालमा २०५२ सालदेखि २०६३ सालसम्म चलेको सशस्त्र संघर्षका क्रममा भएका मानव अधिकार उलंघनसम्बन्धी घटनाको छानविन गरी सत्य/तथ्य उजागर गर्न, पीडितलाई परिपूरण र न्याय स्थापित गर्न कार्यादेश पाएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | सत्य निरूपण तथा मेलमिलाप आयोगमा द्वन्द्वकालीन घटनाका ७९ हजार ५४३ उजुरी छन् । जसमा ४ हजार २ सय २६ उजुरी यौन जन्य हिंसा र जबरजस्ति करणीका छन् । ६३ हजार ७ सय १८ पुरानो र १५ हजार भन्दा बढी नयाँ उजुरी छन्। यतिका उजुरी रहेपनि आयोगले अहिले उजुरी संकलन गर्नेबाहेक अन्य काम गरेको छैन। हामिले सत्यनिरूपण तथा मेलमिलाप आयोगले किन | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगकी अध्यक्ष लिलादेवी गड्तौला र राष्ट्रिय महिला आयोगकी |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | पुन गठन भएको ९ महिना पुगिसकेको छ। बिरोध र असहमतिका बिच गठन भएको आयोगले सुरुवातका समय काममा तदारूकता देखाएको जस्तो पनि देखियो। विशेषगरी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका ब्यक्तिको छानबिन आयोगले अघिल्लोपटक छुटेका द्वन्द्व पीडितलाइ उजुरी दिन ३ महिने समय दिई उजुरी संकलन गर्यो। तर उजुरी संकलन भएको महिनौ बितिसक्दा थप काम भने प्रभावकारी तवरले हुनसकेको विषयमा छलफल गरियो। | काममा तादरुकता देखाएन भनेर एउटा सामग्री तयार गरेका थियौं। कार्यक्रमको सुरुवातमा उक्त सामग्री प्रशारण भएको थियो। ९ महिनामा तथ्यांक संकलनसंगै थुप्रै काम अघि बढेको, उजुरी आह्वान भएको ३ महिनामा ७० नयाँ उजुरी सहित आयोगमा ३३ सय भन्दा बढि उजुरी भएपनि जनशक्ति र संरचनाको अभावमा अनुसन्धानको काम गर्न नसकिरहेको,सरकारले अधिकार दिएको तर साधनश्रोत नदिएको भनियो । आयोगलाइ आवश्यक पर्ने करिब १ सय जना अनुसन्धान अधिकृत र विज्ञ जनशक्ति दिएमा अबको ३ बर्षमा सबै पीडितलाइ न्यान दिलाउने जानकारी भयो।<br>आयोगका माननीय अध्यक्षले यौन हिंसामा परेका पीडितले विगतमा सुरक्षा, गोपनियता तथा आत्मसम्मानको सुरक्षा नहुने आशंकामा उजरी आएन भनेर यसपटक पुनः उजुरी माग गरिएको भन्दै न्याय दिलाउने सन्दर्भमा भरपुर गोपनियता कायम गर्न सुझाव दिनुभयो । उँहाले द्वन्द्व पीडितलाइ न्याय दिन आयोगले तत्काल गर्न पर्ने कामका सन्दर्भमा समेत स्मरण गराउनुभयो । द्वन्द्व पीडित महिलामा | अध्यक्ष कमला कुमारी पराजुली |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | | परेको असर परिवार र समुदायलाई समेत पुस्तौंसम्म परिरहने भन्दै मानसिक असर आर्थिक संकटको असर सामाजिक लान्छनाका असर रोक्न राज्य गम्भिर बन्नपर्ने बताउनुभयो | |
| ३ | मिति २०८२ माघ २३ गते, | बादि महिलाको अवस्थाका बारेमा छलफल | बादि समुदाय नेपालमा अल्पसंख्यक समुदाय भित्र पर्दछन। २०७८ को जनगणनानुसार नेपालमा बादी समुदायको संख्या ११ हजार ४ सय ७० रहेको छ । यसमध्य ५ हजार ९ सय ९२ महिला छन् । यो समुदायका बाहुल्यता सुदूर पश्चिम र कर्णाली प्रदेशमा रहेपनि मधेस प्रदेशमा समेत केही बादी समुदाय बसोबास गर्ने गर्छन् । बादि उत्थान बिकास समिती कर्णालीले पनि यसै बर्ष कर्णाली प्रदेशमा बसोबास गर्ने बादि समुदायको गणना गरेको छ । कर्णालिका १० मध्य ७ जिल्लामा बादि समुदायको बसोबास रहेको छ । जहाँ करिब ६ हजार बादि समुदायको बसोबास रहेको छ । बादी समुदाय बाद्यवाधन तथा मनोरञ्जनसम्बन्धी सीप कला र पेसाले | कार्यक्रममा मनोविमर्शकर्ता आस्मा अर्यालले बादी समुदाय भूमिहीनता, सुकुम्बासी, अति विपन्नता र आयआर्जन विमुखता प्रमुख समस्या रहेको बताउनुभयो । उहाँले बादि समुदायका महिला आधारभूत सेवा शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युत्को सुविधाको पहुँच बाट बञ्चित रहेको कुरामा विशेष जोड दिनुभयो । गरिवी र अशिक्षाले यो समुदायका महिला र किशोरी कष्टकर जीवन बाँचिरहेको बताउनुभयो । दलित समुदायमा पर्ने यो समुदायले छुवाछुतको समेत सामना गर्नु परिरहेको बताउनुभयो ।<br>अतिथी महिला बालबालिका तथा लैङ्गिक तथा यौनिक र सामाजिक सुरक्षा मन्त्रालयकी प्रमुख महिला बिकास अधिकृत अन्जु ढुंगानाले विगतमा महिला विकास कार्यालय जिल्लामा हुँदा बादी समुदायको घरघरमा पुगेर सिप सिकाउने र त्यस बापत अन्नपात र पैसा लिएर घरखर्चको जोहो गर्न गरेको बताउँदै | बादी समुदाय केही समय बिताएर फर्कनुभएको मनोसामाजिक मनोविमर्शकर्ता आश्मा अर्याल र महिला बालबालिका तथा जेषठ नागरिक मन्त्रालयकी प्रमुख महिला विकास अधिकृत अन्जु ढुंगाना |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | निपूर्ण जाति हो। पछिल्लो समय प्रविधिको विकास भएसंगै यो समुदायको पेसा संकटमा परेको छ। यो समुदायका महिला बढी पीडित छन् । यतिबेला बादि समुदाय जनता आवास कार्यक्रम अन्तर्गत प्राप्त भएको पाँच धुर जमिनमा दुई कोठाको घरमा बसिरहेका छन् तर सबै बादि समुदायले घर पाउन सकेका छैनन् । आफ्नो पुरानो पेशा लोप हुँदै गएपछी जीवन निर्वाह गर्ने उपाय नहुँदा समस्या भएको भन्दै यो समुदायले खेतीयोग्य जमिनको माग गर्दै पटक पटक आन्दोलन गर्यो आन्दोलनकै क्रममा ०७७ फागुन २७ गते बादी संघर्ष समिति र कर्णालि प्रदेश सरकारबीच पाँचबुँदे सम्झौता भयो। सम्झौता भएको ५ वर्ष पुरा हुनै लाग्दा समेत यी समुदायले खेती योग्य जमिन पाएका छैनन् । जीवन गुजारा गर्न आम्दानिको श्रोत नहुँदा र स्वास्थ्य र शिक्षाको अभावमा यो समुदायका महिलाको अवस्था अत्यन्तै | समयक्रमसँगै उनीहरूको परम्परागत पेशा लोप हुँदै गएको , पर्याप्त बजारको अभाव र आधुनिक वाद्यवादनका सामग्री तथा प्रविधिको विकासका कारण बादी समुदाय आफ्नो परम्परागत पेसाबाट विस्थापित जस्तै भएको बताउनुभयो । बादी उत्थानका लागि सरकारले गरेको कार्यक्रमले नै बादी समुदायको जीवनमा उल्लेख्य प्रगति भएको तर पर्याप्त नभएको बताउनुभयो । | |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | दयनीय छ । यसकारण हामिले बादि समुदायका महिलाको अवस्था कस्तो छ। | | |
| ४ | मिति २०८२ फागुन ८ गते | मातृभाषी महिलाले नेपाली भाषा प्रयोगमा भोग्नुपरेका चुनौती | नेपालको संविधानले राष्ट्रभाषा र सरकारी कामकाजको भाषा गरी दुई प्रकारको भाषा उल्लेख गरेको छ । सबै मातृभाषा राष्ट्रभाषा हुन् भने देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने संवैधानिक व्यवस्था छ । जनगणना २०७८ अनुसार नेपालमा १ सय २४ मातृभाषा बोलिन्छ । तर यी भाषा सरकारी कामकाजको भाषाका रूपमा कार्यन्वयन हुन सकिरहेको छैन । जसले गर्दा मातृभाषाको प्रयोग गर्ने महिला अथाव द्विभाषिक महिलालाइ नेपाली भाषा प्रयोगको सन्दर्भमा समस्या उत्पन्न हुने गरेको छ । भाषाहरूको विकास गर्न र सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिलाउन वा सिफारिस गर्ने अधिकार सहितको भाषा आयोग पनि छ । आयोग गठनको ११ वर्ष | राज्यले बहुभाषिक नीति अवलम्बन गरेको भएपनि कार्यन्वयनको अवस्था कमजोर रहेको, अभिलेख, दर्ता, प्रसारण, पत्राचार, प्रस्तुति, अभिव्यक्ति, प्रकाशन, अध्ययन, अध्यापन र लोकसेवा आयोगको परीक्षाका माध्यममा नेपाली भाषानै प्रयोग हुनेहुँदा मातृभाषी महिलाहरूले चुनौती भोग्नपरेको डा दिपक अधिकारी बताउनु हुन्छ । शिक्षा, स्वास्थ्य, सार्वजनिक प्रशासन, आमसञ्चार, यातायात, कृषि, निर्माण, विकास, विज्ञान तथा प्रविधि जस्ता प्रमाणीकरण र सेवा प्रवाहका क्षेत्रमा मातृभाषाको प्रचलन छैन मातृभाषा अनिवार्य गराइनु पर्ने वाहाँको धारणा थियो । पुस्तान्तरणको अभावले भाषा संरक्षणमा समेत असर परिरहेको भन्दै महिलालाइ सक्षम बनाएर भाषा संरक्षणमा सहभागी गराउन सरकारलाइ सुझाव पनि दिनुभयो ।<br>यस्तै भाषा आयोगका माननीय सदस्य डाक्टर पुष्करराज भट्टले कामकाजको भाषा नेपाली भाषा हुँदा मातृ भाषी महिलाले भाषिक | नीति अनुसन्धान प्रतिष्ठान नेपालका निर्देशक डाक्टर दिपक कुमार अधिकारी र भाषा आयोगका सदस्य डाक्टर पुस्करराज भट्ट |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | बितिसक्दा समेत प्रभावकारी भूमिका खेल्न नसकेको टिप्पणी हुने गरेका छन् । भाषा संरक्षणमा महिलालाइ कसरी सहभागी गराउन सकिन्छ मातृभाषा बोल्ने महिलाले नेपाली भाषाको प्रयोगमा झेल्नुपर्ने चुनौती कम गर्न के गर्न सकिन्छ ? चर्चा र बहस गरियो । | समस्या झेल्नुपरेको उदाहरण दिँदै भाषा आयोगले स्थानीय भाषाका बाहुल्यताका आधारमा सरकारी कामकाजको भाषाका रूपमा कार्यन्वयनका लागि सिफारिस गरेको बताउनुभयो। बाग्मती प्रदेश र गण्डकी प्रदेशमा मातृभाषाको प्रयोगका लागि सिफारीस गरेको र ती प्रदेशले कानुन समेत बनाइ कार्यन्वयनको चरणमा पुगेको बताउनुभयो। मातृभाषी महिलालाइ नेपाली भाषामा समेत अभ्यस्त बनाउन भाषिक ज्ञान अभिबृद्धिका कार्यक्रम गर्नुपर्ने बताउनुभयो। आधारभूत विद्यालय शिक्षामा मातृभाषा समावेस गर्न जरुरी रहेको भन्दै महिलामाथी भाषिक हिंसाका घटना भइरहेको र आयोगमा समेत उजुरी परेको जानकारी दिनुभयो । | |
| ५ | मिति २०८२ फागुन २४ गते | अन्तर्राष्ट्रिय महिला दिवश | फागुन २४ अर्थात मार्च ८ मा ११६औ अन्तर्राष्ट्रिय महिला दिवश मनाइयो। संयुक्त राष्ट्र संघले सन् १९७५ देखि यो दिवश विश्वब्यापी रूपमा मनाइदै आएको छ । सन् १९०८ मा अमेरिकाको न्युयोर्क सहरमा हजारौं महिला भेला भएर महिलालाई ड्युटी आवर कम गर्न र | डाक्टर किरण रुपाखेतीले निजामती सेवाका महिलाहरूमा लैङ्गिक भेदभाव, कार्यस्थलमा असुरक्षा, वा विभिन्न समस्या अझैपनि बाँकी रहेको बताउनुभयो । निजामती सेवाका ठूला निर्णयात्मक पदहरूमा महिला कम भएपनि नयाँ महिला निजामती सेवामा थपिँदै गएको बताउनुभयो । कार्यस्थलमा महिलाहरूको समानता र सुरक्षा कायम गर्ने सवालमा अझै | पूर्व प्रदेश सचिब डाक्टर किरण रुपाखेती र महिला अधिकारकर्मी **रेणु सिजापती** |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
| --- | --- | --- | --- | --- | --- |
| | | | पुरुष सरह पारिश्रमीक माग गर्दै गरिएको प्रदर्शनको जगमा यो दिवश मनाइरहँदा यो माग नेपालमा अहिलेपनि उत्तिकै सान्दर्भिक छ । पारीश्रमिक मात्रै हैन अझै पनि नेपालका महिलाको ठुलो संख्या आधारभुत सेवा बाट समेत बञ्चित भइरहेका छन्। नेपालमा महिलाहरूको हक अधिकारका पक्षमा वकालत गर्न र निजामती सेवामा संलग्न महिलाले भोग्नु परिरहेका चुनौती लैङ्गिक हिंसा र नेपालका दलित महिलाहरूको आजको अवस्था र उनिहरूका आजका आवश्यकता के छन् भन्ने विषयमा रहेर कुराकानी गर्न यो विषय उठान गरिएको हो । | धेरै काम गर्नुपर्ने तितो यथार्थ भन्नुभयो। सरकारले महिला शिक्षा, रोजगारी, र स्वास्थ्य सेवामा लगानी बढाउनुपर्ने जानकारी दिनुभयो। प्रविधि र डिजिटल पहुँचमा महिलालाइ पुर्याउन सरकारले थप बजेट र कार्यक्रम गर्नुपर्ने समेत बताउनुभयो ।<br>अतिथि महिला अधिकारकर्मी रेणु सिजापतीले महिला नेतृत्व विकासका लागि पर्याप्त काम गर्न जरुरी रहेको बताउनुभयो । महिलाका लागि सरकारी सेवामा केही कोटा प्रणालीले केही अवसर बढेपनि पर्याप्त नभएको बताउनुभयो। निजि क्षेत्रमा महिलाले महिला भएकै कारण अवसरबाट बञ्चित हुन पर्ने बिडम्बना पनि उजागर गर्नुभयो। अझै दलित महिलाको शिक्षा र स्वास्थ्यमा महिलाहरूको पहुँच कमजोर रहेको पनि बताउनुभयो। महिला पछि पर्नुमा सामाजिक र साँस्कृतिक बाधा पनि छ। परम्परा र रीतिरिवाजले महिलालाइ भेदभाव गरेका कारण दलित महिलाले अझैपनि पीडादायी जीवन बिताउनपर्ने बताउनुभयो। अन्तर्राष्ट्रिय महिला दिवश मनाउदै गर्दा हाम्रो मुलुकमा गाउँघरमा महिलाका आधारभूत आवश्कताबाटै बन्चित | |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | | हुनुपरेको वास्तविकता पनि उजागर गर्नुभयो। महिलाको जीवनस्तर सुधार्न महिलालाइ रोजगारी र आर्थिक सहभागिता बढाउन धेरै काम गर्न पर्ने सुझाव दिनुभयो । | |
| ६ | मिति २०८२ चैत्र १३ गते | बलत्कारका घटनामा प्रहरीको तथ्यांक र यस्ता घटनामा पिडकको मानसिक अवस्थाको सम्बन्ध । | नेपालमा बलात्कारका घटनाहरू दिन प्रतिदिन वृद्धि भइरहेको शिशुदेखि वृद्धासमेत बलात्कारको सिकार हुनुपरेको छ। अझै सामूहिक बलत्कार र बलत्कारपछी हत्या दर्दनाक घटना पनि बाहिरिरहेका छन्। परिवार भित्रैबाट हिंसा र बलात्कृत भएका छन्। बलत्कार कसुरमा कानुनमा सजायको स्पस्ट व्यवस्था छ। तर बलत्कारको घटना रोकिँदैन। बलत्कारका घटना हुनुको पछाडि केही मनोबैज्ञानिक तथा मानसिक स्वास्थ्य समस्याले समेत भूमिका खेलिरहेको बताइन्छ। बलात्कारका घटनामा यस्ता केहि मानसिक रोग तथा मनोबैज्ञानिक कारणहरूले प्रभाव पारिरहेको हुन्छ । बलात्कारका घटनाहरू किन हुन्छन , बलात्कारका घटनाहरू हुनुका | प्रहरी प्रधान कार्यालयका एसएसपी मुकुन्द मरासिनीले बलत्कारका घटनाका पिडकहरू कुनै न कुनै रूपमा तनावपूर्ण पारिवारिक पृष्ठभूमिमा हुर्किएको बताउनुभयो। केही बलत्कारका पीडक लागुऔषत जस्ता दुर्ब्यसनी हुने गरेको पनि बताउनुभयो। धेरै बलत्कारका घटना आफन्त नजिकका साथिभाइ छिमेकी र चिनेजानेकै मान्छेबाट हुने र योजनाबद्ध हुने गरेको दृष्टान्त प्रस्तुत गर्नुभयो। कतिपय घटनामा पीडित होस्टायल हुने गर्दा अनुसन्धान प्रभावित हुने गरेको छ। केही पीडितका परिवारले त सामाजिक अबहेलनाको त्रासका कारण पनि उजुरी नदिने र दिएको उजुरी फिर्ता लिन प्रहरीलाइ दबाद दिने गरेको बताउनुभयो । नेपाल प्रहरीले अपराध अनुसन्धानको क्षेत्रमा एसियामै उत्कृष्ट काम गरेको दाबी गर्दै प्रहरीको भूमिकामा शंका नगर्न आग्रह पनि गर्नुभयो । अर्का अतिथि डाक्टर पशुपती महतले यस्ता | नेपाल प्रहरी प्रधान कार्यलय अपराध अनुसन्धान निर्देशनालयका एसएसपी मुकुन्द मरासिनी र विशेषज्ञ चिकित्सा मनोविद डाक्टर पशुपती महत |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | पछाडीका मानसिक तथा मनोबैज्ञानिक कारणहरू यस्ता हुन सक्छन् । प्रहरी अनुसन्धानमा बलत्कार घटनाको पृष्ठभूमि कस्तो हुने गरेको छ भन्ने विषयमा चर्चा गर्न यो विषय उठान गरिएको हो । | घटना दोहोरिरहनुलाई सामाजिक सोच पनि महत्वपूर्ण रहेको दाबी गर्नुभयो। बलात्कारको घटनामा संलग्न व्यक्ति मानसिक रूपमा स्वस्थ ब्यक्ति नहुने र कुनै न कुनै किसिमले विकार मनस्थिति भएको हुने बताउनुभयो। स्वस्थ्य ब्यक्तिले समाजले स्वीकारेको मात्र व्यवहार गर्ने भन्दै आफ्नो आवेगलाई नियन्त्रण गर्न नसक्ने ब्यक्ति मानसिक रूपमा पूर्ण स्वस्थ नहुने बताउनुभयो। हाम्रो समाजमा पीडितलाई मनोपरामर्श दिइने तर पिडकलाई पनि काउन्सिलिङ जरुरी रहेको बताउनुभयो। बलत्कारका घटनाका दोषिलाई प्रकृति हेरेर जन्मकैद सम्मको ब्यवस्था भएका कारण कानुनी पाटोमा समस्या नरहेको तर सामाजिक सोच र पिडकको मनोविज्ञान परिवर्तनका लागि काम गर्न भने आवश्यक रहेको बताउनुभयो। बिद्यालय शिक्षामा नै यौन शिक्षाका पाठ्यक्रम समाबेश गरिनुपर्ने बताउनुभयो। पीडितले कहिलेकाँहि बलत्कारका घटना लुकाउने र लामो समयपछी खुल्ने गरेका हुन्छन्। यसमा पनि पीडितमा हुने मनोबैज्ञानिक त्रास प्रमुख रहेको बताउनुभयो। पीडितले घटना बिर्सिने कारण | |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | | बयाना फेर्ने गरेको बताउनुभयो । वाहाले पीडितको मानसिक अवस्थालाई ख्याल गर्नुपर्ने कुराको कार्यन्वयन पक्ष रहेको पनि बताउनुभयो । | |
| ७ | मिति २०८२ चैत्र २७ गते, | नेपालमा महिला उद्यमशिलताको अवस्था । | महिलाई आर्थिक रूपमा स्वतन्त्र बनाउदै आत्मनिर्भर बनाउन जागिर संगै ब्ययवसाय र उद्यमशिलतामा जोडन सक्नु दीगो आर्थिक स्वनिर्भरता मानिन्छ। पछिल्लो समय महिलाहरू उद्यम ब्यवसायमा आकर्षित भएकोले सहभागिता पनि बढ्दै गइरहेको छ। हामीसँग महिला उद्यमशिलताका लागि प्रशस्त सम्भावना पनि छन। तर उद्यम व्यवसाय गर्नका लागि र गरिरहेका महिलाका लागि सहज भने छैन। उनिहरूले विभिन्न किसिमका चुनौती र असहजता सहनु पर्ने देखिन्छ ।महिलालाइ उद्यमशिलतामा कसरी जोड्ने महिलाले भोग्नपरेका चुनौती के छन् र सरकारले उद्यमी महिला र उद्यमशिलतामा जोडिन चाहने महिलाका लागि के गरिरहेको छ ? | राष्ट्रिय महिला आयोगकी उपसचिब सीता अधिकारीले आयोगमा आर्थिक हिंसाका समस्या लिएर धेरै महिला पुग्ने गरेको बताउँदै त्यस्ता महिलालाइ सिपमूलक प्रशिक्षण र पूँजिका लागि आर्थिक सहयोग गर्न जरुरी रहेको बताउनुभयो। महिला उद्यमशीलता विकास गर्न लघु, घरेलु तथा साना उद्यम प्रवर्द्धनका लागि विभिन्न मुलुकका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत ठुलो मात्रामा वित्तीय सहयोग उपलब्ध हुँदै आइरहेको छ। सरकारले पनि साना तथा लघु उद्यम सञ्चालन गर्न सहुलियतपूर्ण ऋण र प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ। तर नेपालको दूरदराजमा रही लघु, घरेलु तथा साना उद्यम सञ्चालन गर्ने महिला उद्यमीहरूले त्यसको प्रत्यक्ष फाइदा लिन नसकिरहेको बताउनुभयो। सरकारले महिलालाइ आर्थिक रूपमा शसक्त बनाउन विभिन्न कार्यक्रम सन्चालन गरिरहेको बताउदै | राष्ट्रिय महिला आयोगका प्रमुख महिला विकास अधिकृत सीता अधिकारी, महिला उद्यमी महासंघकी महासचिव सबिता सुवेदी |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | भन्ने विषयमा छलफल गर्न यो विषय उठान गरिएको हो । | थप काम गर्न जरुरी रहेको र स्थानीय स्तरमै स्थानीय तहले प्रभावकारी रूपमा काम गर्नपर्ने बताउनुभयो ।<br>यस्तै महिला उद्यमी महासंघकी महासचिव सबिता सुबेदीले महिला आर्थिक रूपमा शसक्त बन्न , महिला हिंसा न्यूनीकरण गर्न र समग्र मुलुककै आर्थिक उत्थानका लागि महिलाले उद्यमशिलतामा जोडिन आवश्यक रहेको बताउनुभयो । कृषि पेसासंग आश्रित उद्यम गर्ने महिलाले सानो लगानीमा छोटो समयमै प्रतिफल पाइरहेको बताउनुभो । उद्यम गर्नुअगाडी आफ्नो ठाउँ र परिवेशमा बजारको माग र आवश्यकता अध्ययन गरेर मात्रै लगानी गर्न पनि सुझाव दिनुभयो । महिलाले गरेका उद्यमले स्थानीय कृषि उत्पादन प्रवर्दन गर्न टेवा पुगेको दावी गर्नुभयो। सरकारले महिलालाइ उद्यमशिलतामा जोड्न अत्यन्तै उदासिन रहेको गुनासो गर्नुभयो । महिलाले कुनै सीप सिक्न चाहे महासंघले सहयोग गर्ने जानकारी गराउनुभयो । हिंसा प्रभावित महिला लक्षित सीपमूलक प्रशिक्षण महासंघले नै दिलाएको र त्यस्ता केही महिला स्वरोजगार पनि बनेको दाबी गर्नुभयो । | |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | | उद्यमशिलताका लागि महिलाको स्वामित्वमा अचल सम्पत्ति नहुँदा पूँजी जुटाउन कठिन भएको र सरकारले समेत बिउ पूँजीका लागि सहयोग नगरेको गुनासो गर्नुभयो । | |
| ८ | मिति २०८३ बैशाख २५ गते, | अपाङ्गता भएका महिलाको अवस्था | अपाङ्गता भएकै कारण महिलाहरू घर, समाज र राज्यबाट समेत विभेद र दुर्व्यवहार भई उच्च हिंसाको शिकारमा पर्नुपरेको तितो यथार्थ छ । नेपालमा अपाङ्गतामैत्री वातावरणको अभावमा अपाङ्गता भएका ब्यक्तिले शिक्षा, स्वास्थ्य रोजगारी जस्ता आधारभूत आवश्यकताबाट समेत बन्चित हुन परिरहेको अवस्था छ। जसले महिलाको अवस्था त झनै चुनौतीपूर्ण बनेको छ। आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार सुनिश्चित गर्न राज्य र समाज कसरी र कुन कुन कोणबाट संवेदनशील हुन जरुरी छ ? कसरी काम गर्नुपर्दछ ? भन्ने विषयमा चर्चापरिचर्चा गर्न यो विषय उठान गरिएको हो । नेपालको संविधानले समानता सामाजिक न्याय र विभेद | अपाङ्गता भएका महिलाको अवस्थाका बारेमा जानकारी गराउदै मिना पौडेलले आपांगता भएका महिला आर्थिक रूपमा आत्मनिर्भर हुन नसक्दा अरूमा भर पर्नुपर्ने बाध्यता छ। सार्वजनिक स्थलहरू अपाङ्गता मैत्री नहुँदा उनीहरू घरभित्रै सीमित हुन बाध्य रहेको र राज्यका नीति निर्माण तहमा अपाङ्गता भएका महिलाहरूको सहभागिता र प्रतिनिधित्व अझै पनि न्यून रहेको दृष्टान्त दिनुभयो। अपाङ्गता भएका महिला अन्य महिलाका तुलनामा धेरै हिंसाको जोखिममा पर्ने गरेको पनि बताउनुभयो। अपाङ्गता भएका महिला हिंसाको चपेटामा परे पनि उजुरी दिने अथवा घटनाबारे खुल्न नसक्ने बताउनुभयो। अपाङ्गता भएका महिला बालिकाले सहजै हिंसाको प्रतिकार गर्न नसक्ने र घटना बारे उजुरी दिने निकायको जानकारी नहुँदा पनि घटना लुकाउन बाध्य भएको र यसले पिडकको मनोबल झनै बढ्ने गरेको बताउनुभयो। संविधानले अपाङ्गता | महिला अपाङ्गता संघ अध्यक्ष मिना पौडेल र राष्ट्रिय महिला आयोगकी माननीय सदस्य साबित्राकुमारी शर्मा तिवारी। |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | विरुद्धको अधिकार सुनिश्वत गरेको छ। छुवाछूत तथा भेदभावलाई कानुनले दण्डनीय अपराधको रूपमा परिभाषित गरेको छ। जातीय विरुद्धको ऐन लागु भएको ढेड दशक भएतापनि समाजमा सामाजिक विभेद उस्तै देखिएको छ विभिन्न तह र तप्कामा जातीय विभेद छुवाछूत तथा सामाजिक वहिष्करणका घटनाहरू अझैपनि सुनिन र देखिन छोडेका छैनन । विशेष गरी दलित महिला बालबालिका तथा सिमान्तकृत समु दायका महिलाहरूले जातीय र लैङ्गिक दुवै प्रकारका हिसा भोग्नु परेको सत्य हो । | भएका महिलाको समान अधिकार सुनिश्चित गरेको तर व्यवहारमा पहुँच कम रहेको बताउनुभयो ? अपाङ्गता भएका महिलालाई सहानुभूतिका पात्रका रूपमा हेरिने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताउनुभयो । यस्तै राष्ट्रिय महिला आयोगकी माननीय सदस्य साबित्राकुमारी शर्माले यो आर्थिक बर्षमा ५ जना अपाङ्गता भएका महिला आयोगमा उजुरी दिन पुगेको बताउनुभयो । अपाङ्गता भएका व्यक्तिहरूको समस्या, आवश्यकताहरू र हक अधिकारका विषयमा आयोगले पहल र पैरवी गरिरहेको बताउनुभयो । नीतिगत सुधार पनि जरुरी रहेको र यसका लागि आयोगले यो कोणबाट पर्याप्त काम गर्न नसकेको स्वीकार गर्नुभयो । श्रोत साधनका बाबजूद भाडाको घरमा आयोग सन्चालनमा रहेपनि हिंसा पीडित र प्रभावित महिलाको पीडाका अवस्थामा आयोगले पछि नहटेको दावी गर्नुभयो । | |
| ९ | मिति २०८३ असार ५ गते, | दलित समुदायका महिलाले भोगिरहेको | नेपालको संविधानले समानता, सामाजिक न्याय र विभेदविरुद्धको अधिकार सुनिश्चित गरेको छ। छुवाछूत तथा भेदभावलाई कानुनले | महिला विरुद्ध हुने विभेद अन्त्यका लागि आयोगले गरेका विभिन्न कार्यक्रमको बारेमा जानकारी गराउनु विविध प्रकारका हिंसा विभेद अन्त्यका लागि कानुनहरू कार्यन्वयनमा | महिला आयोगकी सदस्य कृष्णकुमारी |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | जातीय विभेद र भेदभावको अवस्था । | दण्डनीय अपराधका रूपमा परिभाषित गरेको छ। जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन लागु भएको पनि डेढ दशक पुग्न लागेको छ। तर कानुनी व्यवस्था हुँदाहुँदै पनि समाजका विभिन्न तह र तप्कामा जातीय विभेद, छुवाछूत तथा सामाजिक बहिष्करणका घटनाहरू अझै पनि सुनिन र देखिन छाडेका छैनन्। विशेष गरी दलित महिला, बालबालिका तथा सीमान्तकृत समुदायका महिलाहरूले जातीय र लैङ्गिक दुवै प्रकारका विभेद भोग्नुपरेको अवस्था छ। कानुनी ब्यवस्थाको कार्यन्वयन किन कमजोर , विभेद र भेदभावको अवस्था कस्तो छ । यसका विरुद्ध कस्तो काम गर्नुपर्छ र कसरी काम गर्नुपर्छ भन्ने विषय चर्चा गर्न यो विषय उठान गरिएको । | रहेतापनि कार्यन्वयनमा कार्यरत जिम्मेवार व्यक्तिहरूको क्षमता विज्ञता र सोचका कारण अपेक्षित उपलब्धि हात पर्न नसकिरहेको विद्यमान अवस्था छ । जसका कारण जातीय र सामाजिक विभेद र असमानता हटन सकेको छैन। आयोगमा जातीय भेदभाव र छूवाछूतका कारण पीडित प्रभावित भएका उजुरी तथा मुद्दाहरू आउने गरेका छन। अन्तरजातीय विवाह गर्ने महिलामाथि हुने हिंसा र सामाजिक वहिष्करण रोक्न आयोगले सचेतनाको कार्यक्रम गरिरहेको जानकारी गराउनु भयो । **महिला अधिकारकर्मी तथा पूर्व सासद लक्ष्मी परियारले** महिला माथि हुने सबै प्रकारका हिंसा विभेद अन्त्यका लागि कानुन बनेको झण्डै १५ वर्ष पुग्न लाग्दा पनि जातीय छुवाछूत र विभेद अन्त्य हुन नसक्नुमा राज्यका जिम्मेवार संयन्त्रको कमजोरी रहेको बताउनुहुन्छ ।जातीय छुवाछूत तथा भेदभाव तथा विभेदका घटनाहरू बढेको भन्दा पनि बाहिर ल्याउने/सूचना गर्नेको संख्यामा बढोत्तरी हुँदै गएको कुरा स्वीकार्नु हुन्छ । | पौडेल खतिवडा महिला अधिकारकर्मी तथा पूर्व सांसद लक्ष्मी परियार अतिथि |
| १० | मिति:२०८३ | बेतलबी घरेलु तथा हेरचाहको | घरभित्र महिलाले दैनिक रूपमा गर्ने खाना पकाउने, बालबालिका, ज्येष्ठ | कार्यक्रममा आयोगकी अध्यक्ष कमला पराजुलीले बेतलबी हेरचाहमूलक कामले | राष्ट्रिय महिला आयोगकी |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | असार १५ गते | कामको आर्थिक मूल्याङ्कन | नागरिक तथा बिरामीको हेरचाह, सरसफाइ लगायतका बेतलबी घरेलु तथा हेरचाहमूलक कामको आर्थिक रूपमा लेखाजोखा गरिएको छैन। यही विषयलाई केन्द्रमा राखेर राष्ट्रिय महिला आयोग र त्रिभुवन विश्वविद्यालयको सहकार्यमा गरिएको "बेतलबी घरेलु तथा हेरचाहको कामको आर्थिक मूल्याङ्कन" सम्बन्धी अध्ययनबारे कार्यक्रम तयार गरिएको । | समाजलाई र अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको दाबी गर्नुभयो । यसको मूल्याङ्कन आवश्यक रहेको र यो काम केवल परिवार वा समाजको मात्र नभएको भन्दै सरकारको नीतिमा पनि समेटिनुपर्ने धारणा राख्नुभयो। महिलाहरूले गरेका अदृश्य श्रमलाई मूल्य दिईनुपर्छ भन्ने विषयमा , आयोगले नीतिगत सिफारिस तयार गर्ने जानकारी दिनुभयो । यसैगरी कार्यक्रममा त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक तथा अध्ययन संयोजक कमला लामिछानेले बेतलबी घरेलु तथा हेरचाहमूलक कामको आर्थिक मूल्याङ्कनसम्बन्धी अध्ययन चार प्रदेशका पाँच जिल्लाका ४२८ भन्दा बढी महिलासँग प्रत्यक्ष अन्तर्वार्ता गरी तयार गरिएको जानकारी दिनुभयो। अध्ययनले महिलाहरूले दैनिक १२ देखि १६ घण्टासम्म बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको हेरचाह, खाना पकाउने, सरसफाइ लगायतका बेतलबी काम गर्ने गरेको देखाएको बताउनुभयो। यस्तो श्रमको आर्थिक मूल्याङ्कन गर्दा प्रतिमहिना औसत १७ हजार रुपैयाँभन्दा बढी बराबरको योगदान हुने अध्ययनले देखाएको थियो। यति ठूलो योगदान | अध्यक्ष कमला पराजुली र त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक तथा अध्ययन संयोजक कमला लामिछाने |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | | पुऱ्याउँदा पनि धेरै महिलाहरू आर्थिक रूपमा अरूमाथि निर्भर रहनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उहाँले महिलाहरूको आर्थिक सशक्तीकरण र आत्मनिर्भरताका लागि बेतलबी श्रमको औपचारिक आर्थिक मूल्याङ्कन गरी राष्ट्रिय आय (GDP) मा समेत यसको योगदानलाई समेट्न आवश्यक रहेको धारणा राख्नुभयो। | |
| ११ | २०८३ असार २६ गते | मधेसी महिलाको अवस्था र चुनौती । | नेपालमा मधेसी महिलाले अझै पनि जातीय, लैङ्गिक तथा सामाजिक विभेदका विभिन्न स्वरूप सामना गरिरहेका छन्। नागरिकता, शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा पहुँच, आर्थिक सशक्तीकरण, सुरक्षित कार्यस्थल तथा हिंसाबाट संरक्षणजस्ता विषयमा उनीहरूले अझै पनि चुनौती भोगिरहेका छन्। यही विषयलाई उजागर गर्न यो कार्यक्रम गरिएको हो । कार्यक्रममा मधेसी महिलाको वर्तमान अवस्था, उनीहरूले भोगिरहेका समस्या, राज्यका निकायको भूमिका तथा समाधानका उपायबारे छलफल गरिएको छ। | कार्यक्रममा कार्यवाहक अध्यक्ष जीवछ साहले संविधान र कानुनले समान अधिकारको व्यवस्था गरे पनि व्यवहारमा मधेसी समुदाय, विशेषगरी महिलाले अझै पनि विभेद र हिंसा भोगिरहेको बताउनुभयो। आयोगमा आरक्षण, विभेद, घरेलु हिंसा, नागरिकता, बालविवाह, महिला सशक्तीकरण, मानव बेचबिखन, एसिड आक्रमण लगायतका विषयमा उजुरी आउने गरेको उल्लेख गर्दै यस्ता घटनाको प्रभावकारी समाधानका लागि सम्बन्धित निकायबीच समन्वय, कानुनको प्रभावकारी कार्यन्वयन तथा जनचेतना आवश्यक रहेको धारणा राख्नुभयो। उहाँले मधेसी महिलाको शिक्षा, आर्थिक सशक्तीकरण र न्यायमा पहुँच सुनिश्चित नगरी समानताको लक्ष्य हासिल गर्न | मधेसी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह र राष्ट्रिय महिला आयोगकी माननीय सदस्य विद्याकुमारी सिन्हा |

| क्र.सं. | प्रशारण मिति | विषय | उठाइएका प्रमुख मुद्दाहरू | विज्ञ अतिथिको भनाई | विज्ञ अतिथि |
|---|---|---|---|---|---|
| | | | | नसकिने बताउनुभयो।<br>त्यसैगरी राष्ट्रिय महिला आयोगकी सदस्य विद्याकुमारी सिन्हाले मधेसी महिलाले भोग्ने समस्या केवल लैङ्गिक नभई जातीय, सामाजिक र आर्थिक विभेदसँग पनि जोडिएको बताउनुभयो। धेरै महिलाले लोकलाज, आर्थिक निर्भरता र न्यायमा सहज पहुँच नहुँदा हिंसा सहेरै बस्न बाध्य भएको उल्लेख गर्दै दाइजो, घरेलु हिंसा, मानसिक हिंसा, आर्थिक नियन्त्रण, साइबर हिंसा लगायतका सबै प्रकारका हिंसाविरुद्ध प्रभावकारी कानुनी कार्यन्वयन आवश्यक रहेको धारणा राख्नुभयो। नीतिगत व्यवस्था मात्र पर्याप्त नभई स्थानीय तहदेखि सङ्घीय तहसम्म सबै निकाय उत्तरदायी भई कार्यन्वयनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। साथै मधेसी महिलाको शिक्षा, नेतृत्व विकास, आर्थिक आत्मनिर्भरता र न्यायमा सहज पहुँच सुनिश्चित गर्न सके मात्र उनीहरूको वास्तविक सशक्तीकरण सम्भव हुने बताउनुभयो। | |

# परिच्छेद-११
# निष्कर्ष,सुझाव तथा भावी कार्यदिशा

## ११.१. निष्कर्षः

- नेपाल महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि( CEDAW,1979)को पक्ष भए संगै लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि विभिन्न नीति,संस्थागत र कार्यगत प्रयास भएको सिलशीलामा २०५८ फागुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना भयो । वर्तमान संविधान जारी भए संगै यस निकायलाई संवैधानिक मान्यता प्राप्त भएको छ ।लैङ्गिक समानता प्रवर्द्धन,महिला अधिकार संरक्षण र प्रवर्द्धन,लैङ्गिक मूलप्रवाहीकरण एवं लैङ्गिक हिंसा नियन्त्रणमा पैरवीकर्ता र सिफारिसकर्ताका रूपमा राष्ट्रिय महिला आयोगको भूमिका प्रभावकारी सिद्ध भएको छ ।
- लैङ्गिक समानता हासिल गर्ने विषयका विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धतामा नेपाल पक्ष राष्ट्र भएको र सङ्घीय नेपालको वर्तमान संविधानले समेत लैङ्गिक मूल प्रवाहीकरणलाई उच्च स्थान दिएको अवस्थामा देशमा लैङ्गिकमैत्री नीति, कानुन,संस्थागत व्यवस्था एवं कार्यगत प्रयासहरू तीन तहकै सरकारबाट आन्तरिकीकरण गर्ने कार्यका लागि आयोगको भूमिका परिणाममुखी देखिएको छ ।
- महिलाको हक अधिकार संवर्द्धन र प्रवर्द्धन गर्ने सन्दर्भमा जिम्मेवार निकायबाट हुदै आएका प्रयासहरूको अनुगमन गर्ने र यस्ता प्रयासहरूमा गर्नु पर्ने सुधारका लागि आयोगले नीतिगत सिफारिस गर्दै आएकोमा आयोगबाट भएका सिफारिसहरूको कार्यन्वयन गर्ने प्रवृत्तिको विकास भएको छ ।
- नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन,२०७४ बमोजिम कुनै पनि हिंसा पीडित महिलाहरूलाई न्यायको पहुँचमा पुर्याउन आवश्यक पहल कदमी गर्नु पर्ने जिम्मेवारी बमोजिम आयोगमा उजुरी व्यवस्थापनको प्रवन्ध गरिएको छ। आयोगमा विभिन्न माध्यमबाट प्राप्त भएका लैङ्गिक हिंसा पीडितहरूको उजुरीहरू लिने र हिंसाको प्रकृतिको आधारमा पीडितलाई आवश्यकता अनुसार मनोसामाजिक विमर्श,कानुनी परामर्श,कानुनी सहायता,सुरक्षित आश्रयस्थल तथा अन्य सिफारिस सम्वन्धि सेवा प्रवाह हुदै आएको छ ।
- नेपालको संविधानको धारा २५४ बमोजिम आयोगको प्रदेश कार्यालय खोल्न सकिने व्यवस्था भएको भएता पनि प्रदेश कार्यालय स्थापना भई नसकेको अवस्थामा देशभरिबाट महिलाले हिंसाको घटना उजुरी गर्ने सहजताका लागि आयोगबाट सञ्चालित "खबर गरौं हेल्पलाइन,११४५" प्रभावकारी देखिएको छ ।
- आयोगबाट विभिन्न निकायलाई गर्ने गरिने सिफारिसहरू मध्यबाट अध्ययन अनुसन्धानबाट प्राप्त सुझावहरूको आधारमा गरिने नीतिगत सिफारिसहरू कार्यन्वयन योग्य हुने देखिएकाले आयोगले गर्ने नीतिगत सिफारिसहरू अध्ययन अनुसन्धानमा आधारित भई गर्नु पर्ने देखिएको छ ।
- राष्ट्रिय महिला आयोगले गर्ने नीतिगत कार्य तथा सेवा प्रवाह सम्बन्धी कार्यको आम नागरिकमा जानकारी भए पछि मात्र महिला आयोगको उपस्थिति महशुस गर्ने हुदा गर्ने हुदा सचेतनामूलक कार्यक्रमहरूको कार्यन्वयन र सन्देशमूलक सामग्रीहरू उत्पादन,प्रशारण तथा वितरण गर्दै आएको छ जून अत्यन्त प्रभावकारी देखिएको छ ।

- महिला हिंसाका घटनाहरूको स्थलगत अनुगमन,पीडितको राहत,उद्धार,र पुनर्स्थापनाका लागि आयोगका पधाधिकारीहरूको नेतृत्वमा हुदा पीडितले प्रचलित कानुनले तोके बमोजिमको न्याय प्राप्तीको कार्य छरितो र प्रभावकारी हुनाको साथै महिला अधिकारका लागि स्थापित निकायहरूको कार्य सम्पादनको स्तर,लैङ्गिकमैत्री नीति कानुन एवं कार्यगत व्यवस्थाहरूको आयोगबाट हुने अनुगमन तथा सुधारका लागि गरिने नीतिगत पृष्ठपोषण प्रभावकारी हुदै आएको छ ।
- आयोगको संगठन संरचना सानो भएको हुदा बृहत कार्यक्षेत्र हुदा हुदै पनि नागरिकको अपेक्षा अनुरूप परिणाम देखिने गरि कार्य सम्पादन गर्नुका लागि संगठनात्मक संरचना पुनरावलोकन गर्नका साथै अन्य स्रोत साधनको समेत यथेष्ठ व्यवस्था गर्न पर्ने देखिन्छ
- लैङ्गिकमैत्री विकासलाई प्राथमिकता दिदै नेपालमा आ.व.२०६४/०६५ देखि नै लैङ्गिक उत्तरदायी बजेटको अभ्यास शुरु भएको छ। यो अभ्यास लैङ्गिता र विकासको अवधारणा कार्यान्वय गर्ने प्रमुख अस्त्र हुदा हुदै पनि तीनवटै तहका सरकारबाट वार्षिक बजेटलाई प्रत्यक्ष उत्तरदायी बजेट बनाउने विषय प्राथमिकतामा राखेको देखिदैन । प्रदेश र स्थानीय तहहरू लैङ्गिकमैत्री नीति तर्जुमा, संस्थागत व्यवस्था तथा कार्यगत अभ्यासमा कमजोरी देखिएको हुदा सबै तहका सरकारलाई लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गर्न आयोगबाट थप ध्यानकार्षण गर्नु पर्ने देखिन्छ ।
- पछिल्लो प्रवृत्ति हेर्दा महिला अधिकारको पूर्ण प्रत्याभूति हुनुमा प्रश्न चिन्ह खडा भएका महिलाको विविध समुह मध्य बालिका,अपाङ्गता भएका महिला, लैङ्गिक अल्पसंख्यक समुदायका महिला, एकल महिला, ज्येष्ठ महिला, मधेशी महिला तथा सिमान्तकृत वर्गका महिलाहरू पर्ने गरेको देखिएको छ । यस किसिमका महिलाहरूको हिंसामुक्त वातावरणमा जीवनयापन गर्न पाउने सुनिश्चितता गर्न बहस,छलफल, नीतिगत सिफारिस र पैरवीको कार्यलाई प्राथमिकतामा राख्नु पर्ने देखिएको छ ।
- महिलाको घरायसी एवं हेरचाहमूलक कार्यको आर्थिक गणना हुन सकेको छैन।यसै गरी असंगठित र अनौपचारिक क्षेत्रमा कार्यरत ठूलो संख्यामा रहेका महिलाले प्राप्त गर्ने पारिश्रमिकको मापदण्डमाथि समेत उपयुक्त अनुगमन प्रणाली स्थापन हुन सकेको देखिदैन। महिलाको मर्यादित श्रम,श्रमको उचित गणना र राष्ट्रिय अर्थतन्त्रसंग प्रत्येक महिलाको श्रमको समायोजन गर्ने गुरु योजना र कार्यक्रमका लागि सिफारिस गर्नु पर्ने देखिएको छ।
- महिला हिंसाका घटनाहरूको सम्बोधन गर्नका लागि राष्ट्रिय महिला आयोग संगसंगै स्थानीय न्यायिक समिति,अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र(OCMC),नेपाल प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र जस्ता निकायहरूले हिंसा पीडित महिलालाई न्यायको पहुँचमा पुर्याउन पहल गर्दै आएको भएता पनि यस किसिमका निकायहरूको संस्थागत आकार र क्षमता कमजोर भएका कारण नागरिकको अपेक्षा अनुरूप सेवा प्रवाह हुन नसकेको देखिएकोले यस्ता निकायको कार्यगत क्षमता अभिबृद्धिमा आयोगले पहलकदमी गर्नु पर्ने देखिएको छ।
- राष्ट्रिय महिला आयोग एक गरिमामय संवैधानिक निकायको रूपमा हुनु,ऐन/नियमावली आन्तरिक कार्यविधिबाट कार्यसञ्चालनमा सहज हुनु,देशका सबै महिलाको पहुँचमा आयोगको हेल्पलाइन,११४५ पुग्न,महिला अधिकार सम्बन्धी व्यवस्थाका लागि सिफारिस गर्न सक्ने अधिकार रहनु, महिला अधिकार सम्बन्धी सूचना र स्रोत सामग्री यथेष्ठ रहनु र संस्थागत तथा व्याक्तिगत सरोकारवालको

अपेक्षा, विश्वास र भरोसाले देशमा लैङ्गिक समानता प्राप्तिको लागि आयोगबाट अझ सशक्त भूमिका निर्वाह हुन सक्ने देखिन्छ ।

- आर्थिक,भौतिक तथा मानविय स्रोतको सिमितता,पीडित मैत्री भवन नहुदा पनि सेवा प्रवाहको गुणस्तर व्यवस्थापन,कर्मचारीको छिटो छरितो सरुवा हुदा देखिने विषय विज्ञताको अभाव तथा कर्मचारी उत्प्रेरणाको पक्ष कमजोर रहदा पनि कार्य सम्पादन उत्कृष्ट बनायनका लागि आयोगका पधाधिकारी एवं कर्मचारीहरूले सृजनात्मक कदमहरू अगाडी देखिएको छ ।
- लैङ्गिक सवाल विश्व समुदायकै प्राथमिकतामा पर्नु,संवैधानिक र कानुनी अधिकारको बृहत दायरा रहनु,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्र तथा निकायले आयोगसंग सहकार्य गर्ने तत्परता देखाउनु साथै महिलाको सवाललाई संविधान,योजना एवं राष्ट्रिय नीतिहरूले नै प्राथमिकतामा राख्नु जस्ता विषयलाई राष्ट्रिय महिला आयोगका अवसरको रूपमा लिइएको छ ।
- राज्य संयन्त्रहरूबाट छरितो न्याय प्रणालीको स्थापना गरी पीडित महिलालाई सहज न्यायको पहुँचमा पुर्याउने विषय,आयोगमा दक्ष जनशक्तिको टिकाउ,समुदायमा घट्ने लैङ्गिक हिंसाको घटनाका पीडितहरूलाई सहज न्यायको लागि उजुरी गर्ने वातावरण तय गर्ने विषय र पूर्ण लैङ्गिक समानता प्राप्ती तथा लैङ्गिक हिंसाको अन्त्यका लागि आयोगबाट गरिदै आएका सिफारिसहरूलाई कार्यन्वयन गर्ने निकायबाट पूर्ण रूपमा ग्रहण गरी परिणाम हासिल गर्ने जस्ता विषयहरूलाई आयोगको चुनौतिका रूपमा लिइएको छ ।

## ११.२. सुझावहरू

- नेपालको सैविधानको धारा २५४मा व्यवस्था भए बमोजिम राष्ट्रिय महिला आयोगको प्रदेश कार्यालय तथा प्रत्येक जिल्लाको जिल्ला समन्वय समितिलाई महिला सम्पर्क निकायको समेत जिम्मेवारी दिने विषयमा कानुनी व्यवस्था हुनु पर्दछ ।
- हिंसा पीडित महिलाको अल्पकालीन संरक्षणमा लागि प्रत्येक जिल्लामा न्युनतम पनि एक एक वटा सुरक्षित आवसगृहहरू अविलम्वन सञ्चालन गर्नु पर्दछ ।
- ग्रामीण महिलाको आर्थिक सशक्तीकरण नै लैङ्गिक समानताको आधारको रूपमा रहेको हुँदा कृषिमा महिला सम्बन्धी राष्ट्रिय नीति,कार्ययोजना तथा कार्यक्रमहरू तय गर्नु पर्दछ ।
- आ.व.२०६४/०६५ देखि सुरु गरिएको लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास तीन तहकै सरकारबाट गर्नका लागि लैङ्गिक उत्तरदायी बजेट तर्जुमा सम्बन्धी कार्यविधि र मापदण्ड समयानुकूल परिमार्जन गर्नु पर्दछ ।प्रत्येक तहको सरकारका सबै निकायहरूको बजेट प्रत्यक्ष रूपमा लैङ्गिक उत्तरदायी हुनु पर्दछ ।
- ग्रामीण भेगमा महिलाको प्रजनन् स्वस्थ्य अवस्था अत्यन्त कमजोर देखिएकाले प्रत्येक नगरपालिका र गाउँपालिकाले सबै महिलाको पाठेघर परिक्षणको शिविर सञ्चालन गर्न पर्दछ।
- समुदायस्तरमा घट्ने गरेका लैङ्गिक हिंसाका घटनाहरू मध्य लगभग ८०%घरेलु हिंसा हुने गरेको देखिएको र स्थानीय न्यायिक समितिमा घरेलु हिंसाका घटनाका पीडितहरू पुग्न असहज हुने भएकाले प्रचलित कानुनले तोके बमोजिमको सेवा स्थानिय न्यायिक समितिबाट उपलब्ध हुन सक्ने गरि आर्थिक,भौतिक एवं मानवीय स्रोतको उपलब्धता हुनु पर्दछ ।


- विभिन्न गैर सरकारी निकायहरूबाट हिंसा पीडित महिलाहरूलाई सेवा दिने नाममा ठूलो मात्रामा गैर बजेटरी खर्च गर्ने गरेको विषयमा त्यस्ता संस्थाहरूको कार्य सञ्चालन स्तर माथि प्रभावकारी अनुगमन गर्न पर्दछ ।
- सबै स्थानिय तहहरूमा लैङ्गिक हिंसा निवारण कोषलाई चलायमान बनाउन कार्यबिधिहरू तय गर्नु पर्दछ र कतिपय स्थानिय तहमा कोष खडा भएको,कतिपय स्थानिय तहमा कार्यबिधिको अभावका कारण कोष परिचालन हुन नसकेकोले कार्यविधिगत व्यवस्था सहित कोष परिचालन गर्नु पर्दछ ।
- प्रविधिको माध्यमबाट महिला हिंसा हुने प्रबृत्ति बढ्दो देखिएकाले यसका विभिन्न प्रकार वा स्वरूप नियन्त्रण र पीडितलाई न्याय प्रदान गर्नका लागि आवश्यक कार्यगत व्यवस्था तथा पछिल्लो घटनाक्रमको आधारमा मौजुदा कानुनमा परिमार्जन गर्नु पर्दछ ।
- महिलाहरू वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दो देखिएको तर यसै सिलशिलामा महिलाहरू हिंसामा पर्ने गरेको देखिएकाले वैदेशिक रोजगारीमा संलग्न हुन चाहने महिलाको मर्यादित श्रमको सुनिश्चितताको लागि मौजुदा मापदण्ड र कार्यगत व्यवस्थामा परिमार्जन गर्नु पर्दछ।
- नेपालको संविधानले लैङ्गिक समानता सहितको समावेशीकरणको नीति अख्तियार गरेको छ। राजनीतिक एवं प्रशासनिक क्षेत्रमा महिलाको संख्या बढ्दो भएता पनि महिलाको नीतिगत तहमा पहुँच र अर्थपूर्ण सहभागिताको अवस्था अत्यन्त कमजोर रहेको देखिएको छ । राजनीतिक,प्रसाशनिक,आर्थिक र अन्य क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता बढाई नीतिगत पहुँच स्थापित गर्न राजनीतिक एवं प्रशासनिक क्षेत्रका उच्च तहमा लैङ्गिक संवेदनशीलताको अभिमुखीकरण गर्नु पर्दछ ।
- सङ्घीय मन्त्रालयहरू,प्रादेशिक निकायहरू तथा स्थानीय तहमा काउरत कर्मचारीका लागि सुरक्षित,मर्यादित र लैङ्गिकमैत्री कार्यस्थल व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय संगठनले व्यवस्था गरेको सूचकहरू समावेश गरी सुरक्षित र मर्यादित कार्यस्थल सम्बन्धी आचारसंहिता निर्माण गरि कार्यन्वयन गर्नु पर्दछ ।
- असंगठित एवंप्र अनौपचारिक कार्यक्षेत्र र मनोरञ्जनको क्षेत्रमा काम गर्ने महिलाको संख्या दिनानुदिन बृद्धि भएको देखिएको छ ।यस्ता क्षेत्रमा संलग्न भएका महिलाको मर्यादित श्रम र उचित पारिश्रमिकको लागि मापदण्ड तय गर्नु पर्दछ ।
- देश र स्थानीय तहमा लैङ्गिकमूल प्रवाहीकरणलाई प्रभावकारी बनाउन प्रादेशिक मन्त्रालयहरू र स्थानीय तहको कार्यपालिकाका कार्यालयमा लैङ्गिक सम्पर्क इकाईको गडन गरी कार्यक्षेत्रगत शर्त सहित परिचालन गर्नु पर्दछ ।
- सबै विषयगत मन्त्रालय एवं तहगत सरकारका विकास योजनाहरू सम्पन्न भई सकेपछि आवश्यक कार्यबिधि र मापदण्डको व्यवस्था गरी लैङ्गिक परिक्षण गर्नु पर्दछ ।
- भारतसंगको सीमा नाकाबाट महिलाको बेचविखन र ओसारपसारको जोखिम अझै रहेको हुँदा आवतजावत बढी हुने भएकाले अव्यवस्थित नाकाहरूको अध्ययन गरी अनुगमन र सुरक्षालाई प्रभावकारी बनाउनु पर्दछ ।

## ११.३. भावी कार्यदिशाः

- सम्पूर्ण नेपाली महिलामा आयोगको पहुँच स्थापना गर्न नेपालको संविधानको धारा २५४मा व्यवस्था भए बमोजिम आयोगको प्रदेश कार्यालय स्थापना गर्ने ।
- आयोगको केन्द्रिय कार्यालयका लागि पीडितमैत्री एवं सबै उमेर र अवस्थाका महिलाको लागि पहुँचयोग्य हुने किसिमको भवन व्यवस्थापन गर्ने ।
- आयोगका पदाधिकारीहरूको अवधारणागत स्पष्टता र दक्षता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने।
- महिला अधिकारसंग सम्बन्धित संघसंस्था र निकायहरूबो कार्यात्मक सञ्जाल विस्तार गर्ने ।
- महिला अधिकार सम्बन्धी कानुनी व्यवस्थामा समयानुकूल परिमार्जन गर्न अध्ययन अनुसन्धान र सुझाव पेश गर्ने ।
- केन्द्रिय सरकार,प्रदेश सरकार र स्थानिय तहका लैङ्गिक सम्पर्क बिन्दूको सञ्जाललाई सुदृढ र कार्यमूलक बनाउने ।
- हालसम्म आयोगले प्रेषण गरेका सुझाव कार्यन्वयनको अवस्था सम्बन्धी अध्ययन गरी कार्यान्वय योग्य सिफारिसको मार्ग तय गर्ने ।
- महिलाको हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यन्वयनको अवस्था अनुगमन गरी प्रभावकारी कार्यान्वनको सुनिश्चितता गर्ने।
- सङ्घीयस्तरमा भएका महिला शसक्तिकरण सम्बन्धी नीतिगत, संस्थागत र कार्यगत व्यवस्था अनुरूप प्रदेश र स्थानीय तहमा समेत आवश्यक व्यवस्थाको लागि पहल कदमी गर्ने ।
- नेपाल सरकारबाट सञ्चालन हुने विषयगत मन्त्रालयका भावी कार्यक्रमहरूको लैङ्गिक संवेदनशिलता उपर अध्ययन गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट पद्धतीलाई संघ,प्रदेश र स्थानीय तहमा पूर्ण अभ्यासका लागि सहजीकरण गर्ने।
- विकासमा लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न दातृ निकायहरू,स्थानीय सरकार र गैर सरकारी निकायहरू संगको समन्वयलाई प्रभावकारी बनाउने ।
- निश्पक्ष र लैङ्गिकमैत्री निर्वाचन प्रणालीको प्रवर्द्धन गर्नका लागि दलिय गठबन्धन लगायतका साझेदारीबाट निर्णायक तहमा महिला सहभागिता माथि पर्न सक्ने असरको जोखिम कम गर्न अनुगमन र पैरवी गर्ने ।
- महिलाको मर्यादा,प्रतिष्ठा र समग्र अधिकारको संरक्षणको आधारतय गर्न महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापको आर्थिक मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदान गणना गर्न आवश्यक पहल गर्ने ।
- समाजमा विद्यमान सबै किसिमका हानीकारक अभ्यासहरू अन्त्य गर्न स्थानीय तहसंगको सहकार्यलाई अगाडि बढाउने ।
- आयोगबाट सञ्चालित खबर गरौं हेल्पलाइन, ११४५ को गुणस्तर अभिबृद्धि गरी हिंसा पीडित प्रभावितको मुद्धालाई प्रभावकारी तरिकाले सम्बोधन गर्ने ।

- महिलाको सुरक्षित र मर्यादित वैदेशिक रोजगारीमा सहजीकरण गर्न यस क्षेत्रका जिम्मेवार निकायसंग समन्वय गर्ने ।
- हिंसा पीडित महिलाहरूको सहयोगमा लागि स्थापित एकद्वार संकट व्यवस्थापन केन्द्र,नेपाल प्रहरी अन्तर्गतको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र,स्थानीय न्यायिक समिति,सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित अल्पकालीन आश्रयस्थलहरूको सेवा प्रभावकारिता बढाउन निरन्तर अनुगमन,पैरवी र सिफारिसको कार्यलाई प्रथमिकतामा राख्ने ।
- लैङ्गिक सामाजिकरणलाई विभेद रहित बनाउन शैक्षिक संस्थाहरू,सामाजिक अभियन्ताहरू,सञ्चारकर्मी एवं अधिकारकर्मीहरूसंगको समन्वय र सहकार्यलाई प्रभावकारी रूपमा अघि बढाउने ।

# अनुसूची- १: आयोगको संगठन संरचना




आयोगका पदाधिकारीहरू र सचिवको निजी सचिव प्रशासन तथा योजना शाखाबाट खटाउने।

# अनुसूची २: आयोगको पदपूर्तिको अवस्था

**आयोगको दरबन्दी पदपूर्तिः**

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | – | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ३ | उपसचिव | रा.प. द्वितीय | न्याय | कानुन | १ | - | १ | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्वितीय | विविध | | १ | १ | – | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ६ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | १ | १ | – | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | – | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | – | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | – | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वास्थ्य | | १ | - | १ | |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | – | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | १ | - | कामकाज |
| १५ | महिला विकास निरीक्षक | रा.प.अनं प्रथम | विविध | | १ | - | १ | |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | २ | | कामकाज |
| १७ | हेल्पलाइन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | १ | १ | कामकाज |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | | | ७ | ७ | - | कामकाज |

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहीन | | | ७ | ७ | – | |
| | **जम्मा** | | | | **३८** | **३४** | **४** | |

**हेल्पलाइन सेवाको दरबन्दी पदपूर्ति:**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा/समुह | संख्या | पूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | रा.प.तृतीय | नेपाल विविध सेवा | १ | ० | |
| २ | कानुन अधिकृत | रा.प.तृतीय | नेपाल न्याय सेवा/कानुन समूह | २ | २ | |
| ३ | मनोसामाजिक विमर्शकर्ता | रा.प.तृतीय | नेपाल विविध सेवा | १ | ० | |
| ४ | हेल्पलाइन अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध सेवा | १० | १० | |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहीन | - | २ | २ | |
| ७ | ह.स.चा. | श्रेणी विहीन | - | १ | १ | |
| | **जम्मा** | | | **१७** | | |

# अनुसूची-३: आर्थिक बर्ष २०८२/०८३ को आर्थिक कारोबारको सारांश

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं : 222003501

**आर्थिक विवरण**

**आ.व.: 2082/83**

बजेट उपशीर्षक नम्बर: 222000113

आयोजना/कार्यक्रम नाम: राष्ट्रिय महिला आयोग

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरु बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| **21111 पारिश्रमिक कर्मचारी** | | | | | **18,700,000.00** | **0.00** | **0.00** | **18,700,000.00** | **14,617,352.30** | **14,617,352.30** | **4,082,647.70** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 18,700,000.00 | 0.00 | 0.00 | 18,700,000.00 | 14,617,352.30 | 14,617,352.30 | 4,082,647.70 | 0.00 |
| **21121 पोशाक** | | | | | **300,000.00** | **0.00** | **0.00** | **300,000.00** | **200,000.00** | **200,000.00** | **100,000.00** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 300,000.00 | 0.00 | 0.00 | 300,000.00 | 200,000.00 | 200,000.00 | 100,000.00 | 0.00 |
| **21132 महंगी भत्ता** | | | | | **600,000.00** | **567,666.00** | **0.00** | **1,167,666.00** | **1,167,666.00** | **1,167,666.00** | **0.00** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 600,000.00 | 567,666.00 | 0.00 | 1,167,666.00 | 1,167,666.00 | 1,167,666.00 | 0.00 | 0.00 |
| **21139 अन्य भत्ता** | | | | | **200,000.00** | **0.00** | **0.00** | **200,000.00** | **33,500.00** | **33,500.00** | **166,500.00** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 33,500.00 | 33,500.00 | 166,500.00 | 0.00 |
| **21212 योगदानमा आधारित निवृत्तभरणतथा उपदान कोष खर्च** | | | | | **200,000.00** | **0.00** | **0.00** | **200,000.00** | **94,318.56** | **94,318.56** | **105,681.44** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 94,318.56 | 94,318.56 | 105,681.44 | 0.00 |
| **21213 योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **100,000.00** | **0.00** | **0.00** | **100,000.00** | **92,400.00** | **92,400.00** | **7,600.00** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 100,000.00 | 0.00 | 0.00 | 100,000.00 | 92,400.00 | 92,400.00 | 7,600.00 | 0.00 |
| **22111 पानी तथा बिजुली** | | | | | **1,400,000.00** | **0.00** | **0.00** | **1,400,000.00** | **901,011.00** | **901,011.00** | **498,989.00** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 1,400,000.00 | 0.00 | 0.00 | 1,400,000.00 | 901,011.00 | 901,011.00 | 498,989.00 | 0.00 |
| **22112 संचार महसुल** | | | | | **1,200,000.00** | **0.00** | **0.00** | **1,200,000.00** | **287,611.00** | **287,611.00** | **912,389.00** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 1,200,000.00 | 0.00 | 0.00 | 1,200,000.00 | 287,611.00 | 287,611.00 | 912,389.00 | 0.00 |
| **22212 इन्धन (कार्यालय प्रयोजन)** | | | | | **2,100,000.00** | **0.00** | **0.00** | **2,100,000.00** | **1,804,143.98** | **1,804,143.98** | **295,856.02** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 2,100,000.00 | 0.00 | 0.00 | 2,100,000.00 | 1,804,143.98 | 1,804,143.98 | 295,856.02 | 0.00 |
| **22213 सवारी साधन मर्मत खर्च** | | | | | **1,400,000.00** | **0.00** | **0.00** | **1,400,000.00** | **1,328,946.42** | **1,328,946.42** | **71,053.58** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 1,400,000.00 | 0.00 | 0.00 | 1,400,000.00 | 1,328,946.42 | 1,328,946.42 | 71,053.58 | 0.00 |
| **22214 बीमा तथा नवीकरण खर्च** | | | | | **500,000.00** | **0.00** | **0.00** | **500,000.00** | **438,576.16** | **438,576.16** | **61,423.84** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 500,000.00 | 0.00 | 0.00 | 500,000.00 | 438,576.16 | 438,576.16 | 61,423.84 | 0.00 |
| **22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **200,000.00** | **0.00** | **0.00** | **200,000.00** | **190,065.00** | **190,065.00** | **9,935.00** | **0.00** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 190,065.00 | 190,065.00 | 9,935.00 | 0.00 |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | दुवितीय तह | | शुरु बजेट / अख्तियारी | संशोधन /रकमान्तर/स्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| 22311 मसलन्द तथा कार्यालय सामाग्री | | | | | 2,200,000.00 | 0.00 | 0.00 | 2,200,000.00 | 2,189,895.00 | 2,189,895.00 | 10,105.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 2,200,000.00 | 0.00 | 0.00 | 2,200,000.00 | 2,189,895.00 | 2,189,895.00 | 10,105.00 | 0.00 |
| 22313 पुस्तक तथा सामग्री खर्च | | | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 2,200.00 | 2,200.00 | 197,800.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 2,200.00 | 2,200.00 | 197,800.00 | 0.00 |
| 22314 इन्धन - अन्य प्रयोजन | | | | | 100,000.00 | 0.00 | 0.00 | 100,000.00 | 63,198.00 | 63,198.00 | 36,802.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 100,000.00 | 0.00 | 0.00 | 100,000.00 | 63,198.00 | 63,198.00 | 36,802.00 | 0.00 |
| 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | 500,000.00 | 0.00 | 0.00 | 500,000.00 | 417,219.00 | 417,219.00 | 82,781.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 500,000.00 | 0.00 | 0.00 | 500,000.00 | 417,219.00 | 417,219.00 | 82,781.00 | 0.00 |
| 22411 सेवा र परामर्श खर्च | | | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 0.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 200,000.00 | 200,000.00 | 0.00 | 0.00 |
| 22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | | | 500,000.00 | 0.00 | 0.00 | 500,000.00 | 112,760.00 | 112,760.00 | 387,240.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 500,000.00 | 0.00 | 0.00 | 500,000.00 | 112,760.00 | 112,760.00 | 387,240.00 | 0.00 |
| 22413 करार सेवा शुल्क | | | | | 4,900,000.00 | 0.00 | 0.00 | 4,900,000.00 | 4,807,385.00 | 4,807,385.00 | 92,615.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 4,900,000.00 | 0.00 | 0.00 | 4,900,000.00 | 4,807,385.00 | 4,807,385.00 | 92,615.00 | 0.00 |
| 22419 अन्य सेवा शुल्क | | | | | 8,000,000.00 | 0.00 | 0.00 | 8,000,000.00 | 6,868,424.00 | 6,868,424.00 | 1,131,576.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 8,000,000.00 | 0.00 | 0.00 | 8,000,000.00 | 6,868,424.00 | 6,868,424.00 | 1,131,576.00 | 0.00 |
| 22511 कर्मचारी तालिम खर्च | | | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 187,000.00 | 187,000.00 | 13,000.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 200,000.00 | 0.00 | 0.00 | 200,000.00 | 187,000.00 | 187,000.00 | 13,000.00 | 0.00 |
| 22522 कार्यक्रम खर्च | | | | | 19,500,000.00 | 0.00 | 4,790,000.00 | 14,710,000.00 | 8,999,083.75 | 8,999,083.75 | 5,710,916.25 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 19,500,000.00 | 0.00 | 4,790,000.00 | 14,710,000.00 | 8,999,083.75 | 8,999,083.75 | 5,710,916.25 | 0.00 |
| 22529 विविध कार्यक्रम खर्च | | | | | 100,000.00 | 0.00 | 0.00 | 100,000.00 | 47,610.00 | 47,610.00 | 52,390.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 100,000.00 | 0.00 | 0.00 | 100,000.00 | 47,610.00 | 47,610.00 | 52,390.00 | 0.00 |
| 22611 अनुगमन, मूल्यांकन खर्च | | | | | 1,400,000.00 | 0.00 | 0.00 | 1,400,000.00 | 756,382.00 | 756,382.00 | 643,618.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 1,400,000.00 | 0.00 | 0.00 | 1,400,000.00 | 756,382.00 | 756,382.00 | 643,618.00 | 0.00 |
| 22612 भ्रमण खर्च | | | | | 100,000.00 | 0.00 | 0.00 | 100,000.00 | 21,000.00 | 21,000.00 | 79,000.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 100,000.00 | 0.00 | 0.00 | 100,000.00 | 21,000.00 | 21,000.00 | 79,000.00 | 0.00 |
| 22711 विविध खर्च | | | | | 1,200,000.00 | 0.00 | 0.00 | 1,200,000.00 | 435,202.00 | 435,202.00 | 764,798.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | 1,200,000.00 | 0.00 | 0.00 | 1,200,000.00 | 435,202.00 | 435,202.00 | 764,798.00 | 0.00 |
| 26413 अन्य संस्थालाई अनुदान— शशर्त | | | | | 2,000,000.00 | 0.00 | 0.00 | 2,000,000.00 | 160,000.00 | 160,000.00 | 1,840,000.00 | 0.00 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1100001-नेपाल सरकार | 01-नगद | 2,000,000.00 | 0.00 | 0.00 | 2,000,000.00 | 160,000.00 | 160,000.00 | 1,840,000.00 | 0.00 |
| 142घर भाडा | | | 4,800,000.00 | 0.00 | 0.00 | 4,800,000.00 | 3,576,760.00 | 3,576,760.00 | 1,223,240.00 | 0.00 |
| | 1100001-नेपाल सरकार | 01-नगद | 4,800,000.00 | 0.00 | 0.00 | 4,800,000.00 | 3,576,760.00 | 3,576,760.00 | 1,223,240.00 | 0.00 |
| | | जम्मा | 72,800,000.00 | 567,666.00 | 4,790,000.00 | 68,577,666.00 | 49,999,709.17 | 49,999,709.17 | 18,577,956.83 | 0.00 |

## ोतगत विवरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल | | 72,800,000.00 | 567,666.00 | 4,790,000.00 | 68,577,666.00 | 49,999,709.17 | 49,999,709.17 | 18,577,956.83 | 0.00 |
| | 01-नगद | 72,800,000.00 | 567,666.00 | 4,790,000.00 | 68,577,666.00 | 49,999,709.17 | 49,999,709.17 | 18,577,956.83 | 0.00 |
| | जम्मा | 72,800,000.00 | 567,666.00 | 4,790,000.00 | 68,577,666.00 | 49,999,709.17 | 49,999,709.17 | 18,577,956.83 | 0.00 |

| | |
|---|---|
| फर्छ्यौट हुन बाँकी पेस्की | 0.00 |
| गत आ व सम्मको | |
| यस आ व को | 0.00 |
| जम्मा | 0.00 |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

ार गर्ने :
म:
:
ित:

पेस गर्ने :
नाम:
पद:
मिति:

प्रमाणित गर्ने:
नाम:
पद:
मिति:

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं : २२२००३५०१

## आर्थिक विवरण

**आ.व.: २०८२/८३**

**बजेट उपशीर्षक** २२२०००११३

**आयोजना/कार्यक्रम** राष्ट्रिय महिला

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|
| २१११११पारिश्रमिक कर्मचारी | | १८,७००,०००.०० | १४,६१७,३५२.३० | १४,६१७,३५२.३० | ४,०८२,६४७.७० |
| २११२१पोशाक | | ३००,०००.०० | २००,०००.०० | २००,०००.०० | १००,०००.०० |
| २११३२महंगी भत्ता | | १.१६७.६६६.०० | १.१६७.६६६.०० | १.१६७.६६६.०० | ०.०० |
| २११३९अन्य भत्ता | | २००,०००.०० | ३३,५००.०० | ३३,५००.०० | १६६,५००.०० |
| २१२१२योगदानमा आधारित निवृतभरण तथा | | २००,०००.०० | ९४.३१८.५६ | ९४.३१८.५६ | १०५.६८१.४४ |
| २१२१३योगदानमा आधारित बीमा कोष खर्च | | १००,०००.०० | ९२,४००.०० | ९२,४००.०० | ७,६००.०० |
| २२१११पानी तथा बिजुली | | १.४००,०००.०० | ९०१,०११.०० | ९०१,०११.०० | ४९८,९८९.०० |
| २२११२संचार महसुल | | १.२००,०००.०० | २८७,६११.०० | २८७,६११.०० | ९१२,३८९.०० |
| २२२१२इन्धन (कार्यालय प्रयोजन) | | २.१००,०००.०० | १.८०४.१४३.९८ | १.८०४.१४३.९८ | २९५.८५६.०२ |
| २२२१३सवारी साधन मर्मत खर्च | | १.४००,०००.०० | १.३२८.९४६.४२ | १.३२८.९४६.४२ | ७१,०५३.५८ |
| २२२१४बीमा तथा नवीकरण खर्च | | ५००,०००.०० | ४३८,५७६.१६ | ४३८,५७६.१६ | ६१,४२३.८४ |
| २२२२१मेशिनरी तथा औजार मर्मत सम्भार | | २००,०००.०० | १९०.०६५.०० | १९०.०६५.०० | ९.९३५.०० |
| २२३११मसलन्द तथा कार्यालय सामाग्री | | २.२००,०००.०० | २,१८९,८९५.०० | २,१८९,८९५.०० | १०,१०५.०० |
| २२३१३पुस्तक तथा सामग्री खर्च | | २००,०००.०० | २,२००.०० | २,२००.०० | १९७,८००.०० |
| २२३१४इन्धन - अन्य प्रयोजन | | १००,०००.०० | ६३,१९८.०० | ६३,१९८.०० | ३६,८०२.०० |
| २२३१५पत्रपत्रिका, छपाई तथा सूचना | | ५००,०००.०० | ४१७,२१९.०० | ४१७,२१९.०० | ८२,७८१.०० |
| २२४११सेवा र परामर्श खर्च | | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | ०.०० |
| २२४१२सूचना प्रणाली तथा सफ्टवेयर | | ५००,०००.०० | ११२,७६०.०० | ११२,७६०.०० | ३८७,२४०.०० |
| २२४१३करार सेवा शुल्क | | ४.९००,०००.०० | ४.८०७.३८५.०० | ४.८०७.३८५.०० | ९२.६१५.०० |
| २२४१९अन्य सेवा शुल्क | | ८,०००,०००.०० | ६.८६८,४२४.०० | ६.८६८,४२४.०० | १.१३१.५७६.०० |
| २२५११कर्मचारी तालिम खर्च | | २००,०००.०० | १८७,०००.०० | १८७,०००.०० | १३,०००.०० |
| २२५२२कार्यक्रम खर्च | | १४,७१०,०००.०० | ८,९९९,०८३.७५ | ८,९९९,०८३.७५ | ५,७१०,९१६.२५ |
| २२५२९विविध कार्यक्रम खर्च | | १००,०००.०० | ४७,६१०.०० | ४७,६१०.०० | ५२,३९०.०० |
| २२६११अनुगमन, मूल्यांकन खर्च | | १.४००,०००.०० | ७५६.३८२.०० | ७५६.३८२.०० | ६४३,६१८.०० |
| २२६१२भ्रमण खर्च | | १००,०००.०० | २१,०००.०० | २१,०००.०० | ७९,०००.०० |
| २२७११विविध खर्च | | १.२००,०००.०० | ४३५.२०२.०० | ४३५.२०२.०० | ७६४.७९८.०० |
| २६४१३अन्य संस्थालाई अनुदान—सशर्त | | २.०००,०००.०० | १६०,०००.०० | १६०,०००.०० | १.८४०,०००.०० |
| २८१४२घर भाडा | | ४.८००,०००.०० | ३.५७६,७६०.०० | ३.५७६,७६०.०० | १.२२३.२४०.०० |
| जम्मा | | ६८,५७७,६६६.०० | ४९,९९९,७०९.१७ | ४९,९९९,७०९.१७ | १८,५७७,९५६.८३ |

# राष्ट्रिय महिला आयोगबाट आयोजना र सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरू:



सम्माननीय राष्ट्रपतिसमक्ष आयोगको १८औं वार्षिक प्रतिवेदन (२०८१/०८२) प्रस्तुत गर्दै




"प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं" लैङ्गिक हिंसाविरुद्धको अभियान समारोह



राष्ट्रिय महिला आयोगको "खबर गरौं ११४५" नि:शुल्क हेल्पलाइन सेवा स्थापना दिवस कार्यक्रम



"प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं" राष्ट्रिय महिला आयोगद्वारा आयोजित समन्वयात्मक बैठक




राष्ट्रिय महिला आयोगको २४औं स्थापना दिवस तथा ११६औं अन्तर्राष्ट्रिय महिला दिवसको कार्यक्रम



बझाङ जिल्लामा सम्पन्न भएको CEDAW र बेइजिङ घोषणा पत्रसम्बन्धी अन्तरक्रिया कार्यक्रम



सुर्खेतमा ईनिसा बि.क.को जबरजस्ती करणी र हत्याको घटना सम्बन्धमा आयोगबाट धारणा/निर्देशन पेश गर्दै

## मानवीय अध्यक्ष कमलाकुमारी पराजुलीको संयोजकत्वमा सम्पन्न कार्यक्रमहरू:




डोल्पामा राजनीतिक पदाधिकारीसँग भएको "संविधान, नीति, अन्तरराष्ट्रिय सन्धि-सम्झौतामा भएका लैङ्गिक न्याय" विषयक अन्तरक्रिया



जिल्ला प्रशासन कार्यालय बझाङको अनुगमन तथा समन्वय बैठक



सुनसरी जिल्लामा प्रतिनिधिसभा निर्वाचन २०८२ सम्बन्धमा अनुगमन



धनुषामा लैङ्गिक हिंसाविरुद्ध बालबालिका तथा किशोरीमाझ छलफल गर्दै

## मानननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको संयोजकत्वमा सम्पन्न कार्यक्रमहरू:



जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको अनुगमन तथा समन्वय बैठक



पाँचथरमा "संविधान, नीति, अन्तरराष्ट्रिय सन्धि–सम्झौतामा भएका लैङ्गिक न्याय" अन्तरक्रिया




जिल्ला प्रशासन कार्यालय बाजुराको अनुगमन तथा समन्वय बैठक



अछाममा "मर्यादित महिनावारी" सम्बन्धमा सरोकारवालाबिच छलफल




मधेश प्रदेश प्रमुखज्यूसँग तत्कालीन घटना अनुगमनका सम्बन्धमा प्रभावकारी अनुसन्धान गर्ने विषयमा छलफल




जिल्ला प्रशासन कार्यालय धनुषाको अनुगमन तथा समन्वय बैठक



रोशनी झाको घटनाको विषयमा निजको परिवारसँग भलाकुसारी गर्दै




एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC सप्तरीको अनुगमन

# मानननीय सदस्य साबित्रा कुमारी शर्माको संयोजकत्वमा सम्पन्न कार्यक्रमहरू:



जिल्ला समन्वय समिति पर्वतको अनुगमन तथा समन्वय बैठक



जिल्ला प्रशासन कार्यालय रसुवाको अनुगमन तथा समन्वय बैठक



जिल्ला प्रशासन कार्यालय नुवाकोटको अनुगमन तथा समन्वय बैठक



जिल्ला प्रशासन कार्यालय सिन्धुलीको अनुगमन तथा समन्वय बैठक


राष्ट्रिय महिला आयोगको कार्यसम्पादनका सिद्धान्तहरू
1
1. लैगिक समानता:
equal rights, opportunities for all major efforts
2
सहभागिता र सामाजिक समावेशीकरण:
active involvement and inclusive development
3
स्वतन्त्रता, स्वायत्तता र निष्पक्षता:
independent operations, non-biased decisions
4
4. जवाफदेहिता:
responsibility for actions and results
5
5. प्रतिवद्धता:
dedication to women's empowerment
6
शून्य सहिष्णुता:
zero tolerance against violence & discrimination
7
7. पहुँच:
accessible services, resources, justice
8
8. पारदर्शिता:
clear and open processes, communication
9
9. विविधताको सम्मान:
inclusive approach respecting cultural differences

# लैङ्गिक हिंसा भएमा खबर गरौं

निःशुल्क टेलिफोन नं: ११४५

निःशुल्क SMS सेवा: ११४५

वेबसाइट: nwchelpline.gov.np

इमेल: casemanagement@nwc.gov.np

## के भएमा खबर गर्ने ?

- ∅ शारीरिक हिंसा
- ∅ मानसिक हिंसा
- ∅ सामाजिक साँस्कृतिक हिंसा
- ∅ यौनजन्य हिंसा
- ∅ प्रविधिको प्रयोगमार्फत हुने हिंसा
- ∅ आर्थिक हिंसा




## के सेवा पाइन्छ ?

- ✓ तत्काल उद्धार र आश्रय
- ✓ मनोसामाजिक विमर्श/ परामर्श
- ✓ कानुनी सहायता
- ✓ निकायगत समन्वय
- ✓ सामाजिकीकरण र पुनःस्थापना

# राष्ट्रिय महिला आयोग

**National Women Commission**

नारायणहिटी, काठमाडौं, नेपाल

फोन नं.: ९७७-१-५३१९८३७

ईमेल: info@nwc.gov.np, वेबसाइट: www.nwc.gov.np


निःशुल्क हेल्पलाईन नं. ११४५